मर्यादा

स्वर्ण-शुभजन्मोत्सवाङ्क

मर्यादा

(स्वर्ण-शुभजन्मोत्सवाङ्क)

<u>सम्पादक</u>

सहप्रा. नीलमणि ढुङ्गाना

सहप्रा. दिनेशराज पन्त

महेन्द्र-संस्कृत-विश्वविद्यालय

शास्त्रानुसन्धानपरिषद् (मध्यमाञ्चलविकासक्षेत्र)

वाल्मीकि-विद्यापीठ, काठमाडौं

प्रकाशक

शास्त्रानुसन्धानपरिषद् (मध्यमाञ्चलविकासक्षेत्र)
वाल्मीकिविद्यापीठ
प्रदर्शनीमार्ग, काठमाडौँ
नेपाल

वि. सं. २०५२ चैत्र

मुद्रक–
प्रज्ञामुद्रणालय
कमलादी, काठमाडौँ

कम्प्युटर–
स्क्रिप्टप्रो सर्भिस
बागबजार, काठमाडौँ, फोन नं. २२७८७०



श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

हाम्रो भनाइ

महेन्द्र-संस्कृत-विश्वविद्यालयले आफ्नो स्थापनाकालदेखि नै संस्कृतविद्याको पठनपाठन तथा अनुसन्धानको क्षेत्रमा काम गर्दै संस्कृतवाङ्मयको विकासका निमित्त यथाशक्य विभिन्न प्राज्ञिक कामहरू परिचालन गर्दै आएको कुरा विज्ञ पाठकहरूमा विदितै छ । नेपालअधिराज्यका विभिन्न जातजाति, भाषाभाषीका रहनसहन, रीतिरिवाज आदिको अनुसन्धान गरी त्यसको शास्त्रीय व्याख्या गर्ने र ती विषयलाई प्रकाशमा ल्याउनेतर्फ पनि केही कालअघिदेखि महेन्द्र-संस्कृत-विश्वविद्यालय अघि बढ्दै आएको छ । यसै उद्देश्यको पूर्तिका लागि सहायता मिलोस् भनी विश्वविद्यालयले पाँचै विकासक्षेत्रमा शास्त्रानुसन्धानपरिषद्को स्थापना गरेको हो । प्रत्येक क्षेत्रको शास्त्रानुसन्धानपरिषद्बाट 'मर्यादा' पत्रिका प्रकाशित गर्ने कार्यक्रमअन्तर्गत यस मध्यमाञ्चलविकासक्षेत्रपरिषद्बाट पनि महेन्द्र-संस्कृत-विश्वविद्यालयका कुलपति श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको स्वर्ण-शुभजन्मोत्सवाङ्कको रूपमा यो प्रथम पुष्प प्रकाशमा ल्याइएको छ । यसलाई जुन रूपमा प्रकाशन गर्नुपर्ने हो, त्यसमा सफल हुन सकेका छैनौं तापनि विद्वान्हरूको सहयोग पाइरहेमा आगामी अंकहरू उद्देश्यानुकूल र स्तरयुक्त हुने दिशामा अघि बढ्नेछन् भन्ने विश्वास हामीले लिएका छौं । अन्तमा यसको प्रकाशनमा सहयोग पुऱ्याउनुहुने सम्बद्ध सबै महानुभावहरूप्रति धन्यवाद ज्ञापन गर्दछौं ।

महेन्द्र-संस्कृत-विश्वविद्यालय

मध्यमाञ्चल-शास्त्रानुसन्धान-परिषद्

वाल्मीकिविद्यापीठ, प्रदर्शनीमार्ग

वाग्मतीअञ्चल, नेपाल

१.	सह-प्राध्यापक श्रीनीलमणि ढुङ्गाना (प्राचार्य)	अध्यक्ष
२.	प्राध्यापक श्रीविद्यानाथ उपाध्याय	सदस्य
३.	प्राध्यापक डा. श्रीऋषिराम पोखरेल	सदस्य
४.	सह-प्राध्यापक श्रीशिवहरि मरहट्टा	सदस्य
५.	सह-प्राध्यापक श्रीदिनेशराज पन्त	सदस्य
६.	सह-प्राध्यापक डा. श्रीरामचन्द्र गौतम	सदस्य
७.	प्रा. श्रीसिद्धिनाथ गौतम	सदस्य
८.	श्रीगणेशवज्र लामा	सदस्य
९.	डा. स्वामी श्रीप्रपन्नाचार्य	सदस्य
१०.	डा. स्वामी श्रीरामानन्द गिरी	सदस्य
११.	डा. श्रीगणेश गुरुङ	सदस्य
१२.	सह-प्राध्यापक श्रीसत्यमोहन जोशी	सदस्य
१३.	सह-प्राध्यापक श्रीसरस्वतीप्रसाद घिमिरे	सदस्य
१४.	सह-प्राध्यापक डा. श्रीरमेशचन्द्र अधिकारी	सदस्य
१५.	महास्थविर श्रीसुदर्शन	सदस्य
१६.	प्रा.डा. श्रीमङ्गलराज जोशी	सदस्य
१७.	श्रीज्ञानलाल श्रेष्ठ	सदस्य
१८.	डा. श्रीहर्कबहादुर थापा मगर	सदस्य
१९.	श्रीजयनारायण चौधरी	सदस्य
२०.	श्रीसानुमान लामा	सदस्य
२१.	पं. श्रीबद्रीरत्न वज्राचार्य	सदस्य
२२.	सहायक-प्राध्यापक श्रीभवानीप्रसाद खतिवडा	सदस्य
२३.	श्रीचिन्तामणि योगी	सदस्य
२४.	श्रीडेम्बुराज राई	सदस्य
२५.	श्रीखिलध्वज थापा मगर	सदस्य

विषयसूची

१.	शास्त्रानुसन्धानपरिषद्	– प्रा. चूडानाथ भट्टराय	१–६
२.	श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको स्वर्ण-शुभजन्मोत्सव	– प्रा. चूडानाथ भट्टराय	७–१०
३.	पुराणमा राजा र हाम्रा राजा	– डा. दुर्गाप्रसाद दवाडी	११–२३
४.	राउटे जातिका प्रमुख संस्कारहरू	– श्रीहिमलाल पन्थी	२४–३४
५.	किरातहरूलाई बक्सेका लालमोहर	– डा. स्वामी प्रपन्नाचार्य	३५–३९
६.	इतिहासविषयक गोष्ठी, विवाद र समाधान	– श्रीज्ञानमणि नेपाल	४०–५२
७.	एकतादिवसको मूल मर्म र आजको सन्दर्भ	– श्रीबद्री पाण्डे	५३–५५
८.	चैलकर कपडाको उत्पादनमा लागेको कर होइन	– श्रीदिवाकर आचार्य	५६–६२
९.	राजाहरूका देशहित-कार्य : एक अध्ययन	– श्रीप्रकाश भण्डारी	६३–७१
१०.	कलाको क्षेत्रमा राजसंस्थाको योगदान	– डा. जगदीशचन्द्र रेग्मी	७२–८०
११.	तथागतको साधना-निर्दिष्टमार्ग र ध्यान	– डा. काशीनाथ न्यौपाने	८१–९१
१२.	हिन्दू संस्कृतिका अग्रणी चिन्तक मनु र उनको स्मृति- एक अध्ययन	– डा. रमेशचन्द्र अधिकारी	९२–१०९
१३.	महेन्द्र-संस्कृत-विश्वविद्यालयको समुद्घाटनकार्यक्रमको संक्षिप्त विवरण		११०–११५
१४.	कुलपति श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारबाट महेन्द्र-संस्कृत-विश्वविद्यालय-लाई वि. सं. २०४४ आषाढ ७ गते बक्सेका कृपापूर्ण निर्देशनहरू		११६–११७
१५.	महेन्द्र-संस्कृत-विश्वविद्यालयका संस्थापक कुलपति श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको स्वर्ण-शुभजन्मोत्सवको महोपलक्ष्यमा महेन्द्र-संस्कृत-विश्वविद्यालयमा भएका कार्यक्रमहरूको संक्षिप्त विवरण		११८–१३०

शास्त्रानुसन्धानपरिषद्

– प्रा. चूडानाथ भट्टराय*

ज्ञानविज्ञानको क्षेत्रमा, भाषा-साहित्यको फाँटमा, कला र संस्कृतिको माझमा अनुसन्धानलाई कसैले विरोध गर्दैनन्। जेमा पनि अनुसन्धान हुनुपर्दछ भन्दछन्। भौतिक पदार्थको अनुसन्धानबाट मनुष्यले आज विश्वमा यो चमत्कार देखायो, ऊ गुड्ने भयो, बुढ्ने भयो, उड्ने भयो। त्यस्तै ज्ञानले आत्माको अनुसन्धान गर्दै आत्माको एकत्व प्रतिपादन गरी आफू जगत्गुरु बन्यो। त्यस्तै अनेक भाषा कसरी आफूआफूमा मिल्छन्, कहाँ अर्को बाटो लिन्छन्, यो पनि अनुसन्धानले नै मान्छेले पत्ता लगाएको हो। साहित्यले प्रतीकवाद, अतियथार्थवाद, ध्वनिवाद, औचित्यवाद, वक्रोक्तिवाद र रसवादमा पुगेर हृदयको रतिरागको विश्लेषण गऱ्यो। नौवटा रस विभाग अनुभाव आदिबाट कसरी आउँछन् भन्ने देखायो। कल्पना यति महत्त्वपूर्ण हुन्छ, जसले स्थापत्यकलादेखि मूर्तिकलासम्म र चित्रकलादेखि अमूर्तकलासम्म मानिसको हृदयलाई उभ्याइदिन्छ साकार पारेर।

संस्कृतिको त कुरै नगर्नोस्, आफ्ना पुर्खाका राम्रा कार्यलाई मात्र देश-काल-परिस्थितिको नाङ्लोले निफनेर नचाहिने कुरा फ्याँकिदिन्छ र चाहिनेलाई सँगाल्छ र परस्परमा त्यसको आदानप्रदान पनि गर्दछ। यसरी मानिस आजको युगमा सर्वश्रेष्ठ बन्न गएको छ। बुद्धिविवेकको सत्प्रयोगले आफ्नो अनुसन्धान अनेक प्रयोगबाट सिद्ध हुन गएको कुरालाई मानिसले आफ्ना पछिकालाई भन्दै गए। लिपिको विकास भएपछि त्यो लेखिन थाल्यो ढुङ्गामा, पातमा, बोक्रा आदिमा। यही सँगालिएको ज्ञान पछिकाले शास्त्र माने।

---

* उपकुलपति, म. सं. वि.

अनुसन्धान गर्दा त्यसका प्रविधिलाई अपनाउँदा त्यसबारेमा पहिलेकाले र अहिलेकाले के भनेका हुन्, कुन ठीक ठहर्छ, त्यो पनि गम खाएर मानिसले सोच्छ ।

शास्त्र भनेको पुरानो मात्र हुँदैन, अहिलेको पनि हुन्छ । अरणी मथेर आगो झिक्ने प्रविधि पहिल्यै थियो भने आज पानीलाई यन्त्रद्वारा फ्याँकेर शक्ति उत्पादन गरी विद्युत्शक्ति पैदा गर्ने पनि मानिस नै हो । नाडी छामेर मर्ने र बाँच्ने दिन तोक्ने आयुर्वेद र अहिले रक्तपरीक्षण गरी अङ्गप्रत्यङ्गको परीक्षण गर्दै रोग फेला पार्ने चिकित्साशास्त्र पनि अनुसन्धानकै फल हो ।

पहलमानको शक्तिको दुरुपयोग भई नागासाकी र हिरोसिमामा बम पड्केर सर्वनाश भएको कुरा सुन्दा त्यसका आविष्कारक आइन्स्टाइनले रोएर भनेका थिए- मैले त मानिसको जीवन हराभरा पार्न यसलाई उपयोगमा ल्याउन खोजेको हो, मनमा धर्म नभएपछि मानिस कति पापी भएछ ।

आज अनुसन्धानको कुरा गर्दा मानिस हामीकहाँ आफ्नो अडकल काटेर भन्दछन् । हाम्रा देशका गनिएका प्रकाण्ड विद्वान्ले भनिदिए– पटरानी भनेको पाटको धोती लाएर अभिषेक लिने रानीलाई भन्छन् भनेर। शास्त्रको अनुसन्धान गरिदिएको भए, राज्याभिषेकको पद्धति मात्रै पनि हेरिदिएको भए यो पट पाट नभई निधारमा बाँध्ने सुनचाँदीको पातो हो, सम्राट्को त्यो पट्ट पाँच चुच्चे हुन्छ भने सामन्त राजाको तीन चुच्चे हुन्छ भन्ने स्पष्ट हुने थियो । तर वीरमित्रोदय राजनीतिप्रकाशमा लेखेको हेर्ने फुर्सद भएन उहाँलाई र यो भ्रम निवारण गर्न मैले मर्यादामा लेख लेख्नुपऱ्यो । एक विद्वान्लाई बूढानीलकण्ठको त्यो भव्य मूर्ति देखेर विष्णुलाई नीलकण्ठ किन भनेको होला भनी सोधेँ, उनले हाँसेर भने- यो बूढो नीलकण्ठ भन्ने नामको सन्यासीले पूजा चलाएकोले भनिएको हो उसैको नामबाट, तर त्यही प्रस्तरफलकमा माथि विष्णु र तल शिवमूर्ति रहेको कुरा प्रमाणित भएपछि मैले मर्यादामा लेख्नुपऱ्यो । अब धेरैको मुखबाट सुनिन्छ सबैको रातो रगत एकै हो, तर अनुसन्धान गर्दा रगतका ४ ग्रुप हुन्छन्- ए, बी, एबी र ओ । डाक्टरले यो अनुसन्धान नगरी अर्काको रगत रोगीलाई दिँदैन । आज हाम्रो कस्तो अवस्था छ भने जे पनि हलुकाफुलकासँग सोचिदिने भनिदिने र अर्काको लहैलहैमा पुऱ्याइदिने बानी बसेको छ । अनुसन्धान गर्दा शास्त्रसम्मत गर भन्न हुँदैन, नभनूँ बित्यास पर्छ । कोही भन्छ, मलाई बाले क्रिया नगर्नू भनेको छ, तर ऊ सोच्तैन, मेरा बा धर्मशास्त्रका निर्णायक न मनु हुन्, न पराशर हुन् । एक थरी छन् स्वास्नीमान्छेको व्रतबन्ध गराई टुपी राख्ने ब्राह्मण, अर्का थरी छन् व्रतबन्धै नगरी ब्राह्मणका छोरालाई स्वतन्त्र छोडिदिने । हामीले शास्त्रको गोरेटोमा हिँडेर आफ्नो ज्ञानविज्ञान, भाषा, साहित्य, कला र संस्कृतिको जगेर्ना गर्न खोजेनौँ भने हाम्रो जातिको अस्तित्व के जोगिएला र ? के सम्झनुभएको छ हजुरहरूले खै ?

रकेटबाट नक्षत्रमा जान न्यूटनको आकर्षणवादले मात्र होइन, आइन्स्टाइनको सापेक्षतावादले पनि काम दिन्छ। भारतवर्षमा पछिका जो जति साधु सन्त योगीहरू भए, तिनमा जातिवादको भेदभाव रहेन। सिखपन्थी र गोरखपन्थी, रामकृष्ण र चैतन्यदेव, यिनीहरूले सबैलाई आफ्नो परिधिभित्र अटाइदिए। हामीले रविदास र अघोरीको समेत धर्मको विरोध गरेनौँ। पैसा दिँदैमा, रोग बिसेक गराइदिँदैमा धर्म नै बिर्सनुपर्ने प्रावधान हामीकहाँ छैन। लिच्छविकालमा नेपालमा संस्कृत राजभाषा थियो। सारा शिलापत्र, शासनपत्रहरू संस्कृतमा नै थिए। बौद्धहरूको कर्मकाण्ड शैवहरूको कर्मकाण्ड पनि संस्कृतमै छन्। एकथरीलाई यसमा यति घृणा छ, त्यो सुन्न पनि चाहँदैनन्। त्यसमा उनीहरूको दोष छैन। यो दोष म संस्कृत पढेको नाताले आफ्नो ठान्दछु। आफ्ना छोरालाई मिसनरी स्कूलमा पढाउन पठाएर आफूले संस्कृतको बखान गरेको अरूले किन बुझ्दैनन् र ? यस्तो हुनुमा पनि कारण छ, किनभने भारतबाट पनि सर्वश्रेष्ठ भई उत्तीर्ण व्यक्ति साधारण नोकरी पनि यहाँ पाउँदैन संस्कृतज्ञले। सामवेद जान्ने मान्छे छैन। अर्को पिँढीदेखि सारस्वरसमेत जान्ने यजुर्वेदी नपाइने भइसके। नाडीविज्ञानबाट रोग पत्ता लगाउने क्षमता आयुर्वेदाचार्यमा रहेन। यसलाई जोगाउने दायित्व वहन गर्ने कसले ? यो संस्कृतमा लेखिएको छ। संस्कृतको नामै हामी सुन्न चाहँदैनौँ। हामीले हाम्रो संस्कृति पनि बिर्संदै गयौँ। किरातजातिको महत्त्व वेदले स्वीकारेको छ। शिव मान्छे बन्दा किरातीका रूपमा देखापरे। धनुर्विद्यामा किरात बेजोडका थिए। उनीसँग बाहुन क्षत्री पनि धनु सिक्न आउँथे। यसबारेमा संस्कृतमा महाकाव्य छ किरातार्जुनीय। यो हिमालको परिवेशलाई स्वीकारेर लेखिएको छ। हो, त्यत्रो पुरानो जाति आज आफूलाई किरात जाति भनिन लज्जा मानी जनजाति भन्छ। किरातीहरू राजा पनि भएकाले राजाको परिवारमा राई किराती जातिको थर छ।

के भन्नु खै। आत्माका कुरा परै जाओस्, खानपिनमा मनपरी होस्। अब फिरङ्गीबाट भिरिङ्गी आयो, अब यौनस्वतन्त्रताको फल चाख्दैछ विश्वले एड्सको भस्मासुरहात शिरमाथि रखाएर। विज्ञान पनि हामीकहाँ त्यति भएन। भाषाको अनुसन्धान पनि हुन पाएन। साहित्यको समन्वय गर्ने त कुरै भएन। जुन कलाकौशल हेर्न विश्वबाट पर्यटक ओइरिन्छन्। अब त्यसको निर्माण गर्ने प्रविधिको अध्ययनअध्यापन नै हामीसँग छैन न त प्रशिक्षण नै। तापनि हामीले हतोत्साह हुनुहुँदैन। हाम्रो संस्कृतिका आधार भएका मूर्तिहरूको अनुसन्धान गरी यी देवतालाई कुन वर्गमा हाल्ने त्यो हामीले अनुसन्धान गर्नु छ। पूर्वेली देवता छिन्ताङ पूर्वेलीले मान्छन्। ती के देवी हुन् ? तिनको ध्यान के हो ? मष्ठ पश्चिमेली पूज्छन्। त्यो कुन देवता हो ? त्यति त खोजेर भनिदिऊँ। यहाँ कति गणेश छन्, कति काली, कति किसिमका भैरव, विष्णु छन्। यिनीहरूको लेखाजोखा हामीले गर्नुपरेको छ। यहाँ हुने चण्डीनाचको आधार के हो, सोरठीनाचको आधार के हो, थारूहरूको आफ्नो पावन पर्वमा मनाउने परम्परा के हो ? यो चार वर्ण छत्तीस जातको फूलबारीलाई जोगाउने माली को हुन् ? चण्डीनाच गर्नेले बडादशैंको

टीका नलाउने भन्दछन्। तारालाई मान्ने महायानीहरू तन्त्रमार्गले आराधना गरिएकी देवीको किन विरोध गर्छन्। विश्वले मानेको सबभन्दा पुरानो आफ्नो वेदमाथि, उपनिषद्माथि, पुराणमाथि, तन्त्रमाथि यति विघ्न घृणा गरेर के संस्कृति जोगिएला भन्ठानेको छ कि क्या हो ? उनीहरूको यस्तो भावनासित हामीले प्रतिशोध लिन हुँदैन। हामीले ८(आठ) किसिमका विवाहमध्ये तिम्रो बिहे गान्धर्वविवाहभित्र पर्दछ, तिम्रो राक्षसविवाहभित्र पर्छ, यो ब्राह्मविवाह हो, भन्नुपर्छ। उनीहरूलाई आफूतिर फर्कने गराउनु राम्रो काम हो भनी हामीले आजसम्म यस विषयमा पाइला नै चालेका छैनौं भने पनि हुन्छ । कठै ! बिचरा संस्कृतभित्र चार्वाकदर्शन र बौद्धदर्शन पनि लेखिएको छ भन्ने पनि बुझेका छैनन्। संस्कृत भाषा भनेको बाहुनको भाषा भनेर आफ्नो बुद्धिलाई नै उपहास गराएको देख्दा मलाई दया लाग्दछ।

धर्मकर्मसम्बन्धी शास्त्रीय निर्णय एवं परामर्शसेवा पुऱ्याउन नेपाल अधिराज्यका पाँचवटै विकासक्षेत्रमा एकएकवटा सेवाकेन्द्रको रूपमा रहने गरी शास्त्रानुसन्धानपरिषद्को संघटन भएको छ। यसबाट हाम्रा देशका जसजसले धर्मशास्त्रीय निर्णय प्राप्त गर्न चाहे पनि ती ५ केन्द्रहरूबाट शास्त्रसम्मत निर्णय प्रदान गरिनेछ।

अब शास्त्रानुसन्धानपरिषद्का विद्वान्हरूले यसबारेमा साह्रै गम्भीरतापूर्वक विचारेर ज्ञान, विज्ञान, भाषा, साहित्यको शास्त्रसम्मत अनुसन्धान गरेको वस्तुतत्त्व अनुसन्धानात्मक पत्रिका मर्यादाको माध्यमद्वारा सर्वसाधारणलाई जानकारी गराउन अति नै मेहनत गर्नुपर्ने ठूलो आवश्यकता परेको मैले ठानेको छु। कार्यको प्रारम्भ भइसकेको छ। अब यसलाई विद्वान् साथीहरूले आफ्नो सम्झेर सहयोग दिनुहुन सविनय साञ्जलि बिन्ति बिसाउँदछु।

समाज मर्यादा नाघेर ज्यादै छाडा भएको छ। जबसम्म मानिसले आ-आफ्नो वैभवको गर्वले अज्ञानी सर्वसाधारणमाथि नचाहिँदो शोषण गर्ने, उनीहरूको अस्तित्वबोधलाई नै लोप गर्न खोज्ने, गरीब जनताका छोरीबेटीलाई बलात्कार बेचबिखन गर्ने, गरीबलाई उनको परम्परा र संस्कृति लोप गराई नयाँ साम्राज्यवादी सामन्ती मनोवृत्तिले करकापमा पारी उनको दरिद्रतामाथिबाट अनुचित लाभ उठाउन खोजेको र अन्यायले अर्थसञ्चय गर्ने मानसिकताले व्यक्ति-व्यक्तिमा जाति-जातिमा समाज-समाजमा र राष्ट्र-राष्ट्रमा पनि होडबाजी चलिरहेको छ। यतिसम्म अन्याय भएको छ कि आफ्नो पूँजीगत स्वार्थको लागि, मारकाटका लागि हातहतियार निकासीपैठारी गरिँदैछ। स्वास्थ्यविज्ञानले बन्द गरिसकेका औषधिहरू विकासोन्मुख देशमा पठाइँदैछ। तस्करी हुन्छ, लागू पदार्थ ओसारिन्छ, धर्मपरिवर्तन गरिन्छ, अज्ञानी गरीब जनतालाई चाँदीको टुक्रा देखाएर। यस बेला साह्रै नै संकटमा परेका छन् विकासोन्मुख राष्ट्रहरू। नङ र मासु जस्तो मिलेर बसेको समाजलाई, परस्परको धर्मलाई उत्तिकै मान्यता गर्ने जनतालाई झगडाको बीऊ रोपेर आपस-आपसमा नै मारकाट मच्चाइँदैछ। यो खालि भौतिकवादी सिद्धान्तले शान्त गर्न सकिँदैन। यसको लागि आत्मवाद नै भित्र जागृत हुनुपर्छ। आत्मवत् सर्वभूतेषु यः पश्यति स पण्डितः भनिन्छ हामीकहाँ। "आत्मनः प्रतिकूलानि परेषां न

समाचरेत्" यो नैतिक आधार हृदयमा जमेमा आजका सारा अन्याय र अत्याचार समाधान हुन्छन् । आफ्ना आङको भैंसी नदेखेर अर्काको आङको जुम्रा देख्ने ठूलाबडा व्यक्ति र राष्ट्रसँग मेरो भन्नु र गर्नु केही छैन । तर हामीले चार वर्ण छत्तीस जातलाई आफ्नो मर्यादामा राख्न उनीहरूको धर्म-कर्म, आचार-विचार, सभ्यता, संस्कृतिमाथि राम्ररी प्रकाश पारिदिनुपर्छ । एउटा तामाङ क्रिश्चियन भयो भने पहाडको एउटा पहरो भत्कन्छ, एउटा राजवंशी मुसलमान भयो भने तराईको एक भू-भाग भासिन्छ, रोम र मक्का उनका तीर्थस्थल हुन्छन्, पशुपति र गुह्येश्वरीलाई उनीहरू उपहास गर्न थाल्छन् । जुन धर्ममा मीमांसा गर्ने पाईंदैन, त्यहाँ भएका कुरा सबै पत्याउनैपर्छ । मानवतावादका नाउँमा धर्मपरिवर्तनको होड चर्किंदैछ । यस्तो स्थितिमा हाम्रा विद्वज्जनहरूले त्यहाँ गएर प्रवचन गर्नुपर्छ, त्यहाँका बूढापाकासँग उनीहरूको विषयको ज्ञान बटुल्नुपर्छ, त्यसलाई केलाएर अनुसन्धान गराई मर्यादित गराउन र आत्मविश्वास जगाउनुपरेको छ । मगर, गुरुङ, राई, तामाङ, खस र थारू आदिले एक ढिको भएर अंग्रेजको साम्राज्यवादमा पनि मुलुकलाई जोगाए । जुन वीर र वीराङ्गनाले बलभद्रको नेतृत्वमा अंग्रेजको फौजको छक्का छुटाए, आज तिनै बेचिँदैछन्, एड्स बोकेर फर्कंदैछन् । यस्तो दुर्दशा देखेर के कुनै नेपालीको मन रुँदैन ? एकतालाई जोड्ने सूत्रको रूपमा रहेको संस्कृतको यत्रो विरोध देख्दा हाम्रा दुश्मन कति खुशी हुँदा हुन् अब उनीहरूको संस्कृति धराशायी पारी हाम्रो संस्कृति लाद्न पायौं भनेर । आज भारतमा भएका मुसलमान र क्रिश्चियनहरू पहिले शैव, बौद्ध र वैष्णवधर्मावलम्बी थिए । आज आफू-आफूमा लडेर परस्परमा मारकाट गर्दै देश टुक्र्याएर पनि शान्तिसँग नबसी परस्परमै निऊँ खोजी झगडा गर्दैछन् ।

अर्काको देशको धेरै कुरा नगरौं, त्यो पाठ पढेर आफू सचेत बनौं । अभागी पर्छ, भाग्यमानी चेत्छ भन्छन् । यदि बाइसे, चौबिसे, पाटने, भादगाउँले, कान्तिपुरे, लिम्बूवाने सानातिना राज्यमा बाँडिएर बसेका भए यो देश यति ठूलो राष्ट्र बन्न पाउँदैनथ्यो, अरूको चङ्गुलमा फसिसक्थ्यो । इतिहास पढे थाहा हुन्छ, यसलाई हाम्रा वीरहरूले जोगाएका हुन् र किल्लाकाँगडासम्म सीमा पुऱ्याएर गंगापारिसम्म देशलाई पुऱ्याएका थिए ।

पुराना कुरा गर्ने बेला छैन । नयाँ युग आएको छ । हामीले मर्यादामा बस्नुपरेको छ । आजको शिक्षाले हामीलाई प्रजातन्त्रवादी बनायो, कर्तव्यनिष्ठ र कर्मठ बनाएन । अस्तित्वबोध त्यस बेला हुन्छ, जब उसलाई विद्वान्बाट नयाँ दृष्टि दिइन्छ । नयाँ दृष्टि त्यसै पाइने होइन, धेरै दिनको त्यागतपस्याद्वारा हासिल हुन्छ । आज परिश्रम गर्नेलाई उल्लू बनाएर कुरा गर्नेले मोज गरेका छन् । सक्कलबमोजिम नक्कल दुरुस्त गरी आफ्नो देश काल अवस्था नबुझी बाहिरको परिपाटी लागू गर्ने र मनस्यन्यत् वचस्यन्यत् कर्मण्यन्यत् गर्ने दुष्ट प्रवृत्तिले केही दिन केहीलाई झुक्याउन सकिएला । तर सधैं सबैलाई झुक्याउन सकिंदैन । हामीले ती अन्जानलाई नसम्झाएको खण्डमा हाम्रो ज्ञान भारी मात्र हुनेछ । त्यो भारी बोक्ने हामी भरिया मात्र हुनेछौं । त्यसैले ज्ञानलाई क्रियामा उतार्नु नै आफ्नो उत्तरदायित्व वहन गर्नु हो ।

विद्वान् साथीहरू, यी सबै कुरा बुझेर तपाईंहरूले नै निर्धारण गर्नुहोस्, जे गरेर समाजको भलो हुन्छ, त्यही गर्नुहोस् । तपाईंहरूलाई सर्वाधिकार सुम्पिएका छौं । हामी त एउटा चाँजोपाजो मिलाउने मात्रै हौं । मेरो अन्तिम भनाइ के हो भने आजको हाम्रो समाज आफ्नो मर्यादा छोडेर अर्काको लहैलहैमा ज्यादा नै छाडा भएको छ र आफ्नो ज्ञानविज्ञान भाषासाहित्य कलाकौशल र संस्कृतिसभ्यताको जरो उखेल्नपट्टि लागेको भान हुँदैछ । उनीहरूलाई, उनको आत्मालाई आफ्नो स्वरूपपट्टि उन्मुख गराउने दायित्व हुन्छ गुरुको । शास्त्रानुसन्धानपरिषद्ले यस कार्यमा गुरु बन्नुपर्छ, गुरुले दृष्टि दिन्छ । यो राष्ट्र सबैको साझा हो, कुनै वर्ग जातिविशेषको पेवा होइन, सबैले मिलेर यसको पृथक् अस्तित्व कायम गर्नु छ । यसको एक इञ्च भू-भाग पनि डग्न दिनु हुँदैन ।

❖

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको स्वर्ण शुभ-जन्मोत्सव

- प्रा. चूडानाथ भट्टराय

विश्वमा एकमात्र हिन्दू अधिराज्य नेपाल छ र हिन्दू राजा श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव होइबक्सन्छ। यो हिन्दू अधिराज्य विश्वकै लागि संरक्षण गर्नुपर्ने कुरा हो भनी दावीसाथ भन्न सकिन्छ, किनभने श्री ५ पृथ्वीनारायण शाहबाट नेपाललाई असली हिन्दूस्थान भनी आफूलाई हिन्दूपति भनी चिनाइएको छ। विदेशीले जे भने पनि हिन्दू अधिराज्य भएको नाताले नेपाल चार वर्ण छत्तीस जातको फूलबारी बनेको छ र हिन्दूसम्राट् त्यसको संरक्षक बनेर समय-समयमा पर्न आएका संकटबाट देशलाई जोगाएको इतिहास साक्षी छ।

नेपालको इतिहास हामीले आफूले यथार्थमा लेख्नुपर्नेमा विदेशीको भरमा हामीले अध्ययन गरेकाले सही इतिहासबाट हामी पीडित भएका छौं। जसरी पहिले देशको स्वतन्त्रता जोगाउन ठूला साम्राज्यवादी शक्तिसँग हाम्रा पुर्खाले लडी वीरगति प्राप्त गरे, आज पनि नेपाली दाजुभाइहरू विदेशमा गएर शान्तिसुरक्षाको लागि पहरेदार भएर डटेका छन्। अधिनायकवादीहरूको आक्रमणबाट विश्वलाई जोगाउन दुइ विश्वयुद्धमा संलग्न गोर्खाली फौज र तिनलाई संरक्षण दिन जाने नेपाली पल्टनको इतिहास कसैले मेटेर मेटिन्न। यसमा यदि अनुसन्धान गरेर अध्ययन गर्ने हो भने नेपालीमा यो आत्मविश्वास र यो अभयत्व कायम गर्नमा मुख्य भूमिका श्री ५ पृथ्वीनारायण शाहबाट शुरू गरिएको गोर्खाली जातिको वीरत्वको इतिहासलाई हामी साक्षी राख्न सक्दछौं।

श्री ५ पृथ्वीनारायण शाहबाट अन्तिम अवस्थाको आफ्नो घोषणापत्रमा हरेक पक्षमा हृदयको जो भाव व्यक्त भयो, त्यति मात्र पनि नेपालीको स्वतन्त्र अस्तित्वको लागि महावाक्य हुनेछ। त्यसपछि धेरै शाहवंशीय राजाहरूले समय-समयमा देशहितको लागि उठाएको कदमलाई यहाँ उल्लेख नगरी इतिहासको पानामै छाडेर म यहाँ श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवको बारेमा केही भन्न खोजिरहेछु।

यदि सबैमा चेतना भएन भने यो चार वर्ण छत्तीस जातको फूलबारीमा कसैको पनि अगाडि बढ्नका लागि पाइलै उठ्दैन। यसका संरक्षक राजा सबैका साझा हुन्। यो कुरा चेतनशील मानिसमध्ये बुद्धिजीवीमा गनिने मानिसले बिर्सने कुरै हुँदैन। मैले समुद्रपार गरी फर्कनेहरूलाई पाश्चात्त्य सभ्यताले र संस्कृतिले प्रभावित भएको देखेको छु। बेलायतमा नै अध्ययन गर्ने हाम्रा श्री ५ वीरेन्द्रलाई भने आफ्ना धर्मकर्म, सभ्यता, संस्कृतिमा आस्थावान् देख्दा हिन्दूजगत् नै गर्व गर्न सक्छ।

जहाँसुकै बसेको हिन्दूले पनि हिन्दूको पनि एक अधिराज्य छ र त्यहाँ शास्त्रसम्मत राजा छन् भनी नेपाल र श्री ५ महाराजाधिराजको गर्वसाथ नाम लिन पाउँछन्। आज विश्वमा नै कोलाहल, आतंकवाद, राजनीतिको रडाको र अशान्तिको हाहाकार मच्चिएको समयमा पनि शान्त, सुन्दर, विशाल भएर आफ्नो अस्तित्वबोध नेपालले गरिरहेको छ। किनभने राजा प्रजाको लागि, प्रजा राजाको लागि, राजा प्रजा दुवै राष्ट्रको लागि समर्पित छन् यहाँ। हाम्रो राजतन्त्रमा धर्मअनुरूप नै राज्य गर्ने व्यवस्था छ। धर्म भनेको समाजलाई धारणा गर्ने ऐन, कानूनको व्यवस्था हो। यदि संविधान नभए वा संविधानलाई मिचेर धर्महीन भई शासन चलाए त्यस्ताको कूटनीति सफल भएको देखिँदैन। यदि गढेर मनन गरेर हाम्रा पुराण, महाभारत, रामायणहरू अध्ययन गर्ने हो भने धर्मबाट पथभ्रष्ट भएका शासकहरूको हातबाट धर्मनिष्ठको हातमा नै राज्यको बागडोर गएको देखिन्छ। जति हुन सक्ने कपटपूर्ण अधर्मनिष्ठ भई दुर्योधनले शासन हत्याउन खोजे पनि राज्य भने युधिष्ठिरकै हातमा पर्न गयो। त्यहाँ संविधानविरुद्ध कार्य अर्थात् धर्महीन भएर दुर्योधन [illegible]को थियो। धर्मसंरक्षण गर्नु अर्थात् आफ्नो सभ्यता-संस्कृतिमूलक वैधानिक संविधानले प्रतिपादित नीतिको अनुरूप हिँड्नु नै पर्ने राजामाथि व्यवस्था भएकोले हिन्दू राजा [illegible] संवैधानिक नै हुन्छन्।

संविधान नाघ्ने शासकहरू ठूला शक्तिशाली भए तापनि आखिरमा परास्त भएको देखिन्छ हाम्रा पुराणहरूमा। राजाको लागि न्यायविरुद्ध हिँड्ने कोही पनि दण्डित हुन योग्य हुन्छन्। सबैभन्दा ठूलो जनताले राजाबाट आशा गरिएको कुरा न्याय नै हुन्छ। त्यसैले राजालाई दण्डधर भन्दछन्।

जनताको मागअनुरूप आफूसमेत त्यही परिधिभित्र बसेर आफ्ना अनन्त शक्तिको स्रोतलाई जनताका इच्छानुरूप सुम्पने श्री ५ वीरेन्द्र जस्ता राजा पाउनु नेपालीको सानो भाग्यको कुरा हैन। श्री ५ वीरेन्द्रबाट वि. सं. २०३६ मा जनमत गराएर प्रजातन्त्रवादित्वको ज्वलन्त उदाहरण बनिबक्सेको थियो र २०४६ सालमा फेरि प्रजातन्त्र पुनर्बहाली गरिबक्सेको थियो।

म यहाँ आफूमाथि घटेको घटनालाई नै उदाहरणको रूपमा प्रस्तुत गर्न सक्छु। विश्वविद्यालय स्थापना गर्न जनसम्मत सदस्यहरूले पारित गरेको विधेयक लालमोहर लागेपछि तदनुरूप कार्यान्वयन गर्न खोज्दा शासनारूढ पार्टीले संस्थामा आफ्नो प्रभुत्व कायम गर्न दिएको दवाबलाई विश्वविद्यालय ऐनमा स्वशासित संस्था भनेर उल्लेख भएकोले उसको स्वामित्वमा आँच आउने काम गर्नु हुन्न भनी अड्ने मलाई त्यही संवैधानिक सिद्धान्तले जोगाएको ठान्दछु। कहाँ श्री ५ को सरकारको शक्ति, कहाँ एक साधारण व्यक्तिको साहस। पहरोसँग कुहिनाको जोड लाग्ने होइन भनेर कतिले आत्मविश्वास छोडे, तर

अबलीयान् बलीयांसमाशंसते धर्मेण (वेद)

अर्थात् निर्धाले पनि बलियोलाई हाँक दिन सक्छ, ऐन कानूनलाई साथ लिएर। त्यसैले यही महावाक्यलाई हृदयंगम गरी आफ्ना राजाको त्याग तपस्या र प्रजावात्सल्यलाई बुझेर महेन्द्र-संस्कृत-विश्वविद्यालयलाई पार्टीको भर्तीकेन्द्र बनाउने प्रक्रियालाई डटेर मुकाबिला गर्न सक्नुमा राजाप्रतिको मेरो विश्वास नै अभयको कारण हो भनी स्पष्टीकरण गर्न सक्दछु।

जन्माउने बाबु, जन्म दिने कारण भए तापनि प्रजालाई तालीम गरी रक्षा गरी पालनपोषण गर्ने हुनाले राजालाई नै बाबु मानिएको छ। महाकवि कालिदास राजतन्त्रका परम समर्थक भएकाले उनी आफ्नो रघुवंशमहाकाव्यमा लेख्छन् –

प्रजानां विनयाधानाद् रक्षणाद् भरणादपि।
स पिता पितरस्तासां केवलं जन्महेतवः॥

श्री ५ वीरेन्द्रबाट देखाइबक्सेको एउटा ज्वलन्त दृष्टान्त यहाँ भन्न मन लाग्छ –

श्रीविश्वेश्वर कोइराला साह्रै अस्वस्थ भई विदेश जानुपर्दा राजाबाट यसको व्यवस्था गरी खर्चबर्च सबै दिएर औषधोपचारको लागि अमेरिका पठाइबक्सेको मलाई थाहा हुन आयो, असमयमा नै राष्ट्र बैंक खोली त्यसबाट डलरको व्यवस्था मिलाई विमानस्थलमा सो पठाइएको कुरा मेरो जानकारीमा आएको थियो। उता छिमेकी राष्ट्रमा लोकनायक जयप्रकाशनारायणलाई विरोधी पार्टीको भनेर जीवित अवस्थामा सो सुविधा उपलब्ध भएन। त्यसैले राजामा प्रजाको वात्सल्य कताकता लुकेको हुन्छ, दुःख पाउँदा उसप्रति करुणा आउँछ र ऊ बाबु बनेर देखा पर्दछ, यदि त्यो शास्त्रसम्मत राजा हो भने।

हुन त आज वैदिककालदेखि संरक्षित, विश्वबाटै मान्यता प्राप्त भएको संस्कृतविश्वविद्यालय मौसूफबाटै श्री ५ महेन्द्रको स्मरणमा नामकरण गरी अधिष्ठित गरिबक्स्यो र संस्कृत भाषामा धर्म, अर्थ, काम, मोक्ष, चार किसिमका पुरुषार्थ छन् भन्ने नबुझ्नेले संस्कृतको विरोध गर्दागर्दै पनि संस्कृतसम्मेलनमा आएका विद्वान्हरूलाई सरकारबाट दर्शनभेट बक्सेर कृतार्थ गराइबक्सेको कुरा र उनीहरूले राजाप्रति व्यक्त गरेका भावना बिर्सिनसक्नुभएको छ। यो सरकारको साह्रै नै दूरदर्शी कार्यमध्ये एक हुन गएको छ।

अब यस हिन्दू अधिराज्यका हामीले संस्कृतको दायित्व बोकेर सबै संस्कृत विषयका निष्णात विद्वान् बनी समर्पित भावले संस्कृतको उत्थान गर्नुपरेको छ, यसमा संस्कृत पढ्ने र पढाउनेको भन्दा पनि त्यसको व्यवस्था गर्नेको काँधमा भार परेको छ। किनभने शास्त्रसम्मत कुनै विषयमा साधिकार निर्णय गर्ने शक्ति आर्जन नगरी शास्त्रको रक्षा हुँदैन र यदि हिन्दू राष्ट्रले पनि हिन्दूसम्राट्को छत्रछायामा बसेर संस्कृतको उत्तरदायित्व वहन गरेन भने विश्वले हाम्रो यस उपेक्षालाई क्षमा दिनेछैन। यति नै भनेर यस स्वर्ण-शुभजन्मोत्सवमा राजा चिरं जीवतु भन्ने शुभ आशीर्वाद श्रद्धा-भक्तिपूर्वक चढाउँदछु र सरकारका अमूल्य कार्यबाट सरकारको शासनकाल नेपाली इतिहासमा स्वर्णकाल हुनेछ भन्ने कुरामा विश्वस्त छु।

❖

पुराणमा राजा र हाम्रा राजा

- डा. दुर्गाप्रसाद उपाध्याय दवाडी*

वागीशाद्यास्सुमनसस्सर्वार्थानामुपक्रमे ।

यं नत्वा कृतकृत्यास्स्युस्तं नमामो गजाननम् ॥

पुराणले वेदार्थको व्याख्या गरेको छ, पुराणमा वेदअविरोधी अर्थको प्रतिपादन गरिएको छ, यो कुरो मानेर यस विषयमा विचार गर्नु उचित हुनेछ ।

किनभने

इतिहासपुराणाभ्यां वेदं समुपबृंहयेत् ।

बिभेत्यल्पश्रुताद् वेदो मामयं प्रहरिष्यति ॥

इतिहास र पुराणद्वारा नै वेदको समुपबृंहण (व्याख्या, विचार, वेदार्थविचार) गर्नुपर्छ, यतः अल्पश्रुत (इतिहासपुराणको अध्ययन नै नगरी वेदार्थको व्याख्या गर्न उद्यत) जनदेखि वेद यसले ममाथि प्रहार गर्नेछ भनेर डराउँछ । वेदमा राजा र राष्ट्रको सम्बन्धमा प्रशस्त उल्लेख छ । ऋग्वेदमा एक स्थानमा वरुणलाई राष्ट्रहरूका राजा (ईश्वर) नदीहरूको पेश अर्थात् रूप बनाउने र ती वरुणको बल अनुत्तम र अन्यद्वारा अबाधित र विश्वायु अर्थात् सर्वतोगामी बताइएको छ ।[१] अन्य स्थानमा "वरुण राजाले सूर्यको लागि क्रमैले उदय र अस्तको निमित्त उत्तरायण र दक्षिणायणरूप मार्ग बनाए र अपद अर्थात् पादरहित (पाउ

---

* प्राध्यापक, वाल्मीकिविद्यापीठ

१ राजा राष्ट्रानां पेशो नदीनामनुत्तमस्मै क्षत्रं विश्वायु । (ऋग्वेद ७।३४।११)

राख्ने ठाउँ नभएको) अन्तरिक्षमा पाद (पाउ) राख्न मार्ग बनाए" भनिएको छ ।[२] अर्को ठाउँमा वज्रबाहु इन्द्रलाई स्थावर र जङ्गम, शृङ्गरहित हुनाले शान्त घोडा गदहा आदि र श्रृङ्ग भएकोले उग्र महिष साँढे आदिको र मनुष्यहरूको पनि राजा भएर बसेको बताइएको छ ।[३] यसै गरी यजुर्वेदमा पनि सोमलाई ब्राह्मणहरूका राजा बताइएको छ ।[४] सोम अर्थात् चन्द्रमालाई संस्कृतकोषकारहरूले द्विजराज[५] भन्नु वेदको उक्त कथन देखेर नै होला । यसै गरी वेदमा राष्ट्रको प्रशस्त उल्लेख पाइन्छ । एक स्थानमा क्षत्रिय राजाको राष्ट्रको उल्लेख छ -

मम द्विता राष्ट्रं क्षत्रियस्य विश्वायोर्विश्वे अमृतस्य यथा नः ।

क्रतुं सचन्ते वरुणस्य देवा राजामि कृष्टेरुपमस्य वव्रे :॥ (ऋग्वेद ४।४२।१)

क्षत्रिय जातिमा उत्पन्न सबै मनुष्यहरूको अधीश मेरा द्वित्व (पृथ्वी र स्वर्गभेदले दुइ) भएको राष्ट्र हो । जसरी सम्पूर्ण देवता मेरा हुन्छन्, त्यस्तै राष्ट्र र प्रजा पनि मेरा हुन्छन् । वरुण र मनुष्यको समीपतर भएको मेरो कर्म सबै देवताहरूले सेवन गर्छन्, म राजा हुन्छु[६], यस वैदिक कथनद्वारा राजा क्षत्रियजात्युत्पन्न हुँदो रहेछ भन्ने कुरा बुझिन्छ । ऋग्वेदमा एक अन्य स्थानमा क्षत्रिय राजाको उल्लेख पाइन्छ -

हस्तेनैव ग्राह्य आधिरस्या ब्रह्मजायेयमिति चेदवोचन् ।

न दूताय प्रह्ये तस्थ एषा तथा राष्ट्रं गुपितम् क्षत्रियस्य ॥ (ऋग्वेद १०।१०९।३)

देवाः बृहस्पतिमूचुः । हे बृहस्पते अस्मा आधिः शरीरम् हस्तेनैव ग्राह्या ग्रहीतव्यमेव । पुनस्ते देवा इदानीमियम् ब्रह्मजाया इति एव अवोचन् । एषा ब्रह्मजाया पुरा प्रह्ये प्रहिताय भार्यान्वेषणे प्रेषिताय दूताय तथा न तस्थे स्वात्मानं न प्रकाशयति तत्र दृष्टान्तः- यथा क्षत्रियस्य राज्ञः गुपितं रक्षितं राष्ट्रं राज्यं शत्रवे न यथा

---

२ उरुं हि राजा वरुणश्चकार सूर्याय पन्था मन्वे तवा उ ।
अपदे पादा प्रतिधातवेऽकरुता पवक्ता हृदयाविधश्चित् ॥ (ऋग्वेद १।२४।८)

३ इन्द्रो यातोऽव सितस्य राजा शमस्य च शृङ्गिणो वज्रबाहुः।
सेदु राजा क्षयति चर्षणीनामरान्न नेमिः परि ता बभूव ॥ (ऋग्वेद १।३२।१५)
वज्रबाहुरिन्द्रः यातः गच्छतः जङ्गमस्य अवसितस्य एकत्रैव स्थितस्य स्थावरस्य शमस्य शान्तस्य शृङ्गरहितत्वेन प्रहरणावप्रवृत्ताश्वगर्दभादेः शृङ्गिणः शृङ्गोपेतस्य महिषबलीवददिश्च राजा अभूत् । सेदु स एवेन्द्रः चर्षणीनां मनुष्याणां राजा भूत्वा क्षयति निवसति । ता तानि पूर्वोक्तानि जङ्गमादीनि सर्वाणि परिबभूव व्याप्तवान् तत्र दृष्टान्तः अरान् न नेमिः अरान् नाभौ कीलितान् काष्ठविशेषान् व्याप्नोति तद्वत् (सायणभाष्य)

४ सोमोऽस्माकम् ब्राह्मणानाम् राजा (यजुर्वेदसंहिता ९।४०)

५ द्विजराजः शशधरो नक्षत्रेशः क्षपाकरः । (अमरकोष, दिग्वर्ग १५)

६ क्षत्रियस्य क्षत्रियजात्युत्पन्नस्य विश्वायोः कृत्स्नमनुष्याधीशस्य मम द्विता क्षितिस्वर्गभेदेन द्वित्वापन्नम् राष्ट्रम् । विश्वे सर्वे अमृताः देवाः यथा नः अस्माकं भवन्ति तथा राष्ट्रं प्रजाश्चेत्यर्थः । वरुणस्य वारकस्य वरुणात्मनो वा कृष्टेः मनुष्यस्य उपमस्य सर्वेषामान्तिकतमस्य वव्रेः रूपवतः मम क्रतुं कर्म सचन्ते सेवन्ते देवाः सर्वेऽपि । अहञ्च राजामि सर्वेश्वरः (राजा) भवामि । (सायणभाष्य ४।४२।१)

प्रकाशयति तद्वदसौ दौर्भाग्ययुक्ततया स्वात्मानं न प्रकाशितवती (ऋग्वेद १०।१०९।३ सायणभाष्य)

अर्थात् (ताराको सम्बन्धमा) देवताहरूले बृहस्पतिसँग भने - हे बृहस्पति ? यस (तारा) शरीरलाई हातले नै ग्रहण गर्छ। फेरि पनि ती देवताहरूले भने- यस बेला यी ब्रह्मजाया (ब्राह्मणभार्या) नै हुन्, यी ब्राह्मणभार्याले पहिला भार्याको अन्वेषणको निमित्त पठाइएको दूतसँग आफूलाई त्यसै गरी प्रकाशित गरिनन्, जस्तै क्षत्रिय राजाद्वारा रक्षित राष्ट्र (राज्य) शत्रुलाई प्रकाशित गर्दैन। यिनले दौर्भाग्ययुक्त भएकीले आफूलाई प्रकाशित गरिनन्। यसमा दृष्टान्तवाक्यले राष्ट्र या राज्य क्षत्रिय राजाद्वारा रक्षित हुँदो रहेछ भन्ने कुरा ज्ञात हुन्छ। यसै गरी शुक्लयजु:संहिता नवमाध्यायमा वाजपेय र राजसूय यज्ञसम्बन्धी कर्म बताइएको छ। त्यस राजसूय यज्ञमा क्षत्रियजात्युत्पन्न राजाको नै अधिकार हुन्छ भन्ने कुरा मीमांसाले बताएको छ। त्यसै संहिताको दशमाध्यायमा राजसूयको शेष चरकसौत्रामणीको प्रसङ्गमा भनिएको छ-

वृष्ण ऊर्मिरसि राष्ट्रदा राष्ट्रं मे देहि स्वाहा वृष्ण ऊर्मिरसि राष्ट्रममुष्मै देहि वृषसेनोऽसि राष्ट्रदा राष्ट्रं मे देहि स्वाहा वृषसेनोऽसि राष्ट्रदा राष्ट्रममुष्मै देहि।

(शु.य.मा.सं. ९।२)

हे कल्लोल ! त्वं वृष्णो: वर्षितु: सेक्तु: पशोर्नरस्य सम्बन्धी ऊर्मि: कल्लोलोऽसि। राष्ट्रदा राष्ट्रं जनपदं ददातीति राष्ट्रदा: स्वभावत एव देशप्रदो भवसि अतो राष्ट्रं मे मह्यं देहि स्वाहा हविर्दत्तमस्तु। वृष्ण ऊर्मिरसि राष्ट्रदा अतोऽमुष्मै यजमानाय राष्ट्रं जनपदं देहि। वृषसेनोऽसि वृषा सेचनसमर्था सेना जलराशिरूपा यस्य स वृषसेन:। व्याख्यातमन्यत्।

(महीधरभाष्य)

हे कल्लोल तिमी सेचन गर्ने मनुष्यसम्बन्धी कल्लोल हौ, राष्ट्र दिने हौ, अत: मलाई राष्ट्र प्रदान गर इत्यादि भनेर यस मन्त्रमा राजसूययागकर्ता (क्षत्रिय राजाको) कथन (प्रार्थना) अभिव्यक्त गरिएको छ। यसले हाम्रो समाजमा अनादिकालदेखि राष्ट्रको भावना र त्यसको निमित्त क्षत्रिय राजाको आकाङ्क्षा रहेछ भन्ने कुरा स्पष्ट हुन्छ।

हाम्रा पुराणहरूले वेदको, वेदार्थको व्याख्या गरेकाले पुराणमा पनि राजाको वर्णन त्यसै रूपमा पाइन्छ। पुराणमा राजाको उत्पत्ति कसरी भयो र त्यसको महत्त्व कस्तो छ, यस विषयको पनि विवेचना गरिएको छ। मनुस्मृतिले यस संसारमा राजा नभएकाले बलवान्‌को भयले सर्वत्र सबै प्राणी अरक्षित भएर चारैतिर भाग्न लागेको वेलामा सम्पूर्ण यस चराचरको रक्षाको निमित्त प्रभु (ईश्वर) ले राजाको सृष्टि गर्नुभयो; इन्द्र, वायु, यम, सूर्य, अग्नि, वरुण, चन्द्र, कुबेर यी देवताहरूको सारअंश लिएर राजाको सृष्टि भयो; इन्द्रादि देवश्रेष्ठहरूको अंशबाट राजाको सृष्टि भएकोले आफ्नो तेजले राजाले सबैलाई अभिभूत गर्छन्[७] भनेर राजाको उत्पत्ति र महत्त्वको सम्बन्धमा प्रकाश पारेको छ। राजा

---

७ अराजके हि लोकेऽस्मिन् सर्वतो विद्रुते भयात्।
रक्षार्थमस्य सर्वस्य राजानमसृजत् प्रभु:॥

को हुन सक्छ ? यस विषयमा पनि मनुस्मृतिले प्रकाश पारेको छ। त्यसअनुसार वेदप्राप्तिको निमित्त शास्त्रीय रीतिले उपनयन (व्रतबन्ध) संस्कार प्राप्त गरेका क्षत्रियले आफ्नो राज्यमा अवस्थित सबैको शास्त्रानुसार नियमतः रक्षा गर्नुपर्छ।[५] यस कथनले राजा क्षत्रिय नै हुनुपर्छ, राजा भनेको क्षत्रिय नै हो भन्ने कुरा पनि स्पष्ट हुन्छ। कुल्लूकभट्टले यो कुरो त्यहाँ ठोकुवा गरिदिएका छन्- एतेन क्षत्रिय एव राज्याधिकारीति दर्शितम् (मनुस्मृति ७। २ को कुल्लूकभट्टव्याख्या)।

पुराणको मान्यता पनि त्यस्तै प्रकारको छ। पुराणमा श्रेष्ठ भनेर हामीहरूले मानी आएको श्रीमद्भागवतपुराणले सर्वप्रथम राजाको रूपमा महाराज पृथुको उल्लेख गरेको छ। नृपति अङ्गका पुत्र वेन अत्यन्त अत्याचारी र धर्मविरोधी भए। राज्यासन पाएपछि वेन आठै लोकपालहरूको ऐश्वर्यकलाको कारण उन्मत्त भएर अभिमानवश आफूलाई नै सबैभन्दा ठूलो मानेर महापुरूषहरूको अपमान गर्न थाले। ऐश्वर्यमदले अन्धो भएर रथमा चढेर मत्ता हात्ती झैं पृथ्वी र आकाशलाई हल्लाउँदै घुम्न थाले। "कुनै पनि द्विजातिहरूले कुनै पनि यज्ञ, दान र हवन नगर्नू" यस्तो कटुवाले घोकाएर उनले सम्पूर्ण धर्मकर्म बन्द गर्न लाए। वेनको त्यस्तो अत्याचार देखेर मुनिहरूले संसारको संकट बुझेर कृपा गरेर वेनलाई सम्झाए। किन्तु वेनले सम्झनु त परै रहोस्, ऋषिहरूलाई नै भन्न थाले -विष्णु, ब्रह्मा, शिव, इन्द्र, वायु, यम, रवि, मेघ, कुवेर, सोम, अग्नि, वरुण यी र यीदेखि पृथक् शाप र वर दिनामा समर्थ जो देवता छन्, ती जम्मै राजाको शरीरमा हुन्छन्। त्यसो हुँदा राजा सर्वदेवमय हो। त्यसैले हे ब्राह्मण हो, तिमीहरूले डाह छोडेर मेरो नै पूजा गर, बलि गर, मभन्दा अर्को अग्रपूजाको अधिकारी को हुन सक्छ र ?[९] वेनको अत्याचार झन् बढेको देखेर ऋषिहरूको क्रोध बढ्यो र वेनलाई मार्ने निश्चय गरे। भगवान्को निन्दाले स्वतः नै मरिसकेको वेनलाई ऋषिहरूले हुंकारले नै मारिदिए। जब ऋषिगण आफ्नो-

---

इन्द्रानिलयमार्काणामग्नेश्च वरुणस्य च।
चन्द्रवित्तेशयोश्चैव मात्रा निर्हृत्य शाश्वतीः॥
यस्मादेषां सुरेन्द्राणां मात्राभ्यो निर्मितो नृपः।
तस्मादभिभवत्येष सर्वभूतानि तेजसा॥ (मनुस्मृति ७।३,४,५)

८ स आरूढ नृपस्थान उन्नद्धोऽष्टविभूतिभिः।
अवमेने महाभागान् स्तब्धः सम्भावितः स्वतः॥
एवं मदान्ध उत्सिक्तो निरङ्कुश इव द्विपः।
पर्यटन् रथमास्थाय कम्पयन्निव रोदसी॥
न यष्टव्यं न दातव्यं न होतव्यं द्विजाः क्वचित्।
इति न्यवारयद् धर्मं भेरीघोषेण सर्वशः॥
वेनस्यावेक्ष्य मुनयो दुर्वृत्तस्य विचेष्टितम्।
विमृश्य लोकव्यसनं कृपयोचुः स्म सत्रिणः॥
(भागवत ४।१४।४-७)

९ विष्णुर्विरिञ्चो गिरिश इन्द्रो वायुर्यमो रविः।
पर्जन्यो धनदः सोमः क्षितिरग्निरपांपतिः।
एते चान्ये च विबुधाः प्रभवो वरशापयोः।
देहे भवन्ति नृपतेः सर्वदेवमयो नृपः॥
तस्मान्मां कर्मभिर्विप्रा यजध्वं गतमत्सराः।
बलिञ्च हरत मह्यं मत्तोऽन्यः कोऽग्रभुक् पुमान्॥ (भागवत ४।१४।२६-२८)

आफ्नो आश्रमसमा गए, तब वेनकी शोकाकुल माता सुनीथाले मन्त्रादिका बलले र अन्य युक्तिले आफ्ना छोराको शरीर (शव) को रक्षा गर्न थालिन्।[१०] यता पृथ्वीमा कुनै शासक नहुनाले प्रजाको भयको विचार ऋषिहरूको मनमा उठ्यो। त्यसै वेलामा सबै दिशामा दौडने भएका चोरडाँकाहरूको कारण उड्ने धूलो ऋषिहरूले देखेर बुझे, राजा नहुनाले यो उपद्रव[११] हुँदैछ। तब ती ब्राह्मणहरूले अपुत्र (पुत्रहीन) राजा वेनका दुइ हातको मन्थन गरे र त्यसबाट स्त्री र पुरुषको युग्म (जोडा) उत्पन्न भयो। त्यस्तो उत्पत्ति देखेर ब्रह्मवादी ऋषिहरूले तिनलाई भगवान्का अंश हुन् भन्ने कुरा बुझेर भने- यी पुरुष भगवान् विष्णुकी विश्वपालिनी कलाबाट उत्पन्न भएका हुन्, यी महिला उनै परम पुरुषकी अनपायिनी (कहिल्यै नछुट्टिने) शक्ति लक्ष्मीकी अवतार हुन्। यी पुरुष आफ्नो सुयशको प्रथन (विस्तार) गर्नाले परम यशस्वी पृथु नामका सम्राट् हुनेछन् र राजाहरूमा सर्वप्रथम राजा यिनै हुनेछन्। यी राम्रा दाँत भएकी गुण र आभूषण (गहनाहरू) लाई पनि विभूषित गर्ने भएकी सुन्दरी महिलाले यी पृथुलाई नै आफ्नो पति बनाउनेछिन्। पृथुको रूपमा साक्षात् श्रीहरिको अंशले नै संसारको रक्षाको निमित्त अवतार लिएको छ र अर्चिको रूपमा निरन्तर भगवान्को सेवामा नै लागिराख्ने भएकी भगवान्की नित्यसहचरी भगवती श्रीलक्ष्मी प्रकट भएकी हुन्।[१२] ऋषिहरूको यस कथनले राजा विष्णुस्वरूप र पट्टराजमहिषी लक्ष्मीस्वरूपा हुन् भन्ने कुरा बुझिन्छ। हाम्रो नेपालले आफ्ना राजा र रानीलाई विष्णु र लक्ष्मीको रूपमा मान्दै आएको छ र यो कुरो अन्धपरम्परा नभएर हाम्रो प्राचीन शास्त्रमा आधृत कुरो हो भन्ने ज्ञात हुन्छ। महाराज पृथुको स्तुति गर्दै सूत मागधले भने- यी (पृथु) आफ्नो कर्मले सबै लोकलाई सुख दिनेछन्, उनीहरूको रञ्जन गर्नेछन् र

---

१० इत्थं व्यवसिता हन्तुमृषयो रूढमन्यव:।
निजघ्नुर्हुङ्कृतैर्वेनं हृतमच्युतनिन्दया॥
ऋषिभि: स्वाश्रमपदं गते पुत्रकलेवरम्।
सुनीथा पालयामास विद्यायोगेन शोचती॥ (भागवत ४।१४।३५,३६)

११ एवं मृशन्त ऋषयो धावतां सर्वतो दिशम्।
पांसु: समुत्थितो भूरिश्चोराणामभिलुम्पताम्॥
तदुपद्रवमाज्ञाय लोकस्य वसुलुम्पताम्।
भर्तर्युपरते तस्मिन्नन्योन्यं च जिघांसताम्॥ (भागवत ४।१४।३८, ३९)

१२ अथ तस्य पुनर्विप्रैरपुत्रस्य महीपते:।
वाहुभ्यां मथ्यमानाभ्यां मिथुनं समपद्यत॥
तद् दृष्ट्वा मिथुनं जातमृषयो ब्रह्मवादिन:।
उचु: परमसन्तुष्टा विदित्वा भगवत्कलाम्॥
एष विष्णोर्भगवत: कला भुवनपालिनी।
इयञ्च लक्ष्म्या: सम्भूति: पुरुषस्यानपायिनी॥
अयन्तु प्रथमो राजा पुमान् प्रथयिता यश:।
पृथुर्नाम महाराजो भविष्यति पृथुश्रवा:॥
इयञ्च सुदती देवी गुणभूषणभूषणा॥
अर्चिर्नाम वरारोहा पृथुमेवावरुन्धती॥
एष साक्षाद्धरेरंशो जातो लोकरिरक्षया।
इयञ्च तत्परा हि श्रीरनुजज्ञेऽनपायिनी॥ (भागवत ४।१५।१-६)

यसले (मनोरञ्जनात्मक व्यापारले) प्रजाले यिनीलाई राजा भन्नेछन्।[१३] यस कथनले यसभन्दा पूर्वका शासक नृपति अवश्य थिए, किन्तु उनीहरूलाई राजा भनिँदैनथ्यो भन्ने कुरा ज्ञात हुन्छ।

भागवतपुराणले भनेका पृथु राजाहरूमा सर्वाग्रणी हुन् भन्ने कुराको समर्थन अग्निपुराणले पनि गरेको छ। त्यहाँ भनिएको छ- अङ्ग नृपतिको सुनीथा नामकी रानीबाट वेन नामको छोरो भयो। त्यो प्रजाको अरक्षक (रक्षा नगर्ने) र पापी भयो। त्यसलाई मुनिहरूले कुशले बाँधेर मारे र वेनको कुनै सन्तान नहुनाले राजाको अभावमा प्रजालाई कष्ट हुने र बलियाले निर्बललाई पीडितं गर्ने संभावना देखेर ऋषिहरूले प्रजा (सन्तान) को निमित्त वेनको दाहिनो हात मथे। वेनको हातको मन्थनले पृथु उत्पन्न भए। उनलाई देखेर मुनिहरूले भने- यिनले प्रजालाई प्रसन्न पार्नेछन् र यशस्वी हुनेछन्। क्षत्रिय राजाहरूका पूर्वज (सर्वप्रथम राजा भएका) वेनका छोरा पृथुले धनुषधारण गरेर, कवचधारण गरेर तेजले सबैलाई दग्ध जस्तै पार्दै सम्पूर्ण प्रजाहरूको रक्षा गरे। राजसूय यज्ञमा अभिषिक्तहरूमध्ये पृथ्वीपति ती पृथु सर्वप्रथम भए र उनैले सर्वप्रथम राजसूय यज्ञ गरे।[१४] पृथुलाई आदि राजा मानिएको प्रजाको रक्षा र मनोरञ्जन गर्नाले तथा राजसूय यज्ञमा दीक्षित राजाहरूमध्ये सर्वप्रथम हुनाले रहेछ भन्ने कुरा अग्निपुराणद्वारा ज्ञात हुन्छ।

प्रजाको अनुरञ्जन गर्नाले पृथु नै सर्वप्रथम राजा हुन् भन्ने कुरा पद्मपुराणले पनि भनेको छ। त्यहाँ उल्लेख गरिएको छ - देवता, ब्राह्मण तथा सबैद्वारा वेनका पुत्र प्रतापवान् पृथु राजाहरूको अधिकारमा अभिषिक्त भए। त्यसभन्दा पूर्व कुनै पनि नृपतिले प्रजाको अनुरञ्जन गरेका थिएनन्, त्यो काम पृथुले गरे। उनले अनुरञ्जन गर्नाले सबै प्रजा प्रसन्न भए तथा ती पृथुको अनुरागले ती वीरको नाम राजा भयो।[१५]

---

१३ रञ्जयिष्यति यल्लोकमयमात्मविचेष्टितैः।
अथामुमाहु राजानं मनोरञ्जनकैः प्रजाः॥ (भागवत ४।१६।१५)

१४ अङ्गात् सुनीयापत्यं वै वेनमेकं व्यजायत।
अरक्षकः पापरतः स हतो मुनिभिः कुशैः॥
प्रजार्थमृषयोऽथास्य ममन्थुर्दक्षिणं करम्।
वेनस्य मथिते पाणौ सम्बभूव पृथुर्नृपः॥
तं दृष्ट्वा मुनयः प्राहुरेष वै मुदिताः प्रजाः।
करिष्यति महातेजा यशश्च प्राप्स्यते महत्॥
स धन्वी कवची जातस्तेजसा निर्दहन्निव।
पृथुर्वैन्य प्रजाः सर्वा ररक्ष क्षत्रपूर्वजः॥
राजसूयाभिषिक्तानामाद्यः स पृथिवीपतिः।
तस्माच्चैव समुत्पन्नौ निपुणौ सूतमागधौ॥ (अग्निपुराण १८।११-१५)

१५ देवैर्विप्रैस्तथा सर्वैरभिषिक्तो महामनाः।
राज्ञाञ्चैवाधिकारे वै पृथुर्वैन्यः प्रतापवान्॥
तदा पित्रा प्रजाः सर्वाः कदा नैवानुरञ्जिताः।
तेनानुरञ्जिताः सर्वाः सुखैर्मुमुदिरे तदा॥
अनुरागात् तस्य वीरस्य नाम राजेत्यभाषत।
प्रयातस्य सुवीरस्य समुद्रस्य द्विजोत्तम॥ (पद्मपुराण भूखण्ड २८।५,६,७)

यसै गरी मार्कण्डेयपुराणमा मदालसोपाख्यानमा राजाको कर्तव्यको विवेचना पाइन्छ। राजा क्रतुध्वजकी रानी मदालसा अत्यन्त विदुषी थिइन्। तिनलाई ब्रह्मज्ञान प्राप्त थियो। तिनका प्रथम पुत्र विक्रान्त नामका भए। ती विक्रान्तलाई बाल्यावस्थामा नै रोएको देखेर उनले उपदेश गरिन्- हे बाबु ! तिमी शुद्ध (बुद्ध, मुक्त) स्वभावका हौ। तिम्रो अहिल्यै जो कल्पनाले विक्रान्त जस्तो नाम राखियो, त्यो केवल कल्पनाले मात्रै हो। यो पञ्चभूतात्मक देह पनि तिम्रो होइन, त्यसो हुँदा तिमी के कारणले रुन्छौ।[१६] यस्तै ज्ञानगुणका कुराले ती विक्रान्त निवृत्तिमार्गानुयायी भए। मदालसाका दोस्रा छोरा सुबाहु नामका भए। तिनलाई पनि उनले निवृत्तिमार्गी नै बनाइन्। तेस्रा छोरा शत्रुजित् नामकालाई पनि निवृत्तिमार्गी नै बनाएपछि चौथा छोरा अलर्कलाई निवृत्तिमार्गी नबनाउन क्रतुध्वजले प्रार्थना गरेपछि मदालसाले अलर्कलाई राजधर्मको शिक्षा दिइन्। उनले भनिन्- बाबु ! राज्यमा अभिषिक्त नृपतिले सर्वप्रथम प्रजाको अनुरञ्जन गर्नू, किनभने त्यो राजाको स्वधर्म हो।[१७] उनले आफना पुत्र अलर्कलाई क्षत्रियधर्मको उपदेश यस रीतले गरिन्- दान, अध्ययन, यज्ञ गर्नु यी तीन काम ब्राह्मणको जस्तो क्षत्रियको पनि कर्तव्य (धर्म) हो। क्षत्रियको पृथ्वीरक्षा गर्नु अर्थात् राज्योपार्जन गर्नु तथा शास्त्रानुसार जीविकाको लागि सेनामा सम्मिलित भएर देशरक्षामा लाग्नु क्षत्रियको कर्तव्य (धर्म) हो।[१८] यस रीतिले मार्कण्डेयपुराणानुसार प्रजाको अनुरञ्जन नै राजाको मुख्य धर्म हो भन्ने कुरा ज्ञात हुन्छ।

यस्तै रीतिले विष्णुपुराणले पनि पृथुको आख्यानको स्मरण गराउँदै भनेको छ- वेनका छोरा पृथु प्रतापवान् थिए। उनलाई ठूलो राज्यको राजा बनाइयो। उनलाई धर्म जान्ने विद्वान्हरूले राज्याभिषेक गरे, ठूलो राज्य दिए। पिताले गर्दा विरक्त भएका प्रजाहरूलाई ती पृथुले पुनः अनुरक्त बनाए, प्रजाको अनुरञ्जन गरे। प्रजाको अनुरागले (प्रेमले) गर्दा नै उनको "राजा" यस्तो नाम भयो।[१९] यसरी विष्णुपुराणानुसार पनि प्रजाको अनुरञ्जन गर्नाले राजा हुन्छ भन्ने कुरो ज्ञात हुन्छ।

नहुष राजा इन्द्र भएको वेलामा इन्द्राणीले कामुक नहुषसित आफ्नो सतीत्व बचाउनको निमित्त भनेको वचनको रूपमा ब्रह्मवैवर्तपुराणमा पनि राजाको कर्तव्य (धर्म) को वर्णन आएको छ। त्यहाँ इन्द्राणी (शची) ले भनेकी छन्- "हे वत्स ! हे महाराज ! हे सबैको भयनाश गर्ने ! राजा त त्यो हो, जो भयबाट रक्षा गर्छ, पालन गर्छ, त्यस्तो राजा पिता हो। आज इन्द्र लक्ष्मीभ्रष्ट (राज्यलक्ष्मीनाश) भएका छन्। तिमी आज स्वर्गका

---

१६ शुद्धोऽसि रे तात न तेऽस्ति नाम कृतं हि ते कल्पनयाऽधुनैव।
पञ्चात्मकं देहमिदं तवैतन्नैवास्य त्वं रोदिषि कस्य हेतोः॥ (मार्कण्डेयपुराण २५।११)

१७ वत्स ! राज्येऽभिषिक्तेन प्रजारञ्जनमादितः।
कर्तव्यमविरोधेन स्वधर्मस्य महीभृता॥ (मार्कण्डेयपुराण २७।५)

१८ दानमध्ययनं यज्ञः क्षत्रियस्याऽप्ययं त्रिधा।
धर्मः प्रोक्तः क्षिते रक्षा शस्त्राजीवश्च जीविका॥ (मार्कण्डेयपुराण २८।५)

१९ महता राजराज्येन पृथुर्वैन्यः प्रतापवान्।
सोऽभिषिक्तो महातेजा विधिवद् धर्मकोविदैः॥
पित्रापरञ्जितास्तस्य प्रजास्तेनानुरञ्जिताः।
अनुरागात् ततस्तस्य नाम राजेत्यजायत॥ (विष्णुपुराण १।१३।४७,४८)

राजा भएका छौ । वास्तवमा राजा त त्यो नै हो, जसले प्रजाको पालन गर्छ, यो निश्चित कुरो हो । गुरुपत्नी (गुरुआमा), राजपत्नी (रानी), देवपत्नी, बुहारी, आमाबाउकी दिदीबैनी, शिष्यपत्नी, सेवकपत्नी, माइजू, सौतेनी आमा, भाउजू र भाइबुहारी, सासू, बैनी, छोरी, आफ्नी (गर्भधारण गर्ने) आमा, इष्टदेवी यी महिला पुरुषका आमाहरू हुन्, माता हुन् । तिमी मनुष्य हौ, म देवपत्नी हुँ, तिम्री मातासरह हुँ । यदि आमासित रमण गर्न चाहन्छौ भने अदितिसँग जाऊ । सबैको प्रायश्चित्त छ, किन्तु मातृगामीको प्रायश्चित्त छैन, उनीहरू ब्रह्माको आयु रहेसम्म कुम्भीपाक नरकमा पकाइन्छन् ।[२०] यसरी ब्रह्मवैवर्तपुराणमा रक्षा र पालन गर्नेलाई राजा मानिएको छ ।

गरुडपुराणले राजाको लक्षण बताएको छ - जसले गाईको थुन काट्दैन, त्यसैले दूध पाउँछ, यसै गरी राष्ट्रलाई पीडा नदिइकन राजाले सम्पूर्ण प्रयत्नले पृथ्वीको पालन गर्नुपर्छ । जसले पालन गर्छ, त्यसैको भूमि हो, कीर्ति आयु यश र बल हो ।[२१] गरुडपुराणले भनेको छ - विष्णुको पूजा गरेर गाई र ब्राह्मणको हितमा रहेको र इन्द्रियजयी भएर प्रजापालनमा लागिरहने राजा हो । अनित्य ऐश्वर्य प्राप्त गरेर राजा मत्त नहोस्, धर्ममा बुद्धि लगाओस्, किनभने धन भनेको हातको मयल एकक्षणमा नष्ट हुन सक्छ ।[२२] यसरी गरुडपुराणले गो-ब्राह्मणको, प्रजाको हितमा लागिरहने कर्तव्य राजाको बताएको छ ।

पुराण हाम्रो इतिहास हो । हामी पुराणमा प्राचीन राजाहरूको इतिहास पाउँछौं । पुराणमा राजनीति पनि छ । प्रत्येक पुराणमा राजाको राज्याभिषेक राजकर्तव्य आदिको वर्णन पाइन्छ । राज्याभिषेक भनेको राजाको, सर्वोच्च शासकको वैध रीतिले स्वीकृति हो ।

---

२० शच्युवाच
श्रृणु वत्स ! महाराज ! हे तात भयभञ्जन ।
भयत्राता च राजा च सर्वेषां पालकः पिता ॥
भ्रष्टश्रीश्च महेन्द्रोद्य त्वञ्च स्वर्गे नृपोऽधुना ।
यो राजा स पिता पाता प्रजानामेव निश्चितम् ॥
गुरुपत्नी राजपत्नी देवपत्नी तथा वधूः ।
पित्रोः स्वसा शिष्यपत्नी भृत्यपत्नी च मातुली ॥
पितृपत्नी भ्रातृपत्नी श्वश्रूश्च भगिनी सुता ।
गर्भधात्रीष्टदेवी च पुंसः षोडश मातरः ॥
त्वं नरो देवभार्याऽहं माता ते वेदसम्मता ।
गच्छ वत्सादितिं रन्तुं यदि चेच्छसि मातरम् ॥
सर्वेषां निष्कृतिश्चास्ति न वत्स मातृगामिनाम् ।
कुम्भीपाके ते पचन्ति यावद् वै ब्रह्मणो वयः ॥ (ब्रह्मवैवर्तपुराण श्रीकृष्णजन्मखण्ड ५९।५३-५८)

२१ नोधश्छिन्द्यात् तु यो धेन्वाः क्षीरार्थी लभते पयः ।
एवं राष्ट्रं प्रयोगेण पीड्यमानञ्च वर्जयेत् ।
तस्मात् सर्वप्रयत्नेन पृथिवीमनुपालयेत् ।
पालकस्य भवेद् भूमिः कीर्तिरायुर्यशो बलम् ॥ (गरुडपुराण १११।५,६)

२२ अभ्यर्च्य विष्णुं धर्मात्मा गोब्राह्मणहिते रतः ।
प्रजाः पालयितुं शक्तः पार्थिवो विजितेन्द्रियः ॥
ऐश्वर्यमध्रुवं प्राप्य राजा धर्मे मतिञ्चरेत् ।
क्षणेन विभवो नश्येन्नात्मायत्तं धनादिकम् ॥ (गरुडपुराण १११।७,८)

अग्निपुराण भन्छ- राजा शत्रुनाशक, प्रजापालक, राम्रो दण्डको व्यवस्था गर्ने हुनुपर्छ।[२३] राजाको अभिषेक गर्दा पूर्व दिशामा सुवर्णकलशमा घ्यू (घृत) लिएका ब्राह्मणमन्त्रीले, दक्षिणतिर चाँदीको कलशमा दूध लिएका क्षत्रियमन्त्रीले, पश्चिमतिर तामाको कलशमा दही लिएका वैश्यमन्त्रीले, उत्तर दिशामा माटाको कलशमा पानी लिएका शूद्रमन्त्रीले अभिषेक गर्नुपर्छ।[२४] यस कथनले राजाले आफ्नो मन्त्रिपरिषद् सबै वर्णहरूको प्रतिनिधित्व हुने गरी बनाउनुपर्छ भन्ने कुरा थाहा हुन्छ। राजाले भृत्य र कुभृत्य (राम्रो र नराम्रो अधिकृत) चिन्नुपर्छ। राजा गुप्तचरनेत्रवाला हुनुपर्छ। गुप्तचर साधारण जनताले नचिनेका तथा परस्परमा एक दोस्रासँग अपरिचित, मन्त्रमा कुशल व्यापारी, चिकित्सक र संन्यासीको रूप धारण गरेका, बलाबल जान्ने भएका हुनुपर्छ। राजाले एउटाको कुरो मान्नुहुन्न, धेरैले (बहुमतले) भनेको कुरो मान्नुपर्छ।[२५] राजाले बहुमतको आदर गर्नुपर्छ भन्ने कुरा पुराणहरूले बताएका छन् भन्ने यताबाट बुझिन्छ।

कविकुलगुरु कालिदासले रघुवंशमहाकाव्यमा प्रजाको शिक्षणको व्यवस्था, रक्षाव्यवस्था तथा पालनपोषणको व्यवस्था गर्ने राजा दिलीप नै उनीहरूका पिता थिए, प्रजाका पिताहरू त केवल जन्मका कारण मात्रै थिए[२६] भनेर राजाको आदर्श उपस्थापित गरेका छन्। प्रजा धार्मिक हुनुपर्छ, स्वकर्तव्यको पालन गर्ने हुनुपर्छ र प्रजाहरूले आफ्नो धर्मको निर्विघ्न पालन गर्न पाउनुपर्छ। यसको व्यवस्था गर्नु राजाको मुख्य कर्तव्य मानेका छन् कालिदासले। अभिज्ञानशाकुन्तलमा राजा दुःष्यन्त वनमा ऋषिहरूका आश्रमको समीप पुग्दा ऋषिहरूले उनीसित भन्छन्- आश्रमको दर्शन गरेपछि तपस्वीहरूको धार्मिक क्रियाकलाप निर्विघ्न हुन लागेको देखेर तपाईंले जान्न सक्नुहुनेछ कि तपाईंको हातले कति जनताको रक्षा गरेको छ।[२७] यहाँ धार्मिक क्रियाशब्द प्रत्येक मानवको कर्तव्यलाई पनि बुझाउँछ। कर्तव्य र अधिकार शब्द परस्परसापेक्ष मान्नुपर्छ। कर्तव्य पालन गरेपछि अधिकार पाइन्छ। अथवा यसो भनौं, एउटाको कर्तव्य दोस्राको अधिकार बन्छ। पिताको सन्तानको पालनरूप कर्तव्य नै सन्तानको अधिकार बनेको हुन्छ। सडकमा हिँड्नु, हिँड्न

---

२३ राजधर्मं प्रवक्ष्यामि सर्वस्माद् राजधर्मतः।
राजा भवेच्छत्रुहन्ता प्रजापालः सुदण्डवान्॥ (अग्निपुराण २१८।२)

२४ अभिषिञ्चेदमात्यानां चतुष्टयमथो घटैः।
पूर्वतो हेमकुम्भेन घृतपूर्णेन ब्राह्मणः॥
रूप्यकुम्भेन याम्ये च क्षीरपूर्णेन क्षत्रियः।
दध्ना च ताम्रकुम्भेन वैश्यः पश्चिमगेन च॥
मृण्मयेन जलेनोदक् शूद्रामात्योऽभिषेचयेत्।
ततोऽभिषेकं नृपतेर्बह्वृचः प्रवरो द्विजः॥ (अग्निपुराण २१८।१८,१९,२०)

२५ भृत्याः विशिष्टं विज्ञेयाः कुभृत्याश्च विशेषतः। चारचक्षुर्भवेद् राजा नियुञ्जीत सदा चरान्॥
जनस्याविदितान् सौम्यान् तथाज्ञातान् परस्परम्। वणिजो मन्त्रकुशलान् सांवत्सरचिकित्सकान्॥
तथा प्रव्रजिताकारान् बलाबलविवेकिनः। नैकस्य राजा श्रद्दध्याच्छ्रद्दध्याद् बहुवाक्यतः॥
(अग्निपुराण २२०।२०,२१,२२)

२६ प्रजानां विनयाधानाद् रक्षणाद् भरणादपि।
स पिता पितरस्तासां केवलं जन्महेतवः॥ (रघुवंश १।२४)

२७ धर्म्यास्तपोधनानां प्रतिहतविघ्नाः क्रिया विलोक्य।
ज्ञास्यसि कियद् भुजो मे रक्षति मौर्वीकिणाङ्क इति॥ (अभिज्ञानशाकुन्तल १।१३)

पाउनु सबैको अधिकार हो, किन्तु एउटाको हिँडाइले अर्कालाई हिँड्न दिएन भने यो अधिकार भएन, यो कर्तव्य भएन, यो धर्म हैन। पुराणमा राजाको त्यो नै स्वरूप त्यो नै धर्म, कर्तव्य उपस्थापित गरिएको छ। प्रत्येकको कर्तव्य र अधिकारको सुव्यवस्था गर्नु राजाको कर्तव्य मानिएको छ र यसलाई धर्म अथवा धार्मिक क्रिया भन्न सकिन्छ। कवि कालिदासले रघुवंशीय राजाहरूको जीवनपद्धति उपस्थापित गर्दै भनेका छन्- उनीहरू शुद्धवंशमा उत्पन्न भएका र फलोदयपर्यन्त कर्मशील, बाल्यावस्थामा विद्या अभ्यास गर्ने, युवावस्थामा विषय-सेवन (सांसारिक व्यवहार) गर्ने, वृद्धावस्थामा मुनिको जस्तो तपस्या गर्ने र अन्तमा योग (समाधि) गरेर शरीरत्याग गर्ने चरित्र भएका थिए।[२८]

हाम्रो देश नेपाल सार्वभौमसत्तासम्पन्न हिन्दू संवैधानिक राजतन्त्रात्मक अधिराज्य भएको र हाम्रो देशमा क्षत्रिय राजाको शासन रहेकोले हाम्रा राजाहरू प्रजापालक धर्मरक्षकको रूपमा रही आएको हामी पाउँछौं। यहाँ राजा रहेकाले हामीले आफ्नो धार्मिक कृत्य निर्विघ्न गर्न पाएका छौं। गोरक्षक शाहवंशीय राजाहरूको सदैव धर्मको रक्षा होस् भन्ने प्रयत्न रहेको देखिन्छ। नेपालएकीकरणअभियानका अन्यतम नेता श्री ५ पृथ्वीनारायण शाहद्वारा नेपालउपत्यकामा आफ्नो शासन स्थापित हुनेबित्तिकै धर्मान्तरण गर्न नेपालभित्र पसेका इसाई पादरीहरूको निष्कासन गरेर धर्मप्रति निष्ठा प्रकट भएकै हो। निरङ्कुश शासन चलाउने त्यस वेलामा पनि श्री ५ पृथ्वीनारायणले जनताको इच्छा देखेर आफ्नो इच्छालाई त्याग गरेको देखिन्छ। दिव्योपदेशमा भनिएको छ- लमजुंग्या राजा रिपुमर्दन साहलाई भेट गर्न भनी गयाँ र चेपेघाटमा भेट भयो र घाहाघरेसका बात गर्दा जौना कुराले घाहा बाँधुला भन्ने जड कुरो मेरा पेटमा थियो . सोही जड कुरो कालु पाडेले गर्‍यो र घाहा बलियो बस्यो र मलाई आसर्जे लाग्यो . तर मलाई ता रिझायो . दुनिञा जसदेखि राजी रहन्छन् . उसैलाई कजाई दिनु भन्ने सास्त्रमा पनि कहेको छ . दुनिञा बुझि हेरुँ भनि बुझि हेर्दा दुनिञाबाट पनि कालु पाडेको चाहा रहेछ र कालु पाडेलाई कजाई दिनुभया हामी दुनिञादारमा छाहारी रहदो हो भन्या सलाहा दिया र अब बाइसि चौबिसिले क्या भन्छन् भनि बुझ्नुहुँदा बाइसि चौबिसिबाट पनि कालु पाडेकै चाहा रहेछ र कालु पाडेलाई कजाई भया घाहाघराइस बलियो राषन्यैछ भन्ने सल्लाह दिया . मेरा मनमा ता विराज बषेतिलाई कजाई दिन आटेको थियो . तर ज्याधा बुद्धी कालु पाडेकै ठहर्‍यो र कालु पाडेलाई कजाञि भयाको हो। यस कथनले श्री ५ पृथ्वीनारायणको इच्छा विराज बखेतीलाई प्रधानमन्त्री बनाउने थियो, किन्तु शास्त्रको आदर्श र जनादेशको अघि राजेच्छाको त्याग भयो भन्ने कुरा ज्ञात हुन्छ र श्री ५ पृथ्वीनारायण शाहको धर्मप्रेम र प्रजाप्रेम प्रकट हुन्छ। श्री ५ पृथ्वीनारायण शाहका छोरा श्री ५ प्रतापसिंह शाहको पुरश्चर्यार्णवनामक धार्मिक ग्रन्थको निर्माणले नै धार्मिकता स्पष्ट

---

[२८] सोऽहमाजन्मशुद्धानामाफलोदयकर्मणाम्।
आसमुद्रक्षितीशानामानाकरथवर्त्मनाम्॥
शैशवेऽभ्यस्तविद्यानां यौवने विषयैषिणाम्।
वार्द्धके मुनिवृत्तीनां योगेनान्ते तनुत्यजाम्॥
रघूणामन्वयं वक्ष्ये तनुवाग्विभवोपि सन्।
तद्गुणैः कर्णमागत्य चापलाय प्रचोदितः॥ (रघुवंश १।५,८,९)

हुन्छ। श्री ५ रणबहादुर शाहको पालामा नेपालएकीकरणअभियान शिखरमा पुग्यो। श्री ५ गीर्वाणयुद्धविक्रम शाहबाट स्वल्प अवस्थामा नै सत्कर्मरत्नावली जस्तो धार्मिक ग्रन्थ बनाइएकोले धर्मप्रति दृढ आस्था प्रकट हुन्छ। त्यसपछिका श्री ५ राजेन्द्रविक्रम शाह, श्री ५ सुरेन्द्रविक्रम शाह, श्री ५ पृथ्वीवीरविक्रम शाहको विशेष कर्तृत्व अभिव्यक्त हुनामा राणा शासन बाधक भएकाले उनीहरूले केही देखाउन नसके पनि प्रजाप्रेम, देशप्रेम, धर्मप्रेम उनीहरूमा कुनैभन्दा न्यून थिएन भन्न सकिन्छ। श्री ५ त्रिभुवनद्वारा प्रजातन्त्र ल्याइएको कुराको प्रत्यक्षदर्शी व्यक्ति आज पनि केही छँदै छन् र इतिहास पनि साक्षी छ। श्री ५ महेन्द्रको पनि २००७ सालमा प्रजातन्त्र ल्याउन आफ्ना बुबाजत्तिकै योगदान छ, किनभने श्री ५ त्रिभुवनसँगै श्री ५ महेन्द्रद्वारा पनि राजगद्दीलाई बाजीमा राखेर दिल्लीप्रवास गरेर नेपालमा प्रजातन्त्रको निमित्त क्रान्ति गर्न सहयोग भएकै हो। श्री ५ महेन्द्रको यो कथन हिन्दूधर्म सर्वश्रेष्ठ धर्ममध्ये एक हो, चिरकालदेखि नेपालले हिन्दूधर्ममा ज्वलन्त परम्परा तथा यसको संस्कृतिलाई आजसम्म अकलुषित राखेको छ। (वेलावेटरहलमा समायोजित समारोहमा मानपत्रको प्रत्युत्तरभाषण, २०१३।१२।७, श्री ५ महाराजाधिराजका महान् वाणीहरू पृष्ठ ३) धर्मप्रति मौसूफको आफ्नो दृढ आस्था प्रकट गर्न सक्षम छ। नेपालीहरूमा "हामी नेपाली हौँ" भन्ने एकताको भावना उत्पन्न गर्नमा श्री ५ महेन्द्रको देन अविस्मरणीय छ। काठमाडौँउपत्यकालाई मात्रै नेपाल भन्ने गरेकोमा सम्पूर्ण नेपाल अधिराज्यलाई नेपाल भन्ने प्रचलन श्री ५ महेन्द्रको देन हो। नेपाली भाषा संपूर्ण नेपालको भाषा हो भन्ने धारणामा पनि श्री ५ महेन्द्रको देन विस्मरण गर्न सकिँदैन, नेपाली नेपालको यथार्थ रूपमा राष्ट्रभाषा बन्यो, यो पनि श्री ५ महेन्द्रको देन हो भन्न सकिन्छ। अधिराज्यभरका मन्दिर मठ गुम्बाहरूको जीर्णोद्धारले श्री ५ महेन्द्रको धर्मरक्षाव्रत ज्ञात हुन्छ। वास्तवमा कुबुद्धिले जसलाई चल बनाउँछन्, त्यस स्वधर्मलाई अचल बनाउनु, धर्मरक्षा गर्नु राजाको ठूलो कर्तव्य हो र यो नै सिद्धिकारक पनि हो। प्रजाको पालनले राजा कृतकृत्य हुन्छ र प्रजाले पालन गरेको धर्मको भाग राजाले पाउँछ।[२९]

वर्तमान राजदम्पती पनि धार्मिक आस्थामा दृढ भएको सबैले देखिराखेकै छन्। श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाह सरकारको अभिव्यक्ति छ- हामी विश्वका सबै धर्मप्रति आदर भाव राख्दछौँ, तर हाम्रो लागि हाम्रो आफ्नै सनातन धर्म, हाम्रा आफ्नै वैदिक संस्कृति, परम्परा र मर्यादा नै सर्वोपरि छन् भन्ने कुरामा हामी अटल छौँ।[३०]

यसै गरी श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको पनि देशप्रेम, प्रजाप्रेम र धर्मप्रति दृढ आग्रह सबैका अघि स्पष्ट नै देखिएको छ। श्री ५ महेन्द्रको

---

२९ एतद् राज्ञः परं कृत्यं तथैतत् सिद्धिकारकम्।
स्वधर्मस्थापनं नृणां चाल्यते यत् कुबुद्धिभिः॥
पालनेनैव भूतानां कृतकृत्यो महीपतिः।
सम्यक् पालयिता भागं धर्मस्याप्नोति यत्नतः॥ (मार्कण्डेयपुराण २७।३२,३३)

३० हिन्दूसम्मेलन नेपालको समुद्घाटनको अवसरमा श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाह सरकारद्वारा वक्स भएको अभिभाषणको एक अंश (वि. सं. २०४० कार्तिक २३ गते)

पालाको जस्तो श्री ५ वीरेन्द्र सरकारको निर्देशनले मठ, मन्दिर, गुम्बाको जीर्णोद्धारकार्य सम्पन्न भइराखेकै छन्, मौसूफ सरकारको धर्मप्रति दृढ आस्था निम्न निर्दिष्ट अभिव्यक्तिहरूले अझ स्पष्ट हुनेछ- हाम्रो धर्म मेटिए हाम्रो संस्कृति मेटिन्छ । हाम्रो संस्कृति मेटिए हाम्रो सभ्यताको मूल नै सुक्दछ, अनि हाम्रो सभ्यता-संस्कृति मेटिए हामी पनि मेटिन्छौं, संस्कृति र धर्मलाई पन्छाएर वा विस्थापित गरेर देशको विकास कदापि सम्भव हुँदैन ।[३१] श्री ५ वीरेन्द्रको दृढ विश्वास यसरी पनि अभिव्यक्त भएको छ- जन्मदेखि मरणसम्म, सूर्योदयदेखि सूर्यास्तसम्म, इहलोकदेखि परलोकसम्म जीवनका प्रत्येक क्षणका हाम्रा क्रियाकलापलाई सनातन हिन्दूधर्मले निर्देशित गरेको हुन्छ। सनातन हिन्दूधर्मकै परिवेशभित्र हामी जन्मन्छौं, हिंड्छौं र हुर्कन्छौं र हामीले फेर्ने सासको स्वच्छ हावाले झैं यसले हामीलाई जीवनपर्यन्त घेरेको हुन्छ।[३२] देश र जनताप्रति कर्तव्यबोधसम्बन्धी श्री ५ वीरेन्द्र सरकारको अभिव्यक्ति यस प्रकारको छ- जसरी मलाई मेरो देश र जनताको ममता छ उसै गरी भोक र रोगले पीडित मेरो जनताप्रति मेरो जिम्मेदारी छ।[३३] देशवासीहरूको सुखदुःख नै हाम्रो सुखदुःख हो।[३४] देश र जनताको स्वार्थ नै हाम्रो एक मात्र स्वार्थ हो।[३५] देशभित्र अमनचैन राख्नु हाम्रो परम कर्तव्य हो।[३६] तीन वर्षअघि हामीले राज्यारोहण गरिबक्सेदेखि एउटै चिन्ताले पिरोलेको छ- यो देशको सार्वभौमिक स्वतन्त्रता जसबाट मात्र प्रत्येक नेपालीको व्यक्तिगत स्वतन्त्रता प्रादुर्भाव हुन सक्छ- त्यो सार्वभौमिक स्वतन्त्रतालाई कसरी रक्षा गर्ने, कसरी हाम्रा प्यारा प्रजाको परिपालन र कल्याण गर्ने, कसरी हाम्रा देशवासीलाई सच्चा निसाफ दिलाई सुखशान्ति र स्वतन्त्रताको बाटोमा अग्रसर गराउने।[३७]

हाम्रो प्राचीन वाङ्मय र पुराणले शासकको आदर्श रूप उपस्थापित गरेको छ। राजा अश्वपतिले भनेका छन्- मेरो राज्यमा कुनै चोर छैनन् तथा अदाता, मद्यप, अनाहिताग्नि (अग्निहोत्र नगर्ने) पनि छैनन्, अविद्वान् पनि छैनन् र परस्त्रीगामी पनि छैनन्, फेरि कुलटा स्त्री कहाँ होस्।[३८] राजा दिलीपको शासनको सम्बन्धमा भनिएको छ- जुन (दिलीप) ले पृथ्वीको शासन गर्दा क्रीडास्थानको अर्धमार्गमा निदाएका मत्त आइमाईहरूका वस्त्रहरूलाई वायु(बतास)ले पनि हल्लाउन (हटाउन, अपहरण) गर्न सक्दैन, वस्त्रहरणको निमित्त हात पसार्न को सकोस्।[३९]

---

३१ वि. सं. २०३७ चैत्र ३० गतेको अभिव्यक्ति
३२ वि. सं. २०३७ चैत्र ३० गतेको अभिव्यक्ति
३३ वि. सं. २०२९ वैशाख १ गतेको अभिव्यक्ति
३४ वि. सं. २०२९ माघ १८ गतेको अभिव्यक्ति
३५ वि. सं. २०२९ माघ १८ गतेको अभिव्यक्ति
३६ वि. सं. २०३० पौष १ गतेको अभिव्यक्ति
३७ वि. सं. २०३१ फाल्गुन १२ गतेको अभिव्यक्ति
३८ न मे स्तेनो जनपदे न कदर्यो न मद्यपः। नानाहिताग्निर्नाविद्वान् न स्वैरी स्वैरिणी कुतः॥
(छान्दोग्योपनिषद् ५।११।५)
३९ यस्मिन् महीं शासति वाणिनीनां निद्रां विहारार्धपथे गतानाम्।
वातोऽपि नास्रंसयदंशुकानि को लम्बयेदाहरणाय वस्त्रम्॥ (रघुवंश ६।७५)

वास्तवमा राजा भनेको क्षत्रिय वंशमा उत्पन्न, उपनयनसंस्कार गरेर राज्याभिषेक गरिएको शासक नै हो । हाम्रो निमित्त यो अत्यन्त गर्वको कुरो हो कि आजको विश्वमा हामी मात्रै हिन्दु राजा भएको देशका निवासी हौं । त्यस्ता धर्मप्राण र प्रजारञ्जक राजा श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको स्वर्ण-शुभजन्मोत्सवको परमपावन मङ्गलमय अवसरमा भक्तिभावपूर्वक आशीर्वचन चढाउँछौं -

भद्रमस्तु शिवञ्चास्तु महालक्ष्मीः प्रसीदतु ।
रक्षन्तु त्वां सदा देवा आशिषः सन्तु सर्वदा ॥
त्वं जीव शरदां शतम् ।

❖

राउटे जातिका प्रमुख संस्कारहरू+

- हिमलाल पन्थी*

संस्कारको शाब्दिक अर्थ शुद्धि, सुधार अथवा सफाइ हो। जीवनलाई शुद्ध पार्न धार्मिक विधिविधानअनुसार समुचित तरिकाले गरिएको कार्यपद्धति नै संस्कार हो। जन्मँदाको अवस्थामा कुनै पनि बच्चा शूद्रको रूपमा जन्मिन्छ, पछि सम्पन्न गरिने विभिन्न संस्कारहरूले उसको जातीयता छुट्टिन्छ भनी हिन्दूधर्मशास्त्रमा उल्लेख गरिएको छ।[१] अर्को शब्दमा आत्मशुद्धिद्वारा जीवनलाई विघ्नबाधारहित पारी उन्नतिको मार्गतिर सदा अग्रसर गराउने धार्मिक तथा सामाजिक कार्यपद्धतिलाई नै संस्कार भनिन्छ। मानव-जीवनलाई सुख-संवृद्धि र शान्तिपूर्ण तरिकाले यापन गर्न संस्कारहरूको सर्वोपरि महत्त्व रहेको हुन्छ। एकातिर आफू र आफ्ना इष्टमित्र बन्धुकुटुम्बहरूलाई संभावित भौतिक तथा प्राकृतिक आपत्तिहरूबाट सदैव सुरक्षित राख्नु र अर्कोतर्फ सांसारिक सुख-संवृद्धि र आध्यात्मिक उन्नति प्राप्त गर्नु संस्कारका प्रमुख लक्ष्यहरू मानिन्छन्। विभिन्न मानवसमाजमा जातीय मान्यता र परंपरा एवं धार्मिक स्वरूपको आधारमा विभिन्न किसिमका विधिविधानहरूको अवलम्बन गरी संस्कार सम्पन्न गर्ने चलन छ, जस्तो नेपालमै पनि शवलाई कुनै जातिले जमिनमा गाड्दछन् भने कुनैले जलाउने चलन छ। यस्तै हरेक संस्कारहरू सम्पन्न गर्ने विधि-विधान जातीय अवधारणाअनुसार फरकफरक किसिमका छन्।

\+ म.सं.वि. को विशेष अनुसन्धानकार्यक्रमअन्तर्गत राउटेसंस्कृतिविषयमा अनुसन्धाता हिमलाल पन्थीद्वारा लेखिएको कृतिको चतुर्थ अध्यायबाट लिइएको।

* सदस्य, शास्त्रानुसन्धानपरिषद् मध्यपश्चिमाञ्चलविकासक्षेत्र

१ जन्मना जायते शूद्र संस्काराद् द्विज उच्यते।

शारीरिक तथा मानसिक आत्मशक्ति विकसित गर्नु नै संस्कृतिको प्रमुख उद्देश्य हो। बेग्लाबेग्लै ठाउँमा रहेर विशेष प्रकारले सामाजिक वातावरण, संस्था, प्रथा, व्यवस्था, धर्म, दर्शन, लिपि, भाषा, कला आदिको विकास गरी मान्छेले विशिष्ट संस्कृतिको निर्माण गर्दछ। हजारौँ वर्षदेखि चल्दै आएको तथा समयसमयमा विभिन्न युद्ध आदिबाट पलायन भई संरक्षणार्थ आयातनिर्यात भएको जातिगत रक्तसम्मिश्रणको जुन एउटा क्रमबद्ध इतिहास छ, त्यसको उपज नै आजको नेपाली संस्कृति हो भन्न सकिन्छ।

दक्षिण एशियाली राष्ट्रहरूमा नेपाल भौगोलिक दृष्टिकोणले सानो भए तापनि संस्कृतिमा निकै विशाल छ। यहाँ हजारौँ जातिप्रजातिका संस्कृतिहरू मौलाएका छन्, तर हिन्दू-संस्कृतिको प्रमुख विशेषता अनेकतामा एकता हुनु हो। त्यसैले नेपालका विविध जनजातिहरूको विशिष्ट संस्कारको समग्र स्वरूप नै समग्रमा नेपाली संस्कृति हो। कुनै पनि देशको संस्कृतिले त्यस देशका विभिन्न जनजातिको प्रतिनिधित्व गर्दछ। यसै क्रममा विभिन्न जंगलहरूमा परिभ्रमण गरी हालसम्म पनि घुमन्ते अवस्थामै जीवन निर्वाह गर्ने राउटे जातिको संस्कृति अलग राखी व्याख्या गर्दा नेपालको संस्कृति अपूर्ण र अधुरो हुन्छ। तसर्थ नेपालको संस्कृतिमा घुमन्ते जाति राउटेको संस्कृतिले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

जंगलजंगलमा घुमी जंगलबाट आफ्नो जीवन निर्वाह गर्न रुचाउने, जंगली कन्दमूल र शिकार प्रमुख खाना भएको, शिक्षा र सभ्यतामा पुरानो अवस्थामै रहेको मानवको जीवन्त नमूना राउटेको जीवनचर्या कस्तो होला ? यस जातिका जन्म, मृत्यु, विवाह जस्ता मूलभूत संस्कारहरू कसरी सम्पन्न हुन्छन् होला ? यस जातिमा यौन स्वतन्त्रता छ कि छैन ? यसको समग्र सांस्कृतिक स्वरूप जस्ता मूलभूत विषयमा सबैको उत्सुकता रहनु स्वाभाविकै हो। यस्तै स्वाभाविक जिज्ञासाहरूलाई यहाँ यथासंभव प्रष्ट्याउने प्रयास गरिएको छ। कुनै पनि जाति वा प्रजातिको समग्र संस्कृति जान्न त्यस जातिको धार्मिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक स्वरूपको आधारभूत ज्ञान हुनु अनिवार्य हुन्छ। त्यसैले राउटे जातिको सांस्कृतिक विषयमा उल्लेख गर्नुपर्दा यस जातिमा विद्यमान विभिन्न संस्कारहरूको उल्लेख गर्नु युक्तिसंगत हुनेछ। यसै तथ्यलाई दृष्टिगत गरी सर्वप्रथम यहाँ राउटे जातिमा सम्पन्न गरिने विभिन्न संस्कारहरूको उल्लेख गरिन्छ।

(क) जन्मसंस्कार

मानवजीवनमा सम्पन्न गर्नुपर्ने विभिन्न संस्कारहरूमध्ये यो प्रमुख संस्कार हो। विभिन्न जातजाति र सम्प्रदायहरूमा कुनैनकुनै रूपमा यो संस्कार गरिन्छ। निर्बल, कुरूप, अंगभंग तथा मरेको सन्तान उत्पन्न नहोस् भन्ने उद्देश्यले अभिप्रेरित भई पुरुषले आफ्नी पत्नीलाई विधिपूर्वक उचित समयमा गर्भाधान गर्ने चलन राउटे जातिमा भएको बुझिएन तापनि बच्चा जन्मिसकेपछि कुनैनकुनै रूपमा जन्मसंस्कार सम्पन्न गर्ने चलन यस जातिमा पनि कायमै रहेको बुझियो। स्वभावतः राउटे जाति जंगलजंगलमा परिभ्रमण गर्ने जाति भएकोले राउटेनीले कुनै निश्चित तोकिएको स्थानविशेषमा बच्चा जन्माउनुको सट्टा

जंगलमा हिँड्दाहिँड्दै डुल्दाडुल्दै बच्चा जन्माउँछिन् । राउटे जातिमा गर्भिणीको लागि भनेर विशेष खाद्यसामग्रीहरूको पूर्वसंग्रह गरिराख्ने चलन प्राय: देखिँदैन, परन्तु यदाक्दा गाउँलेहरूसँग केही काठका भाँडाकुँडा लगी "मेरी स्वास्नी सुत्केरी हुने छ, अलिकति तेल देऊ" भनी राउटेले तेल लग्ने गरेको कुरा गाउँलेहरूले हामीलाई बताए । बालकको नाल सकेमा स्वयं आमाले र नसकेमा समूहका बूढीमाउहरूले काटिदिने गर्दछन् । सुत्केरीलाई अँगेनाको एउटा चौकामा छुट्टै सुताउने चलन छ तापनि सुत्केरीसँग अरू मानिसले छुवाछुत बार्ने चलन छैन । सुत्केरीको लागि विशेष प्रकारको खाना नजुटाए तापनि शिकार भने प्रशस्त खुवाउने गर्दछन् । जुन कुनै परिवारमा बच्चा जन्मे तापनि नजीकका बन्धुकुटुम्ब मिली बच्चा जन्मेको खुशियालीमा भ्याएमा त्यसै दिन नभ्याए अर्को दिन शिकार खेल्न जाने चलन छ । नवजात शिशुको भाग्यपरीक्षा प्रतीकात्मक रूपमा त्यस अवसरको स्थलशिकारसम्बन्धी सफलतासँग दाँज्ने चलन छ । ऐरामा जाँदाजाँदै सजिलोसँग गुनो पाइयो, बढी परिश्रम नगरीकन ढेडु पासोमा पार्न सकियो भने नवजात शिशुको भविष्य राम्रो हुने विश्वास गरिन्छ ।[२] राउटेसंस्कृतिको विशिष्ट अनुसन्धाता जोहन रेनहार्डले जन्मसंस्कारबारे "गर्भवती राउटेनीलाई कुनै किसिमको आर्थिक क्रियाकलापबाट रोक लगाइँदैन, राउटेनीले कुनै स्थानमा पनि बच्चा पैदा गर्न सक्दछिन् र राउटे जातिमा नवजात शिशुको नामकरण र अन्नप्राशनसम्बन्धी विशेष कार्यक्रमको आयोजना गरिँदैन" भनी उल्लेख गर्नुभएको छ ।[३] नवजात शिशुको रक्षार्थ अदृश्य शक्तिप्रति आस्था प्रकट गर्नुभन्दा पर जातकर्म, नामकरणसम्बन्धमा केही गर्ने चलन राउटे जातिमा चलेको देखिँदैन ।[४] शिशु जन्मेको अवसरमा शिकार गर्न गएका गाउँले इष्टमित्रहरूले त्यस दिनको शिकार सबै सुत्केरीको घरमा दिन्छन्, त्यसै घरमा भोजभतेर लगाइन्छ । नवजात शिशुको दीर्घायु तथा उज्ज्वल भविष्यको लागि सम्बद्ध घरमा विशेष नाच लगाउने चलन छ । भनिन्छ नवजात शिशुका बाबु त्यस दिन मुखियासँग मादल बजाउँदै नाच्नुपर्दछ । उक्त अवसरमा नाच्ने पुरुषहरूको गोल घेरा हुन्छ । घेरामा सबैभन्दा वयोवृद्ध राउटे हातमा खरानी लिएर विभिन्न तन्त्रमन्त्रहरू फलाक्दै सूर्यतिर फर्केर हातले सूर्यलाई देखाउँदै अगला पहाडपर्वत, आसपासका नदीनाला, आगो, बतास, भूइयार, मष्ट, नाग, वनदेवता आदिसँग नवजात शिशुको रक्षाको निम्ति आग्रह गर्दछ ।[५]

योगी नरहरिनाथले पनि राउटेले जन्मसमारोहमा धेरै शिकार मार्दछन् भनी उल्लेख गर्नुभएको छ ।[६] बच्चा जन्मेको एक दुइ दिनपछि सुत्केरी हुने महिला पुन: आफ्नो दैनिक

---

२ पूर्णप्रकाश नेपाल यात्री - राउटे लोकजीवन, श्री ५ को सरकार संचारमन्त्रालय सूचनाविभाग सिंहदरवार काठमाडौं, वि.सं. २०४०, पृष्ठ ९

३ जोहन रेनहार्ड - कैलाश, भोलम २ नम्बर ४, रत्नपुस्तकभण्डार भोटाहिटी काठमाडौं

४ यात्री, पूर्ववत्, पृष्ठ ९१

५ ऐजन पृष्ठ ९१

६ योगी नरहरिनाथ- इतिहासप्रकाश, दोस्रो अंक पहिलो भाग, इतिहास-प्रकाश-संघ मृगस्थली गोरक्षपीठ, वि. सं. २०१३, पृष्ठ १२

काम गर्न थाल्दछिन् र छैटी, न्वारन तथा अन्नप्राशन गर्ने चलन छैन।[७] सुत्केरी भएको केही महिनासम्म स्त्री तथा पुरुषबीच यौनसम्पर्क हुँदैन र दुवै जना अलग-अलग सुत्दछन् भनी आफूले सुनेको कुरा जोहन रेनहार्डले उल्लेख गर्नुभएको छ।[८]

राउटे जाति अन्धविश्वास र रूढीगत विचारधाराले ग्रस्त छन्। तसर्थ उनीहरू कुनै पनि शुभ कार्यको थालनी धामीझाँक्रीकै निर्देशनअनुसार गर्दछन्, नवजात शिशुको नामकरणसमेत धामीझाँक्रीकै निर्देशनअनुसार हुन्छ भनी केशरसिंह माझीले उल्लेख गर्नुभएको छ।[९] यस अनुसन्धातालाई राउटेबस्तीको आसपासमा करीब १ महिना जति बस्दाको अवधिभर बच्चा जन्मेर राउटेहरूले जन्मोत्सव मनाएको प्रत्यक्ष देख्ने अवसर मिलेन तापनि आसपासका गाउँलेहरूको भनाइ सुन्ने तथा राउटे मुखियासँग यसबारे प्रत्यक्ष कुराकानी गर्ने मौका मिलेको थियो। हामीसँगको प्रत्यक्ष वार्तामा राउटे मुखियाले नवजात शिशुको जन्मोत्सव नाचगान गर्दै भोजभतेर गरी खुसियालीपूर्वक मनाउने चलन छ र सुत्केरीसँग छुवाछुत नबार्ने कुरा बताए। दैलेख जिल्लाअन्तर्गत कांशीकांध गाउँपञ्चायतका तात्कालिक प्रधानपंच श्रीबलबहादुर बरालले राउटेपरिवारको नवजात शिशुको राउटेसमूहका धामीले शिशु जन्मेको राउटीमा गई विभिन्न तन्त्रमन्त्र गरी नामकरण गर्ने गरेको आफूले प्रत्यक्ष देखेको कुरा हामीलाई बताउनुभयो। राउटे जाति स्वभावत: अन्धविश्वास र रूढीवादको कालो कोठरीमा थुनिएको जीव हुनाले उसका हरेक क्रियाकलापमा धामीझाँक्री र टुनामुनाको विशेष महत्त्व रहने सत्यतालाई नकार्न नसक्दा उहाँको भनाइमा सत्यताको धेरै अंश अन्तर्निहित रहेको हामीलाई विश्वास लाग्यो। राउटे जातिमा पुरुषहरूका नाम विशेष गरी हिन्दू संस्कृतिसँग मिल्दाजुल्दा जस्तो कृष्णबहादुर, नरबहादुर, रामबहादुर भएकाले कुनै हिन्दू देवताको संझना गरी त्यस्तै पुरुषार्थी बनोस् भनी नामकरण गर्दा होलान् भनी अनुमान गर्न संकिन्छ। राउटे पुरुष तथा केटाकेटीहरू प्रायश: सबैले कन्दनी लगाएको प्रत्यक्ष देखियो। राउटे जातिका स-साना केटाकेटी दगुर्न र खेल्नको लागि क्याम्पको अगाडि एउटा सम्म चउर हुन्छ। ती केटाकेटीहरू विभिन्न काठका डुंगा, भुरुङ, लट्ठी आदि निर्माण गरी खेल्दछन्। उनीहरूको सुरक्षार्थ क्याम्पमा सधैं केही महिला तथा वृद्धहरू रहिरहने गर्दछन्। सात आठ वर्ष पुगेका केटाकेटीले आफ्ना बाबुआमालाई घरायसी काममा सघाउनेसमेत गर्दछन्।

(ख) विवाहसंस्कार

मानवसभ्यताको थालनीदेखि नै विवाह एक महत्त्वपूर्ण संस्कारको रूपमा विकसित हुँदै आएको हुनुपर्दछ भनी समाजशास्त्रीहरू अनुमान गर्दछन्। मानव जसरी प्रगति र

---

७ मेचीदेखि महाकाली भाग ४ खण्ड, श्री ५ को सरकार संचारमन्त्रालय सूचनाविभाग सिंहदरबार काठमाडौं, वि.सं. २०३१, पृष्ठ २०५

८ जोहन रेनहार्ड, पूर्ववत्, पृष्ठ २५९

९ केशरसिंह माझी, गोरखापत्र दैनिक, २०५० साल ज्येष्ठ ३० गते शनिवार

सभ्यताको शिखरमा चढ्दैछ, त्यसरी नै विवाहसम्बन्धी निश्चित नियमहरूमा पनि परिवर्तन हुँदै आएको देखिन्छ। धर्तीमा मानवको अस्तित्व रहँदासम्म विवाहको अस्तित्व पनि रहिरहने छ।

विवाह भनेको दुइ विपरीतलिङ्गी व्यक्तिहरूको सम्बन्ध हो। साथै दुइ विषमलिङ्गी आत्माको मिलन तथा सन्तानउत्पादनको लागि अत्यावश्यक संस्कार हो। मनुस्मृतिमा पत्नीलाई अर्धाङ्गिनी भनिएको छ, त्यसैले स्त्रीले पतिको यश र कीर्तिको आधा फल पाउँदछिन्। डी. एन. मजुमदार तथा टी.एन. मदनका विचारमा विवाह एक यस्तो धार्मिक संस्कार हो, जसमा आबद्ध विषमलिङ्गी दुइ व्यक्तिहरू यौन तथा अन्य आनुषंगिक तथा पारस्परिक सम्बन्धमा आबद्ध भई सामाजिक एवं आर्थिक सम्बन्ध विकसित गर्दछन्। नारी तथा पुरुष पारिवारिक जीवनमा प्रवेश गर्न कानून र समाजद्वारा स्वीकृत विधिलाई विवाह भनिन्छ। हिन्दू विवाहको उद्देश्य केवल कामवासनाको सन्तुष्टि मात्र होइन, हिन्दू धर्मशास्त्रमा यसको धार्मिक महत्त्वलाई बढी प्राथमिकता दिइएको पाइन्छ। विवाहको उत्पत्तिका सम्बन्धमा विकासवादी सिद्धान्तलाई विद्वान्हरूले बढी विश्वसनीय मान्दै आएका छन्। जसअनुसार मानवजीवनको प्रारम्भमा समाज अस्तव्यस्त थियो। त्यस समयमा न त कुनै परिवार नै थियो, न त कुनै नियमकानून, छोराछोरी आमाबाबु तथा परिवारको सम्बन्ध जंगली पशुको भन्दा केही फरक थिएन। मानवसभ्यतामा बिस्तारै प्रगति हुँदै आयो, त्यसको साथसाथै सामाजिक,. राजनैतिक, धार्मिक सुव्यवस्था गर्न विविध नीतिनियम बन्न थाले, समाजको एउटा संगठित स्वरूप देखा पर्‍यो। यसै क्रममा विवाहसंस्कार पनि बन्यो र विकसित हुँदै गयो। विश्वको धार्मिक इतिहासको आरोहअवरोहसँगसँगै संस्कार सम्पन्न गर्ने विधिविधानहरूमा परिमार्जन र परिवर्तन भएको हुनुपर्दछ। किनकि संस्कारहरू धार्मिक प्रभावदेखि प्रभावित नभई विकसित हुन सक्दैनन्। धार्मिक विविधतासँगसँगै संस्कारहरू सम्पन्न गर्ने विधिविधानमा पनि विविधता भएको हो। तसर्थ जातीय मान्यताहरू र धार्मिक परंपराहरूका आधारमा विभिन्न किसिमले संस्कारहरू सम्पन्न गरिन्छन्।

हालसम्म पनि कृषियुगमा समेत प्रवेश नभइसकेका आफूलाई नेपालका आदिवासी हौं भनी दावी गर्ने घुमन्ते राउटे जातिमा विवाहसंस्कार र यौनस्वतन्त्रतासम्बन्धमा मैले राउटेहरूसँगको प्रत्यक्ष भेटघाटको क्रममा अनेकौं जिज्ञासाहरू राखेको थिएँ। बाहिरी गाउँले मानिसको सम्पर्कमा राउटे मुखियाकै प्रधानता रहने चलनअनुसार अधिकांश प्रश्नको उत्तर राउटे मुखियाले नै दिने भएकाले यी सम्बद्ध सवालहरूमा पनि उनले नै बढी वार्तालापहरू गरे। उनको भनाइअनुसार राउटे स्वभावत: जंगलजंगलमा डुलघुम गरी जीविकोपार्जन गर्ने जंगली फिरन्ते जाति भए तापनि यस जातिमा यौनसंसर्गका सम्बन्धमा निश्चित नीतिनियमहरू हुन्छन्। राउटे कुमार वा कुमारीले विवाहपूर्व कुनै किसिमको यौनसंसर्ग गर्दैनन् र गर्न पनि मिल्दैन। राउटे तरुनी पहिलो पटक पर सरिसकेपछि मात्र विवाहको लागि अवस्था पुगेको मानिन्छ भने राउटे युवकका जुँगारेखी

बसिसकेपछि मात्र विवाहको लागि अवस्था पुगेको मानिन्छ । सामान्यतया राउटे युवतिको १५ देखि १६ र युवकको २० देखि २५ वर्षको उमेरमा विवाह गर्ने चलन रहेछ । कुनै राउटे तरुनीसँग राउटे युवकले विवाह गर्ने इच्छा गर्दैमा ती दुइको विवाह हुन सक्दैन । विवाहको लागि दुवै पक्षका आमाबाबुको सरसल्लाह एवं स्वीकृतिको आवश्यकता पर्दछ । केटापक्षबाट रोटा, बाबर, कसार, बेसार, कुभिण्डो आदि वस्तुहरू लगी केटीका राउटीमा सिर्तो मान्न जाने चलन छ । उक्त सामानहरू केटीका बाबुले खाए भने विवाह हुने निधो हुन्छ भनी राउटे मुखियाले हामीलाई बताए । विवाह गर्नको लागि कुनै खास निश्चित महिना वा समयको जोखो जुटाइरहनुपर्दैन, कुनै पनि महिना वा दिनमा विवाह हुन सक्छ । दुवै पक्षबाट विवाहको दिन तय भइसकेपछि आफ्ना इष्टमित्र र बन्धुकुटुम्बहरूको लागि एक प्रकारको भोज आयोजना गर्ने चलन छ । उक्त भोजको लागि मासु र केही अन्नादि खाद्यान्न जुटाइन्छ । आफ्ना छोराको विवाहसम्वन्धी भोज सम्पन्न गर्न एकजना राउटेले एउटा ठूलो मदुस लिएर बाखा साँट्न आफ्नो गाउँमा आएको र उक्त मदुसले छिमेकीको घरबाट एउटा बोको साटी लगेको कुरा हाम्रो अध्ययनभ्रमणको क्रममा दैलेख जिल्लाअन्तर्गत वराह गा.वि.स. सेरीवाडाका ७९ वर्षका गोवर्धन शाहीले हामीलाई बताउनुभयो, साथै उहाँले उक्त विवाहउत्सवको लागि राउटे जातिमा गाउँबाट अन्न साटेर लगी जाँडरक्सीको समेत व्यवस्था गर्ने चलन चलेको छ भनी प्रष्ट्याउनुभयो ।

विवाहको दिन साँझमा एकातिर दुलाहाका इष्टमित्र बन्धुबान्धवहरू भोजभतेर नाचगानमा मस्त रमाउँदछन् भने अर्कोतिर मुखियालगायत त्यस डफ्फाका भद्रभलादमीहरू दुलाहालाई लिएर दुलहीको राउटीमा गई दुलाहाले दुलहीलाई माला र टीका लगाइदिन्छन् र दुलहीले पनि दुलाहालाई मालाटीका लगाइदिइसकेपछि विवाहको विधान समाप्त भएको मानिन्छ । त्यसै राति दुलाहाका बाबुले दुलहीका बाबुलाई विशेष उपहारस्वरूप घिउतेलमा पकाएको रोटी दिने चलन छ, विशेष किसिमको सो रोटी नयाँ सम्बन्धको द्योतक मानिन्छ । त्यसै राति दुलाहाले दुलहीलाई आफ्नो राउटीमा लग्दछ ।

प्रायः विवाह हुनुभन्दा २-४ दिनअगाडि नै दुलाहाका बाबुआमाले विवाह गरिसकेपछि छोराबुहारी छुट्टै बसून् भनी खाँवोखुटो गाडगुड पारी नजीकैमा एउटा राउटी निर्माण गरिदिइसकेका हुन्छन् । यदि सो गर्न नभ्याएको भए विवाह गरेको अर्को दिनमा तुरुन्त बनाई भएमा पकाउने भाँडा र ओछ्याउने ओढ्ने छाला र भाङ्ग्रो दिई छुट्ट्याउने चलन छ । राउटे जातिमा बालविवाह, बहुविवाह तथा सम्बन्धविच्छेद जस्ता घटनाहरू प्रायः पाइँदैनन् । विधवालाई समाजमा हेय दृष्टिले हेरेको देख्दा विधवाविवाहको प्रचलन होला भनी अनुमान गर्न सकिएन । राउटे जातिमा छुट्टिँदा छोरा र छोरीले बराबर भागबण्डा पाउँदछन् भनी जोहन रेनहार्डले उल्लेख गर्नुभएको छ ।[१०] आफ्ना बाबुआमासँग छुट्टिइसकेपछि राउटेदम्पति घरायसी कामकाजमा स्वतन्त्र हुन्छन् । घरायसी कामकाजको

---

१० जोहन रेनहार्ड, पूर्ववत्, पृष्ठ २६०

सिलसिलामा अथवा कामबाट फुर्सद पाएको समयमा राउटेनीले आफ्ना लोग्नेका जुम्रा हेरिदिने, आँङ कनाइदिने, माडिदिने तथा यदाकदा कपालसमेत काटिदिने जस्ता सेवासुश्रूषासम्बन्धी कार्यहरूले गर्दा आपसी प्रेममाया र ममता अरू प्रगाढ हुँदै जान्छ ।

राउटे जातिमा विशेषत: विधवाविवाहको प्रचलन नभए तापनि समाजले चाहेमा र मुखिया तथा अन्य समाजका भलादमीहरूको नजरमा समेत उपयुक्त लागेमा त्यस्ता विधवा स्त्री र विधुर पुरुषका बीच दाम्पत्यसम्बन्ध कायम गराई भोज खाएर शुद्धताको लागि सामाजिक मान्यता दिइने आशय राउटे शेरबहादुर, जयबहादुर जस्ता बूढापाकाहरूले दर्शाएका थिए र उनीहरूले बहुविवाहको चलन भने छँदैछैन भन्ने कुरा बताएका हुन् भनी पूर्णप्रकाश यात्रीले उल्लेख गर्नुभएको छ ।[११] यस प्रकार राउटे जातिको विवाहउत्सवमा नाचतमासा भोजभतेर र केही निश्चित माङ्गलिक कर्मबाहेक अरू सिन्दूर हाल्ने जस्ता विधिविधान केही हुँदैनन्, रजस्वला बार्ने चलन छैन र बार्दिैन, दाम्पत्यसहवास यदाकदा मात्र हुन्छ भन्ने भनाइ छ ।[१२] राउटे जातिको विवाह तथा अन्य धार्मिक कार्यहरूमा भारतीय वन्य जातिसँग एकरूपता पाइँदैन । सबैजसा भारतीय वन्य जातिहरू विशेष गरी कोनयाग, नागा, खासा, थारू आदिमा विवाहपूर्व तथा पश्चात् यौनसम्बन्ध राख्न सकिने प्रचलन रहेको कुरा रामबिहारीसिंह तमोर तथा विल्किन्सन सुमनेशकुमार फिलिप्सले बताउनुभएको छ ।[१३] यसै गरी भारतीय आदिजनजातिहरूसँग पनि यी राउटेहरूको सांस्कृतिक स्वरूप फरक छ। राउटे जातिमा परपुरुष तथा परस्त्रीसँगको यौनसम्बन्ध सामाजिक निन्दनीय कार्य मानिन्छ भने भारतीय आदिजनजातिहरू जस्तो खासा जातिको परिवारमा छोरी जबसम्म आफ्ना बाबुआमाको घरमा रहन्छे, तबसम्म उनलाई आफ्नो प्रेमीसँग यौनसम्बन्ध स्थापित गर्ने स्वतन्त्रता हुन्छ र थारू जातिको परिवारमा पत्नीले कुनै पनि पुरुषका साथ यौन सम्बन्ध स्थापित गर्न सक्दछन् भने ऐस्किमो जातिको परिवारमा कुनै अपरिचित व्यक्ति घरमा आउँदा पतिले आफ्नी पत्नीलाई संभोगको लागि नवागन्तुकसँग पठाउने प्रचलन छ भनी उल्लेख गरिएको छ ।[१४]

जे होस्, नेपालको वन्य जाति राउटे शिक्षा र सभ्यताको दृष्टिकोणले पुरानो युगमै रहे तापनि यौनसम्बन्ध जस्ता नितान्त संवेदनशील सामाजिक सवालहरूमा वर्तमान युगका अरू जातिभन्दा उदार छन् भनी किटानसाथ भन्न सकिँदैन । आफ्नो समाजमा परंपरागत रूपमा चल्दै आएका नीतिनियम र मर्यादाहरूलाई व्यवहारमा लागू गर्नु राउटेहरू आफ्नो परम कर्तव्य ठान्दछन् ।

---

[११] पूर्णप्रकाश नेपाल यात्री, पूर्ववत्, पृष्ठ १००

[१२] ऐजन पृष्ठ १००

[१३] रामविहारी सिंह तथा तमोर विलकिन्सन सुमनेशकुमार फिलिप्स् -सामाजिक मानवशास्त्र, श्रीराम मेहरा एण्ड कम्पनी आगरा, ई.१९७३, पृष्ठ २२२

[१४] ऐजन पृष्ठ २२४

राउटे जातिमा विवाह एउटै थरगोत्रमा हुँदैन । राजकोटीका छोरी कल्याललाई र कल्यालका छोरी राजकोटीलाई विवाह गरिदिने चलन छ । नातापाता लाग्ने त तिम्रो झैँ हो, तिमीहरूको लाग्दछ भने हाम्रो पनि लाग्दछ, तिमीहरूको लाग्दैन भने हाम्रो पनि लाग्दैन, नाता टुटाएर (मिचेर) विवाह गर्दैनौँ, बरु अविवाहित रहन्छौँ भनी राउटे मुखियाले हामीसँगको प्रत्यक्ष वार्तामा बताएका हुन् । मुखियादाइ, तिम्रो समूहमा राउटेबाहेक अरू कुनै मानिस छ कि छैन भनी जिज्ञासा राख्दा त्यस्तो कोही छैन भनी मुखियाले भने । राउटे पुरुषको शारीरिक बनौटभन्दा केही फरक आकृतिको एक जना मानिस राउटेसमूहको काठ ताछ्न बसेको देखिन्थ्यो त्यस मानिसका सम्बन्धमा राउटेक्याम्पबाट फर्केपछि आपसमा कुरा गर्दा दैलेख जिल्लाअन्तर्गत कांशीकांध गा. वि. स. का अध्यक्ष श्रीशेरबहादुर शाहीले त्यस मानिसका सम्बन्धमा यसरी बताउनुभयो– त्यो मानिस दैलेख जिल्लाअन्तर्गत छडौं गाउँका रासकोटी शाही गोरे ठकुरीको ल्याइतेपट्टिको छोरा हुन सक्छ । ऊ सानो बालक छँदै नै उसका बाबुआमाले सदाको लागि उसलाई छोडेर गए । उसको श्रीसम्पति माथवर व्यक्तिहरूले खाइदिए । ऊ बेवारिस रूपमा यत्रतत्र घुमडुल गर्न थाल्यो । त्यस बखत त्यो बालक राउटेहरू व्यापारविनिमयको सिलसिलामा गाउँघरमा डुल्दा उनीहरूको पछि लागेर राउटेहरूको क्याम्पसम्म नै पुग्यो । त्यस बच्चालाई साथमा लिएर राउटेहरूले कैयौँ पटक गाउँगाउँमा माथवर व्यक्तिको जिम्मा लगाइदिने प्रयास गरे, परन्तु त्यस बच्चाको आधिकारिक मानिस कोही फेला नपरेपछि आफ्नो राउटेसमूहमा स्वीकार गरी उमेरअवस्था पुगेपछि उसको कर्णवीर कल्यालकी छोरीसँग विवाह सम्पन्न गरिदिए । यस कुरालाई पूर्णप्रकाश यात्रीले पनि उल्लेख गर्नुभएको छ ।[१५] साथै श्रीयात्रीले सो अंगीकृत राउटे नेपाली भाषा बोल्न जान्दैन र आफ्नो डफ्फा छाडेर यताउता जाँदैन भनी उल्लेख गर्नुभएको छ ।[१६] यस घटनामा विश्वसनीयताको अंश बढी पाइन्छ, किनकि राउटेपरंपराअनुसार बेसहारालाई माथवरी दिन नसक्नु नामर्दीपना मानिन्छ ।

(ग) अन्त्येष्टिसंस्कार

यो धर्तीमा जन्म लिइसकेपछि जो कोहीलाई पनि मर्नुपर्दछ । जन्मनु मर्नु भनेको सृष्टिको क्रममा गति प्रदान गर्नु हो । अन्त्येष्टि मनुष्यजीवनको अन्तिम संस्कार हो । हिन्दूहरूको अन्त्येष्टिसंस्कार यो लोक र परलोक दुवैसँग सम्बद्ध हुन्छ । जातीय अवधारणाअनुसार अन्त्येष्टिसंस्कार सम्पन्न गर्ने विधिविधानहरू जातिगत रूपमा फरक-फरक हुन्छन् । परन्तु यसको प्रमुख उद्देश्य मृत आत्माले आगामी दिनहरूमा पनि सुखशान्ति पाओस्, उसलाई नरकमा फस्न नपरोस्, स्वर्ग जाने शुभ यात्राको क्रममा उसलाई कुनै अदृश्य शक्तिहरूले नसताऊन्, ऊ निर्विघ्नपूर्वक स्वर्ग पुग्न सकोस् आदि मानिन्छन् ।

---

[१५] पूर्णप्रकाश नेपाल यात्री, पूर्ववत्, पृष्ठ ७५-७६
[१६] ऐजन पृष्ठ ७६

राउटेहरूसँगको मेरो प्रत्यक्ष भेटघाटको सन्दर्भमा र राउटीआसपासका गाउँलेहरूको भनाइअनुसार राउटे जातिमा कुनै व्यक्तिको देहान्त हुँदा त्यस क्याम्पका सबै राउटे पुरुषहरू अन्त्येष्टिकर्ममा सहभागी हुन्छन्। मानिस मर्दाकै दिनमा र रातमा मरेको भए अर्को दिनको बिहानै अन्त्येष्टिसंस्कार गरिन्छ। शवलाई गाड्ने वा जलाउने चलनका सम्बन्धमा राउटे जातिमा शवलाई खाडल खनी गाड्ने वा जलाउने चलन रहेको बताइन्छ। शवको साथसाथै सोही खाडलमा त्यस मानिसले आर्जन गरी चलन गर्ने गरेका भाँडाकुँडा, लुगालत्ता र औजारहरूसमेत गाडिन्छन्। सो मृत शरीर र उसले चलन गरेका उक्त चीजबीजहरू खाडलमा हालिसकेपछि माटो तथा ठूलाठूला ढुंगाहरूले बलियो गरी सो खाडल पुरिन्छ। लोग्नेमानिस तथा स्वास्नीमानिस दुवैको शव गाड्ने प्रक्रियामा कुनै अन्तर छैन। गाड्ने क्रममा कुनै किसिमको पूजाआजा गर्ने चलन छैन। राउटे जातिमा मरेकालाई गाड्दछन् र धेरै शोक गरेर रुँदैनन् भनिएको छ।[१७] जोहन रेनहार्डले राउटेशवलाई गाड्ने खाडल तीन फीट चाक्लो र गहिरो, ६ फिट लामो गरी खनिन्छ भनी उल्लेख गर्नुभएको छ।[१८]

राउटे जातिमा बाबु मरेपछि उसको अन्त्येष्टिसंस्कारका सम्बन्धमा छोराले के गर्ने चलन छ त ? भनी थप जिज्ञासा राख्दा राउटेमुखिया मानबहादुर शाहीले छोराले शोकमनाउ गरी केही दिनसम्म आशौच बार्ने प्रचलन रहेको, आशौच बार्ने अवधिभर छोराले नून खाँदैनन्, शिकार गर्न जाँदैनन् र नाचतमासाहरूमा भाग लिँदैनन्, मृतककी स्वास्नी समाजमा घुलमिल नगरी जोगिएर बस्दछिन् र सदाका लागि उनले बाँदरको पुच्छर र नून खान हुँदैन भनी हामीलाई बताए। राउटे जातिमा कुनै सदस्यको मृत्यु भएमा त्यस डफफाका सबै मानिसले मर्दाका दिनमै सो क्याम्प छाडी अन्यत्र बसाइँ सार्दछन् र त्यस ठाउँमा उनीहरू कहिल्यै पनि फर्कंदैनन् भनी हामीलाई आसपासका गाउँलेहरूले बताए। यस भनाइलाई जोहन रेनहार्डले पनि स्वीकार्नुभएको छ।[१९]

राउटे जातिमा मृत्युपश्चात् केही निश्चित क्रियाकलापहरू सम्पन्न गरिन्छन्। मृतकका नजीकका नातेदारहरू साधारण अपशोच मनाउने गर्दछन् भने मृतककी स्वास्नीले पाखुरामा लगाउने गरेका तथा घाँटीमा लगाउने गरेका सौभाग्यभूषण (आल्मुनियमका चुरीगहना) लगाउँदैनन्। राउटेहरूले त्यस बेला मात्र लगाएका थाङ्ग्राभाङ्ग्राहरू धुन्छन्, जुन वेला समूहको सदस्यको मृत्यु हुन्छ। पतिको मृत्यु भइसकेपछि विधवा महिलाले सदाको लागि कपडा धुनु हुँदैन भन्ने चलन छ र विधवा महिलाले कोरीबाटीसमेत गर्न हुँदैन भन्ने भनाइ गाउँलेहरूबाट सुनियो। कोरीबाटी, शृङ्गारपटार गर्दा तथा आभूषणहरू पहिँरदा विधवा महिलामा परपुरुषको दृष्टि स्वभावत: पर्न सक्ने संभावनालाई दृष्टिगत गरी

---

[१७] योगी नरहरिनाथ, पूर्ववत्, पृष्ठ २६१
[१८] जोहन रेनहार्ड, पूर्ववत्, पृष्ठ २६१
[१९] ऐजन पृष्ठ २६१

यस्ता मान्यताहरू परंपरागत रूपमा राउटेसमाजमा पनि चल्दै आएका होलान् भनी अनुमान गर्न सकिन्छ ।

राउटे जातिको अन्येष्टिसंस्कारसम्बन्धमा पूर्णप्रकाश यात्रीले यसभन्दा फरक पद्धति कायम रहेको अनुमान गर्नुभएको छ । राउटे जातिले मृतकलाई प्राणान्त भएको स्थलबाट उठाई अन्त लगेर दाहसंस्कार गर्नु वा खाल्डो खनी पुर्नुभन्दा मृत्यु भएको स्थलमा छोडी शव श्याल, कुकुर, गिद्ध, काग आदि जीवजन्तुलाई खुवाउँछन्; यसो गर्दा जीवजन्तुले पेट भर्न पाउँछन्, संभवतः राउटे जातको संस्कृतिअनुसार त्यसो गर्ने चलन प्रचलित रहेको हुनसक्छ भन्ने उहाँको अनुमान छ ।[२०] यात्रीको यस किसिमको अनुमानअनुसारको आख्यान कसैबाट पनि हामीले सुन्न पाएनौं । राउटीआसपासका गाउँलेहरूले उनीहरूले प्रत्यक्ष शव गाडेको देखेका र त्यस मौकामा शव गाड्ने स्थलमा गाउँलेहरूलाई जान नदिने कुरा हामीलाई बताए ।

राउटेसँगको हाम्रो पहिलो भेटघाटको क्रममा सामान्य परिचयपश्चात् राउटे-मुखियाले हामी त्यहाँ जानुको कारण सोद्धा राउटेहरूलाई गाउँलेहरूले दुःख दिएका छन् कि छैनन्, दिएका भए कस्तो दुःख दिएका छन्, सोही कुरा बुझ्न जान्न भनी बताएपछि राउटेमुखियाले केही गम्भीर मुद्रामा कालिकोट ज़िल्लाअन्तर्गत पाअ भन्ने ठाउँका मानिसले उनीहरू त्यस राउटीमा आउनुपूर्व उनीहरूको क्याम्पको बाटो गरी मुर्दा लगी सबै समूहलाई धेरै दुःख दिएको दुखेसो हामीसँग पोखे । उनको भनाइअनुसार उनीहरूको क्याम्पभित्र मुर्दा प्रवेश गराएमा उनीहरू डराउँदछन् र उनीहरूले तुरून्त उक्त क्याम्प छाडी अन्यत्र जानुपर्छ । गाउँलेहरूले यदि राउटेहरू गाउँको नजीक आई बसे र उनीहरूले सार्वजनिक पानीको धारा तथा कुवामा फोहर गरे वा वनविनाश गरे भने उनीहरूलाई त्यहाँबाट भगाउन गाउँका कुनै व्यक्तिको मृत्यु भएमा उनीहरूको क्याम्पको बाटो हुँदै मृतकलाई घाटमा लैजाने गर्दछन् भनी एक जना अनुभवी गाउँलेले हामीलाई बताए । दैलेख जिल्लाअन्तर्गतका वराह गा. वि.स. शेरिवाडाका ७९ वर्षका गोवर्धन शाहीले राउटेहरू केही वर्षअगाडि कट्टी खोलाको किनारमा आई बस्दा एक जना राउटेको मृत्यु भएको र उसलाई गाडेको स्वयं आफूले नै प्रत्यक्ष देखेको हो भन्दै अर्को पटक त्यही बाटो गरी परिभ्रमण गर्दा शव गाडेको उक्त चिहानमा सबै राउटेहरूले एकएकवटा ढुंगा चढाउँदै अगाडि बढेको देख्दा आफू चकित परेको कुरा हामीलाई बताउनुभयो । यो मृत आत्माको चिर शान्तिको लागि प्रतीकात्मक कार्य होला भनी अनुमान गरिन्छ ।

(घ) अन्य संस्कारहरू

राउटे जातिमा जन्ममृत्यु र विवाहबाहेक अन्य संस्कारहरू निश्चित समयमा सम्पन्न गर्नुपर्छ भन्ने खास कुनै नीतिनियम भएको पाइएन । अन्नप्राशन, चूडाकर्म,

---

[२०] पूर्णप्रकाश नेपाल यात्री, पूर्ववत्, पृष्ठ ९२

कर्णबेध, उपनयन जस्ता अन्य संस्कारहरू राउटे जातिमा सम्पन्न गर्ने कुनै नीतिनियम नभए तापनि राउटे बालकहरूको कपाल खौरिदिन्छन्। राउटे कन्याहरूको नाककान छेडी आल्मोनियमको गहना लगाउने चलन रहेछ भन्ने प्रत्यक्ष देखियो। राउटे पुरुषहरू जनै लगाउँदैनन् र जनै लगाएको गाउँले मानिसलाई क्याम्पभित्र प्रवेश गर्नसमेत निषेध लगाइएको हुन्छ। राउटे जातिका हरेक संस्कारहरूमा राउटे धामीझाँक्रीद्वारा विशेष तन्त्रमन्त्र गर्ने प्रचलन रही आएको छ भन्ने एकथरी गाउँले भनाइलाई पनि पूर्ण रूपमा नकार्न सकिँदैन, किनकि राउटे जस्तो अन्धविश्वास र रूढीवादको कालो कोठरीमा गुम्सिएको जातिमा धामीझाँक्रीको व्यावहारिक प्रयोग हुँदैन भन्न सकिँदैन।

❖

किरातहरूलाई बक्सेका लालमोहर

- डा. स्वामी प्रपन्नाचार्य*

विक्रमको अठारौँ शताब्दीमा नेपालएकीकरणको अवसरमा श्री ५ पृथ्वीनारायण शाहले बुद्धिमत्ताका साथ जो इतिहास कायम गर्नुभयो, त्यो इतिहास आज अविस्मरणीय भएर रहेको छ। काठमाडौँदेखि पूर्वका किरात राई लिम्बूहरूलाई लेखिदिइएका केही लालमोहर यहाँ प्रस्तुत छन्।

श्री ५ पृथ्वीनारायण शाहले वि.सं. १८३० मा आठमझिया राईहरूलाई र वि. सं. १८३१ मा राजभारसमर्थ श्रीजंग राई, श्रीफुंग राई, श्रीजमुना राईहरूलाई जुन लालमोहर लेखिदिनुभएको छ, त्यो इतिहास खोजी गर्नेहरूलाई एउटा महत्त्वपूर्ण कडी देखिन्छ। यस्तै श्री ५ रणबहादुर शाहको वि.सं. १८३९, १८४० तथा १८४३ का रुक्का, वि. सं. १८६३ र १८६९ का रुक्का तथा त्यसपछि वि. सं. १८९२ का श्री ५ राजेन्द्रवीरविक्रमका पत्रहरू महत्त्वपूर्ण देखिन्छन्। यी लालमोहर रुक्का आदिको अध्ययनले त्यतिखेरका किरातहरूको गतिविधि जान्न सकिन्छ। मूल सामग्रीको रूपमा रहेका यी पत्र परमप्रिय लालध्वज राई देवसाको सौजन्यबाट प्राप्त भएका हुन्।

आजभोलि हाम्रो देशमा आफ्ना ऐतिहासिक सामग्री विदेशीलाई बेचेर धन कमाउने परिपाटी प्रशस्त मात्रामा चलेकाले हाम्रो नेपालका पुरातात्त्विक सामग्रीहरू यूरोप-अमेरिकाका संग्रहालयमा सजिन पुगेका छन्। यी पत्रहरूमध्ये केही पत्र विभिन्न पुस्तकमा प्रकाशित भइसकेका भए तापनि श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको स्वर्ण-शुभजन्मोत्सवाङ्कको रूपमा निस्कन लागेको यस पत्रिकामा शाहवंशी विभिन्न राजाले

---

* सदस्य, शास्त्रानुसन्धानपरिषद् मध्यमाञ्चलविकासक्षेत्र

किरातहरूलाई लेखिदिएका पत्र प्रकाशमा ल्याउँदा राम्रै हुन्छ भन्ने सम्झी यहाँ प्रकाशित गरिएका छन् ।

(१ संख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणइत्यादिविविधविरुदावलीविराजमानोन्नत-श्रीमहाराजाधिराजश्रीमहाराजपृथिवीनारायणसाहबहादुरसमसेरजंगदेवानाम् सदा समर-विजयिनाम्

सोस्ति श्रीदल लोहोरुङ मझीया थोलुङसिं मझीया पावा मझीया आंला मझीया हेलुंगवा मझीया धुपु मझीया हिदांगना मल्टा मझीया पढक मझीया औ शोभाजित मझीयाके आशिकपूर्वकपत्रमिदम् . यहां कुशल . तहा कुशल चाहिये . आगे यहाको समाचार भलो छ .

उप्रान्त हिजो मकुवानी राजाका भला सेवक हौ . जहासम्म मकवानी राजाको नुन खायेथ्यो . तहासम्म नुनको सारै सेवाटहल गरी खायेथ्यौ . हिजुका तिमीहरुको राजा जो हो सो राजा पनि छैन . यो देस आज हाम्रो अम्बल भयो . तिमीहरु सेवक भनेको दुवै घरका एक्कै हौ . यक्कै घर भनेको तिम्रै हो . छंतिया तिमी हौ . नुनिया सेवक हो . तसर्थ तिम्रो भाईभैयाद कबिलारीसमेत यहा आव . तिम्रा सब बातका चारदास्ति बक्स्यौंला . बाकी सो देस हामीले मार्दा हामीले हामीमाथी गरेको गर्नुनगर्नु जो बिराम छ . सो तिम्रा धनजीव माफ गरीबकस्यौं . आफ्ना खतीरजम्मासित विरभद्र राईमार्फत अब कोनै कुराको सन्देह छैन .

इति समवत १८३० साल शावणवदी हाल मुकाम मकवानपुर शुभम्

(२ संख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणइत्यादिविविधविरुदावलीविराजमान-मानोन्नतश्रीमनमहाराजाधिराजश्रीश्रीश्रीमहाराजपृथ्वीनारायणसाहबहादुरशमशेरजंगदेवनाम सदा समरविजयेनाम

स्वस्ति श्रीराजभारकसामर्थ श्रीजंग राई श्रीफुंग राई श्रीजमुन राईके सब लिम्बु राईके आशिकपूर्वकपत्रमिदम् . यहां कुशल . तहां कुशल चाहिये . आगे यहाको समाचार भलो छ .

उप्रान्त बात तिमीहरुलाई हिजु जाती पीछा बक्स्येको त्यो मुलुक आज हाम्रो प्रताबले हाम्रो भयो . तिमीहरु पनि हाम्रै छौ . तिमीहरुका जहानको पीछा हामीले लियौ . जस जस जम्मा जम्मा मराई दबाई खाई पाई आएको थियौ . सो सकल मुलुकको सम्भार गर . अरु नौ राईकेपटि छैन . केले हो भन्या अरु राजालाई मास्ने हौ . तिमीहरु आफ्ना भाईबाट लिम्बु घरैतीकन अब पीछा बक्स्यौ .

ईती स्मवत १८३१ साल वैसाखवदी ३० रोज शुभम्

(३ संख्या)

स्वस्ति श्रीमन्महाराजकस्य रुका

आगे फागु श्रीदेव राईके हिंगवा सिद्धिपुर पूर्व बाधावा खोला उत्तर तेरा जुजु बाबाका खायेन जिमीन खेत प्रजा गाव मकुवानी हिन्दुपतिले बक्सेको रीतिथिति दराज-कुराज अपुताली चाकचकुई चोरीछिनारी रहताबहता पञ्चखत सब अंक माफ गरिदियाको रहेछ सो हामीले पनि उसैको भन्दा चार सुबापिछे रुपैया ५ साउन्नेफागुसमेत राज्यअङ्कबाहेक सब अंक माफ गरिबक्स्यौं हाम्रा निमकको सोझो चिताई आफ्ना थिति जानी भोग्य गर

ईति सम्वत १८३९ साल मिति वैशाखवदी ६ रोज ४ शुभम्

(४ संख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणइत्यादिविविधविरुदावलीविराजमानोन्नत-श्रीमनमहाराजाधिराजश्रीश्रीश्रीमहाराजरनबहादुरसाहदेवनाम सदा समरविजयेनाम

स्वस्ति श्रीसर्वोपमायोग्ये राजभारसामर्थ श्रीफागुदेव राई श्रीशेरिगं रैनसिंग राई श्रीफेदाम आतहांग राई श्रीलीवांग शुभवन्त राईके आशिकपूर्वकापत्रमिदम् . यहां कुशल . तहां कुशल चाहिये . आगे यहाको समाचार भलो छ . उप्रान्त तिमीहरुले खोलीकन बिन्ती नगर्दा आजसम्म ढिला भयेको हो . अब तिमीहरुको कुरा भारादारहरुबाट बिस्तार बिन्ती गऱ्या सुन्यौं . हिजो हिन्दुपतिले बक्स्याको नगरानिशान मानमर्यादा ज्या हो . हामीले बक्स्यौं . मोहर देखन चांडो हजुर आव . खानादानाका अर्थकन केहि रुपैया तिमीहरुलाई पुगे मात्र बक्सन्छौं . काज पनि लांवछौ . खातीरजम्मा भै चांडो दर्बार आव सर्वथा .

सम्वत् १८३९ साल श्रावणवदी ८ रोज ५ शुभम्

(५ संख्या)

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे रैनसिंह राईका खुंडा ३०० बन्दुक ३२ धना २२८ औ श्रीदेव राईका खुंडा २५० बन्दुक ३० धना २२० औ फेदाप राईका खुंडा २५२ बन्दुक २५ धना २२७ औ शुभवन्त राईका खुंडा २६० बन्दुक २० धना १५० केमानेको हात्ती ४ कबिलारा खण्ड छाप बन्देसमा लीई थुम खेत ६ तामादी थुम खेत ५ भीरकोट थुम खेत ८ जम्मा खेत १९ जागीर बक्स्यौं . खातिरजम्मासंग कबिलारासम्म लडाईमा जाऊ . नया मुलुक हांम्रो अम्बल भयापछि आफ्ना खायेनपायेमा जानु . जागिर छाडनु .

इति सम्वत १८४० साल जेष्ठवदि १२ रोज १ मुकाम कान्तिपुर शुभम्

(६ संख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणविविधविरुदावलीविराजमानोन्नत-श्रीमहाराजाधिराजश्रीश्रीश्रीमहाराजारनबहादुरशमशेरजंगदेवानां सदा समरविजयिनाम्

आगे कामजित राईके तम्रा बावाज्यादाले खाई बिहोरी आएको जिमीभुमि प्रजापात हिजु मकुवानी राजाले दिएको रीतिथिति सावानेफागु भेट भारा तपसिलमाफिकको पञ्चखत सर्खार राखी येतिबाहेक राखी अरु रकम जिमिभुमि बक्स्यौं . निमकको सोझो गर्नु . लायेको गौंडा कुरी हुकुम भयेको टहलमा रुजु रहनु . गौडा बन्द नगर्नु . गौंडा बन्द गरे मास्नु . आफ्नो खातिरजम्मासित जग्गा भोगे गर

ईती सम्वत १८४३ साल फागुनवदी ८ रोज शुभम्

(७ संख्या)

स्वस्ति श्रीमहाराजाधिराजकस्य रुक्का

आगे तेरिंग राई मानजित राई थिगी राई हांगसु राई लिसुं राई खिमजित राईके तेरा बाबुबराजुदेखि खाईबिहोरी चर्चि आयेको जिमीन कुहि यान ना सा भा फेदिग आफ्ना चार किल्लाभित्र छाप मोहारिया नास्ती गरि आफ्ना कुटाकोदालाले बिह्नयका भुमटा कोग्टा तेरा आफै जिमीनभुमि अघिको मोहरबमोजिम थामी मोहर गरिबक्स्यौं . आफ्ना खातिरजमासित सेवामा रुजु रही लागेको दैदस्तुरं तीरी बेख बुझाई जानी भोगे गर .

इति सम्वत १८६३ साल मिती माघसुदी ८ रोज

रुजु रंजित पांडे रुजु बम साह

(८ संख्या)

स्वस्ति श्रीमहाराजाधिराजकस्य रुक्का

आगे ६ थुमका पृग राई मानजित राई बाजवर्ण राई फौदसिंह राई लिसुं राई गज राईकै ....मै रूपसिंहमार्फत वृजापति उपाध्या तुलसीनारायण उपाध्याले तिमीहरुका जिमीनजग्गा काटी मोहर गरि लैजादा खेत बिह्नावनको टंटा ल्यावदा जग्गा छाडि जत्रतत्र लागेछौ . त्यो जग्गा श्रीमोहरकम्पनीमा दरीई बक्स्याको छ .

अब खेत बिरावनुको टंटा माफ गरी प्रजापति उपाध्या तुलसीनारायण उपाध्याहरुको मोहर हानी तिमीहरुको जिमीनजग्गा थामीबक्स्यौं . आफ्ना खातिरजम्मासित बरोबर लागेको घरकुरियालाई रस्ति चलाई बस्ती बसाई तहांको आमदानी गौडाको कम्पनीमा दाखिल गरि आफ्नो जग्गाको चलन भोगे गर .

इति सम्वत १८६९ साल वैशाखवदी ११ रोज ३ शुभम्

(९ संख्या)

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणइत्यादिविविधविरुदावलीविराजमानोन्नत-श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजाराजेन्द्रविक्रमसाहबहादुरसमसेरजङ्गदेवानां सदा समर-विजयिनाम्

आगे सुब्वा बागदल सुब्वा मोहनसिंह केसरसिंह सुभकर्ण पगरी नम्सेदी चोनहांगकन कर्ता देशकन युदाम्य हांग गोपाल राई जस्कराम गजदीरके जिल्ला चैनपुरका

अम्बल याङरूपमध्ये तिमीहरुका पितापुखदिखि आजसम्म खाई चर्चीबिहोरी आयाको घरघरेडी बारी सुवांरो खर्क तित्या महभीरलगायेतसमेतको ईस्तक सम्वत १८८४ साल वैशाखवदी १ रोजलगायेत जांचकीले जांची दरीयेका नया पुराना लिम्बु घरको ठेग साउन्येफागु मेगचन ढक्रेको सेमा पटि छियो छापो कार्माको ताल सर्कीको पलेटी दमाईको सुज्यारो बाजनीको दशड मराव अपुताली चाकचकुइ पति आस्मानी अमिलान सिवये कुठि बिन्ती रैकर कल्यंधन धर्मधिकार डडतागडता हातीदांत गैंडाखाग गौरीगाईको सिंग रहताबहता महत मराड ली जलकार वनकार हाम्रा हुकुमले गस्याको गोस्वारा फर्माई सब रकमकल्लम मेगचन अदालती धुर कुलमा मानिस मारेको खत गौवध मराराजअङ्कबाहेक राखी अमिलान रकमकल्लम मारी मेटी ८४ सालको जांचमा दरीयेको ठेग ९१ सालमा घरदुवार जांच हुंदा बड्याकोसमेतबमोजीमै जम्मा मोठ रुपैया १५५ सलवसाल कम्पु पलटनमा दाखिल गर्नु . तिमीहरुको दाजुभाईबिरादर आफ्ना जग्गा छाडि अरु अम्बल खुत्त बिर्ताबितलप उठी इलाम फाकफोक बस्न गयाको ठगे षतपत तिमीहरुले असुल गरि आफ्ना जिम्माभित्र लिनु . किपटियाले आफ्ना जग्गामा निज कुटाकोदालाले बिरायाका बिरौटाबिरौटी खेत खानु . सरकारिया खजाना तडातविल गरि किल्लामा रहन्ये कुरुवा कम्पनीका वेसौति हुलाकका भारी आफ्ना अड्डाअड्डासम्म बोक्नु . अरु भारी नबोक्नु . देशवाट चिवाचर्चा चिठ्ठिपत्र विनाहुकुमले भारादारका कबिल्लाहले सिमानामा आंवेवाल जान्येलाई पकडी चैनपुर अमालीछेउ पुऱ्याईदिनु . ठेकबन्दीका जम्माभन्दा बडता गरी अमालीले जफत गऱ्यो भने हाम्रो हजुरमा आई बिन्ती गर्नु . अघि भयाको सबै लालमोहर हाम्रा हजुर दाखील गरी कम्पु पल्टन कम्पनीका लाल अड्डाबाहिक तिमीहरुका जमीन थितीरीति सुबंगी करता राईपगरी थामी ठेगको बन्देज बाधीबक्स्यौं . जग्गा आबाद गुलजार गर्नु . ढाक्रेको घर खोसी पजनी नगर्नु . ढाक्रेले बिरायाको नदबांवनु . विजन्यविच्युत गऱ्या बडता क्लम लाया यस बन्देजमा कसैले मोजाही गऱ्या भारी दण्डसासना होला . अमोल ममोलका रकमकल्लमसित दामकाम असुलतहसील गरी किस्ताबन्दीबमोजिम ठेग रुपैया चुकाई आधिको फारखति सालवसाल लिनु . हाम्रा निमकको सोजो चिताई आफ्ना खातिरजम्मासित ठेग तिरी थिती जानी भोगे गर .

इति सम्वत १८९२ साल मिती कार्तिकवदि ६ रोज २ शुभम्

इतिहासविषयक गोष्ठी, विवाद र समाधान

- ज्ञानमणि नेपाल*

केही वर्ष पहिले त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियली अनुसन्धान केन्द्रमा भएको इतिहासविषयक विद्वद्गोष्ठीको छलफलको एक सानो संस्मरण म अहिले पाठकसमक्ष प्रस्तुत गर्न लागेको छु। बाह्र वर्ष जति पहिले नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा नेपालको सर्वाङ्गीण इतिहास तयार पार्ने उद्देश्यले राष्ट्रिय इतिहास निर्माण परियोजनाको प्रारम्भ भयो। यस परियोजनामा तद्विद् धेरै प्राध्यापकहरू लागेका थिए। विभिन्न भागमा इतिहास तयार पार्ने योजनाअनुसार विभिन्न विद्वान्लाई छुट्ट्याएर लेख्न लगाइएको थियो। धेरैजसोले यथासमयमा लेख्ने काम पूरा गरेर प्रतिवेदन पनि बुझाए, कतिपयले भने आलटाल गर्दै टार्दै लगेर आफूले स्वीकार गरेको भाग पूरा गरेर बुझाएको देखिएन। यसले गर्दा यो योजना अधुरै रहिरहेको छ। अनुसन्धान केन्द्रमा बुझाएको प्रतिवेदन केन्द्रको स्वीकृतिबेगर बाहिर लगेर प्रकाश गर्न पनि रोक लागेको हुनाले लेखन सम्पन्न भए जति भाग पनि अहिलेसम्म छापिन सकेका छैनन्।

नेपाल-भोटचीनसम्बन्धी अभिलेखको सङ्कलन तथा सम्पादन गर्ने काम गर्दै आएको हुनाले राष्ट्रिय इतिहासमा नेपालचीनसम्बन्ध भन्ने भाग नै लेख्न मैले स्वीकार गरेको थिएँ। त्यसैअनुसार क्रमशः तीन वर्षमा प्राचीनकालदेखि आधुनिककालसम्म गरेर तीन भाग तयार पारी बुझाएँ। त्यसपछि वि.सं. ९३७ देखि १५३८ सम्मको पूर्वमध्यकालको

---

* प्राज्ञ, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान

इतिहास पनि तयार पारी अनुसन्धानकेन्द्रमा बुझाएको थिएँ। ती कुनै प्रतिवेदन आजसम्म प्रकाशमा आउन पाएका छैनन्।

राष्ट्रिय इतिहास निर्माणपरियोजना चालू रहेकै अवस्थामा यस सम्बन्धमा तात्कालिक कार्यकारी निर्देशक कुमार खड्गविक्रम शाहको प्रबन्धमा नेपाल र एशियाली अनुसन्धानकेन्द्रमा इतिहासविषयक एक विद्वद्गोष्ठीको आयोजना भएको थियो। आ-आफ्ना प्रतिवेदनलाई लिएर त्यहाँ कार्यपत्र प्रस्तुत गरिएका थिए। मैले वि. सं. २०४१ मा बुझाएको नेपाल चीनसम्बन्ध (वि. सं. १८०१-१९०३) को सारसंक्षेप नै त्यहाँ प्रस्तुत गरेको थिएँ।

मेरो मूल ग्रन्थ तथा सो कार्यपत्र पनि आजसम्म प्रकाशमा आएका छैनन् तापनि त्यस दिन गोष्ठीमा भएका छलफललाई मैले टिपोट गरिराखेको थिएँ; अहिले सो टिपोट पाठक, छात्र, अध्यापकहरूलाई समेत चाखलाग्दा कामलाग्दा होलान् भन्ने ठानी प्रकाशमा ल्याउने प्रयास गरेको हुँ।

नेपालको वैदेशिक सम्बन्धमा एकीकरणपश्चात् नै नयाँ आयाम आएको हो। पृथ्वीनारायण शाहको विजयताका भारतमा ब्रिटिशसाम्राज्यले जरो जमाउन थालिसकेको थियो। त्यस कारण पृथ्वीनारायण शाहले एकीकरणको अभियानमा बहुतै सावधानीपूर्वक फुकी-फुकी पाइला चाल्नुपरेको थियो। उत्तरमा चीनसाम्राज्य र दक्षिणमा ब्रिटिश साम्राज्यवादी शक्तिसँग जोगिएर उनले आफ्नो अभियान चालु राख्नुपरेको थियो। त्यस कारण आधुनिक इतिहासमा पृथ्वीनारायण शाहले नै नेपालको परराष्ट्रनीतिको एक आधारशिला कायम गरेका थिए। सोही नीति आजतक उत्तिकै उपयोगी उत्तिकै आवश्यक पनि भइरहेको छ।

भारत र चीन दुइ महान् राष्ट्रका बीचमा अवस्थित सानो सुन्दर यो नेपाल देश दुइ ढुंगाको बीचको तरुल जस्तो हुँदा यसले कतैतिर नलागी असंलग्न रही तटस्थ परराष्ट्रनीति अवलम्बन गर्नुपर्छ भनेर दीर्घदर्शी राजा पृथ्वीनारायण शाहले नेपालको परराष्ट्रनीतिको जग बसाएका थिए, सोहीअनुसार आफू पनि चलेका र आफ्ना उत्तराधिकारी र अनुयायीलाई पनि चलाउन खोजेका थिए। यसैअनुसार चल्दा नै नेपालको भविष्य उज्ज्वल र उन्नत पनि हुँदै आएको थियो। यस नीतिमा अलिकति खटपट हुनेबित्तिकै नेपालले ठक्कर खानुपरेको थियो। यसै कुराको व्याख्या मेरो त्यस प्रबन्धमा गरिएको थियो। प्रतिवेदनको मूल विषय पनि त्यही थियो।

यसै प्रसंगमा आएका एक दुइ कुरामा भने त्यहाँ निकै लामो विवाद छलफल चलेको थियो। पहिलो स्यामर्पा लामाको प्रसंग र दोस्रो चीन बादशाह छियनलुङ्को बारेमा थियो। यद्यपि प्रस्तुत कार्यपत्रको मूल विषय यी होइनन्, प्रसंगवश यी दुइको बारेमा मैले जे कुरा लेखेको थिएँ, तिनमा विवाद र बहस भने निकै राम्रैसँग चलेकाले पाठकसमक्ष ती कुरा अहिले राख्दा रोचकै होलान् भन्ने ठानेर तिनै टिपोटलाई अहिले यहाँ पल्लवित गरेको हुँ।

१. स्यामर्पा लामा : विवादको पहिलो प्रसंग

पञ्चेन लामा पाल्देन येशे परलोक

भोटका दलाइ लामा मङ्गोलसम्राट्का गुरु मानिन्थे। अघि मङ्गोलसम्राट्ले भोटराज्य बौद्ध लामा गुरुलाई भेटी चढाएका थिए। भोटका विभिन्न मठका महन्तहरूको आपसमा झगडा बढेर मारामार चलेको वेला मङ्गोल वीर गुस्रीखानले भोटका सङ प्रान्तका सबै मठका महन्तलाई साम्यमा ल्याई वि. सं. १६९९ मा पञ्चम दलाइ लामालाई भोटका अधिपति बनाए। दिगर्चामठका टशीलामा पञ्चम दलाइ लामाका गुरु थिए। पहिले टशीलामाको देहान्त हुँदा उनकै चेलामध्येबाट योग्यचाहिँ छानिएर महन्त बन्थे। पञ्चम दलाइ लामाका पालादेखि यहाँ पनि अवतार खोज्ने प्रथा कायम भएको हो।

दिगर्चाका टशीह्लुन्पो मठका पञ्चेन (पण्छेण्-महापण्डित) लामा पाल्देनयेशे चीनबादशाह छियनलुङ्का गुरु मानिन्थे। चीनचक्रवर्तीलाई भेटेर शुभ आशिष दिन पेचिन गएका पाल्देन येशे वि.सं. १८३७ मा शीतलाको व्यथाले परलोक भए। बादशाहले दिएको भेटी दक्षिणा सौगातको सामान पनि उनको टशीह्लुन्पो मठमा ल्याएर अर्पण गरियो।

स्यामर्पाको नेपालशरण

टशीलामा परलोक भएपछि अवतारको प्रतीक्षामा केही वर्ष बिते, मठको हालीमुहाली स्यामर्पा[1] लामाको भयो। पछि औतार खोजेर ल्याई मठको गद्दीमा राखियो। औतारीका अभिभावकले मठको श्रीसम्पत्ति बुझबुझारथ गर्दा हिनामिना पारेको अभियोग लगाई स्यामर्पालाई नजरबन्द गरी थुनेर राखे। केही समयपछि आफ्नो श्रीसम्पत्ति परिवार र अनुयायीलाई लिएर उनी उम्केर भाग्न सफल भए र सुखीमतर्फबाट नेपालमा शरणपीछा पर्न आए। बहादुर शाहले पनि भोटचीनको माया मारी नेपालकै निमकको सोझो गर्छौं भन्ने धर्मपत्र गराई शरण लिई सम्मानसाथ यहाँ राखे।

यस घटनाले भोटसँग नेपालको बढिरहेको वैमनस्यको आगोमा घ्यू थपिदियो। प्रतापसिंह शाहका पालामा गरिएको नेपाल-भोटसन्धिले नाकटाङ् (कालामोहर)को समस्या सुल्झाउन नसकेर झन् बढाएर ल्याइरहेको थियो। कालामोहर मासेर शुद्ध चाँदीका टक चलाउने नेपालको प्रस्ताव भोटले स्वीकार गर्न व्यावहारिक कठिनाइ परिरहेको हुँदा नेपाल-भोटव्यापारमा विचलन वढी ठूलो घाटा परिरहेको थियो। स्यामर्पाको समस्याले झन् युद्धकै स्थिति ल्याइदियो। प्रथम नेपाल-भोटयुद्ध भयो। आखिर चीनियाँ प्रतिनिधिकै रोहबरमा सन्धि भयो। सन्धि अनुसार स्यामर्पाले नेपालमै शरण पाउने कुरामा कचपच आएन, नाकटाङ्को दररेट कायम भयो, वर्षेनि भोटले नेपाललाई पचास हजार रूपैयाँ सिर्तो बुझाउनुपर्ने भयो।

---

१ विदेशीले यिनलाई समर टुल्क भनेर लेखेका छन्। उनको धर्मपत्रमा लेखिएको र नेपाली परम्परामा चलेको यही नाम मैले लेखेको छु।

परन्तु एक पटक यो रकम बुझाएपछि भोटले फेरि बुझाएन । फेरि भोटसँग दोस्रो युद्ध पर्‍यो । काजी दामोदर पाँडेको नेतृत्वमा गएको नेपाली सेनाले केही समय स्यामर्पाले चलन गरेको दिगर्चा मठसमेत कब्जा गरेर त्यहाँको श्रीसम्पत्ति सरसामान पनि लिएर आयो । यस घटनापछि भोटको अनुरोधमा सहायताका लागि चीनी सेना नेपालविरुद्ध लड्न आयो । वि.स. १८४९ मा चीनी तिब्बती सेनासँग नेपालले जीवनमरणकै लडाइँ लड्यो । राजधानी दख्खल गर्न आएको त्यस सैनिकदलले वेत्रावतीको युद्धपछि अघि बढ्न साहस गरेन । चीनियाँ सेनापतिले सम्झौताका शर्त शिथिल पारे । स्यामर्पा लामाले आत्महत्या गरिसकेकाले उनलाई सुम्पने कुराको अड्को खुस्किगएको थियो । दिगर्चा लुटेको श्रीसम्पत्तिको हिसाब पनि खुकुलिइसकेको थियो र नेपालले दिएको जतिमा नै मञ्जूरी भयो । त्यसपछि नेपालको चीनसँग गाढा सम्बन्ध भयो, प्रतिनिधिमण्डलको आवतजावतमा नियमितता आयो ।

उपर्युक्त कुरा मैले इतिहासविषयक त्यस गोष्ठीमा प्रस्तुत गरेको पत्रमा उल्लेख गरको थिएँ । मेरो यस लेखाइमा असहमति जनाउँदै सहभागीको तर्फबाट रमेश ढुङ्गेलले निम्नलिखित टिप्पणी गरे -

१. स्यामर्पा लामाको वासस्थान दिगर्चा होइन, अन्यत्रै हो अर्थात् उनी दिगर्चाबाट भागेर आएका होइनन् ।

२. उनको नाम स्यामर्पा लामा होइन, त्यसो लेख्नुहुँदैन ।

३. उनले दिगर्चाको टशीह्लुन्पो मठको धनसम्पत्ति हिनामिना पारेका होइनन्, उनको त्यस धनमा हक पनि थिएन ।

४. स्यामर्पा लामाको वंशावली मसँग छ । उनको परिचय भएको अभिलेख ताँवापत्र मैले पाएको छु ।

५. पाल्देन येशे व्यथा लागेर आफैँ मरेका होइनन्, चीनबादशाहद्वारा मारिएका हुन् ।

६. स्यामर्पा लामा पनि आत्महत्या गरेर मरेका होइनन्, नेपालसरकारद्वारा मारिएका हुन्   आदि

समाधान :

इतिहासमा प्रतिबद्ध भएका कुरालाई अन्यथा व्याख्या गर्न सबल उचित प्रमाणको आवश्यकता पर्दछ । अनुमानले निहित अभिनिवेशले कुनै निश्चित निबद्ध भइसकेको कुरालाई अन्यथा गर्न सकिँदैन । तर त्यहाँ रमेशले कुनै लिखित प्रमाण उपस्थित गरेका थिएनन्, मौखिक बकितं मात्र गरेका थिए । मैले उचित प्रमाणविना यस्ता कुरा मान्य हुन सक्दैनन् भन्दा उनी ठूलै मान्छेको पुठ पाएका र कतिले धाप दिइएका पनि हुँदा झन् हौसिएर कुरा काट्दै मैले मुस्ताङको अनुसन्धान गर्दा यस्ता अभिलेख प्रमाण पाएको हूँ भनी जिकिर गर्न लागे । मुस्ताङपरियोजनामा इतिहासतर्फ धनवज्र वज्राचार्य (हाल स्वर्गवासी) को सहायक भई काम गर्दै गरेका हुनाले धनवज्रलाई सोधियो । किन हो, उनले पनि केही प्रमाण त पाइएकै छन् भनेर भनिदिँदा र अरूको पनि सहानुभूति थपिँदा

टिप्पणीकर्ताको स्वर चर्को हुँदै आयो । विनाप्रमाणको मौखिक झर्कोलाग्दो लामो टिप्पणी सुनेपछि त्यस गोष्ठीका संयोजक महेशचन्द्र रेग्मीले 'ल ल भैगो, तिमी अभिलेख छाप वा देखाइदेऊ, अनि उहाँ संशोधन गर्नुहुन्छ" भनेर त्यो बहस टुङ्ग्याइदिएपछि कार्यक्रम अघि बढ्यो । अरू विषयमा जे छलफल भए, त्यसको चर्चा म पछि गर्नेछु । पहिले यही कुराको निर्निमेष गरेर समाधानपट्टि लाग्नुपरेको छ ।

त्यसपछि स्यामर्पासम्बन्धी सामग्री देख्न पाइन्छ भनेर म पर्खेर बसेँ । अशुद्धि भयो भन्ने आशङ्काले मेरो मन खाइरहेको थियो । रमेश ढुङ्गेलले भोलि पर्सि भन्दै टार्दै लगे । न ऐतिहासिक सामग्री नै द्रेखाए, न त कतै छापे । मलाई भने हेर्न हतार लागिरहेको हुँदा धनवज्र वज्राचार्यलाई देखाउन आग्रह गरेँ । होइन, मैले त त्यस्तो स्यामर्पासम्बन्धी केही नयाँ पाएको छैन, तपाईं हामीले पढेकै सिम्भूको स्यामर्पाको अभिलेख र एउटा अर्को अभिलेख मैले देखाइदिएको हुँ, अरू धेरै सामान पनि पाएको छु भनेर उनैले भनेकाले त्यही विश्वासको भरमा मैले होलान् भनेर भनेको मात्र हूँ, देखाएका चाहिँ छैनन् भनेर भन्दा म त झल्याँस्स भएँ । मलाई अशुद्धिको पीडाबोधले सताइरहेको थियो । अनि मैले रमेशसँग भेटको बेला क्या हो रमेशजी धनवज्रले पनि त्यस्ता ऐतिहासिक सामान पढेको रहेनछ, अब कि त देखाइदिनुपऱ्यो, देखाउन इच्छा नलागे चाँडै छपाइदिए पनि भयो, होइन भने त्यसै भनिदिएको केही प्रमाण पाएको छैन भनेर कायल हुनुपऱ्यो भन्दा उनीले 'म स्यामर्पा लामाकै बारेमा पि.एच्.डी. गर्दैछु, त्यसैमा सबै सामग्री समावेश गर्नेछु, अहिले फाटफुट गरेर छपाउँदिन' भनेर टारे । डेढ दुइ वर्ष यस्तै बित्यो ।

एक दिन एकजना रमेशकै अभिन्न मित्रसँग मैले यो कुरो कोट्याएँ, उनले रमेशले त्यस्तो अनेकौं सामग्रीहरू पाएको कुरा विश्वस्त भएर बताए । यसरी कुरा मात्र हाँकेर हुँदैन, भए देखाउन सक्नुपर्छ, आफ्नै नाउँमा छपाउनलाई के भद्रा हेरिरहनुपर्छ र ? यी सबै कुरा गोष्ठीसुख अनुभव गर्नका लागि मात्र गरिएका रहेछन्, यस्तो कुरामा विश्वास गर्नु मूर्खता मात्रै रहेछ, म त दिक्क भएँ ती मान्छेको चाल देखेर भनेर मैले फट्कारिदिएँ ।

त्यसपछि रमेश ढुङ्गेलले "आर्थिक नेपाल" मा स्यामर्पा लामाको सिम्भूको अभिलेख छपाए । अर्को एक सानो अभिलेख र यो अभिलेख धनवज्रकै सूत्रबाट पाएको उनले यत्ति नै रहेछ । यस अभिलेखको नेवारी भाषाको उपयोग वि.सं. २०१४ मा छापिएको ऐतिहासिक-पत्रसंग्रह १ भागमा धनवज्र र मैले गरिसकेका थियौं । अहिले सिनासमै काम गर्ने वाङ्दी लामाको सहयोगले तिब्बती भागको अनुवाद यसमा गरिएको रहेछ । नेवारी भागमा परेको कुरा यसमा पनि हुँदा उनले भने जस्तो नयाँ कुरा केही देखिएन ।

मैले माथि नै उल्लेख गरिसकेँ, इतिहासमा अनुमान र पूर्वाग्रहको कुनै स्थान छैन । फेरि यसमा राजनीतिको गन्धले छोयो भने त झन् बर्बादै हुन्छ । नेपालको आधुनिक इतिहासमा कलम चलाउँदा यस्तो कुरा अत्यन्तै सावधानीसँग चलाउनुपर्दछ । यसमा अलिकति होश पुऱ्याइएन भने विदेशी कूटनीतिज्ञको चक्करमा परिँदैन भन्ने कुनै निश्चय छैन ।

विक्रमको उन्नाइसौँ शताब्दीको तेस्रो चौथो दशकसम्ममा धेरै भारतीय भू-भागमा यूरोपीय साम्राज्यवादी शक्तिले जरो जमाइसकेको थियो। सबैलाई उछिनेर अघि बढेको ब्रिटिश इष्टइण्डियाकम्पनीको अधीनमा प्रायः उत्तर भारत परिसकेको थियो। यो व्यापारी संस्था हुँदा राज्य आफ्नो अधीनमा आउँदा नआउँदै यसले त्यस देशको व्यापार कारोबार पनि आफ्नो हात पारिहाल्थ्यो। उत्तर भारतमा खुट्टा जमाएपछि ब्रिटिश कम्पनीका कर्मचारीका आँखा नेपाल तिब्बत सुखीम भोटानमा पनि पर्न थाले। नेपालमा पसेर यताबाट सोझै भोटको व्यापारमा हात पसार्ने प्रयास कम्पनीका कर्मचारीहरूले शुरूदेखि नै गर्दै आएका थिए। उता समुद्री मार्गबाट पनि आर्थिक व्यापारी कारोबारमा उर्वर मानिएको एशिया महाद्वीपको भारत जस्तै महान् देश चीनमा पनि यिनीहरू पस्ने प्रयासमा लागेका थिए। त्यस वेला यिनको गृद्धदृष्टिबाट बच्न साह्रै हम्मे नै पर्दथ्यो। यस चार दशकसम्म नेपाल भोट चीनमा पस्ने प्रयास जारी राखेका भए पनि सफलता पाइहाल्नचाहिँ सकेका थिएनन्। कूटनीतिपटु यिनको प्रयोग भने जहींतहीं चलिरहेकै थियो।

विदेशी साम्राज्यवादी शक्तिसँग बहुतै होशियार भएर जोगिएर बस्नुपर्छ, नत्र त यिनका जालमा फसिन्छ भन्ने बडामहाराजाधिराज पृथ्वीनारायण शाहले राम्ररी बुझेका हुनाले नेपालीलाई यसमा सचेत गराइराखेका थिए। धर्मप्रचारको निहुँमा व्यापारी र राजनीति जाल बिच्छ्याउन नेपाल दूनका मल्लराज्यमा प्रवेश पाएका यूरोपीय पादरीहरू र यिनका चेलाचपेटाहरूलाई पनि पृथ्वीनारायण शाहले नेपालदूनमा अधिकार जमाउनेबित्तिकै निष्काशन गर्ने काम गरेका थिए। जयप्रकाश मल्ललाई सहायताको बहानामा नेपाल वश पार्ने नियतमा किनलकको नेतृत्वमा लड्न आएको अंग्रेजी फौजलाई त पहिल्यै पृथ्वीनारायण शाहले सिन्धुलीगढीबाट उँभो चढ्नै नदिई त्यहीं तहसनहस पारी धपाइसकेका थिए। यसै वेलादेखि नेपाली भारदार जनता पनि अंग्रेजी शक्तिदेखि सावधान भई टाढै बस्न चाहन्थे। भोटचीनमा पनि यूरोपीयदेखि जोगिनुपर्छ भन्ने भाव जागिसकेको थियो। नेपाल र नेपालबाट भोट पस्न इष्टइण्डियाका कर्मचारी भरमक्दूर प्रयासमा त छँदै थिए।

यसै सन्दर्भमा नेपालको भोटचीनसँग तकरार पर्नु कम्पनीका अधिकारीका लागि बडो स्वाद लाग्ने कुरा थियो। अनेक जुक्तिबुद्धि लगाएर कूटनीति खेलेर नेपालसँग भोटको, भोटसँग चीनको मनमुटाउ पार्नुपर्नेमा स्वयं पर्न आएकोमा यिनको ठूलो अभीष्ट सिद्धि भएको थियो। यसै माध्यमबाट झगडा मिलाउने वा एक पक्षलाई सहायता दिने निहुँमा पस्न पाए यतातिर आफ्नो प्रवेश पनि सुगम हुन्थ्यो भने झगडा लाइदिइराख्न पाए आफ्नो हात माथि परिरहन्थ्यो भन्ने ठानी यिनीहरू यसपट्टि बडो चाख मानेर टिठ लाएर हेरिरहेका थिए।

अभर परेको बेला त्यही मौका पारेर नेपाल चीनको मनमुटाउ मेटाउन मध्यस्थताको भूमिका खेल्न कम्पनीसरकारको तर्फबाट विलियम कर्कपेट्रिक नेपाल पस्न पाएका थिए। तर त्यति वेला नेपालको भोटचीनसँग सम्झौता भइसकेकोले कर्कपेट्रिकले एक महीना पनि नेपाल बस्न पाएनन्। कम्पनीसरकारको नेपालमा आफ्नो प्रतिनिधि

राख्ने, व्यापारीकोठी खोल्ने, नेपालको व्यापारमा आफ्नो हात पार्ने, त्यतैबाट तिब्बती व्यापारमा हात बढाउने आदि उद्देश्य थिए। परन्तु त्यस वेला नेपालीको उर्लिएको राष्ट्रभक्तिको अगाडि विदेशी कूटनीतिका कुनै षड्यन्त्र सफल हुन सकेका थिएनन्।

परन्तु परैबाट नेपाल भोटचीनको राजनीतिगतिविधिलाई भने विदेशी कम्पनीसरकारका अधिकारीहरूले तीखो आँखाले निध्याइरहेका थिए। विशेष गरेर काशीपटनामा रहेका कम्पनीका एजेन्ट नै नेपाल भोटचीनको परराष्ट्रनीतिको गतिविधि बुझ्थे र आफ्नो सरकारमा जाहेर गर्दथे। त्यस बेला बनारसमा बसेका जोनाथन डङ्कन नेपालसँगको लेखापढीकारोबारमा संलग्न थिए। यी यस्तै एजेन्टले वर्तमान परिस्थितिलाई आँकेर आफ्ना सरकारको भलाइका लागि भावी नीतिले परसम्म प्रभाव पार्ने कार्ययोजना बनाउँथे र त्यस्तै नीतिअनुसारका कुरा जनतामा ल्याउँथे। यिनले भोटचीनका बीचमा फाटो पार्न चीनबादशाहले पञ्चेनलामा पाल्देन येशेलाई मारे भनेर र चीनभोटसँग झगडा बढीरहोस् भनेर नेपालले स्यामर्पा लामालाई मार्‍यो भनेर आफ्ना सरकारलाई जाहेर गरेर प्रचार गरे भने यसमा कुनै आश्चर्य छैन। यी र यस्ता कुराबाट सत्यको खोजी गर्ने अनुसन्धाताले चाहिँ सावधानीपूर्वक जोगिएर चल्नुपर्दछ।

२. चीनबादशाह छियनलुङ : दोस्रो प्रसङ्ग र विवाद

राजकुमार नायब बहादुर शाहलाई अधिकारच्युत गरेर आफ्नो हातमा राज्यको हालीमुहाली लिएपछि राजा रणबहादुर शाह आफूलाई जे मन लाग्यो त्यही गर्न लागे। राजाले जे भन्यो त्यही अरूले मान्नुपर्छ, राजाले गर्न नपाउने र गर्न नसक्ने कुरा केही हुँदैन भन्ने सिद्धान्तअनुरूप उनी अगाडि बढे। संजोगले पशुपतिको यात्रामा आएकी एउटी परमसुन्दरी विधवा बाहुनी कान्तवतीलाई, पछि उनका छोरालाई राजगद्दी दिने शर्तमा पुनर्विवाह गरे। नभन्दै केही समयपछि कान्तवतीले छोरो पाइन्, तर कान्तवतीलाई क्षयरोग लाग्यो। आफू मरेपछि आफ्नो छोरालाई राजतिलक दिने कुरा के हुन्छ के हुन्छ भनेर रानीले आफू बाँच्दै छोरा राजा भएको हेर्न चाहिन्। राजालाई समस्या पर्‍यो। एकैचोटि बाबुछोरा दुवै राजा हुन पनि नमिल्ने, छोरालाई राजा नबनाई पनि नहुने, अब के गर्ने ? छोरा डेढ वर्ष पुगेका थिएनन्, आफू चौबीस वर्षका मात्रै थिए। पुरानो सनातन नियम-अनुसार बाबु बूढो भएपछि समर्थवान् छोरालाई राज्य सुम्पेर वानप्रस्थी वा संन्यासी भएर हिँड्ने चलन त थियो, तर आश्रमनियमानुसार उनको आफ्नो बिहे गर्ने उमेरै पुगेको थिएन भने छोराको त छेवर गर्ने उमेर पनि भएको थिएन। तैपनि आफू जोगी भएर हिँडेर छोरालाई राजगद्दी दिने नै निर्णय गरे र यसमा पछि मन्त्री भाइभारदारले केही बखडा निकाल्छन् कि भनेर धर्म भकाएर धर्मपत्र गराएर सबैको एकमत पारेर राज्य दिने काम सम्पन्न गरे। विरोधको आवाज निकाल्ने जतिलाई सख्त कडा सजाय दिए।

आश्रमधर्मअनुसार त यो काम गर्न मिल्ने थिएन भने यस्तो काम गर्ने प्रेरणा उनलाई कहाँबाट कसरी मिल्यो त भन्ने प्रश्नमा कुमाउँ गढवालको इतिहासमा पनि यस्तै घटना भएको थियो। यसैबाट रणबहादुर शाह यो काम गर्न सुरिएका हुन् भन्ने तर्क

बाबुराम आचार्यले गरेका छन्। त्यताको इतिहासबाट प्रेरणा पाए कि पाएनन् भन्न सकिँदैन, त्यस्तो कुनै लिखत भेटिएको छैन।

नेपालमा उपर्युक्त कार्य सम्पन्न भएको तीन वर्षपहिले पेचिनमा यस्तै कुरा भएको थियो। छिनवंशी सम्राट् छियनलुङ पच्चीस वर्षको उमेरमा वि.सं. १७९२ मा पेचिनको राजगद्दीमा आसीन भएका थिए। साठी वर्ष राज्य गरेपछि पचासी वर्षको वृद्धावस्थामा वि.सं. १८५२ मा समर्थवान् छोरा च्याछिङलाई राजगद्दी सुम्पेर आफू बूढा राजा मठमा बसेर ध्यान जप पाठ गर्न लागे। यस कुराको विधिपूर्वक सूचना नेपाल दरबारमा आएको थियो। वि.सं. १८४६ देखि अर्थात् भोटसँगको पहिलो युद्धपछि पाँच-पाँच वर्षमा नेपाली प्रतिनिधिमण्डल पेचिन जाने र पेचिनबाट प्रतिनिधि मण्डल यहाँ आउने नियमित परम्परा बसेको थियो। यस कारण दुवै राज्यका विशेष घटना जन्म, मृत्यु, राजपरिवर्तन आदिको सूचना विधिपूर्वक नै आदानप्रदान गर्ने चलन थियो। यस कारण मेरो विचारमा रणबहादुर शाहलाई यस्तो काम गर्ने प्रेरणा पेचिनबाटै मिलेको थियो, यद्यपि बाबुछोराको उमेरमा उहाँको र यहाँकोमा आकाश-पातालको फरक थियो। उहाँ बूढा बादशाह ८५ वर्षका वृद्ध थिए, छोरा च्याछिङ राजभार धारण गर्न समर्थवान् युवा भइसकेका थिए। यहाँ राजा बिहे गर्ने उमेरै नपुगेका २४ वर्षका मात्र भएका थिए भने छोरा भरखरका छेवर गर्न पनि नहुने डेढ वर्ष पनि नपुगेका दूधे बालक थिए, तापनि छोरालाई राज्य सुम्पेर आफू जोगी भएर मन्दिरमा गएर न्यास, ध्यान, जप, पाठ गरेर चीन बादशाहका झैँ बस्दा के फरक पर्ला भन्ने सोचेरै रणबहादुर शाहले त्यस्तो गरेका थिए भन्ने भावको कुरा मैले लेखेको थिएँ।

मैले लेखेको यस कुरामा चीनबादशाहको धर्मबारेमा चाहिँ असहमति जनाउँदै सहभागीको तर्फबाट हेमन्त राणाले होइन चीनियाँ बादशाह त इसाई धर्ममा प्रवृत्त थिए, त्यस कारण छियनलुङ कसरी मठमा गएर ध्यान जप पाठ गर्थे ? उनी त चर्चमा पो जान्थे यो कुरा लेख्नु ठीक भएन होला भनेर भने, यति सुइँको पाएपछि के निउँ पाऊँ भने जस्तो गरेर बसेका श्याम भुर्तेलहरू खनिए। मैले यो त परराष्ट्रमन्त्रालय जैसीकोठामा रहेका अभिलेख प्रमाणबाट लेखेको हुँ भन्दा यहाँ नेपालमा पाइएका प्रमाणले यो कुरा सिद्ध हुँदैन, चीनकै प्रमाण चाहिन्छ भनेर मेरा कुरामा सन्तोष मानेनन्। हेमन्त राणाले त सम्भावना जस्तो गरेर सौम्यभाषामा प्रश्न प्रस्तुत गरेका थिए तापनि श्याम भुर्तेलहरूले यसलाई निकै चर्को भाषामा पल्लवित पारे।

समाधान-

म चीन गएको थिइनँ, मैले यहीँ उपलब्ध प्रमाणले लेख्दै आएको थिएँ। सिनासमा कुनै पनि विशेष सौविध्य प्राप्त गर्न नसकेको अनुसन्धाता म मात्रै एक थिएँ। त्यस कारण मैले चीन गएर त्यहाँ अनुसन्धान गरेर त्यहाँका प्रमाण जुटाएर लेख्नु सम्भव थिएन। यो कुरा बुझ्नेले यसैमा अठ्याउने प्रयत्न गरेका थिए। उहीँबाट आएका लिखित भए पनि यहाँका प्रमाण नमान्ने भएपछि मेरो के लाग्यो।

यसपछि भोटचीनसँग सम्बद्ध व्यक्तिहरूसँग यस्ता प्रमाण पाउने प्रयास गर्न लागेँ। भोट चीन जानेहरूसँग त्यहाँ रहेका अभिलेख, मूर्तिहरूको चित्र ल्याउन आग्रह पनि गर्दथेँ। तर कतैबाट सफल भइनँ। कसैले एउटा फोटोसम्म ल्याइदिएन। नेपाल-भोटसम्बन्धी केही सांस्कृतिक पक्ष भन्ने किताबमा भृकुटिको मूल सद्दे फोटो राख्न मैले भरमग्दूर प्रयास गरेँ, सफल नभएपछि बलरामदास डङ्गोलको सहयोगबाट प्रकाशित किताबबाटै काम चलाउनुपर्‍यो। आज दश वर्षपछि नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको तर्फबाट वि.सं. २०५२ ज्येष्ठ २३ गतेदेखि असार ४ गतेसम्म चीनभ्रमण गर्ने ७ जनाको टोलीमा सम्मिलित भएर म चीन जान त समर्थ भएँ, तर छोटो अवधिको जवाइ केवल भ्रमणमा मात्र सीमित भयो, अध्ययन निरीक्षणको अवसरै थिएन। हामीलाई निमन्त्रणा गर्ने संस्थाले पेचिनको आनिकनिर्मित श्वेतचैत्यको निरीक्षण गर्ने कार्यक्रम राखेको रहेनछ। श्वेतचैत्य हेर्ने हाम्रो आग्रह भएपछि त्यो हेर्ने अवसर त मिल्यो, तर पहिले निर्धारित तियेनमेनचोकको नजिक अवस्थित पुरानो कुनकाम दरबारको संग्रहालय हेर्ने र सांस्कृतिक कार्यक्रम हेर्ने, कार्यक्रमचाहिँ रद्द गरियो। स्थलगत निरीक्षण गर्नु भनेको स्वान्तः सुख मात्र हो, यस्ता पुराना स्मारक मठ, मूर्ति, अभिलेखहरू टुलुक्क हेरेर कुनै अर्थ हुँदैन, गहिरिएर अध्ययन गर्नुपर्छ।)

यस्तैमा वि.सं. २०४४ मा सत्यमोहन जोशीको कलाकार अरनिकोनामक पुस्तक प्रकाशित भएर नेपाल र एशियाली अनुसन्धानकेन्द्रको पुस्तकालयमा आयो। जोशीले धेरैपल्ट चीनमा आवतजावत गर्ने उहीँ बसेर अध्ययन अध्यापन तथा रेडियो पेचिनमा जागिरे भएर अनुसन्धान गर्ने मौका समेत पाएको हुँदा आनिक र उनले बनाएको श्वेतचैत्यको बारेमा निकै प्रकाश पारेको छ। त्यो अर्कै प्रसङ्ग हो। त्यो पुस्तक हेरेपछि मसँग सम्बद्ध कुरा त्यसमा समाविष्ट भएको पाइएकाले इतिहासविषयक गोष्ठीमा नेपालमा पाइएका प्रमाणले चीनको इतिहासको कुरा प्रमाणित गर्न पाइँदैन भन्ने श्याम भुर्तेलहरूको तर्काभासमा पनि समाधान भेटिएकोले म दङ्ग परेँ। चीनबादशाह छियनलुङ इसाई हुन् भन्नेहरूको मुखबुजो लाउन पेचिनमै मौजूद रहेका प्रमाणहरू यस पुस्तकमा प्रस्तुत गरिएका रहेछन्। ती यहाँ निम्नानुसार उद्धृत गर्दैछु -

"छिङ वंशका खाङसीको सत्ताइस वर्ष (सन् १६८६-वि.सं.१७४३) मा सम्राट्बाट म्याउ यिङस विहारमा पुरानो अनुहारलाई नयाँ पारेर अभिलेखस्तम्भ राखेको।"

"छिङ वंशका सम्राट् छियनलुङ्गको अठार वर्ष (१७५३- वि.सं. १८१०) सम्राट्ले श्वेतचैत्यमा पुनः जीर्णोद्धार गरी श्वेतचैत्यको उष्णीषचूडामणिखण्डमा रहेको तावाँको चैत्यभित्र बौद्ध सूत्रग्रन्थहरू स्वयं आफैँले सारेको, प्रज्ञा पारमिता दृश्य सूत्र र अनेकन् बौद्ध कलाकृतिहरू चढाई सुरक्षित गरेको तथा सम्राट्ले अभिलेखस्तम्भ राखेको।"[२]

श्वेतचैत्यको प्राङ्गणमा सम्राट् खाङसीको शिलालेख र सम्राट् छियनलुङको शिलालेख पनि चीनमा चलेका लिपि र भाषामा कुँदिएका अहिलेसम्म अवस्थित छन्।[३]

---

[२] कलाकार अरनिको, पृष्ठ ५८, तल चित्र नं. १ हेर्नू।

[३] तल चित्र नं. २, ३ हेर्नू।

अहिले पुराना सक्कल शिलालेख सुरक्षित ठाउँमा लगेर राखिएका र तिनको ठाउँमा काठका ठूला फलेकमा सक्कलबमोजिम नक्कल दुरूस्त पारेर प्रतिलिपि राखिएका रहेछन्। यस्ता अभिलेख यहाँ धेरैवटा छन्।

उपर्युक्त कुराबाट छिङवंशी बादशाहहरू बौद्धमार्गी थिए भन्ने बुझिन्छ। खाङ्सीले श्वेतचैत्यको बौद्धविहार जीर्णोद्धार गरी अभिलेख राखेको, बादशाह छियनलुङले श्वेतचैत्यमा कलाकृति बनाएर आफ्नै हातले सारेर पवित्र बौद्धग्रन्थ चढाएको, उनका छोरा च्याछिङले बौद्धविहार जीर्णोद्धार गरी श्वेतचैत्यको छत्रावलीमा अभिलेखयुक्त ताँवाको घण्टा चढाएको तथा उनका छोराले पनि श्वेतचैत्यको जीर्णोद्धार गरेर कलाकृति र घण्टा चढाएको देखिन्छ। हामीले चर्चा गरेका बादशाह छियनलुङले त बौद्धमार्गीहरूले पाठ गर्ने पवित्र ग्रन्थ प्रज्ञापारमिताहृदयसूत्र आफ्नै हातले सद्दौट गरेर विहारको पुस्तकालयमा राखिएको देखिएकोले उनी निश्चित बौद्धमार्गी थिए भन्ने कुरा स्पष्टै बुझिन्छ। उनलाई तथाकथित इसाई बनाइनु वास्तवमा कुरा नबुझ्नु मात्र हो।

त्यस बेला धर्मप्रचार गर्ने, व्यापार गर्ने उद्देश्य लिएका यूरोपीयहरू चीन नपुगेका होइनन्। ब्रिटिश सम्राट्का दूतहरू पनि पेचिन पुगिरहेका थिए। चीनबादशाहले बेलायती बादशाहलाई लेखेका चिठीपत्र पनि प्रकाशित भएका छन्। उदार शासकहरू धर्ममा कट्टर हुँदैनन् र कुनै एक धर्मप्रति मात्र अभिनिवेश राखेर अरू धर्मावलम्बीहरूलाई सताउँदैनन्, यति मात्र हो। अहिले त झन् धर्मनिरपेक्षता प्रजातान्त्रिक राज्यको सिद्धान्तै भएको छ।

व्यापारी र राजनीतिजाल बिछ्याउने मूल गूढ रहस्य नबुझेर मल्ल राजाहरूले पनि केपुचिन पादरीहरूलाई धर्मप्रचार गर्ने छूट दिएका थिए। औषधिविज्ञानबाट प्रभावित भएर मुगलबादशाहले यूरोपेलीहरूलाई भारतमा व्यापार गर्न पाउने अधिकार दिएका थिए। तर त्यस्ता प्रमाणहरूले न जयप्रकाश मल्ल, रणजित् मल्लहरूलाई इसाई भन्न सकिन्छ न मुगलबादशाहलाई त्यसो भन्न सकिन्छ। चीनबादशाह इसाई धर्मप्रचारकबाट प्रभावित भए हुन्, कुनै कुरामा उपकृत भए हुन् र उनले इसाईहरूप्रति सहानुभूति प्रकट गरे हुन्, त्यसैमा कुनै यूरोपीयले उनलाई आफ्नो धर्म मान्ने भनिदिए हुन्, त्यस्ता कुराले कसैप्रति कुनै धारणा व्यक्त गर्नु उचित हुँदैन। मूलभूत कुरा विचार गरेर प्रमाण पैल्याएर छ्यानविचार गर्न सक्नुपर्छ। कुनै विदेशीले त्यस्तो लेखेको भए पनि चीनबादशाहले पञ्चेन लामालाई मारे, नेपालसरकारले स्यामर्पा लामालाई मार्‍यो भन्नु जस्तै यो कुरा पनि प्रमाणकोटिमा चढ्ने देखिँदैन।

❖



सम्राट् छियनलुङले श्वेतचैत्यमा चढाएको स्वहस्तलिखित प्रज्ञापारमिताहृदयसूत्र



श्वेतचैत्यको प्राङ्गणमा सम्राट् खांगसीको शिलालेख



श्वेतचैत्यको प्राङ्गणमा सम्राट् छियनलुंगको शिलालेख

एकतादिवसको मूल मर्म र आजको सन्दर्भ

- बद्री पाण्डे*

हिमालको काखमा विराजमान गोर्खाराज्यले वि. सं. १७७९ पौष २७ गते एक महान् सन्ततिको जन्म दियो। जुन सन्ततिले कालान्तरमा दूरदर्शिता, युद्धकुशलता र दृढताका कारण विशाल नेपालको एकीकरण गऱ्यो। त्यसै हुनाले श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहलाई हामी राष्ट्रनिर्माता भन्दछौँ, राष्ट्रिय एकताको प्रतीक मान्दछौँ। उहाँको एक हुनुपर्दछ भन्ने आह्वानका साथ उभिएको चोरऔँलामा पूर्व मेचीदेखि पश्चिम महाकालीबीचको सुन्दर बस्तीको चित्र भेट्दछौँ, चार वर्ण छत्तीस जातको रङ्गीबिरङ्गी साझा फूलबारीमा ढकमक्क फुलेका फूलहरूको सुगन्धको अनुभूति हुन्छ प्रत्येक नेपालीलाई।

आर्यसभ्यताको जननी, ऋषिमहर्षिहरूको ज्ञानमयी वाटिका नेपालभूमि (तपोभूमि) त्यस बखत छिन्नभिन्न अवस्थामा थियो, बाइसे चौबीसे र अन्य थुप्रै राज्यहरूको विभाजनको पीडाले ग्रस्त थियो। यदि छरिएर टुक्रिएर रहेका राज्यहरूलाई एउटै मालामा उन्ने प्रयास नभएको भए हाम्रो अस्तित्व, अस्मिता र गरिमा आजको जीवन्त अवस्थामा हुने थिएन; अपितु निमिट्यान्न भइसक्ने थियो। पश्चिमतिरबाट बग्दै आएको साम्राज्यवादी हावाबाट विश्वका विशाल शक्तिकेन्द्रहरू प्रभावित हुँदै थिए, पराधीन हुँदै थिए। हामीकहाँ तिनै सानासाना राज्यहरू पनि तुच्छ स्वार्थका लागि आपसी लडाइँमा व्यस्त थिए, यस परिस्थितिमा भाइ फुटे गँवार लुटे भन्ने उखान चरितार्थ हुन गाह्रो थिएन। यस विषम परिस्थितिमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले राष्ट्रिय एकताका लागि युद्धको शंख बजाउनुभयो, एकीकरण गरेरै छाड्नुभयो। फलतः आज हामी नेपालीहरूको

---

* आचार्यतहका छात्र, वाल्मीकिविद्यापीठ

शिर उँचो छ, चन्द्र र सूर्यअंकित रातो झण्डा खुला आकाशमा फरफराइरहेको छ। नेपाली हुनुको गौरवले कहिल्यै कमी महसूस भएको छैन। इतिहासका स्वर्णिम पानाहरूमा नेपाल, नेपाली र उनीहरूको खुकुरीको ठूलो सान छ।

नेपालको भौगोलिक रूपमा एकीकरण भयो, धेरै राजाहरूलाई पराजित गराएर आफूमा समावेश त गराइयो। तर त्यसलाई चिरस्थायी बनाउन पनि ठूलो दूरदर्शिताको, ठूलो शक्तिको खाँचो थियो, त्यसलाई उहाँले सजिलै पूरा गर्नुभयो। पराजित मानसिकताको हीनताबोधले शासक, सैनिक र जनताहरूबाटै प्रतिक्रान्तिका विकिरणहरू निस्कनु स्वाभाविक थियो। अत: उहाँले भौगोलिक एकतालाई भावनात्मक एकतामा रूपान्तर गर्नुभयो, सबै जनतालाई समानताको दृष्टिले हेर्न थाल्नुभयो। सबैखाले जातजाति, धार्मिक सम्प्रदाय, सांस्कृतिक सामाजिक झाँकीहरूको अनेकतामा आफूलाई सहज, स्वाभाविक र मौलिक बनाउनुभयो। सबैलाई समान स्नेह र अवसर दिन थाल्नुभयो। उहाँको यही चिन्तनलाई नै राष्ट्रिय एकताको मूल मर्म ठान्नुपर्छ। यही एकतालाई, यही चिन्तन र सोचाइलाई निरन्तरता दिने उद्देश्यले राष्ट्रिय एकतादिवस मनाउने प्रचलन छ। एकतादिवस र पृथ्वीजयन्ती त्यसैले एक अर्काका पूरक हुन्। यी दुवैलाई एकै दिन मनाउनु सान्दर्भिक छ, अर्थपूर्ण छ।

आज हाम्रो एकता स्थायी भइसकेको छ। सानासाना टाकुरे राज्यहरूको सीमारेखा मेटिइसकेका छन्, नेपालीको साझा भावनाले सबैलाई समेटेको छ। अर्कातिर साम्राज्यवादी दृष्टिकोणका पृष्ठपोषकहरू निरुत्साहित भइसकेका छन्। साम्राज्यवादी चिन्तन बुच्चो भइसकेको छ। यी कारणले गर्दा पूर्व मेची र पश्चिम महाकालीबीचको भू-भागलाई कसैले आँखा गाड्न सक्तैन। हाम्रा पुर्खाहरूको रगत र पसिनाको मूल्यको कसैले अवमूल्यन गर्न सक्तैन। तर एउटा प्रश्न हामीले इमान्दारीका साथ उठाउनैपर्छ। के हाम्रा पुर्खाहरूले आर्जन गरेको विशाल नेपालको भूगोल सगरमाथा जत्तिकै अचल र अटल भए जस्तै हाम्रा पुर्खाहरूले नै दिएको राष्ट्रिय एकताको चिन्तन अचल अटल र निरन्तर अगाडि बढ्दैछ त ? हाम्रा वर्तमानका क्रियाकलापले हाम्रो गरिमा, ऐतिहासिक गौरवलाई खस्काएका त छैनन् ?

जसरी फूलबारीको मालीले सबैखाले फूलहरूलाई समान मलजल दिनुपर्छ, त्यसरी नै राष्ट्रको मूली सरकारले पनि सबैलाई समान स्नेह र सहयोग दिनुपर्ने कुरामा दुइ मत छैन। यदि उसबाट त्यो हुन सकेन भने फूलबारी, फूलहरू नष्ट भए झैं राष्ट्र पनि टुटेर जान्छ। त्यति मात्र होइन, राष्ट्रलाई बचाइराख्न जीवन्त राख्न त्यहाँका जनताहरूमा एकता भइरहनु साझा अधिकार साझा दायित्वबोध भइरहनु आवश्यक हुन्छ। जस्तो कि कुनै पनि परिवारलाई सुखी र शान्त बनाइराख्न त्यस परिवारका सदस्यहरूबीच एकताको खाँचो छ। जसरी परिवारमा एकता नहुँदा परिवार समाप्त भएर जान्छ, त्यसरी नै राष्ट्रिय उन्नति र प्रगतिका लागि सबै जनतामा एकताको खाँचो छ, राष्ट्रिय एकताको खाँचो छ।

एकता यस्तो कुरा हो जो शक्ति प्रयोग गरेर कायम गर्न सकिँदैन, लादेर लादिँदैन। यो त दुइ वा दुइभन्दा बढी पक्षबीचको सहमति हो, सम्झौता हो, मध्यस्थता हो। मेरो

गोरुको बाह्रै टक्का, "म खाऊँ मैं लाऊँ सुखसयल वा मोज म गरूँ"को भावनाले यो संभव हुन्न । यसका लागि त "सर्वे भवन्तु सुखिन: सर्वे सन्तु निरामया:"को उदात्त भावना हुनुपर्दछ । म जस्तै सबै हुन्, मेरा निम्ति जस्तो दु:ख हुन्छ, अर्काको निम्ति पनि उस्तै हुन्छ भन्ने विशाल सोच चाहिन्छ । अझ हाम्रो सन्दर्भमा राष्ट्रिय एकता त पुर्खाहरूको स्मरण हो । उनीहरूको त्याग-बलिदान र समर्पणको मर्म बुझ्ने संकेत नै काफी छ एकताका लागि । उनीहरूको सागर जत्तिको विशाल भावनाले हामीलाई कहिल्यै राष्ट्रिय एकताको गन्तव्यबाट विचलित हुन दिन्न । तर पनि आज हामी किन विचलित भइरहेका छौं, किन हाम्रा खुट्टाहरू लर्खराएका छन् । यसका पछाडि थुप्रै कारणहरू हुन सक्छन् ।

मेरो जात अरूको भन्दा ठूलो, मेरो धर्म अरूको भन्दा उत्तम, मेरो संस्कृति अरूको भन्दा राम्रो आदि संकीर्ण सोचाइहरू, यस्ता खाले मनोवृत्तिहरू नै यस कुराका मुख्य कारकहरू हुन् । यी कुरालाई सबै पक्षले त्याग्नु अरूका प्रति सम्मान गर्नु नै आजको आवश्यकता हो । अर्कातिर एकतालाई खल्बल्याउने अर्को पक्ष गरीबी पनि हो । जसरी कुनै परिवार दिनप्रतिदिन गरीब हुँदै जान्छ, स्रोत र साधनको पूर्ति गर्न सक्दैन, खान र लाउनको समस्या टड्कारो रूपमा अगाडि आउन थाल्छ, त्यस घरका मान्छेहरूमा मनमुटाव बढ्छ, कलह हुन्छ र एकता खल्बलिन्छ । आज हाम्रो देशमा ठीक त्यही दुर्दशा आइलागेको छ । स्रोत र साधन यथास्थितिमा छ, जनसंख्या आकाशिँदो छ, एउटाले पेटभरि खाँदा १० जनाको पेट खाली हुन्छ, एउटाले शरीरभरि कपडाले छोप्दा १० जना नाङ्गै हुन्छन् । त्यसपछि अनेक समूहको नाम दिएर, वर्गको विभाजन ल्याएर स्वार्थपूर्ति गर्न मान्छेहरू उद्यत हुन्छन् । भोकै मर्नुका अगाडि राष्ट्रिय एकता, मेलमिलाप जस्तो महान् प्रश्न फिक्का हुन्छ ।

यी सबै दुर्दशाबाट देशलाई रोक्न पृथ्वीनारायण शाहको चिन्तनलाई कार्यान्वयनमा ल्याउनु आजको आवश्यकता हो । राष्ट्रिय एकतादिवस वर्षको एक दिन मनाउने त्यही पनि औपचारिकता पूरा गर्ने मनसाय मात्र नितान्त दु:खद पक्ष हो । पृथ्वीनारायण शाहको सालिक र फोटोमा फूलमाला र अबीर लगाएर केही हुनेछैन । फूलमाला लाउनेहरू पनि ज्यालामा खटिए जस्ता देखिन्छन् । जो मन्त्री हुन्छ, त्यसले मात्र मनाउनुपर्छ भन्ने मानसिकताबाट हामी ग्रस्त छौं । उहाँको राष्ट्रिय एकताको चिन्तनलाई निरन्तरता दिनुपर्छ, ताजा बनाउँदै लैजानुपर्छ । यदि उहाँका भनाइलाई कार्यान्वयन गर्ने हो भने देशले सम्पन्नता हासिल गर्न सक्छ, गरीबी निवारण गर्न सक्छ ।

दुइ तीन सय वर्षपछि पनि उहाँका वाणीहरू उत्तिकै सान्दर्भिक र समयसापेक्ष छन् । स्वदेशी उद्यमीहरूलाई तालिम दिएर स्वदेशमै वस्तुको उत्पादन बढाउनु र सामानहरू विदेशतिर पैठारी गर्नु, खेतीयोग्य जमिन छ भने बस्ती भए पनि अन्यत्र सारेर खेती गर्नु, खनिजखानीको सम्भावना देखेमा त्यसको पनि सदुपयोग गर्नु आदि कुराहरू आधुनिक अर्थशास्त्रको सिद्धान्तभन्दा पनि निकै अगाडि छन् ।

हाम्रो विविधता नै हाम्रो महत्ता हो, यसलाई बचाइराख्नु नै हाम्रो दायित्व हो । एकताको फूल सदियौं फुलिरहनुपर्छ, एकताको फल सदियौं फलिरहनुपर्छ, यसैमा हाम्रो सफलता हुन्छ । एकतादिवसको मूल मर्म नै यही हो ।

❖

चैलकर कपडाको उत्पादनमा लागेको कर होइन

दिवाकर आचार्य*

लिच्छविकालमा जनताले राज्यलाई साना-ठूला विभिन्न करहरू बुझाउँथे। यस्तै करहरूमध्ये चैलकर पनि एक हो। चैलकरको उल्लेख भीमार्जुनदेव+जिष्णुगुप्तको संवत् ५५ को बलम्बूअभिलेखमा, भीमार्जुनदेव+जिष्णुगुप्तकै संवत् ५७ को थानकोटअभिलेखमा र राजाको नाम तथा संवत् दुवै फुटिसकेको नारायणचौरअभिलेखमा समेत गरी जम्मा तीन अभिलेखमा परेको छ। 'चैल' शब्द संस्कृतमा कपडाको अर्थमा प्रचलित छ र यसैका आधारमा इतिहासविद्हरूले 'चैलकर' को अर्थ 'कपडाको उत्पादनमा लागेको 'कर' भनी गर्ने गरेका छन्। श्रीधनवज्र वज्राचार्यले माथि उल्लिखित बलम्बूअभिलेखको व्याख्या गर्दै भन्नुभएको छ[1] - "किरातकालदेखि नै नेपालमा कपडा बुन्ने व्यवसायको जग बसेको

---

* सहायक-प्राध्यापक, वाल्मीकिविद्यापीठ

१ · वज्राचार्य २०३० : ४२१ (अभिलेखसंख्या ११०)।

· धनवज्र वज्राचार्य (हाल स्वर्गवासी) र उहाँका संशोधन-मण्डलका साथीहरूले पं. नयराज पन्तको निर्देशनमा इतिहासक्षेत्रमा पूर्ववर्तीहरूले गरेको अशुद्धि र त्रुटिलाई सच्याउनमा र आवश्यक आधिकारिक व्याख्या दिनमा एउटा युग नै खर्च गरेका छन्। त्यसैले नेपालको इतिहासको अध्ययनलाई विशेष गरी संस्कृतनिष्ठ लिच्छविअभिलेखहरूको अध्ययनलाई व्यवस्थित रूप दिने श्रेय 'संशोधन-मण्डल' लाई नै छ। आफूसहित सिङ्गो 'संशोधन-मण्डल'ले हासिल गरेका उपलब्धिहरूलाई समूहन गरी पुस्तकाकारमा प्रस्तुत गर्नमा श्रीधनवज्र सफल हुनुहुन्छ र लिच्छविअभिलेखहरूको हालसम्म सर्वाधिक परिष्कृत पाठ र आधिकारिक व्याख्या उहाँकै रहेको छ। त्यसैले मैले यहाँ श्रीधनवज्रलाई प्रतिनिधिका रूपमा उद्धृत गरेको हुँ। उहाँभन्दा पछिकाहरूले अधिकांशमा उहाँकै अनुसरण गरेका छन्। तसर्थ त्यस्ता परवर्तीहरूको व्याख्यामा रहेका गुणदोष पनि धेरै हदसम्म तिनीहरूका नभई संशोधन-मण्डलकै वा धनवज्रजीकै हुन् र इतिहासको क्षेत्रमा

थियो । लिच्छविकालमा पनि कपडा बुन्ने व्यवसाय कायमै रह्यो । यसैले, त्यस बेलाका अभिलेखमा ठाउँठाउँमा चैलकरको उल्लेख आएको छ । कपडालाई संस्कृतमा 'चैल' भनिने हुनाले 'चैलकर' कपडाको उत्पादनमा लागेको कर हो भन्ने निश्चित छ । यस अभिलेखमा जोल्प्रिङग्रामपाञ्चालीका बासिन्दाहरूलाई 'चैलकर' माफी गरिदिएको कुरा परेको छ । थानकोटको जिष्णुगुप्तको अभिलेखमा पनि चैलकर माफी गरिदिएको कुरा परेको छ । यसबाट बलम्बू थानकोट भेकमा कपडा बुन्ने व्यवसाय बढी चलेको संकेत पाइन्छ ।"

अभिलेखहरूको ठीक-ठीक विश्लेषण नगरिकनै गरिएको यो निर्णय सरासर गलत छ । यद्यपि संस्कृतमा कपडालाई 'चैल' पनि भनिन्छ । 'चैलकर' शब्दले शाब्दिक रूपमा 'कपडाको उत्पादनमा लागेको कर' भन्ने अर्थ पनि दिन सक्छ, तथापि जहाँसम्म लिच्छवि-अभिलेखहरूको अध्ययनको कुरो छ, उपर्युक्त अर्थ स्वीकृत हुन सक्दैन ।

वस्तुत: चैलकरको सम्बन्ध चैल (कपडा) सँग नभएर चिल (चिलक) सँग छ । चिलक वनपैदावार हो र यसको उल्लेख शिवदेव+अंशुवर्माको चाँगुको अभिलेखमा भएको छ[२], तर उक्त सूचनातर्फ कसैको पनि ध्यान गएको छैन । अभिलेखका ११-१५ पंक्तिभित्र चिलकको सूचना समेटिएको छ, परन्तु दुर्भाग्यवश यही अंश बढी खण्डित छ । श्रीधनवज्रसमेत 'यो अभिलेख अप्ठ्यारो ठाउँमा रहेको र अलि खिइएको पनि हुनाले यसको पाठ शुद्ध्याउने काम गर्न सकिएन' भनी टकटकिनुभएको छ र उहाँसहित कसैलाई पनि उपर्युक्त अंशको अर्थविश्लेषणमा सफलता मिलेको छैन । सबैले 'चिलक' पदलाई चूपचाप छाडिदिएका छन् । यसै गरी 'भवद्भ्यो मुच्येत' यस पदावलीले सबैलाई भ्रमित तुल्याएको छ र सबै नै यसको 'माफी गरिनेछ' भन्ने उल्टो अर्थ गर्न पुगेका छन् । त्यसैले अभिलेखको उक्त अंशको मात्र भए पनि पाठ-पर्यालोचन र पुनर्व्याख्या जरूरी हुन पुगेको छ । सामान्य संशोधनपछि[३] मूलपाठ यस्तो हुन्छ- 'अङ्गारञ्च चक्रसरलकाष्ठ ... य प्रसादश्च यथा प्राग् ... स्त ... श्रोभोपरिखाभोङ्खा ... वाग्वत्या .... त्य ... ग्राममहानूद्य ... रन-पुरो युष्मद्(वंश्यै)[४]श्च कैश्चिद्विक्रेयाश्चिलकं च कञ्चिदप्यशेषमविक्रेयं यथा प्रतिषिद्धवस्तुद्वयमज्ञानाद्यर्थं ग... द्धिक... कृताङ्गार(श्चि)[५] लकाक्षेपोसौ भवद्भ्यो मुच्येत'

कलम चलाउने आफ्नो सौख मात्र पूरा गरेका हुन् । संशोधन-मण्डलका युवा पुस्ताका सदस्यहरू गौतमवज्र वज्राचार्य, ज्ञानमणि नेपाल, महेशराज पन्त आदिले लिच्छविअभिलेखभित्रका केही जटिल समस्याहरूलाई सुल्झाएका छन् । यिनलाई मैले श्रीधनवज्रजीकै अवर-समकालिक मानेको छु, परवर्ती होइन ।

चैलकरलाई कपडाको उत्पादनमा लागेको कर हो भनी लेख्ने पहिलो व्यक्ति सिल्वाँ लेभी हुन् । उनको यस व्याख्यालाई श्रीधनवज्रले यथावत् स्वीकार्नुभएको छ उहाँपछिका सबैले यसैलाई सकार्दै आएका छन् ।

२ वज्राचार्य २०३० : २३३-२३४ (अभिलेखसंख्या ५८) ।

३ मैले यहाँ प्रस्तुत अभिलेखांशमा दुइ ठाउँमा सामान्य संशोधन सुझाएको छु, तर यी दुवै संशोधनलाई बेवास्ता गरेरै पनि औंल्याउन खोजिएको 'चिलक' को सूचना पाउन सकिन्छ । मैले दुवै ठाउँमा लिपिसादृश्य, प्रसंग र पूर्वापर संगतिका आधारमा पाठ सच्याएको छु, मैले मूल शिलालेख वा त्यसको प्रतिलिपि पढ्ने सौभाग्य पाएको छैन ।

४ पूर्वपाठ 'युष्मद् - सैश्च' रहेकोमा प्रसंग र लिपिसादृश्यमा विचार पुऱ्याई 'युष्मद्वंश्यैश्च' पाठ पढिएको हो ।

पहिले भएका गल्तीहरू सच्याउँदा र छुटेको अंशलाई समेत समावेश गर्दा उपर्युक्त अंशबाट यस्तो अर्थ निस्कन्छ-

गोल पनि ... सल्लोको[६] काठ.... निगाह पनि साबिकबमोजिम... श्रोभो खाई भोड्ख्वा... वाग्वतीको ... ग्राम (सीमाभित्र?) ... तिमीहरूको (वंशका) केहीले बेच्ने गरेका (?) र चिलक पनि कुनै पनि हालतमा कत्ति पनि बेच्न पाइँदैन। यसरी रोक लगाइएका दुवै वस्तु अज्ञानादिले ... बनाएको गोल र जम्मा गरिएको चिलकसमेत तिमीहरूसँगबाट खोसिनेछ (जफत गरिनेछ)[७]।

यो अभिलेख गुङ्दीमक ग्रामका जनतालाई गरिदिएको शिलापत्र हो र यसमा कोट्टभित्रको वनक्षेत्रसहित थप क्षेत्र ग्रामलाई सुम्पिएको कुरा परेको छ। यसरी वनक्षेत्र सुम्पँदा गाउँका बासिन्दाहरूलाई दुइ कुरामा सचेत गराइएको छ- राम्रा जातका काठको गोल नपार्न र चिलक जम्मा नगर्न। यस्तो गरिएमा थाहा नपाइकनै गरेको भए पनि ती दुवै वस्तु जफत गरिनेछन् भनी कडाइसमेत अपनाइएको छ। साथै 'चिलक, त कुनै पनि हातलमा कत्ति पनि बेच्न पाइँदैन' भनी चिलक जम्मा गर्न र बेच्न कडा शब्दमा निषेध गरिएको छ। यति मात्र नभई निजी वनबाट काठ काटी बेच्दासमेत निश्चित नियम पूरा गर्ने निर्देशन दिइएको छ।[८] यो सबै गर्नुको उद्देश्य राम्रा जातका काठको दुरुपयोग र तस्करी एवं जडीबुटी र उपयोगी वनपैदावारको तस्करी रोक्नु नै रहेको हुनुपर्छ।

चिलक के हो ?

माथिको प्रसंगमा पटक-पटक आएको र विशेष महत्त्व पाएको चिलक आखिर हो के त ? स्वाभाविक रूपमा प्रश्न उठ्छ। उपर्युक्त अभिलेखमा आएको 'चिलक' वनस्पति हो भन्ने कुरामा शंका छैन। संस्कृत कोषहरूमा चिलक शब्द भेटिन्न, तर अलिकति

---

५ पूर्वपाठ 'कृताङ्गरश्चलकाक्षेपोसौ' रहेकोमा अभिलेखको आशय, प्रसंग र पूर्वापर-संगतिसमेतका आधारमा 'कृताङ्गरश्चिलकाक्षेपोसौ' पाठ सच्याइएको छ। 'चलक' को यस प्रसंगमा कुनै अर्थ छैन, जबकि लगत्तै एक पंक्तिअघि 'चिलक' बेच्नमा रोक लगाइएको प्रसंग आएको छ। यहाँ पनि 'चिलक' पाठ लिँदा रोक लगाइएका दुइ वस्तु- गोल र चिलक सही हुन पुग्छन्।

६ कोषहरूमा 'चक्र' नामको अलग वृक्षको सूचना छैन। 'चक्रसरल' लाई एउटै शब्द मान्दा पनि यो शब्दकोषहरूमा भेटिँदैन। सल्लोका विभिन्न जातमध्ये 'देवदारु' र सामान्य सल्लोको मात्र कोषहरूमा उल्लेख छ। धेरै हदसम्म 'चक्रसरल' यस्तै उल्लेख नभएका जातिमध्येको कुनै हुन सक्छ। कतै यो गोब्रेसल्लो त होइन ?

७ पञ्चमी विभक्तिभन्दा परतिर आएको 'मुच्' धातुको अर्थ कसै बाट कुनै चीज खोस्नु वा कसैलाई कुनै चीज वञ्चित गराउनु भन्ने हुन्छ। जसबाट केही चीज खोसिन्छ त्यो पञ्चमी विभक्तिमा हुन्छ र जे खोसिन्छ, त्यो प्रथमा विभक्तिमा हुन्छ। हेर्नुहोस्- मोनियर १८९९: 'मुच्'।

८ 'स्ववनादाहृत्य... चत्वारिंशदधः सरलकाष्ठं विक्रीणतां वोवस्कराधिकृतैः...' आफ्नो निजी वनबाट लगी ... चालिसभन्दा कम सल्लाका काठ बेच्दा तिमीहरूको पतकरसम्बन्धी अधिकारी (?) ले (जाँच गर्नू) (यस अंशको श्रीधनवज्रको अनुवाद नपुग र कामचलाउ मात्र भएकोले उहाँको अनुवादलाई सच्याई यहाँ मूलसहित प्रस्तुत गरिएको छ। तुलनाका लागि हेर्नुहोस्- वज्राचार्य २०३० : २३४, २३५)

ध्वन्यन्तरमा वनस्पतिलाई नै बुझाउने 'चिल्लक' शब्द भेटिन्छ।[९] शब्दको प्रकृतिअनुसार चिलक वा चिल्लक दुवै शब्द स्थानीय भाषाको संस्कृत अनुकरण जस्ता देखिन्छन् र यी दुवैलाई एउटै मान्न सकिने सम्भावना छ।

चिल्लक भनेको लोध हो। यसको रूख १०-१२ फीट अग्लो हुन्छ र यो भरतखण्डभरि नै पाइन्छ। संस्कृत साहित्यमा लोधको चर्चा पटक पटक आएको छ, कहिले सौन्दर्यप्रसाधनका रूपमा त कहिले विभिन्न उपमा दिने प्रसंगमा। प्राचीन समयमा यसको बोक्राबाट शरीरमा मल्ने चूर्ण बनाइन्थ्यो। औषधिका रूपमा पनि यसको उपयोग हुन्थ्यो। अझै पनि यसको बोक्रा छाला बनाउन र रंगाउनमा प्रयोग हुन्छ भने यसको जराबाट रंग बनाइन्छ।[१०] यसरी विविध उपयोग भएको चिल्लक (लोध) अवश्य पनि निर्यात हुन्थ्यो र यसको दुरुपयोग हुन नदिन बन्देज लगाउनु स्वाभाविक थियो। शायद ज्यादा उपयोगी भएकोले लोधको बोक्रा र जरा लुछेर स्थानीय बासिन्दाले बेच्दथे। यसो गर्दा उक्त वनस्पति नै मासिने सम्भावना थियो र यसको बिक्रीमा रोक लगाउनु आवश्यक थियो।

संस्कृतमा 'चिराइतो' जस्ता नेपालमा पाइने विशेष वनस्पतिहरूको आफ्नो अलग नाम भेटिन्न र यिनलाई नेपालसँग गाँसेर, यहाँका आदिवासी किरातहरूसँग गाँसेर वा वनस्पतिको वर्ग (जस्तै निम्ब)सँग गाँसेर पुकारिएको पाइन्छ[११]। त्यसैले चिलक यस्तै कुनै विशेष वनस्पतिको स्थानीय नाम हुन सक्ने पनि दरिलो सम्भावना छ। तर जे भए पनि चिलक कुनै विशेष महत्त्वको अति उपयोगी वनस्पति हो भन्ने कुरामा भने दुइ मत हुन सक्दैन।

चिलक र चैलकर

'चिलक' शब्दमा रहेको कप्रत्यय स्वार्थमा (आफ्नै अर्थमा) गरिने 'कन्' प्रत्यय हो[१२], यसको कुनै अलग अर्थ हुँदैन र यसलाई हटाउन पनि सकिन्छ। अर्थात् जसरी बाल र बालक दुवै शब्दले एउटै अर्थ दिन्छन्, त्यसरी नै 'चिल' र 'चिलक' यी दुइ शब्दले पनि एउटै अर्थ दिन्छन्। 'चिल' को उपभोग वा व्यापारमा लागेको करलाई बुझाउने शब्द बनाउनुपर्दा 'चैलकर' शब्द सजिलै बन्छ।[१३] यसरी 'चिलक', 'चिल' र 'चैलकर' शब्द एक अर्कोसँग सम्बन्ध राख्छन् भन्ने स्पष्ट हुन्छ र यसका आधारमा चिलकको उपभोग वा व्यापार-निर्यातमा लागेको कर चैलकर थियो भन्न सकिन्छ। चिलकको उपभोग वा

---

[९] हेर्नुहोस्- देवकोटा २०२५ : संख्या २७४ 'लोध', कुमार . ७/९

[१०] हेर्नुहोस्- चतुर्वेदी १९८० : १६८ 'लोध', कुमार . ७/९

[११] चिराइतोलाई किराततिक्त, किरात, नेपाल, भूनिम्ब, तृणनिम्व, अनार्यतिक्त, ज्वरान्तक आदि विशेषणात्मक नाम मात्र दिइएको पाइन्छ। हेर्नुहोस्- नेपालनिरुक्त पृ. २३, २४ टिप्पणीसंख्या २८,३२।

[१२] संज्ञायां कन्- पा. ५।३।७५/८७.

[१३] चिलस्यायम्- चैल:, चैल एव कर: चैलकर:, यस क्रमबाट समास भएर चैलकर शब्द बन्दछ।

निर्यात गर्नुपर्दा विशेष स्वायत्तता पाएका पाञ्चालीहरूले बाहेक अरूले कर तिर्नुपर्थ्यो र त्यही कर नै चैलकर थियो। शुरू-शुरूमा चिलकमा लागेको करलाई मात्र बुझाउने चैलकर शब्दले पछि गएर सबै किसिमको वनपैदावारमा लागेको करलाई बुझाउन थालेको भने हुनुपर्छ ।

नयाँ अर्थको सामञ्जस्य

चैलकरको उल्लेख गर्ने अभिलेखहरूको आशय र प्रसंगसमेतको गहिरिएर विचार गर्ने हो भने तिनबाट पनि चैलकरको सम्बन्ध वनपैदावारसँग भएको र यसको कपडाको उत्पादनसँग कुनै सरोकार नभएको कुरा स्पष्ट हुन्छ। चैलकरसम्बन्धी पहिलो उल्लेख बलम्बूको जिष्णुगुप्तको अभिलेख (लिच्छविकालका अभिलेख, ११० संख्या) को ९-११ पंक्तिमा परेको छ । अभिलेखको उक्त अंशको श्रीधनवज्रको पाठ र अनुवाद यस्तो छ[१४] -

'पातयित्वा प्रणालीमस्या एवानुपालनहेतोः गीनुङ्भूमौ सरलारामङ्कारयित्वा... ण्डुदेवकुलदिग्वारवस्तुसहितं जोल्प्रिङ्ग्रामपाञ्चालिकानां चैलकरं प्रतिमुच्य प्रसादीकृतं'

'धारा बनाएर यसैको बचावटका लागि सल्लोको बगैंचा बनाएर ... ण्डुदेवकुल र दिग्वार वस्तुसहित जोल्प्रिङ्ग्रापाञ्चालीभित्रका बासिन्दाहरूलाई चैलकर माफी गरिदिई निगाह गरिएको छ ।'

बलम्बूअभिलेखको यस अंशबाट चैलकरको सम्बन्ध वन एवं वनपैदावारसँग रहेको तथ्य स्पष्ट हुन्छ । यहाँ स्पष्ट शब्दमा धाराको रेखदेखका लागि बनाइएको र छुट्टयाइएको सल्लोको वनमा चैलकर नलगाइने कुरा उल्लिखित छ। साथै यस प्रसंगको कपडासँग वा कपडाको उत्पादनसँग कुनै सरोकार छैन ।

चैलकरसम्बन्धी दोस्रो उल्लेख थानकोटको जिष्णुगुप्तको अभिलेख (लिच्छविकालका अभिलेख,११५ संख्या) को १०-१२ पंक्तिमा परेको छ। उक्त अंशको धनवज्रजीले दिनुभएको पाठ र अनुवाद यस्तो छ[१५] -

'अस्मज्ज्येष्ठप्रपितामहमानगुप्तगोमिकारितपुष्करिणीमुद्दिश्य ग्रामस्योत्तरेण पर्वत-भूमिश्चोख्परानामधेयचैलकरम्प्रतिमुच्य दत्ता'

'हाम्रा जेठा बराज्यू मानगुप्त गोमीले बनाउनुभएको पोखरीका निमित्त ग्रामको नजीकै उत्तरतिरको डाँडो 'चोख्परा' भन्ने चैलकर माफी गराएर दिइएको थियो ।'

थानकोटको अभिलेखको यस अंशबाट त चैलकर वन तथा वनपैदावारसँग सम्बद्ध छ भन्ने कुरा अझ छर्लङ्ग हुन्छ । यसमा पनि चैलकर माफी गरिदिएको कुरा 'परेको छ। जिष्णुगुप्तका जेठा बराजू मानगुप्त गोमीले पोखरी बनाई त्यसको रेखदेखका लागि 'चोख्परा' भनिने चैलकर माफी गराएर थेञ्चो ग्रामको उत्तरतर्फको डाँडोपाखो

---

[१४] वज्राचार्य २०३० : ४१९-४२० .

[१५] वज्राचार्य २०३० : ४३४, ४३७ .

ग्रामपाञ्चालीलाई सुम्पिएका थिए। कालान्तरमा सो पाखो जग्गा सरकार लागेकोले जिष्णुगुप्तले आफू सत्तामा आएपछि पहिलेको सुविधाको बहालीका साथै केही अन्य थप सुविधासमेत दिन ग्रामपाञ्चालीलाई यो शिलापत्र गरिदिएका हुन्। यस अभिलेखबाट चैलकरलाई स्थानीय भाषामा 'चोख्परा' भनिँदो रहेछ भन्ने कुरो थाहा भएको छ। लिच्छविअभिलेखहरूमा डाँडा वा पर्वतको अर्थमा धेरैपटक 'चो' शब्दको प्रयोग भएको छ। यताबाट पनि चोख्परा (चैलकर) पहाडी वन वा वनपैदावारमा लागेको कर हो भन्ने पक्षमा नै बल मिलेको छ। 'चैलकर माफी गरी डाँडो सुम्पिएको' भन्ने भनाइमा नै विचार गर्दा पनि पहिले डाँडाको उपयोग गर्नुपर्दा चैलकर बुझाउनुपर्थ्यो भने आइन्दा डाँडो पाञ्चालीकै अधीन भइसकेकोले त्यस किसिमको कर बुझाउनुनपर्ने गरिएको हो भनी सजिलै भन्न सकिन्छ।

यी दुइ अभिलेखका अतिरिक्त अर्को एक 'नारायणचौरको अभिलेख'मा पनि चैलकरको उल्लेख भएको छ। यसमा 'चैलकरको ६ पणपुराण २ पण वेत्रदौवारिकलाई दिनू' मात्र भनिएको छ[१६] र यसबाट चैलकरको अर्थ खुलाउन कुनै मद्दत मिल्दैन, न त यसले हाम्रो विवेचनमा नै बाधा पुऱ्याउँछ।

यी सबै विवेचनका आधारमा अब चैलकर कपडाको उत्पादनमा लागेको कर नभई वनपैदावारको उपभोग वा व्यापारमा लागेको कर हो भन्ने निश्चित भएको छ। पहिले भनिए झैँ शुरू-शुरूमा निर्यातयोग्य एवं विशेष उपयोगी वस्तु भएकोले चिलकको उपभोग र व्यापारमा कर लगाइएको थियो। जब पछि गएर सबै किसिमको वन-पैदावारमा नियन्त्रण राख्न र वनको सुरक्षाका लागिसमेत्त कर असूल गर्न थालियो, चैलकर शब्द रूढ भयो र यसले वनसँग सम्बद्ध सबै किसिमको करलाई बुझाउन थाल्यो। चैलकर वनको दुरुपयोग नहोस् भन्नका लागि लिइने कर थियो र जब कुनै वनपाखा कसैलाई सुम्पिइन्थ्यो, चैलकर पनि माफी गरिन्थ्यो।

सन्दर्भ

अष्टाध्यायी,	परिष्कर्ता- गोपालशास्त्री दर्शनकेसरी, तृतीय संस्करण, वाराणसी : चौखम्बा सुरभारती
कुमारसम्भवम्	Kālidāsa's Kumarasambhava. ed. M. R. Kale. Reprint 1991. Delhi : Motilal Banarsidas.
कोषनाथ देवकोटा २०२५	नेपाली-निघण्टुः, प्रथम संस्करण, काठमाण्डू, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान २०२५
ज्ञानमणि नेपाल २०४०	नेपालनिरुक्त, ज्ञानमणि नेपाल, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०४०।

---

१६ वज्राचार्य २०३० : ५६५, ५६८ (अभिलेखसंख्या १४९ पंक्ति ३७)

धनवज्र वज्राचार्य २०३० लिच्छविकालका अभिलेख, काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान २०३०

Monier Monier- williams 1899 A Sanskrit-English Dictionary. Reprint Delhi 1988, Delhi: Motilal Banarsidas.

सीताराम चतुर्वेदी, १९८० 'अभिधान कोष', कालिदासग्रन्थावली, चतुर्थ संस्करण, पृष्ठ-१२१-१७८ वाराणसी: चौखम्बा सुरभारती १९८०

❖

राजाहरूका देशहित-कार्य : एक अध्ययन

- प्रकाश भण्डारी*

'राजा' शब्द नेपाली संस्कृतिमा प्राचीन कालदेखि नै समाहित हुँदै आएको शब्द हो । वैदिक कालदेखि लिएर आजसम्म पनि यो शब्द उही रूपमा व्यवहृत भएबाट यसको महत्ता र निरन्तरता पुष्टि हुन आउँछ ।

शाब्दिक रूपमा 'प्रजा रञ्जयतीति राजा' अर्थ लाग्ने यस शब्दले यथार्थमा प्रजाहरूलाई रञ्जन गराउनको लागि विगतदेखि वर्तमानसम्म के कस्ता भूमिका निर्वाह गरेको छ भन्ने विषयमा सरसरती अध्ययन गर्नु नै यस लेखको मनसाय हो । ती निर्वाह गरिएका भूमिकाहरूको पर्याप्तता अथवा अपर्याप्तताबारेमा टिप्पणी गर्नु यो लेखको उद्देश्य होइन ।

आफ्नो अधिकार-क्षेत्रभित्रका जनताहरूको कल्याणको लागि इतिहासको उषाकालदेखि नै नेपालमा राजाहरूले विभिन्न व्यवस्था तथा स्थितिबन्देज गरेको कुरा तात्कालिक अभिलेखहरूको अध्ययन गर्दा स्पष्ट हुन आउँछ । हामी पौराणिक कथा वा त्यसभन्दा अगाडिका वैदिक ऋचाहरूमा तथा त्यसभन्दा पछाडिका स्मृतिशास्त्रहरूमा उल्लिखित प्रमाणहरूको आधारमा प्रस्तुत विषयको विवेचनातर्फ लाग्दैनौं, त्यसभन्दा पछिका प्राप्य शिलालेख तथा अन्य अभिलेख-प्रमाणहरूको आधारमा यस विषयमा दृष्टि दिने प्रयास गर्दछौं ।

---

* योजनासहायक, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान

नेपालको राजसंस्थाले वा राजाले प्राचीनकालमा प्रजाहरूको हितका लागि विभिन्न लोककल्याणकारी कार्यहरू गरेको कुरा तात्कालिक अभिलेखहरूले प्रष्ट पार्दछन्। यस्ता कार्यहरू कतैकतै राजा स्वयंले नै गर्न लगाएको देखिन्छ भने कतैचाहिँ राजाकी पत्नी, छोरी, आमा अथवा बुहारीसमेतले यस्ता लोकोपकारी कार्यहरू गर्न लगाएको देखिन्छ।[१] प्राचीनकालमा राजाहरूद्वारा सम्पादन गरिने यस्ता कार्यहरूमा विशेष गरी मन्दिर आदिको निर्माण, कवच आदि चढाउने, पूजाको स्थिति, जीर्णोद्धार तथा करमाफी एवं दण्डसजायसम्बन्धी व्यवस्था नै विशेष रूपमा देखिन आउँछन्। यसका साथै संगीत, नाट्यविधालगायतका अन्य विषयहरूको सम्बन्धमा उल्लेखनीय प्रयास भएको कुरा तात्कालिक अभिलेखहरूको अध्ययनबाट त्यतिसारो प्रकट हुन आउँदैन। मन्दिर, मूर्ति आदिको प्रतिष्ठापन जस्ता धार्मिक कार्यहरू यस समयमा राजाहरूद्वारा कतै आफ्ना दिवंगत

---

१ मानदेवकी रानी क्षेमसुन्दरीले शिवलिंगको प्रतिष्ठापन गरेको कुरा लाजिम्पाटस्थित धोवीचौरको अभिलेखले प्रष्ट पार्दछ -

कान्त्या कान्तिमत: सुरानिह ... विशुद्धकाञ्चनवपुश्श्रीमानदेवो नृप:

पत्नी तस्याव्ज ... ऐशानं लिङ्मग्र्यं विधिवदनुपमं स्थापयामास भक्त्या।

(इतिहास-संशोधनको प्रमाणप्रमेय भाग १)

हरिराम जोशी नेपालको प्राचीन अभिलेख, पृ. २५, ने.रा.प्र.प्र. कमलादी

यस्तै मानदेवकी अर्की रानी गुणवतीले आफ्ना स्वर्गवासी पिताको पुण्य तथा धन अक्षय होस् भनी शिवलिङ्ग प्रतिष्ठापन गरेको उल्लेख भएको निम्न अभिलेखले पनि उक्त कुरालाई स्पष्ट पार्दछ-

सवत् ४१९ ज्येष्ठशुक्लदिवा १३, अस्यान्दिवसपूर्व्वायाम्

भर्त्तु: श्रीमानदेवस्य प्रसादोपचितश्रिया।

(भ)क्तया स्थापितं लिङ्ङ्गुणवत्या शुभेच्छया ॥

शैवन्देवालयस्यस्य पितु: किन्नरवर्म्मण:।

लिङ्गं संस्थाप्य यत्पुण्यं धनञ्चाक्षयमस्त्विति ॥

यसै गरी मानदेवकी छोरी विजयवतीले पनि पुण्यप्राप्तिको इच्छा राखी विजयेश्वरलिंगको स्थापना गरेकी थिइन् भन्ने कुरा पशुपति सूर्यघाटमा रहेको निम्न शिलालेखवाट प्रष्ट हुन्छ -

यस्येच्छया जगदिदम्पृथु ... नाम्ना सा विजयवतीति ...

पुण्यक्रियापरिचयैकरसानुरक्ता लिङ्गन्तदत्र विजयेश्वरमक्षयाय ...

संवत् ४२७ आषाढशुक्लदिव १

(उही पृ. ६०)

जिष्णुगुप्तको राज्यकालमा उनकी भाइवुहारीले आफ्ना पतिको भलो होस् भन्ने इच्छाले प्रेरित भई धारा वनाउन लगाएकी तथा भत्केविग्रेमा पुन: संस्कारको लागि खेत प्रदान गरेको कुरा भक्तपुर वोडेस्थित नीलवाराहीमा प्राप्त अभिलेखमा उल्लेख गरिएको छ। (उही पृ. ४१९)

यसै गरी राजमाता वत्सदेवीले आफ्ना स्वर्गवासी पति शिवदेवको कल्याणार्थ छोरा जयदेवद्वारा वनाउन लगाइएको चाँदीको कमल पशुपतिनाथमा चढाएको कुरा पशुपतिको पश्चिमद्वारपट्टिको वसाहाको पछाडि ठड्याइएको अभिलेखमा उल्लिखित छ। (उही पृ.५७७ -५८२)

पितृहरूको उद्धारको कामनाले प्रेरित भएर भएका पाइन्छन् भने कतैचाहिँ आफ्ना जीवित आमाको पुण्यवृद्धिको लागि, कतैचाहिँ लोककै कल्याणको कामना गरेको र कतैचाहिँ आफ्नै पुण्यवृद्धिको अभिलाषाले गरेको गराएको बुझिन आउँछ। यस प्रसंगमा आफ्नी आमाको पुण्यवृद्धिको लागि राजा मानदेवले मन्दिर बनाउन लगाएको कुरा स्मरण हुन आउँछ।[२] यसै गरी मानदेवले नै लोकको कल्याणको लागि प्रार्थना गरेको अभिलेख पनि पाइएको छ।[३] प्राचीनकालमै दृष्टि दिँदा राज्यवर्द्धनदेवको पूजा आदिको लागि राजाद्वारा भूमि तेल आदि प्रदान गरिएको कुरा उल्लेख भएको अभिलेख[४] समेतले प्राचीनकालमा पनि राजाहरूको विशेष ध्यान जनताहरूको हितप्रवर्द्धनमा भएको तथा धार्मिक क्रियाकलापतर्फ पनि जनताहरूलाई अभिप्रेरित गराउने खालको भएको स्पष्ट छ। धार्मिक कृत्यकै प्रसंगमा राजा अंशुवर्माले नारायणमूर्तिको जीर्ण कवच तथा गरुड पहिलेकै अवस्थामा पारी प्रतिष्ठापन गरेको कुरा पनि उल्लेखनीय छ।[५] यसै गरी राजा जयदेवले जनताको कुशलमंगल सोधेर देव-मन्दिर बनाउनको लागि भूमि प्रदान गरेको घटना उल्लेख भएको अर्को एउटा अभिलेख[६] प्राप्त भएको हुनाले उल्लिखित धारणामा झन् सबलता प्राप्त हुन्छ।

यस्ता धार्मिक कृत्यहरूका साथै यस समयमा समाजकल्याणका लागि पनि विविध कार्यहरू सम्पन्न भएका देखिन आउँछन्। जलद्रोणी बनाउने, घोडेटो गोरेटो आदि बनाउने जस्ता लोककल्याणकारी कार्यहरू पनि धार्मिक भावनाले नै ओतप्रोत भएर भएको देखिन्छ।[७] यताबाट त्यस समयमा राजाहरू मात्र नभई सामान्य जनताहरूसमेत धार्मिक विधिविधानअनुसार निर्देशित हुन्थे भन्न सकिन्छ।

---

२ संवत् ३८९ वैशाखशुक्लदिव २
मातुः श्रीराज्यवत्या हितकृतमनसः सर्व्वदा पुण्यवृद्ध्यै
राजा श्रीमानदेवः शुभविमलमतिः पात्रदानाम्बुवर्षी।
लक्ष्मीवत्कारयित्वा भवनमिह शुभं स्थापयामास सम्यक्।
विष्णुं विक्रान्तमूर्तिं सुरमुनिमहितं सर्व्वलोकैकनायम्॥
(पशुपतिको विष्णुविक्रान्तमूर्तिको पादपीठलेख, संस्कृत-सन्देश, प्रथम वर्ष १०,११,१२ संयुक्ताङ्क)

३ ... स्त्वत्कृतेनेह यस्मात्
... श्रीमानदेवनृपतिः प्रणतो जगाद
तत्सर्वलोकसहितस्य विवृद्धिमूलम् दुःखक्षयाय भगवन्मम सर्व्वथास्तु
संवत् ३९६ प्रथमाषाढशुक्लदिव १२
(बूढानीलकण्ठनिरको शिवलिंगको अभिलेख, पूर्णिमा, पूर्णाङ्क १५)

४ नेपालको प्राचीन अभिलेख पृ. ५१

५ एकत्रिंशत्तमे वर्षे वर्तमाने ... शीर्णमवलोक्य ... हरेर्भगवतः कवचं ...
कृतवान्नरपतिः पुनरंशुवर्मा
(चाँगुनारायणको सुनको कवचमुनि रहेको अभिलेख, नेपालको प्राचीन अभिलेख, पृ. २८९)

६ उही पृ. ५९८

७ द्रष्टव्य टी. १. (उही पृ. ६३७)

यसका साथै प्राचीन समयका अभिलेखहरूको अध्ययन गर्दा तात्कालिक राजाहरू आ-आफ्ना प्रजाहरू उद्यमी होऊन् भन्नेतर्फ पनि बढी ध्यान दिन्थे र कसरी देशवासीहरूलाई यस दिशामा प्रोत्साहित गर्न सकिन्छ भनी विविध करहरू माफी गर्दथे भन्ने पनि प्रकट हुन आउँछ । यति मात्र होइन, केही विशेष वस्तुहरूबाहेक अन्य वस्तुहरू बाहिर लगी बिक्री गरेर प्राप्त हुने सम्पत्तिमा कर नलाग्ने व्यवस्था गरेको उल्लेख भएको अभिलेख प्राप्त भएको हुनाले यसबाट तात्कालिक समयमा निर्यातको महत्त्वलाई राम्रैसँग राजाहरूले अंगीकार गरेकोसमेत देखिन आउँछ। साथै केही वस्तुविशेषमा चाहिँ निर्यातबापत कर लगाइने व्यवस्थाले राष्ट्रिय महत्त्वका वस्तुहरूको अनियमित तवरबाट हुने निकासीलाई हतोत्साह गरेको पनि प्रष्ट हुन आउँछ ।[८]

पृथ्वीनारायण शाहले अदालतको पैसा दरबारमा नहाली धार्मिक कार्यमा लगाएको खण्डमा त्यसको दोष (यदि गल्ती भएको भए पनि) लाग्दैन भनी भने जस्तै प्राचीन समयमा पनि ढक-तराजुसम्बन्धी हिनामिना गर्ने वा भनौं तौलँदा गरिने कैफियतबापत उठाइएको जरिवाना आर्यभिक्षुसंघलाई नै उपलब्ध गराउने व्यवस्था भएको हामी पाउँछौं । यस्तै पञ्चखतअपराधीको शरीर दरवार लाग्ने र उसको सर्वस्वहरणसमेत हुने व्यवस्था भएबाट पनि तात्कालिक समयमा अपराधनियन्त्रणमा राजाहरू सचेत थिए भन्ने प्रष्ट हुन आउँछ ।[९] यसै गरी पञ्चखतका अपराधीहरूलाई लिंग्वल तथा शुल्लीमा प्रवेश गर्नसमेत रोक लगाइएबाट पनि अपराधीलाई दण्डित गरेर नै अपराध नियन्त्रण गराउनेतर्फको तात्कालिक व्यवस्था पुष्टि हुन आउँछ ।[१०]

यसरी नेपालको प्राचीनकालमा राजाहरूले जनताहरूको हितको लागि विभिन्न व्यवस्था गरेको कुरा देखिन आउँछ । यसै प्रसंगमा लिच्छविकाललाई नेपालको इतिहासको स्वर्णकालको रूपमा लिइएको कुरासमेत स्मरणीय छ । धातुकला, मूर्तिकला, वास्तुकला आदि क्षेत्रमा भएका विकास तथा स्मृतिशास्त्रहरूको आधारमा राज्यसञ्चालनपद्धतिको विकास हुनुमा निश्चित रूपले तात्कालिक समाजलाई नेतृत्व दिने राजाहरूको देनलाई सामान्य रूपमा मात्र हेरिनु उपयुक्त हुँदैन । मल्लकालमा आएर यो झन् विस्तृत रूपमा फैलिएको हामी देख्न पाउँछौं । यस समयमा जनताको चुह्लोमा आगो बालेर धुरीबाट धुवाँ ननिस्केसम्म आफू पनि भोजन नगर्ने राजाहरू पनि यस देशले प्राप्त गर्‍यो भने अर्कोतिर संगीत, नाटक, काव्य आदि ज्ञानविज्ञानका विषयहरूले समेत झाँगिने अवसर पाए । प्रताप मल्ल स्वयं कवि भएर 'कवीन्द्र' भएका थिए भने जगज्ज्योतिर्मल्ल संगीतका अनन्य भक्त थिए । उनले संगीतसारसंग्रहनामक ग्रन्थको रचना पनि गरेका थिए । आफ्नो प्रशस्तिमा समेत 'संगीतशास्त्रपारंगत' जस्तो विरुदावली लगाउने[११] मल्लराजाहरूको

---

[८] टिस्टुङ भटुवालको अभिलेख (उही पृ. २८७)
साँगाको अभिलेख (पूर्णिमा पूर्णाङ्क ७)

[९] पशुपति वज्रघरको अभिलेख (पूर्णिमा, पूर्णाङ्क १४)

[१०] मंगलबजार भीमसेनथानअगाडिको शिलालेख (पूर्णिमा, पूर्णाङ्क १८)

[११] रामशरण दर्नाल- प्रज्ञा, पूर्णाङ्क ८१ क, पृ. ३४-३५

समयमा संगीतक्षेत्रले र त्यससँग सम्बद्ध समूहहरूले राजाबाट यथेष्ट सहयोग र प्रोत्साहन पाएनन् भन्न सकिने कुनै आधार छैन । यस समयमा विशेष शुभकार्यहरूमा नाटक खेल्न लगाइने गरेबाट पनि मल्लराजाहरू संगीत तथा नाटकको उन्नति तथा प्रगतिको लागि कृतसंकल्प थिएनन् भन्न सकिँदैन । यसको ज्वलन्त उदाहरणको रूपमा जयस्थिति मल्लका छोरा धर्म मल्लको विवाहअवसरमा माणिकरचित भैरवानन्दनाटक देखाइनुलाई लिन सकिन्छ ।[१२] यताबाट मल्लकालमा नाटककार तथा संगीतकारहरूले राजाहरूको आश्रय तथा प्रश्रय पाउन सकेको कुरासमेत देखिन आउँछ ।

यसका साथै मल्ल राजाहरूकै समयमा नेपाली मूर्तिकला, वास्तुकला आदिको विकासमा पनि टेवा पुग्न गएको कुरा तात्कालिक अध्ययनबाट प्रष्ट हुन आउँछ । यस्तै मन्दिरनिर्माण, मूर्तिस्थापना, कवच चढाउने आदि जस्ता अनेकन् धार्मिक कृत्यहरू पनि त्यस समयमा भएको हामी पाउँछौं । स्थिति मल्लको स्थिति त अद्यावधि केही हदसम्म प्रचलित नै छ । तात्कालिक अभिलेखहरूको अध्ययनबाट त्यस समयमा राजाबाट अन्य विविध प्रकारका धार्मिक, सामाजिक तथा न्यायिक क्रियाकलापहरू सम्पन्न भएको हामी पाउँदछौं ।[१३] यस समयमा लेखिएका हस्तलिखित ग्रन्थहरू राष्ट्रिय अभिलेखालय, केसरपुस्तकालयमा मात्र होइन; तिब्बतको साक्यगुम्बा, क्याम्ब्रिज युनिवर्सिटी पुस्तकालय, हड्सनसंग्रह, एसियाटिक सोसाइटी तथा अन्य विदेशी पुस्तकालयहरूमा समेत प्राप्त भएकाले यस समयमा विद्यापरम्परामा प्राप्त प्रोत्साहन सहजै अनुमान गर्न सकिन्छ ।[१४] समग्रमा भन्नुपर्दा मल्लकालमा पनि नेपाली समाजले धार्मिक, सामाजिक तथा बौद्धिक उन्नतिको लागि यथेष्ट प्रोत्साहन प्राप्त गरी नै रहेको पाइन्छ । यस समयका राष्ट्रविखण्डनका कुराहरू, राज्यविभाजनका कुराहरू, आन्तरिक खिचातानीका कुराहरू आ-आफ्नो ठाउँमा छँदै नै छन्; ती हाम्रो विषयअन्तर्गत पर्दैनन् ।

नेपालका राजाहरूको समाज-सुधारकार्यहरूको सन्दर्भमा चर्चा गर्दा हामी राम शाहलाई अग्रव्यक्तित्वका रूपमा लिन्छौं । राम शाहका सुधारकार्यहरू नेपालको सामाजिक

---

[१२] नारायण द्विवेदीद्वारा सम्पादित भैरवानन्दनाटकको भूमिका, पीयूषप्रकाशन इलाहावाद

[१३] क) विश्वकर्ममहाविहार (ओमवहाल) को मुख्य मन्दिरको द्वारको देब्रेपट्टि पर्खालमा रहेको ताम्रपत्र (प्राचीन नेपाल सं. ५७, पृ. ४६)

ख) फर्पिङ जंगलमा रहेको गोरक्षनाथमन्दिरको सिँढीमा रहेको शिलापत्र

(लुशियानो पेटेक, मेडिईभल् हिष्ट्री अफ् नेपाल्, पृ. १३४-१३५)

ग) कीर्तिपुण्यविहारको भित्तामा टाँसिएको मानचन्द्र शाक्यको ताम्रपत्र

(पूर्णिमा पूर्णाङ्क ४, पृ. ५४-५९)

घ) भादगाउँको सूर्यमणिटोलको वकुपतिनारायणमन्दिरको अभिलेख (डिल्लीरमण रेग्मी मेडिईभल् नेपाल् भाग ३, पृ. ४४- ४५)

ङ) पशुपतिनाथको दक्षिणपट्टिको राजेश्वरीमन्दिरको द्वारमा रहेको शिलापत्र (डिल्लीरमण रेग्मी, मेडिइभल् नेपाल्, भाग ३, पृ. ४५-४६)

[१४] द्रष्टव्य - मेडिईभल् हिष्ट्री अफ् नेपाल्

व्यवस्थाको लागि कोषे ढुंगो नै सावित भएको कुरा धेरै इतिहासकारहरूले व्यक्त गरेका छन् । यस सम्बन्धमा थप चर्चा गर्नु आवश्यक छैन ।

नेपालको राष्ट्रिय हितको लागि चिन्तित तथा कृतसंकल्प राजामा हामी पृथ्वीनारायण शाहलाई सर्वोच्च रूपमा लिन सक्छौं । सत्य, उग्र, ऋत, दीक्षा, तप, ब्रह्म, यश यी राजाका सातवटा गुणहरू हुन् ।[१५] पृथ्वीनारायण शाह यी सम्पूर्ण गुणहरूले युक्त थिए नै भनेर ठोकेर भन्ने स्थितिमा त म छैन, तर यी गुणमध्येका ४ वटा गुणहरूले भने उनी युक्त भएको कुरा उनको दिव्योपदेशको अध्ययन गर्दा तथा उनका अन्य कार्यहरू अवलोकन गर्दा प्रष्ट हुन्छ । विखण्डित नेपालको एकताको लागि जुन दृढ निश्चयका साथ उनी लागिपरे, त्यो नै नेपालले उनबाट प्राप्त गरेको सर्वोच्च एवं अभूतपूर्व योगदान थियो । वास्तवमा यो तिनै पृथ्वीनारायण शाहको देन थियो, जसले गर्दा आज हामी स्वाभिमानका साथ स्वतन्त्र राष्ट्रका स्वतन्त्र नागरिकका हैसियतले रहिरहेका छौं, रहन पाएका छौं ।

राष्ट्रको सर्वतोमुखी हित र कल्याणको लागि पृथ्वीनारायण शाह कति चिन्तित र समर्पित थिए भन्ने कुरा उनको दिव्योपदेशको अध्ययनबाट प्रष्ट हुन आउँछ । जनताको हित र रुचिलाई नै राष्ट्रको हितका रूपमा लिने यी राजा जनइच्छाको अगाडि आफ्नै मनसायलाई पनि परिवर्तन गरिदिन सक्थे स्वीकारोक्तिका साथ ।[१६] नेपालको राष्ट्रिय स्वार्थलाई अक्षुण्ण बनाउने सन्दर्भमा यिनले अर्थव्यवस्थासम्बन्धमा गरेको चिन्तन त्यस वेलाको नेपालको लागि मात्र नभएर अहिलेको नेपालको लागि पनि उत्तिकै सान्दर्भिक छ ।[१७] राष्ट्रको सुव्यवस्थापनको लागि पूर्वजहरूको स्थितिप्रतिको श्रद्धा र यस्ता स्थिति बाँध्ने आफ्नो पनि मनसुवा भएको उल्लेखले उनमा भएको राष्ट्रनिर्माणप्रतिको दृढ

---

१५ अथर्ववेद भूमिसुक्त

१६ दुनिञा जसदेषी राजि रहन्छन्. उसैलाई काजाई दिनु भन्ने सास्त्रमा पनि कहेको छ ... मेरा मनमा ता विराज बषेतिलाइ कजाई दिन आँटेको थियो . तर ज्याधा बुद्धी कालु पांडेकै ठहऱ्यो र कालु पांडेलाई कजाञि भयाको हो .
(नयराज पन्त, श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या, पृ. १९)

१७ देशका कपरा लगाउनालाई मन्हाई गरिदिनु . आफ्ना देसका कपरा बन्न ज्यान्यालाई नमना देषाई सधाउनु र बन्न लाउनु र यस्व भया नगद देस जादैन ...

आफ्ना देसको जिनीस् जरिवुटि देस लैजानु र नगत पैचनु ... र प्रजा मोटा भया दर्बार बलियो रहन्छ .

... सर्षारवाट अमानित् राषि सर्षारिया तहसिल् राषी सालवसाल्को कचा लिनु .

(उही पृ. ५५, ५६, ५७, ५८)

षानि भयाका ठाउँमा गाउँ भया पनि गाउँ अरू जग्गामा सारिकन पनि षानि चलाउनु .

(उही पृ. ८९)

भावनाको झलक पाइन्छ।[१८] आफ्नो देशको भौगोलिक अवस्थालाई ध्यानमा राखेर छिमेकी मित्रराष्ट्रहरूसँग राख्नुपर्ने सम्बन्धको बारेमा पृथ्वीनारायण शाहको दृष्टिकोणको सान्दर्भिकता आज पनि सबैले महसूस गरेकै विषय हो।[१९] यसका साथसाथै आफ्नो रीतिस्थिति, धर्मकर्म एवं संस्कृतिमाथिको उनको ममता र श्रद्धाले साँच्चै हामी उनलाई युगपुरुषको रूपमा सम्मान गर्दछौं। आज हामी हाम्रो संस्कृतिलाई भुलेर अन्धाधुन्ध अरूको संस्कृतिको अनुसरण गरिरहेको वेला पृथ्वीनारायण शाहको दिव्योपदेशको मर्मलाई व्यावहारिक धरातलमा उतार्ने प्रयास यदि हुँदो हो त हामी हीनता महसूस कहिल्यै गर्ने थिएनौं। यो दूरदर्शी एवं बुद्धिमत्तापूर्ण दृष्टिकोणले सदियौंसम्म हाम्रो संस्कृतिको संरक्षणको लागि मार्गदर्शन गरी नै रहनेछ। रीतिस्थिति बिगार्नु हुँदैन भनी जनतालाई सम्झाउँदा उनी आफूलाई नै उदाहरणको रूपमा प्रस्तुत गर्दथे भन्ने कुरा उनको दिव्योपदेशको अध्ययनबाट प्रष्ट हुन्छ।[२०] समग्रमा भन्नुपर्दा पृथ्वीनारायण शाह वर्तमान नेपालका जनक नै हुन्।

पृथ्वीनारायण शाहपश्चात् पनि नेपालले राजाहरूबाट उन्नति र प्रगतिका अवसरहरू निरन्तर पाई नै रहे पनि आन्तरिक राज्यशक्ति-कलह आदिको कारणले श्री ५ त्रिभुवनभन्दा अगाडि राजाहरूको ध्यान शक्तिमै (कहिले प्राप्त गर्ने तँछाडमछाड त कहिले निरीह भएको हुनाले) मात्र सीमित रहन पुग्यो। पुखदिखि नै राजपरम्परामा प्रचलित धार्मिक कार्यहरूलाई निरन्तरता दिने क्रममा यस अवधिमा छिटपुट कार्यहरू सम्पन्न भएका, सम्पन्न गर्न लगाइएका केही प्रमाणहरू प्राप्त छन्। युवराज त्रैलोक्यकी रानीले चण्डी सार्न लगाएको कुरा विद्वान्हरू व्यक्त गर्दछन्। पछि नेपालले एक अद्भुत

---

१८ उप्रान्त राजा राम साहले बाध्याको स्थिति पनि हेरिसके . राजा जयेस्थिति मल्ले ... राजा महिन्द्र मल्लले बाध्याको थिती पनि हेरिसके . इस्वरले दियो भन्या म पनि यस्तो बन्देजको बाह्रहजारको थीती बाँधि जाला भन्या अवीलाषा थीयो .
(उही पृ. ४८)

१९ यो राजे दुई ढुंगाको तरुल जस्तो रहेछ, चीनबादसाहसित ठूलो घाहा राष्नु . दषिनको समुन्द्रका बादसहासित घाहा ता राष्नु . तर त्यो महाचतुर छ . ...

किल्लापिछे तोप लम्छट् गरि राषीदिनु, ... यस्व भया चेवा गर्न्या चर्चा गर्न्या भगन्या नास्न्या ढुकुवा फसादि षुनि यस्ताहरुको पनि केही चल्नेछैन .

(उही पृ. ३४, ३५, ३७, ४५)

२० ... माईको दर्सन् गर्नुहुन्छ कि भन्दा भित्र दर्सण पुजाहारि टहलुवालाई मात्रै भित्र दर्सन् गर्नुहुन्छ . जो हुकुम् भन्या र ढोकामा ता हुन्छ कि भन्दा ढोकामा ता हुन्छ भन्या र साज बिह्यान ढोकासम्म जाई पाठपुजा जप् दर्सन् गर्‍या र यक दिनका ...

(उही पृ. २२)

... मुगलाना नजिकै रहेछ ... फागुलाई यक दुई गरी झिकि चाडै विदा गराईदिनु ... आफ्ना स्वपसयलेलाई ता सास्त्रबमोजिम्को तिनै सहर नेपालको नेवारहरूको नाच झिकाई हेर्‍या पनि हुन्छ, ईनमा ता दियाको पनि आफ्नै देसमा रहन्छ . यस्व भया आफ्नु देश गमन् रहन्छ ॥
(उही पृ. १०६)

क्रान्तिकारी राजा पायो, जसले जहानिया राणाशासनको पञ्जामा जकडिएर बसेको देशलाई मुक्त र स्वतन्त्र गराउनको लागि आफ्नो राजगद्दीसमेतलाई दाउमा राखी जनसंघर्षमा आफ्नो सहमति र सक्रियता एकैसाथ प्रदर्शन गऱ्यो। शायद विश्वकै इतिहासमा यस्तो संयुक्त (राजा र प्रजाको) आन्दोलन अन्यत्र कतै पढ्न पाइँदैन। पृथ्वीनारायण शाहले एकीकरण गरेपछि जनतालाई स्वाधीनताको श्वास दिन श्री ५ त्रिभुवनबाट जुन प्रकारको भूमिका निर्वाह गरियो, सोही भूमिकाको कदरस्वरूप आज हरेक प्रजातन्त्र र स्वतन्त्रताका पक्षपातीहरू श्री ५ त्रिभुवनलाई राष्ट्रपिताको रूपमा लिन्छन् र श्रद्धाले शिर निहुर्‍याउँछन्। हुन त एक थरी मान्छेहरू प्रजातान्त्रिक आन्दोलनको क्रममा वि.सं. १९९६ मा तात्कालिक सरकारको नजरमा राष्ट्रघाती गाथगादी ताक्ने काम गरेबापत मृत्युदण्ड पाएका श्रद्धेय शहीदहरूले मृत्युदण्ड पाउनमा त्रिभुवनको पनि स्वीकृति स्वाभाविक रूपले राष्ट्राध्यक्षको रूपमा हुने कुरा व्यक्त गर्दछन्। यो तर्क आफ्नो ठाउँमा ठीक वा बेठीक जे भए पनि गद्दीको समेत परवाह नगरी निर्वासनमा गएर प्रजातान्त्रिक आन्दोलनप्रति सक्रिय रूपमा आफ्नो सहभागिता देखाउनु राष्ट्राध्यक्षको लागि एउटा गम्भीर एवं साहसिक कार्य हुन आउँछ। यही महत्त्वपूर्ण योगदानले गर्दा श्री ५ त्रिभुवनप्रति सम्पूर्ण नेपाली जनता ऋणी छन्। वास्तवमा भन्ने हो भने श्री ५ त्रिभुवन वर्तमान नेपाली जनताका भाग्य विधाता नै हुन्।

राष्ट्रियताको पक्षमा श्री ५ महेन्द्रबाट पनि नेपालले बहुमूल्य योदानहरू प्राप्त गरेको छ। राष्ट्रिय अन्ताराष्ट्रिय क्षेत्रमा यस देशको परिचय यसै बेलादेखि प्रारम्भ भयो भने गुटनिरपेक्षताको पक्षमा आफ्नो स्पष्ट अडान राखेबाट प्रतिष्ठित हुने मौकासमेत यसले पायो। संयुक्त राष्ट्रसंघ जस्तो अन्ताराष्ट्रिय प्रतिष्ठित संघसंस्थाहरूसमेतमा आबद्ध भई आधुनिक विश्वसँगसँगै हाराहारीमा उभिने आफ्नो अभिलाषालाई यसै समयमा नेपालले प्रकट गर्न सक्यो। नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानलगायतका संस्थाहरू बौद्धिक अभ्युत्थानका लागि स्थापित भए। राजा स्वयं नै संगीत-काव्यप्रिय भएबाट स्वाभाविक रूपमा यस क्षेत्रले केही झांगिने अवसर पाउनु स्वाभाविक नै हो। श्री ५ महेन्द्र दरबारमै गायक संगीतकारहरूलाई बोलाएर संगीतश्रवण गर्दथे।[२१] यसका साथै राष्ट्रले सर्वप्रथम आधुनिक लयमा आफूलाई ढाल्ने प्रयास यस बेला शुरू गरेकोले पनि यो समय नेपालको लागि एक कोषेढुंगाको रूपमा प्रस्तुत हुन आउँछ।

महेन्द्रको देहावसानपछि पनि अन्ताराष्ट्रिय क्षेत्रमा नेपालको स्थिति एक स्वतन्त्र शान्तिप्रिय राष्ट्रको रूपमा स्थापित गराउन श्री ५ वीरेन्द्रबाट पनि यथेष्ट प्रयासहरू नभएका होइनन्। विकासनिर्माणका कार्यहरू तीव्र रूपमा आरम्भ गराई देशलाई एशियाली मापदण्डमा पुऱ्याउने मनोकांक्षा व्यक्त भएबाट श्री ५ वीरेन्द्र पनि राष्ट्रहितमा समर्पित हुन चाहने व्यक्तित्वका रूपमा स्थापित भएको अनुभव गर्न सकिन्छ। जनइच्छाको कदर गर्ने उदारता पनि यसै समयमा नेपालीहरूले प्रत्यक्षतः अनुभव गर्न

[२१] रामशरण दर्नाल, प्रज्ञा, पूर्णाङ्क ८१ क, पृ. ३६.

पाए। वर्तमानमा एक संवैधानिक अभिभावकको रूपमा श्री ५ वीरेन्द्रको अस्तित्व सर्वस्वीकार्य भएको यथार्थले वर्तमान राजाको जनभावनाको सम्मान गर्ने सीपलाई राष्ट्रिय हितलाई प्राथमिकता दिने भावनाको रूपमा नलिन सकिने होइन।

समग्रमा भन्नुपर्दा नेपालले, नेपाली जनताले इतिहासको आरम्भकालदेखि नै राजा र राजसंस्थाबाट विकास तथा लोककल्याणका विविध कार्यहरू प्राप्त गर्दै आएका छन्। यहाँका राजाहरू विगतका एक दुइ घटनालाई छाडेर कहिले पनि स्वेच्छाचारी रूपमा जनतामाथि शासन गर्ने क्रूर शासकको रूपमा मात्र स्थापित भएनन्। राजा र प्रजा (शासक र शासित) को सम्बन्ध पिता र पुत्रको जस्तो सुमधुर रूपमा अगाडि बढेको सुनौलो इतिहासको पाठ पढेका समग्र हामी नेपालीहरू यही इतिहासको अनुभूति भावी पुस्ताले पनि गर्न सकून् भन्ने कामना गर्दछौं।

❖

कलाको क्षेत्रमा राजसंस्थाको योगदान

- डा. जगदीशचन्द्र रेग्मी*

कलाको क्षेत्रमा राजसंस्थाको योगदान इतिहास जत्तिकै पुरानो छ र यस देशको लामो इतिहासअनुरूप सबै पक्षको यहाँ चर्चा गरिरहन सम्भव नदेखिएकाले केही महत्त्वपूर्ण उदाहरणहरूको चर्चा मात्र गरिन्छ।

गोपाल, महिषपाल र किरात राजवंशका कथित लामो र अज्ञातप्राय शासनकालपछि लिच्छवि राजवंशको शासनावधिका गतिविधिबारे केही सन्दर्भ पाइने क्रममा पूर्वलिच्छविकालका एक राजा सुपुष्पदेवसम्बन्धी चर्चा गोपालराजवंशावलीमा यसरी गरिएको छ-

राजा श्रीसुपुष्पदेव वर्ष ७६। तिनले नेपालभूमिमा वर्णव्यवस्था कायम गरे। श्रीपशुपति भट्टारकको देवल बनाए। श्रृंखला(छाना)ले छोप्ने काम गरे। त्यसपछि सुन्दर शहर बनाउन लाए। राज्यको सारा मर्यादा बाँधे। न्यायपूर्वक सारा प्रजाहरूको पालना गरे।[१]

---

* सदस्य, म. सं. वि. अनुसन्धानपरिषद्

१ D.V. Vajrācārya, K.P. Malla -The Gopālarājavaṃśāvalī, Nepal Research Centre, 1985, P.75

उद्धृत अंशबाट हामीले औँल्याउन खोजेको तथ्य स्पष्टै छ र त्यस्तै क्रममा पछिका अर्का राजाको योगदानबारे यस्तो उल्लेख पाइन्छ-

राजा श्रीहरिदत्त वर्मा वर्ष ४६। तिनले चारै शिखरप्रदेशमा भगवान् विष्णुभट्टारकका मन्दिर बनाई पूरा गरे।[२]

नेपालको इतिहासमा उद्धृत वक्तव्यको ठूलो महत्त्व छ, किनभने यस सूचनाले काठमाडौँउपत्यकाका चार कुनामा अवस्थित प्रसिद्ध ४ नारायण- चाँगुनारायण, इचंगुनारायण, शिखरनारायण र बिसंखुनारायणको स्थापनाको घटना बताएको बुझिन्छ र यस घटनाको नेपाली कला र वास्तुकलाको इतिहासमा ठूलो महत्त्व छ। राजाले थापेका नारायणमन्दिर हुनाले तिनको ठूलो महत्त्व हुन गयो र वैष्णवतीर्थस्थलका रूपमा कायम हुन गए। यी चारमध्ये एक चाँगुनारायणको मन्दिर राजा हरिदत्त र उनका सन्तति एवं भारदार तथा जनताका योगदानबाट आज विश्वसम्पदासूचीमा सामेल भएको महत्त्वपूर्ण पुरातात्त्विक स्थलको रूपमा हामीले पाएका छौँ। केही कम भए पनि इचंगु र शिखरनारायणको पनि उत्तिकै महत्त्व देखिन्छ, तर बिसंखुनारायण हाल एक अत्यन्त सादा पूजास्थलको रूपमा रहेको देखिँदा कतिपय विद्वान्ले उक्त क्रमका चौथो नारायणमन्दिरको मूलस्थल अन्तै खोज्ने तर्क राखेका छन्। त्यस वैचारिक प्रस्तावअनुसार पाटन लुभूनिर अनन्तलिंगेश्वरमन्दिरमा पाइएको पछिका लिच्छवि राजा नरेन्द्रदेवको शिलालेखमा चर्चित लोकपालस्वामी नै वास्तवमा ती चौथा नारायण हुन्।[३] वैष्णव देवतालाई स्वामी पदवी दिइने चलन र उक्त मन्दिरमा वर्षभरि गरिने पर्वउत्सव र सामूहिक भोजको वर्णनमा एकादशीहरूमा गरिने पूजा, जात्रा र मेलाको उल्लेख भएबाट विष्णुको मन्दिर रहेछ भन्ने स्पष्टै हुन्छ। वार्षिक कार्यक्रमका संश्लिष्ट कर्मकाण्डका विवरण र तिनका संचालक कुलपति (मठाधीश, महन्त) एवं मन्दिरसँग सम्बद्ध ४० जति दासदासी पनि चर्चित भएका हुनाले यस विष्णुमन्दिरको भव्यताबारे अनुमान मात्र गर्न सकिन्छ। यस भव्यतामा मन्दिरका कर्मकाण्ड गर्ने (वा यज्ञ गर्ने) भिन्नै यज्ञभवनको अस्तित्व रहेको कुरो त उक्त अभिलेखमा एक ठाउँमा यज्ञभवनको उल्लेख भएबाट बुझिन्छ।

राजा हरिदत्तदेव वर्मापछि भएका सुपुष्पदेव वर्मानामका अर्का राजाले पनि आफ्नै नाम भएका आफ्ना पुर्खाले सिँगार्न थालेको पशुपतिनाथको मन्दिरमा भव्यता थपेको भन्ने उल्लेख गोपालराजवंशावलीमा पाइन्छ-

राजा श्रीसुपुष्प वर्मा वर्ष ५६। तिनले नेपालभूमिलाई धर्मपूर्वक बढाए। फेरि श्रीपशुपतिभट्टारकको देवल अति सुन्दरसँग बनाए।[४]

---

२ गोपालराजवंशावली, ऐजन पृ. ७

३ धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, त्रि.वि. कीर्तिपुर, वि. सं. २०३०, ४८९ पृ.

४ गोपालराजवंशावली, ऐजन ७६ पृ.

गोपालराजवंशावलीमै अर्का लिच्छवि राजा वृषदेवले स्वयम्भूमा बौद्ध चैत्य र ढुंगेधारा बनाइदिएको चर्चा पनि पाइन्छ।[५] माथि चर्चित वंशावलीका केही चर्चापछि पहिलो प्रामाणिक सन्दर्भ संवत् ३८१ (ई. ४५९) को शिलालेख हो, जुन पशुपतिनाथमन्दिरको आँगनबाट पाइएको छ। यस अभिलेखबाट राजा धर्मदिव (मानदेव ?) ले शिवमूर्ति र मन्दिर बनाएको थाहा पाइन्छ।[६]

लिच्छविकालको प्रसिद्ध चाँगुनारायणमन्दिरको संवत् ३८६ (ई.४६४) को राजा मानदेवको गरुडस्तम्भअभिलेखबाट[७] चाँगु (दोलाद्रि) का हरि अर्थात् चाँगुनारायणको प्रसिद्धि र त्यस पुण्यस्थलमा राजकीय सम्पर्कबाट धेरै कलात्मक गतिविधिको आरम्भ भइसकेको बुझ्न सकिन्छ, उक्त सन्दर्भले एक भव्य प्रस्तरस्तम्भ एवं कलात्मक भव्यताले सिँगारिएको गरुडको निर्माण एवं स्थापनाको इतिहास व्यक्ताएको छ। हरिदत्त र मानदेवका पालादेखिं आधुनिक कालसम्मका धेरै राजाहरूको योगदानस्वरूप आज चाँगुनारायणमन्दिरक्षेत्रमा बेगिन्ती कलाकृतिहरूको अलौकिक संग्रह देख्न सकिन्छ।[८]

मानदेवकै अन्य कलासम्बन्धी योगदानमा मानगृहदरबार, मानेश्वर, मानविहार र विष्णुविक्रान्त मूर्तिका स्थापनाका तथ्य पनि उल्लेखनीय रहेका छन्, उनको सुशासन र प्रोत्साहनका कारणले जनतातर्फबाट भएका अन्य गतिविधिको पनि सम्झना यहाँ गर्न सकिन्छ।

लिच्छविकालमा मानदेवका उत्तराधिकारीहरूका कालमा कलाक्षेत्रमा गतिविधि कमै देखिन्छ र सोही राजवंशका नातेदार हुनाका कारणले राजशक्तिको उपभोग गर्न पाएका आभीर गुप्त र वर्मावंशी अंशुवर्माले बरु कलाको क्षेत्रमा निकै प्रभावशाली योगदान गरेको इतिहासले बताएको छ।

राजशक्तिप्राप्त आभीर गुप्तवंशका अनुपरमगुप्तको हाँडिगाउँ सत्यनारायणस्थानमा रहेको गरुडस्तम्भ र त्यसमा लेखिएको द्वैपायनस्तोत्र[९], उनै अनुपरमकी पत्नीद्वारा स्थापित अनुपरमेश्वर शिवमन्दिर[१०], अनुपरमका छोरा भौमगुप्तद्वारा स्थापित चण्डोलको वराहमूर्ति[११] एवं उनैको प्रेरणाद्वारा पशुपतिक्षेत्रमा स्थापित हरिहरमूर्ति (र मन्दिर)[१२] का

---

५ ऐजन, ऐजन

६ श्यामसुन्दर राजवंशी, पशुपतिनाथ प्रांगणमा प्राप्त अप्रकाशित लिच्छवि अभिलेख, प्राचीन नेपाल संख्या ११५, १ पृ.

७ वज्राचार्य, ऐजन १०-१३ पृ.

८ द्रष्टव्य, मोहनप्रसाद खनाल, चाँगुनारायणका ऐतिहासिक सामग्री, त्रि.वि. कीर्तिपुर, वि.सं. २०४०

९ वज्राचार्य, ऐजन १५८-१६२ पृ.

१० ऐजन १७०-७१ पृ.

११ वज्राचार्य-मल्ल, ऐजन ७८ पृ.

सन्दर्भ यहाँ उल्लेखनीय छन्। यसै आभीरगुप्तवंशका संयुक्त शासक जिष्णुगुप्त र उनका छोरा विष्णुगुप्तको कला-वास्तुकलाका क्षेत्रमा महत्त्वपूर्ण योगदान रहेका सन्दर्भ पाइन्छन्। जिष्णुगुप्तले गरेका कामहरूमा महत्त्वपूर्णचाहिँ हाँडिगाउँ सत्यनारायणमन्दिरको सुव्यवस्था गर्ने र त्यसमा सुनको छाना हाल्ने काम नै देखिन्छ।[१३]

विष्णुगुप्तका कीर्तिबारे गोपालराजवंशावलीकै वक्तव्य उद्धृत गर्नु मुनासिब हुनेछ-

राजा श्रीविष्णुगुप्त भए, वर्ष ७१। तिनले श्रीपशुपतिस्थानमा वाग्मतीतीरको पूर्व किनारमा ठूलो ढुंगे विष्णुभट्टारक बनाई प्रतिष्ठा गरे।... फेरि उत्तरतिर पहाडको फेदीमा ... ठूलो ढुंगे जलशायी विष्णुको मूर्ति आवाससहित बनाए। फेरि हरेक एकादशीको व्रतको दिन एकएक तामाको विष्णुप्रतिमा बनाई ठाउँ-ठाउँमा प्रतिष्ठा गरे। फेरि परमेश्वर-प्रणाली बनाए, त्यहाँ चतुर्मूर्ति ढुंगे विष्णुभट्टारकको प्रतिष्ठा गरे।[१४]

उद्धृत विवरणबाट विष्णुगुप्तका योगदान स्पष्ट हुन्छन्। तीमध्ये उल्लेखनीयहरूमा बूढानीलकण्ठको प्रसिद्ध र भव्य मूर्ति, पशुपतिमा वाग्वतीपारिपट्टिको राममन्दिर भनिने मन्दिरमा स्थापित विशाल विष्णुमूर्ति र नारायणहिटीको नारायणमन्दिर पर्दछन्। कुनै इतिहासकारको मतमा बालाजुको बूढा(बाला)नीलकण्ठको स्थापना पनि विष्णुगुप्तले नै गरेका हुन्।

लिच्छवि राजवंशका नातेदार (भानिज अथवा ज्वाइँ) हुनाका कारणले राजशक्ति प्राप्त गरेका अंशुवर्माको कला-वास्तुकलाक्षेत्रमा निकै योगदान रहेको पाइन्छ। पुराना मन्दिर र दरबारहरूको जीर्णोद्धार र सुव्यवस्थाको विशेष ध्यान पुऱ्याउने उनले कैलासकूटभवन जस्तो प्रसिद्धि पाएको भव्य र विशाल राजदरबार र राजविहार बनाउन लगाएको थाहा पाइन्छ।[१५] अंशुवर्मा (ई.५९५-६२०) पछि ई. ८८० का बीच भएका लिच्छवि राजाहरूले पनि धेरथोर कलात्मक गतिविधि संचालित गरेका उदाहरण पाइन्छन्, तर तीमध्ये नरेन्द्रदेव (ई. ६४३-६७९), शिवदेव द्वितीय (ई.६८५-७०५) र जयदेव द्वितीय (ई. ७०६-७३३) उल्लेखनीय छन्। यिनका पालामा अनेक मन्दिर विहार थापिएका र मन्दिरहरूको व्यवस्थापनक्षेत्रमा केही काम भएको थाहा पाइन्छ। नरेन्द्रदेवले एक नयाँ राजदरबार भद्राधिवासभवन बनाएको सन्दर्भ पाइन्छ।

लिच्छविकालमा माथि चर्चित विवरणबाहेक राजाप्रजाले बनाएका हिटी (धारा) र जलद्रोणीहरूको कलात्मक र उपयोगी पक्षको पनि यहाँ सम्झना गर्नु आवश्यक देखिन्छ।

---

[१२] वज्राचार्य, ऐजन १९८-१९९ पृ.

[१३] वज्राचार्य-मल्ल, ऐजन ७७ पृ.

[१४] वज्राचार्य-मल्ल, ऐजन ७८ पृ.

[१५] वज्राचार्य, ऐजन २९०-३७७ पृ.

यस किसिमका उपयोगी कलाका उदाहरण विश्वमा अन्यत्र नपाइनु उल्लेखनीय मान्नुपर्दछ ।

यसपछि ई. ८८० (वि.सं. ९३७) मा राजा राघवदेवको समयमा नेपालसंवत् (पशुपतिसंवत्) प्रवर्तित भएपछि मध्यकाल शुरू भएको विश्वास इतिहासकारहरू गर्दछन् । मध्यकालका आरम्भिक समयहरूमा भएका कतिपय राजाहरूले कलाक्षेत्रमा उल्लेखनीय काम गरेको पाइन्छ । यस कालमै ई. ९८७-९९० तिर भएका राजा गुणकामदेवले कान्तिपुर शहरको स्थापना गरी त्यसको केन्द्रस्थलमा काष्ठमण्डप जस्तो भव्य र विशाल मण्डप अथवा सार्वजनिक भवनको निर्माण गर्न लगाएको थाहा पाइन्छ ।[१६] यही मण्डपको नामबाट काठमाडौं शहर नामकरण हुन गएको बुझिन्छ र यो भवन आज पनि कायम छ ।

एघारौं शताब्दीमा नेपालको स्थिति अर्कै भयो । ई. १०९७ मा नेपालतराईका सिमरौनगढमा नान्यदेवले कर्णाटक राज्यको स्थापना गरे भने त्यस समयकै हाराहारीतिर पश्चिम नेपाल जुम्ला सिञ्जामा खस मल्ल राज्यको स्थापना भयो । यही बेलामा केन्द्रीय क्षेत्रमा ई. १०९९ देखि शिवदेव नामका राजाले निकै सक्रियता देखाए, गोपालराजवंशावलीको भनाइमा

नेपालसंवत् २१९ लाग्दा श्रीशिवदेव भए, बर्ष २७ महीना ७ । तिनले श्रीपशुपतिभट्टारकको देवल सम्पूर्ण पारी तामाको छाना हाले ।... ठाउँठाउँमा ढुंगेधारा, कुवा, पोखरीहरू बनाए । चारतले पञ्चपुरसहितको श्रीराजगृह (राजदरबार) राम्ररी जग हाली बनाए ।... पूर्व शिखरदेव (चाँगुनारायण) को परिवारसहित जीर्णोद्धार गरे ।[१७]

मध्यकालिक राजा शिवदेवको उपर्युक्त योगदानको समयदेखि जयस्थिति मल्लको एकाधिकारप्राप्त शासन शुरू हुने समय ई. १३८२ सम्मको करीब २८३ वर्षभित्र भएका केन्द्रीय क्षेत्रका धेरै राजा र तिनका भारदार एवं प्रजाहरूले गरेका कलात्मक योगदानबारे गोपालराजवंशावली र कतिपय अभिलेखप्रमाणहरू पनि पाइन्छन् । तिनको विवरण यहाँ दिन थाले यो लेख ज्यादै लामो हुने हुनाले सो काम नगरी सारांशमा यही भन्न सकिन्छ कि उपर्युक्त युगमा कति राजाहरूले देवमन्दिर र अनेकन् राजदरबार र राजधानीहरूसमेत बनाएको थाहा पाइने सन्दर्भ ज्यादै महत्त्वपूर्ण छ । उक्त युगका कलात्मक गतिविधिको विषयमा सारांशमा भन्दा यस युगमा धातुमूर्तिकला र चित्रकलामा विशेष उन्नति भएको र विदेश– तिब्बतमा पनि यिनको माग हुने गरेको तथ्यलाई यहाँ बिर्सिन हुन्न ।

---

[१६] जगदीशचन्द्र रेग्मी, काठमाण्डू शहर सांस्कृतिक अध्ययन, भाग १, काठमाडौं, वि.सं. २०५१, ७२ पृ.

[१७] वज्राचार्य-मल्ल, ऐजन ८० पृ.

यता केन्द्रीय क्षेत्रमा जयस्थिति मल्ल (ई. १३८२-१३९४) ले राजनीतिक सुव्यवस्था ल्याएदेखि कलात्मक गतिविधि निकै बढेका प्रमाण पाइन्छन्। खास गरी उनका नाति यक्ष मल्ल (ई. १४२८-१४८२) को दिग्विजयी र जाज्वल्यमान शासनकालमा सो गति बढेको पाइन्छ। जयस्थिति मल्लको शासनकालमा ललितपुरको कुम्भेश्वरको प्रसिद्ध पाँचतले भव्य मन्दिर बन्यो भने यक्ष मल्लको समयमा अन्य कतिपय कीर्तिका साथै भक्तपुर शहर घेर्ने विशाल किल्ला बनेको थाहा पाइन्छ। यक्ष मल्लपछि उनका सन्तानहरूले पुर्ख्यौली राज्य टुक्र्याउन थालेकाले केन्द्रीय नेपाल राज्य केही कमजोर हुन थाले पनि कलाको क्षेत्रमा गतिविधि जारी भएकै पाइन्छ। यस युगमा ललितपुरका सामन्त र दोलखाका शासकहरूले गरेका कलात्मक योगदान बिर्सिन सकिँदैन। ललितपुरको प्रसिद्ध महाबौद्ध मन्दिर पनि यस युगकै अनुपम उदाहरणका रूपमा लिइन्छ।

टुक्रिएको केन्द्रीय मल्ल राज्यका राजाहरूले पनि आ-आफ्नो राजधानीलाई सिँगार्ने क्रम जारी राखेर मल्लकाललाई कलाविकासको सुवर्णयुग प्रमाणित गरिरहेका पाइन्छन्। यही क्रममा कान्तिपुरका महेन्द्र मल्ल (ई.१५६०-१५७४) ले तलेजुको भव्य मन्दिर एवं पशुपतिनाथ र कोटिलिंगेश्वरमहादेवमन्दिरको थपना गरेको पाइन्छ। यही क्रममा कान्तिपुरका परवर्ती राजाहरूमा प्रताप मल्लको स्थान विशिष्ट रहेको पाइन्छ, जसले आफ्नो ३३ वर्षजतिको शासनकाल (ई.१६४१-१६७४) मा आफ्नो राज्यभरि र खास गरी राजधानीक्षेत्रमा कला र वास्तुकलाका निर्माण र पुनर्निर्माणका प्रचुर उदाहरण दिएका पाइन्छन्। हनूमान्ढोकाराजदरबारक्षेत्रको कलात्मक सौन्दर्यका मुख्य निर्माता हुनाको श्रेय उनैलाई दिन सकिने थुप्रै आभिलेखिक प्रमाण उपलब्ध हुन्छन्। उनका उत्तराधिकारीहरूले पनि त्यस क्रमलाई यथाशक्य योगदान दिएको सन्दर्भ पनि यहाँ उल्लेखनीय नै छ।

केन्द्रीय नेपाल राज्य र त्यसले चर्चेका पहाडी भेकहरू (नुवाकोट, दोलखा, फर्पिङ, तौथली, बनेपा, पलाञ्चोक, धुलिखेल र पनौती आदि) मा जति कलात्मक गतिविधिहरू सञ्चालित भएका पाइन्छन्, त्यति अन्य पूर्व-पश्चिमभेकहरूमा भएको पाइँदैन। त्यसैले मध्यकालका फुटकर प्रमाणहरूबाहेक अब एघारौं शताब्दीदेखि मात्रै उक्त भेकहरूमा केही कलात्मक गतिविधि चलेको पाइन थाल्नु स्वाभाविक भएको छ।

उता सुदूर पश्चिमाञ्चल जुम्ला सिञ्जामा नागराजले एघारौं शताब्दीको अन्त्यतिर एक राज्य स्थापित गरेका थिए र यस वंशका प्रसिद्ध उत्तराधिकारीहरूले पश्चिमी तिब्बती भेक (गुंगे)देखि एक विशाल साम्राज्यको स्थापना र विकास गरेका थिए। खस-मल्ल वंश भनिने यस वंशका क्राचल्ल, अशोकचल्ल, जितारि मल्ल र रिपु मल्ल जस्ता राजाहरूले

सैनिकसाथै कला र संस्कृतिको क्षेत्रमा निकै योगदान गरेको पाइन्छ र त्यसका अवशेष हाल दुल्लु, दैलेख, जुम्ला र सुर्खेतसम्म पाइन्छन्।[१८]

करीब यसै समयदेखि नेपालको उत्तरी हिमाली भेकमा तिब्बती संस्कृतिको प्रभाव व्याप्त हुँदा तिब्बती कलाशैलीको पनि प्रवेश र प्रसार भएको पाइन्छ। उता दक्षिण तराईमा हालको बारा जिल्लामा केन्द्र पारी नान्यदेवले एघारौँ शताब्दीको अन्त्यतिर थापेका कर्णाटराज्यका राजाहरूले पनि आफ्नो कार्यकालका सवा दुइ शताब्दीसम्म कला र संस्कृतिको क्षेत्रमा निकै सक्रियता देखाएको पाइन्छ। यस युगका कलात्मक अवशेष हाल उक्त जिल्लाको सिमरौनगढभेकमा देख्न सकिन्छ । यस राज्यका अन्तिम राजा हरिसिंहदेवको ई. १३२६ मा पतन भएपछि उक्त भेकको परिस्थिति पनि परिवर्तित हुन गयो र त्यहाँ कलाको गतिविधिको क्रम काठमाडौँउपत्यकामा जस्तो कायम रहिरहन सकेको पाइँदैन ।

उता भक्तपुरको स्वतन्त्र मल्लराज्यमा शुरूशुरूमा कलात्मक गतिविधि केही कम चलेको भए पनि पछि जगत्प्रकाश मल्ल (ई.१६४३-१६७२), जितामित्र मल्ल (ई.१६७२-१६९६), भूपतीन्द्र मल्ल (ई. १६९६-१७२२) र रणजित् मल्ल (ई. १७२२-१७६९) का शासनकालमा त्यहाँको राजदरबार सिँगार्ने, अनेक थरीका मन्दिर बनाउने आदि उल्लेखनीय कामहरू भएका पाइन्छन्। यीमध्ये भूपतीन्द्रले थापेको प्रख्यात न्यातपोल (पाँचतले) मन्दिर र रणजित् मल्लले निर्माण गरेको सुवर्णद्वार उल्लेखनीय छन्।

उता ललितपुरको मल्लराज्यमा त्यसका पहिला राजा सिद्धिनरसिंह मल्ल (ई. १६१९-१६६१), उनका छोरा श्रीनिवास मल्ल (ई. १६६१-१६८४) र नाति योगनरेन्द्र मल्ल (ई. १६८४-१७०५) का पालामा ललितपुर शहर र खास गरी राजधानीक्षेत्र (मंगलबजार)लाई राजदरबार र मन्दिर आदिले सजाउने काम हुन गए। सिद्धिनरसिंह मल्लको समयदेखि ललितपुरमा कृष्णमन्दिर बनाउने लहर चल्दा अनेक त्यस्ता कलात्मक र सांस्कृतिक महत्त्वका स्मारक त्यहाँ बनाइएका पाइन्छन्।

उता पश्चिमतर्फ ई. १३७६ तिरदेखि खस मल्लराज्यको पतन हुन शुरू भएपछि सुदूर पश्चिमाञ्चल र पश्चिमाञ्चलमा क्रमश: अनेकन् स्वतन्त्र राज्यहरू थापिएर बाइसी-चौबिसी राज्यहरूको अस्तित्व हुन गयो। त्यही क्रममा अन्तिम क्रममा थापिएको गोर्खाराज्य नेपालको इतिहासलाई नयाँ मोड दिने प्रतिभासाथ ई. १५५९ देखि उदित हुन थाल्यो।

---

१८ धनवज्र वज्राचार्य, कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा, कर्णाली प्रदेश एक बिटो अध्ययन, वि.सं. २०२८, ११-४४ पृ.

हुन त बाइसी-चौबीसीमध्ये कतिपय डोटी, जुम्ला, पर्वत, पाल्पा र अन्यत्रका सेनराज्यहरू ठूला र प्रभावशाली राज्य भएकाले कलाको क्षेत्रमा केही योगदान भएकै पाइन्छ, तर गोरखाली राजाहरूमा राजनीतिक कूटनैतिक चेतना बढी भएकोले सोही कारणहरूले गोर्खामै पनि केही कलात्मक गतिविधि भएको र पछि पृथ्वीनारायण शाहको राजनीतिक विकासअभिवृद्धिसाथै कलाको क्षेत्रमा क्रमशः अर्को वेगले नेपाललाई व्याप्त गर्न थालेको पाइन्छ। पृथ्वीनारायण शाहले आफ्नो विजयअभियानकै अवधिमा बनाएको नुवाकोटको साततले दरबार (ई. १७६२) र पछि कान्तिपुरमा उनले निर्माण गरेको भव्य वसन्तपुरदरबार (ई. १७६९) बाट आरम्भ भएको शाहकालिक कलाको विकासक्रम पनि कम महत्त्वपूर्ण छैन। पृथ्वीनारायण शाहद्वारा नेपालको एकीकरण गर्ने ठूलो प्रयासको पहिलो चरण ई. १७६९ मा पूरा भएदेखि उपराजस्वरूपको राणाशासनपद्धति ई. १८४६ मा स्थापना हुन्जेलको ७७ वर्षको अवधिभित्र पनि कलाको क्षेत्रमा उल्लेखनीय योगदान भइआएको पाइन्छ। यस युगका धेरै उदाहरण यहाँ दिन सम्भव नभए पनि ई. १८१८ मा मोटामोटी बनाई सिद्ध्याइएको त्रिपुरेश्वरमन्दिर, काशीमा बनाइएको साम्राज्येश्वर (ई. १८४४), भव्य सुनधारा र धरहरा आदि ज्यादै महत्त्वपूर्ण कलात्मक उदाहरणका रूपमा लिन सकिन्छन्।

ई. १८४६ देखि ई. १९५१ बीचको शाह-राणाकालमा पनि मन्दिर, मूर्ति, चित्रकला र सिंहदरबार जस्ता अनगिन्ती दरबारहरूको निर्माणगतिविधिको यहाँ सम्झना गरी नेपाली कलाको इतिहासको मोटामोटी रूपरेखा टुंग्याउन सकिन्छ।[१९]

ई. १९५१ देखि हालसम्म पनि मन्दिर-मूर्ति आदि बनाउने क्रम जारी छ, तर अब तिनमा पुरानो सौन्दर्यपरम्परा कायम नहुने हुनाले र आधुनिकताका धेरै तत्त्व पनि मिसिएका देखिनाले तिनको यहाँ चर्चा गर्ने जमर्को गरिएन। बरु यस युगमा पुराना मन्दिर-मूर्तिहरूको जीर्णोद्धार र सुरक्षातर्फ केही ध्यान जान थालेको कुरालाई महत्त्वपूर्ण तथा उल्लेखनीय मान्न सकिन्छ।

हुन त नेपाली कलापरम्परालाई विश्वका सामु सम्मानजनक रूपले उभ्याउने काममा साधारण जनताको पनि उत्तिकै स्थान हुन्छ, तैपनि राजसंस्थाको सम्बन्ध त्यहाँ पनि जोडिन जाने हुन्छ। शासनव्यवस्थाको प्रभाव जनमानसमा कसरी पर्दछ भन्ने तथ्यको हेक्का राखेर भन्ने हो भने जनताको सुकार्यको श्रेय पनि राजसंस्थाले बेहोर्न पाउँछ। यसरी समष्टिले हेर्ने हो भने नेपाली कलाको स्वरूपांकनमा राजसंस्थाको योगदान स्पष्ट हुन आउँछ।

---

[१९] शाहकालको कलात्मक गतिविधिका विस्तृत विवरणका लागि द्रष्टव्य- जगदीशचन्द्र रेग्मी, शाहकालीन कला र वास्तुकला, साझाप्रकाशन, दोस्रो संस्करण, वि.सं. २०५१

नेपाली कला भन्नाले कलासम्बन्धी धेरै पक्षलाई हामीले बुझ्नुपर्दछ; जस्तो मूर्तिकला चित्रकला र वास्तुकला। मूर्तिकलाका पनि प्रयुक्त वस्तुका भेदले धातु, प्रस्तर र मृण्मय प्रकार हुन्छन् तथा यिनका पनि आकारप्रकारले विभिन्न भेद उपभेद हुन्छन्। मूर्तिकलाको अर्को भेद हामी काष्ठमा पाउँछौं। चित्रका पनि अनेक भेदोपभेद हुन्छन् एवं वास्तुकलाका पनि धार्मिक, सामाजिक भेद र तिनका पनि भेदोपभेद देखिन्छन्। नेपाली कलाका उपर्युक्त सबै भेदोपभेद उपलब्ध हुन्छन् र ती सबैलाई कलासमीक्षक-इतिहासकारहरूले मुक्तकण्ठले तारीफ गरेका छन्। यी सबैका निर्माता कलाकारवर्गको योगदान पनि अविस्मरणीय हुन्छ र तिनलाई संरक्षण दिने राजाहरूलाई पनि त्यत्तिकै श्रेय दिनुपर्ने हुन्छ।

❖

तथागतको साधना- निर्दिष्टमार्ग र ध्यान

- डा.काशीनाथ न्यौपाने*

गौतमको महाभिनिष्क्रमण

समस्त भोगविलासका बीच हुर्केर पितृगृहमा रहँदै गरेका सिद्धार्थ गौतम जरा, व्याधि, मृत्यु आदि दुःखबाट पीडित जनहरूलाई देखेर सर्वप्रथम उद्वेलित हुनुभयो ।

"यो संसार एक क्षण पनि रहन योग्य छैन, म यस संसारमा नश्वर भोगलाई भोग्दै रहन सक्दिनँ" यसरी सिद्धार्थमा वैराग्य उत्पन्न भयो । यस विषयमा उनलाई यस्तो आश्चर्य भयो कि आकण्ठ दुःखमा मग्न रहँदा रहँदै पनि चारैतिर विभिन्न दुःखको साम्राज्य देखेर पनि कसरी मानिस हाँस्तछन्, खेल्दछन् र खुसी मनाउँदछन् । यसरी यस संसारलाई दुःखमय देखेर जागतिक दुःखलाई समाप्त पार्ने संकल्प लिएर एकरात्रिमा सारा राजपाट, धन दौलत, स्त्री-पुत्र आदिले पूर्ण परिवारलाई छोडेर सत्यको खोजमा सिद्धार्थ गौतम घरबाट बाहिरिनुभयो । यही हो सिद्धार्थ गौतमको महाअभिनिष्क्रमण ।

गुरुको खोजमा सिद्धार्थ

घरबाट निस्केर सर्वप्रथम सिद्धार्थ गौतम आडार कालामको आश्रममा पुग्नुभयो । आडार कालामले उहाँलाई आकिंचन्यायतनसमापत्तिनामक ध्यानको उपदेश गर्नुभयो ।

अत्यल्पकालमा नै सिद्धार्थ उक्त ध्यानविधिमा निष्णात हुनुभयो । किन्तु उहाँलाई सन्तुष्टि भएन, यसपछि उद्दक राम पुत्रको आश्रममा सिद्धार्थ पुग्नुभयो । उद्दकले

* उपप्राध्यापक, वाल्मीकिविद्यापीठ

सिद्धार्थलाई "नैव संज्ञानासंज्ञायतनसमापत्ति" नामक ध्यानको दीक्षा दिनुभयो। केही दिनमा नै उक्त विधिमा सिद्धार्थ निष्णात हुनुभयो, तर सन्तोष मिलेन। त्यहीं पञ्चवग्गीय भिक्षुहरू ब्रह्मचर्यावास गरिरहेका थिए। उनीहरू पनि गौतमको तीव्रता, साधना र तप देखेर गौतमसँगै तप गर्न हिंडे। त्यसपछि अनुक्रमसँग चारिका गर्दै उरुबिल्लनामक स्थानमा पुगेर रमणीय भू-भागप्रदेश, सुन्दर वनखण्ड, र स्वच्छ नेरञ्जना नदी देखेपछि उहाँलाई ध्यानको अनुकूल भावना उत्पन्न भयो।

बोधगयामा तपस्या

१. तदनन्तर त्यही भूमिमा पद्मासन लगाएर, दाँतले दाँत बाँधेर, जिब्रालाई तालुमा लगाएर, चित्तद्वारा चित्त एवं काय (शरीर)लाई निष्पीडित गर्दै सिद्धार्थ बस्नुभयो। यस प्रक्रियामा उहाँलाई भयङ्कर कष्ट भयो र पनि सोत्साह यसमा उहाँ लागिरहनुभयो। हेमन्त ऋतुका शीतरात्रिमा पनि पसिना बग्न थाले। यस साधनाद्वारा अप्रमाद र स्मृति प्रतिष्ठित भए। किन्तु कामतृष्णा, भवतृष्णा र विभवतृष्णा त्यस्तै रहे।

२. यसपछि सिद्धार्थले श्वास प्रश्वास रोकेर आस्फानक ध्यान गर्ने विचारगर्नुभयो, मुख र नासिकाका छिद्रलाई बलपूर्वक बन्द गर्नुभयो। फलतः उहाँका शरीरको वायु वेगपूर्वक श्रोत्रद्वारबाट बाहिर निस्किन थाल्यो र भयङ्कर शब्द भयो। त्यसपछि कानका छिद्रलाई पनि उहाँले बन्द गर्नुभयो। फलस्वरूप उक्त वायुले मूर्धामा आघात पुऱ्यायो, जसबाट भयङ्कर शिरोवेदना हुन थाल्यो। किन्तु गौतमले उत्साहपूर्वक र धैर्यतापूर्वक सबै थोक सहन गर्दै सबै छिद्रलाई बन्द गर्नुभंयो। त्यस क्रियाले उहाँको उदरमा तीव्र वेदना उत्पन्न भयो। शरीर मृतवत् भयो। तर यस क्रियाले पनि कामतृष्णा समाप्त भएन।

३. त्यसपछि आहारशुद्धिका विचारले गौतमले आहार छोड्नुभयो। सबभन्दा पहिले एक समयको आहार छाड्नुभयो। यसरी क्रमशः एक तण्डुल, एक तिलमा जीवनयापन गर्न थाल्नुभयो। यस क्रियाले उहाँको शरीर सुकेर पातलो भयो, छाला कालो भयो, दुर्बलता चरम सीमामा पुग्यो, छाला हाडमा टाँस्सियो। सबै शरीरका ग्रन्थिहरू देखिन थाले। आँखा गाडिए, भूँडी र ढाड एकै ठाउँमा पुगे। शरीरमा बल नामको कुनै चीज रहेन। यसरी कुनै प्रकारको ज्ञान मिलेन।

यसरी ६ वर्षसम्म लगातार मार्गको अन्वेषणमा गौतम लागिरहनुभयो। यस कालमा निरन्तर आत्मविश्लेषणमा उहाँ लागी नै रहनुभयो। मेरा राग, द्वेष, मोह आदि दुःखका मूल समाप्त भए कि भएनन्, जसलाई समाप्त गर्न म घरबाट प्रव्रजित भएको हुँ, ती त उस्तै नै छन्! यसरी उहाँ सन्तुष्ट हुन सक्नुभएन।

आहारग्रहण एवं सम्बोधिप्राप्ति

अचानक एक दिन उहाँलाई संझना भयो जब उहाँलाई आफ्ना पिता शुद्धोदनका खेतका जामुनाका शीतल छायामा बसेका बेलामा प्रथम ध्यान प्राप्त भएको थियो। उहाँले सोच्नुभयो– शायद त्यही बोधिको मार्ग हुन सक्छ। किन्तु यस्ता दुर्बल कायद्वारा ध्यान गर्न सजिलो थिएन। फलत: स्थूल आहार ग्रहण गर्न लाग्नुभयो। यसरी उहाँले भोजन गर्न थालेपछि ती पञ्चवर्गीय भिक्षुहरू जो गौतमको सेवामा लागेका थिए, उहाँलाई छोडेर भ्रष्ट भयो गौतम भन्ने सोचेर हिंडे। तदनन्तर गौतम आस-पासका गाउँमा घुमेर भिक्षा गर्न लाग्नुभयो। यसरी उहाँको शरीरमा केही बल संचित भयो। अनि एक दिन वैशाख पूर्णिमाको दिन पद्मासन लगाएर बस्नुभयो "चाहे मेरो शरीर सुकोस्, त्वक्, अस्थि, मांस आदि विलीन होस्, बोधि (ज्ञान) प्राप्त नगरीकन यस आसनबाट उठ्नेछैन" भनी दृढ संकल्प गर्नुभयो। त्यहीँ उहाँले सर्वप्रथम मारविजय र क्रमश: प्रथम, द्वितीय, तृतीय र चतुर्थ ध्यान प्राप्त गर्नुभयो। चित्तशुद्ध, समाहित, कर्मण्य एवं अप्रकम्य भएपछि रात्रिका प्रथम प्रहरमा दिव्य चक्षु-अभिज्ञा प्राप्तिका लागि चित्तको अभिनिर्हार गर्नुभयो। यसका बलबाट उहाँले उत्पद्यमान, च्यवमान, सुवर्ण, दुर्वर्ण, सुगत, दुर्गत, हीन, प्रणीत आदि नानाविध प्राणी (सत्त्व) लाई देख्न थाल्नुभयो।

यसरी रात्रिको पहिलो प्रहरमा 'दिव्य चक्षु अभिज्ञा' को प्राप्ति भयो। रात्रिको मध्य याममा पूर्वनिवासानुस्मृति अभिज्ञाको प्राप्ति भयो। जसका बलले उहाँले आफ्नो र अर्काको अनेक जन्मको स्थितिको बोध गर्नुभयो।

तृतीय प्रहरमा प्रतीत्यसमुत्पादको ज्ञान भयो। उहाँको यस्तो विचार उत्पन्न भयो– यो लोक उत्पन्न हुन्छ, जीर्ण हुन्छ, मर्दछ। किन्तु जरा, व्याधि, मरण धर्मवाला अशेष दु:ख स्कन्धका निरोधको उपाय जान्दैन र के कारणले जरामरण हुन्छन् ? अर्थात् जरामरणको के हेतु हो ? त्यही बेला उहाँलाई ज्ञान भयो, जन्म नै जरामरणको कारण हो। यसरी क्रमश: द्वादश प्रतीत्यसमुत्पादको ज्ञान भयो। जसको मूलमा अविद्या हुन्छ।

यही क्रमले रात्रिको अन्तिम याममा सर्वज्ञताको अवबोध भयो। त्यसपछि पहाडका शिखरबाट तल छर्लङ्ग जसरी देखिन्छ, त्यसरी नै सम्यक् सम्बुद्धले धर्ममय प्रासादबाट शोकमग्न संसारलाई देख्नुभयो।

आर्यसत्य

यो संसारको जीवन दु:खपूर्ण छ,

दु:खको कारण पनि छ,

यस दु:खबाट वास्तविक मुक्ति मिल्दछ,

दु:खनाशको मार्ग छ, जसको अवलम्बनले सांसारिक दु:खबाट पूर्ण रूपले छुट्न सकिन्छ।

उपर्युक्त चार आर्य सत्यहरू भगवान् बुद्धले आफ्नो पहिलो धम्मचक्कपवत्तनमा उद्भासित गर्नुभएको हो ।

दु:ख हुनु, उसको कारण हुनु, त्यसबाट मुक्ति मिल्नुभन्दा पनि महत्त्वपूर्ण त दु:खबाट मुक्त हुने मार्ग हो, जसद्वारा दु:खजाललाई सधैंका लागि काट्न सकियोस् त्यही निरोधगामिनी प्रतिपद् दु:ख काट्ने तथागतद्वारा निर्दिष्ट मार्ग हो ।

हे भिक्षुगण दु:ख प्रथम आर्यसत्य हो । जन्म पनि दु:ख हो, वृद्धावस्था पनि दु:ख हो, मरण पनि दु:ख हो, शोक, परिवेदना, दौर्मनस्य, उपायास आदि सबै नै दु:ख हुन्, अप्रियको समागम दु:ख हो, प्रियको वियोग पनि दु:ख हो, इप्सित (चाहेको) वस्तुको अप्राप्ति पनि दु:ख हो । संक्षेपमा भन्ने हो भने रागद्वारा उत्पन्न पाँचै स्कन्ध- रूप,वेदना, संज्ञा, संस्कार तथा विज्ञान पनि दु:ख हुन् भनेर भगवान्ले दु:खका सत्यताको वर्णन सारनाथमा आफ्नो पहिलो प्रवचनमा गर्नुभएको हो र त्यसै बेला दु:खको जाललाई काट्न मध्यममार्गको उपदेश गर्नुभयो । जो यस प्रकारको छ -

"द्वे भिक्खवे अन्ता पब्बज्जितेन न सेवितब्बा । कतमे द्वे ? यो चायं कामेसु कामसुखल्लिकानुयोगो हीनो गम्मो पोथुज्जनिको अनरियो अनत्थसंहितो । यो चायं अत्तकिलमथानुयोगो दुक्खो अनरियो अनत्थसंहितो । एते खो भिक्खवे उभे अन्ते अनुपगम्य मज्झिमा परिपदा तथागतेन अभिसंबुद्धा चक्खुकरणी जाणकरणी उपसमाय अभिञ्जाय सम्बोधाय निब्बाणं संवत्तति" । अर्थात् हे भिक्षुगण सांसारिक वासनालाई त्यागेर निवृत्तिमार्गमा हिँड्ने प्रव्रजित व्यक्तिले दुइ अन्त (दुइ अति)को सेवन गर्नुहुँदैन । कुन दुइ अति ? एक अति हो (काम्यवस्तु) काम सुखको भोगको इच्छाले त्यसमा लाग्नु, त्यो हीन ग्राम्य भएकोले आध्यात्मिकताबाट टाढा पुऱ्याउने हुनाले अनार्य हो तथा त्यसले कामसेवनबाट अनर्थ उत्पन्न हुन्छ । दोस्रो अति हो शरीरलाई कष्ट दिनु यो पनि दु:ख अनार्य तथा हानिकारक छ । यी दुइ अन्त (अति) लाई सेवन गर्नाले व्यक्ति भवचक्रबाट कहिल्यै वाहिर हुन सक्तैन । त्यसबाट उद्धारको लागि यी अतिलाई छोडेर (बीचको) मध्यममार्गलाई अँगाल्नुपर्दछ । बुद्धले यसैको प्रतिपादन गर्नुभएको हो । यस मार्गले आँखा उघार्दछ, ज्ञान उत्पन्न गर्दछ, यसले चित्तलाई शान्त गर्दछ । सम्यक्ज्ञान एवं निर्वाण उत्पन्न गर्दछ । यसै मार्गको सेवाले प्रत्येक प्रव्रजित व्यक्तिलाई सम्बोधि प्राप्त हुन्छ ।

भवचक्र अत्यन्त जटिल छ । त्यसका १२ वटा पाइला छन् । जसले सारा जागतिक पदार्थलाई जेलेको छ । त्यसलाई प्रतीत्यसमुत्पाद पनि भनिन्छ । १. अविद्या २. संस्कार ३. विज्ञान ४. नामरूप ५. षडायतन ६. स्पर्श ७. वेदना ८. तृष्णा ९. उपादान १०. भव ११. जाति र १२. जरामरण । यी द्वादश प्रतीत्यसमुत्पाद हुन् । अविद्या र संस्कार पूर्व जन्मका हुन् र अन्तिम जाति र जरामरण भविष्यका कारण हुन् । प्रथम सम्बोधिरात्रिमा बुद्धले यसलाई साक्षात्कार गर्नुभएको हो । यसको यथार्थ वर्णन अन्यत्र गरिएको छ ।

यसरी भगवान् बुद्धले दु:खको कारण अविद्यामा पाउनुभयो । हामीहरू जगत्का अस्थिर पदार्थलाई स्थिर कल्पना गर्दछौं र भोगतृष्णाले व्याकुल भएर त्यहाँ विचरण गर्दछौं । हामीले प्रयासपूर्वक गरिएका कर्मले नै हामीहरू एक जन्मबाट अर्को जन्ममा जाने

गर्दछौं। हाम्रा कर्म नै जन्म-जन्मान्तरका सेतु बन्न पुग्दछन्। यस दुःखश्रृंखलाबाट छुट्न कर्म, तृष्णा र अविद्याबाट छुटेपछि मात्र संभव हुन्छ तथा सम्बोधि या प्रज्ञाबाट नै त्यो संभव हुन्छ। यसरी निरोधगामिनी प्रतिपद् नै सम्बोधिगामिनी प्रतिपद् हो। नियमका रूपमा जो धर्मसंसारमा व्यापक छ तथा अविद्यादिक्रमबाट दुःखको कारण बन्दछ। त्यसैले विलोमक्रमबाट दुःखनिरोधतिर लैजान्छ। मार्गरूपी धर्म एउटा निवृत्तिको क्रम हो, जसले संसारको स्वाभाविक क्रम उल्टो गरिदिन्छ।

तथागत (बुद्ध) ले आफूलाई केवल मार्गदर्शक बताउनुभएको छ वा धर्मलाई निर्वाणसम्म पुऱ्याउने राजमार्ग भन्नुभएको छ।[१] "जस्तै कुनै अरण्ययात्रीले महावनमा पुरानो मार्ग भेट्टाउँछ, अनि उसमा हिँडेर ऊ पुरानो राजधानीसम्म पुग्दछ, त्यसरी नै मैले पूर्वबुद्धहरूद्वारा अनुगत प्राचीन मार्गको प्रत्यक्ष गरेको हुँ भनेर बुद्धले भन्नुभएको छ।[२] यो राजगृहको बाटो हो। यसको अनुसरण गर्नाले एउटा गाउँमा पुगिन्छ, त्यसपछि एउटा निगम देखिन्छ, त्यसपछि एउटा उद्यान (आराम) झरना आदिले सुशोभित राजगृह भेटिन्छ। यसरी उपदिष्ट हुँदा पनि यात्री पथभ्रष्ट हुन सक्दछ। यसरी नै निर्वाण, निर्वाणगामी मार्ग पनि हो र म त्यसको उपदेशक हुँ भनेर भगवान् बुद्धले बताउनुभएको छ। सद्धर्मको वर्णनप्रसंगमा शीलमाथि धेरै नै जोड दिइएको पाइन्छ। पालित्रिपिटकमा प्रचुर विस्तारपूर्वक सर्वजनबोधहेतु व्याख्या गरिएको छ। अहिंसा, करुणा, अपरिग्रह, शान्ति र वैराग्यको जस्तो महत्त्व छ, त्यस्तो अन्यत्र कहीं उपनिषदादि ग्रन्थमा पनि पाइन्न। सद्धर्ममा शब्दद्वारा केवल मार्गको मात्र प्रतिपादन गरिएको छ। चित्रका परिष्कारबाट ज्ञान स्वतः उद्भूत हुन्छ।

निर्वाणको मार्ग स्वभावतः तीन प्रकारको देखिन्छ। पहिलो अवस्थामा असत्कर्मको आचरण नगर्नु र सत्कर्मको आचरण गर्नु। दोस्रो अवस्थामा ध्यान गर्नु। तेस्रो अवस्थामा साक्षात्कारात्मक ज्ञान गर्नु। यी तीन मार्गका प्रधान हुन् र अनिवार्य क्रम हुन्। संसारका बन्धनको उत्पत्ति मनका सूक्ष्म आभ्यन्तरस्तरमा हुन्छ र क्रमशः स्थूल देहद्वारा बाह्यरूपमा व्यक्त हुने गर्दछ। निवृत्तिक्रम विलोम हुन्छ अर्थात् पहिला स्थूल देह र उसका कर्मलाई संयमन गरेपछि क्रमशः चित्तपरिष्कारद्वारा उसभित्र निहित अविद्याको क्षय हुने गर्दछ। यस विषयमा प्राचीन श्रामण्यफलसूत्रमा भिक्षुका आध्यात्मिक प्रगतिको क्रमिक रूपमा विवेचना गरिएको छ तथा उसमा शील, समाधि प्रज्ञाको त्रिविध भेद प्रकट गरिएको छ। यति मात्र नभएर कहींकहीं विमुक्त र विमुक्ति ज्ञानदर्शनलाई जोडेर त्रिविध मार्गलाई चतुर्विध या पञ्चविध पनि गरिएको पाइन्छ। शीलद्वारा कामसुखमा हुने आसक्तिलाई वर्जित गरिन्छ तथा दुर्गतिका अतिक्रमणको मार्ग प्रशस्त हुन्छ। प्रज्ञाद्वारा दृष्टिसंक्लेशको विशोधन हुन्छ र समाधिद्वारा तृष्णासंक्लेशको र शीलद्वारा दुश्चरित्रसंक्लेशको विशोधन हुन्छ। शील चेतना हो, शील चैतसिक हो, शील संवर हो, शील अव्यतिक्रम पनि हो। परिसम्भिदामग्ग अर्थात् शीलका दुइ पक्ष निर्दिष्ट छन्। आभ्यन्तर एवं बाह्य शीलको सार हो- चित्तको कुशल धर्मतिर झुकाव र त्यसको

---

१ मज्झिनि. रो.जि.३ ४- ६ पृष्ठ।

२ संयुत्तरो. २. १०५ - ६

अभिव्यक्ति हुन्छ कायिक एवं वाचिक संयममा। उपासक एवं उपासिकाका लागि नित्यशीलका रूपमा पञ्चशील उपदिष्ट छन्। अनुपसम्पन्न श्रामणेरहरूका लागि दशशीलको विधान पनि छ। उपसम्पन्न भिक्षुका लागि प्रतिमोक्षसंवर, इन्द्रियसंवर, आजीवपरिशुद्धि, प्रत्ययसंनिश्रित शील आदि प्रज्ञप्त (उपदिष्ट) छन्।

अभिक्षु साधारण गृहस्थहरूका लागि पनि तथागतले उपदेश गर्नुभएको छ। जसमा संयम, सन्तोष एवं शुभ कार्यमाथि जोड दिइएको छ।

चार कर्मक्लेश- प्राणातिपात, अदत्तादान, काममिथ्याचार, मृषावाद, छन्द, दोष, भय र मोह चार स्थान छन्। पापकर्मका लागि र भोगका लागि ६ अपायसुख छन्। मद्यपान, विकालचर्या, समज्याभिचरण, द्यूत, पाप-मित्रता एवं आलस्य, सत्कारयोग्य यी हुन्। मातापिता, आचार्य, पुत्रदार, मित्रामात्य, दासकर्मकर एवं श्रमण र ब्राह्मण, यिनका लागि सम्यक् प्रतिपत्ति आवश्यक छन्।

मातापिताका लागि मरणकृत्यसम्पादन, कुलवंशस्थापन, दायाद्यप्रतिपत्ति एवं उनीहरूका लागि जीवनमा सुखहेतु व्यवस्था तथा देहान्तपछि दानदक्षिणा अपेक्षित हुन्छ। आचार्यको सेवाका लागि उत्थान, उपस्थान, शुश्रूषा, परिचर्या एवं शिल्पग्रहण आवश्यक हुन्छ। पत्नीका लागि सम्मान, अनवमानन, अनतिचर्या, ऐश्वर्यव्युत्सर्ग एवं अलंकारानुप्रदान कर्तव्य हो। मित्रहरूका लागि दान, प्रियवाद, अर्थचर्या, समानात्मता, एवं अविसंवादनता अपेक्षित हुन्छन्। कर्मचारीहरूका लागि यथाशक्ति कर्मान्त संविधान, भक्तवेतनानुप्रदान, ग्लानोपस्थान, रससंविभाग एवं समयमा व्युत्सर्ग आवश्यक हुन्छ। श्रमण ब्राह्मणहरूका लागि मनसा वाचा कर्मणा मैत्री, विवृत्तद्वारता एवं आमिषानुप्रदान अपेक्षित हुन्छ।

बुद्धले उपदेश गर्नुभएको आर्य अष्टाङ्गिकमार्ग नै तथागतको मूल देशनाको अंग मानिन्छ। अष्टाङ्गिक मार्गभित्र सम्यग्दृष्टिको अर्थ उसको प्रायिक अर्थबाट भिन्न हुन जान्छ। सम्यक् दृष्टिलाई प्राय: चार आर्य सत्यको ज्ञान बताइएको छ।

सम्यक् दृष्टि अत्यन्त व्यापक छ। त्यसभित्र दश कुशल कर्महरूको पालना गर्नुपर्ने उपदेश स्वयं बुद्धको छ। कायिक वाचिक तथा मानसिक कर्म दुइ प्रकारका हुन्छन्। कुशल (राम्रा) र अकुशल (नराम्रा) यिनलाई ठीकसँग जान्नु सम्यक्दृष्टि भनिन्छ। मज्झिमनिकाय सम्मदिठ्ठसुत्तमा यिनको वर्णन निम्न रूपमा गरिएको छ।

कायकर्म

अकुशल कर्म		*कुशलकर्म*	
१.	प्राणातिपात (हिंसा)	१.	अहिंसा
२.	अदत्तादान (चोरी)	२.	अचौर्य
३.	मिथ्याचार(व्यभिचार)	३.	अव्यभिचार

वाचिककर्म

४.	मृषावचन (झूठो)	४.	अमृषावचन
५.	पिशुनवचन (चुक्ली)	५.	अपिशुनवचन
६.	संप्रलाप (धेरै बोल्नु)	६.	असंप्रलाप
७.	परुषवचन (कटुवचन)	७.	अपरुषवचन

मानसकर्म

८.	अभिध्या (लोभ)	८.	अलोभ
९.	व्यापाद (प्रतिहिंसा)	९.	अव्यापाद
१०.	मिथ्यादृष्टि (झूठो धारणा)	१०.	अमिथ्यादृष्टि

उपर्युक्त दश कर्ममध्ये अहिंसा प्रमुख भएकोले यहाँ अहिंसालाई निम्नलिखित रूपमा विवेचना गर्न सकिन्छ।

अहिंसा

लोकजीवन हिंसाको विकट जटिल जालमा जेलिएको छ।

त्यस जाललाई नकाटिकन निवृत्तिमार्गमा गति संभव नै छैन। योगभाष्यकार भन्नुहुन्छ– शेष सबैनै नियमहरू अहिंसालाई विशुद्ध गर्नका लागि स्वीकार गरिएका छन्।- "स खल्वयं ब्राह्मणो यथा यथा व्रतानि बहूनि समादित्सते तथा तथा प्रमादकृतेभ्यो हिंसानिदानेभ्यस्तामेवावदातरूपामहिंसां करोति"। उक्त भाष्यका वार्तिककारले "जसरी हस्तिपद (हात्तीको पाइला) मा अन्य जन्तुका पाइला विलीन हुन्छन्, त्यसरी नै अहिंसामा सबै धर्म लीन हुन्छन्" भन्नुभएको छ। अतएव निग्रन्थमतमा हिंसाको सर्वथा वर्जना गरिएको छ।

सद्धर्ममा अहिंसा न केवल पशुहिंसा अथवा परपीडनको वर्जना हो, किन्तु शान्ति मैत्री एवं सहानुभूतिको भावना पनि हो। यस विषयमा चार ब्रह्मविहारको साधन विशेषरूपेण उल्लेखनीय छ, मैत्री भावना पहिलो ब्रह्मविहार हो। अन्य व्यक्तिहरूलाई आत्मोपमता (आफू जस्तौ) सम्झनाले मैत्रीभावको उदय हुन्छ र यिनीहरू सुखी रहून्, दुःखी नहोऊन्, उनको कल्याण होस् भन्ने भावना विकसित हुन्छ। यही नै मैत्रीभावना हो। परदुःखका स्मरणले करुणाको भाव उत्पन्न हुन्छ भने परसुखका स्मरणले मुदिताको भाव उदित हुन्छ। यसरी नै सर्वत्र कार्यकारण नियमका अव्याहत व्यापारका स्मरणले उपेक्षाको भाव उत्पन्न हुन्छ। ब्रह्मविहार चित्तशुद्धिका उत्तम उपाय हुन् साथै सामाजिक आदर्शका उत्तम नमूना पनि। मैत्री राग होइन, रागसँग यसलाई मिसिन दिनु हुन्न। मैत्रीमा परार्थताको प्राधान्य हुन्छ भने रागमा स्वार्थको प्राधान्य हुन्छ, करुणा र शोकमा पनि भेद ध्यातव्य छ। शोकले आफूलाई पनि दुःखी बनाउँछ भने करुणाले अर्काको दुःखलाई हटाउने काम गर्दछ। मुदिता लौकिक सौमनस्यभन्दा भिन्न हुने गर्दछ र ईर्ष्याको निर्मूल पार्दछ। उपेक्षाले सुखदुःखको अनिवार्यता एवं समस्त लौकिक अनुभवहरूको परतन्त्रतालाई

देखाउँदै धीरता (निर्विकारता) मा पर्यवसित हुन्छ। आदिका तीन ब्रह्मविहारहरू सहानुभूतिका विभिन्न रूप हुन्छन् र ध्यानद्वारा उनको वृद्धि गरिनुपर्छ भने चौथो ब्रह्मविहारमा दार्शनिकताको समावेश छ। सम्यक् संकल्प, सम्यक् वाक् एवं सम्यक् कर्मान्त- यी उपनिषद्मा विदित मन वाणी र शारीरिक कर्म हुन्। सम्यक् संकल्पलाई निष्कामसंकल्प, अव्यापादसंकल्प एवं अविहिंसासंकल्प भनिएको छ अर्थात् रागद्वेषवर्जित संकल्प नै सम्यक् सङ्कल्प हो। मृषावाद, पैशून्य, परुषता, सम्प्रलापबाट विमुक्ति नै सम्यक्वाक् हो। प्राणातिपात, अदत्तादान एवं कामगत मिथ्याचारबाट विरति नै सम्यक् कर्मान्त हो।

हिंसा, चोरी, व्यभिचार आदि निन्दनीय कर्मलाई सर्वथा त्याग यसमा अपेक्षित छ। पाँच कर्मको अनुष्ठान प्रत्येक व्यक्तिका लागि अनिवार्य छ। ती हुन् पञ्चशील -अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, सुरामैरेय(मादकपदार्थ)को त्याग, यसदेखि अतिरिक्त भिक्षुहरूका लागि अपराह्नभोजनत्याग, मालाधारणत्याग, संगीतत्याग, सुवर्ण तथा अमूल्य शय्याको त्याग, यसरी दशशीलको वर्णन भिक्षुहरूका लागि गरिएको छ।

सम्यक् आजीविका

शास्त्रवणिज्जा, सन्तवणिज्जा (प्राणीव्यापार), मांसवणिज्जा, मज्जवणिज्जा (मद्य), विषवणिज्जा, विरति नै सम्यक् जीविका हो र यिनका अतिरिक्त तराजूबाट गरिने ठगी, कंसद्वारा गरिने ठगी, नापको ठगी, घूस, वंचना, कृतघ्नता, कुटिलता, छेदन, वध, बन्धन, डकैती, लूटपाटद्वारा गरिने जीविकामा आश्रित नरहनु नै सम्यक् आजीविका हो। सम्यक्व्यायाम, सम्यक्स्मृति र सम्यक्समाधि प्रकारान्तरले संबोध्यङ्गका रूपमा इन्द्रिय तथा बलका रूपमा पनि गनिएको छ।

सम्यक् व्यायाम-

वीर्य, पराक्रम एवं उत्थानको पालि साहित्यमा ठूलो महत्त्व छ। सम्यक् व्यायाममा अकुशल धर्मबाट संवर एवं उनको प्रहाणका साथै कुशल धर्मका भावना र उनको अनुरक्षण उपदिष्ट छ। यहाँ व्यायाम शीलसँग आश्रित छ, यसले संयोजनलाई नष्ट गर्दछ र निर्वाणसम्म लैजान्छ। इन्द्रियमा संयम, सत्कर्मको भावना तथा प्रयत्नपूर्वक खराब भावनालाई हटाएर ठीकसँग चित्तलाई चञ्चलताबाट हटाउनु नै सम्यक् व्यायाम हो।

पाँच इन्द्रिय र बल एउटै हुन्, वस्तुतः इन्द्रिय शब्दको मूल अर्थ पनि बल नै हो। यी पाँच हुन्– श्रद्धा, वीर्य, स्मृति, समाधि एवं प्रज्ञा। कहींकहीं स्मृति, ह्री, अपत्रपा, वीर्य र प्रज्ञाको रूपमा पनि यिनको वर्णन पाइन्छ।

स्मृति

स्मृति शब्दले आफ्नो प्रचलित अर्थमा चित्तको सुविदित धर्मविशेषलाई संकेत गर्दछ। चित्तको स्वभाव नै यो छ कि त्यो अनुभव व्यतीत भएपछि पनि उसको निशान या

संस्कारलाई संरक्षण गर्दछ तथा अनूभूत अर्थलाई संस्कारद्वारा पुन: ज्ञान गर्नु स्मृति भनिन्छ। आध्यात्मिक साधनाका प्रसङ्गमा ध्येय विषयको निरन्तर स्मरण नै स्मृति शब्दले बोध हुन्छ। सद्धर्ममा अप्रमादमाथि अत्यधिक जोड दिएको पाइन्छ। तथागतका अन्तिम शब्द पनि यिनै हुन्- अप्रमादले सम्पन्न गर्नू। सामान्यत: चित्तमोह एवं विक्षेपमा रहन्छ। अत:एव प्रयत्नपूर्वक स्मृतिसाधनाद्वारा प्रत्यग्‌जागरूक एवं एकाग्रभूमिक बनाइरहनु आवश्यक छ।

स्मृतिको अनिवार्यतालाई देखाउनुलाई एकायनमार्ग भनिएको छ। स्मृतिको अभ्यास निरन्तर आध्यात्मिक जागरूकताको अभ्यास हो। स्मृतिले चित्रलाई असत्सम्पर्क र असल प्रचारबाट बचाउँदछ। अत:एव उसलाई चित्तको आरक्षक अथवा दौवारिक (पाले) बताइएको छ। स्मृति अनेक प्रकारका छन्। कायगतास्मृति, अनापानस्मृति एवं चार स्मृति प्रस्थान मुख्य छन्।

कायगतास्मृति शरीरका ध्यानको नाम हो। शरीरका अंगप्रत्यंगको रंग, आकार, स्थिति आदिको एक निश्चित क्रममा चिन्तन गर्नाले कायस्मृति उपस्थित हुन्छ। यस स्मृतिका सिद्धिद्वारा आफ्नो एवं अर्काको शरीर केवल हाड र मासुको पुतला मात्र प्रतीत हुन्छ र कायिक आसक्ति समाप्त हुन्छ। अनापानस्मृतिमा श्वासमा ध्यान राखिन्छ। अनापानमा केवल श्वासका गतिलाई निरन्तर लक्ष्य गरिन्छ। यसरी श्वासको ध्यानले उसको गति सूक्ष्म, सूक्ष्मतर हुँदै अन्तमा निरुद्धवत् हुन्छ।

चार स्मृतिप्रस्थानमा पहिलो कायानुपश्यना हो, दोस्रो वेदनानुपश्यना, तेस्रो चित्तानुपश्यना र चौथो धर्मानुपश्यना हो। कायानुपश्यनामा कायिक धर्मको यथास्थित अनुसन्धान गर्नु हो, वेदनानुपश्यनामा सुखदु:ख आदि वेदनाहरूको यथार्थ बोध गर्नु हो चित्तानुपश्यना समस्त चित्तविषयक जागरूकता हो। धर्मानुपश्यना नीवरण, स्कन्ध, आयतनसंयोजन, बोध्यंग एवं चार आर्य सत्यको बोध र स्मरणद्वारा सम्पन्न हुन्छ। संक्षेपमा स्मृति भन्नाले तन (शरीर), मन (चित्त) र पवन (श्वास)को गतिको बोध हो।

बोध्यंगलाई संबोधिको लागि उपयोगी तत्त्व मानिएको छ। ती प्राय: सात छन् - स्मृति, धर्मविचय, वीर्य, प्रीति, प्रश्रब्धि, समाधि एवं उपेक्षा। नीवरणका प्रतिकारका लागि बोध्यंगको विशेष रूपले उपदेश गरेको पाइन्छ। कामच्छन्द, अभिध्याव्यापाद, स्त्यानमृद्ध, औद्धत्य- कौकृत्य एवं विचिकित्सा यी पाँच नीवरण हुन्। यी नीवरण चित्तमा बसे भने चित्त समाधियोग्य हुँदैन। अतएव बोध्यंगको भावना गर्नुपर्दछ। सद्धर्ममा दम या संयम सबैका लागि आवश्यक हुन्छ। दान उपासकहरूका लागि आवश्यक छ। दया धर्मको मूल हो। सम्यक् स्मृतिको विस्तृत वर्णन दीघनिकायको महासति पठानसुत्त (२/९) मा गरिएको छ।

सद्धर्ममा ब्रह्मचर्य र सत्यको महती आवश्यकता दर्शाइएको छ। ब्रह्मचर्य र सत्यविना ज्ञान उपलब्ध नहुने घोषणा बुद्धको मूल देशनाभित्र पर्दछ। मुण्डकोपनिषद्, प्रश्नोपनिषद् र छान्दोग्योपनिषद्को यो भावना "सत्येन लभ्यस्तपसा ह्येष आत्मा सम्यग्ज्ञानेन ब्रह्मचर्येण नित्यम्" "तेषामेवैष ब्रह्मलोको येषां तपो ब्रह्मचर्येषु

प्रतिष्ठितम्, ब्रह्मचर्येण ह्येवेष्ठात्मानमनुविन्दते" आदिलाई आफ्नो बोधिप्राप्तिमार्गमा भगवान् बुद्धले पूर्ण रूपमा स्वीकृत गर्नुभएको छ ।

ध्यान

तथागतद्वारा निर्दिष्ट मार्गहरूमा ध्यान प्रधान हो। ध्यानद्वारा नै बोधिसत्त्वले सम्बोधिको लाभ गर्नुभएको हो ।

तथागतले नीवरणयुक्त चित्तलाई ध्यानअयोग्य बताउनुभएको छ। ध्यान समाधिको पूर्वाङ्ग हो। समाधिलाई शमथनिमित्त, अव्यग्रनिमित्त भनिएको छ। सबै धर्ममा समाधि प्रमुख हो। समाधिको भावना दृष्ट धर्म सुख विहारका लागि, ज्ञानदर्शन प्रतिलाभका लागि, स्मृति संप्रजन्यका लागि एवं आस्रवक्षयका लागि पनि गरिन्छ। तथागतले स्वयं ध्यानद्वारा तीन विद्या तथा सम्बोधि लाभ गर्नुभएको हो। लौकिक अथवा लोकोत्तर विषय र प्रयोजनबाट प्रवृत्त हुन सक्दछ। तीन भूमिहरूमा कुशल चित्तको एकाग्रता लौकिक समाधि हो। आर्यमार्गद्वारा संप्रयुक्त एकाग्रता लोकोत्तर समाधि हो। प्रज्ञाका उदयबाट लोकोत्तर समाधिलाभ हुन्छ ।

चित्त विशुद्ध एवं भास्वर स्वभावको हुन्छ। किन्तु आगन्तुक मलद्वारा आवृत रहन्छ। यस आगन्तुक मललाई उपक्लेश एवं नीवरण भनिएको छ। उपक्लेश र नीवरणलाई हटाएपछि चित्त मृदु, कर्मण्य र प्रभास्वर हुन्छ र आस्रवक्षययोग्य हुन्छ। ध्यानक्रिया एक प्रकारले चित्तको परिष्कार अथवा परिशोधन हो। जसरी अग्निमा तताएपछि स्वर्ण विशुद्ध हुन्छ, त्यस्तै चित्त पनि विशोधित हुन्छ। आस्रवहरू चित्तका आन्तरालिक दोष हुन्। जो अविद्यासँगै निवृत्त हुन्छन्। ध्यानका चार अवस्था छन्। पहिलो ध्यानमा कामसुख एवं अकुशल धर्मबाट दूर भएर चित्त वितर्क विचार एवं विवेकजन्य प्रीतिसुखले युक्त अनुभवमा निम्न रहन्छन्। दोस्रो ध्यानमा वितर्क र विचार उपशान्त हुन्छन्। चित्त आफूभित्रै प्रसाद एवं एकाग्रतासँग समाधिजन्य प्रीतिसुखको अनुभव गर्दछ। पहिलो ध्यानमा हुने सुख विवेकजन्य हो भने दोस्रो ध्यानको सुख समाधिजन्य हो। तेस्रो ध्यानमा प्रीति पनि छुट्दछ र चौथो ध्यानमा सुख पनि रहँदैन। यसरी सुख र दुःख सौमनस्य, दौर्मनस्यको अस्त भएपछि सुखदुःखरहित उपेक्षामयी स्मृतिमा परिशुद्धिको चतुर्थध्यानमा प्राप्ति हुन्छ। यस स्थितिमा व्यक्तिले परिशुद्धि, पर्यवदात, अनंगण, विगतोपक्लेश, मृदुभूत, कर्मण्य, आनेञ्ज्य प्राप्त गर्दछ।

ध्यान कुनै कल्पनाप्रवण स्वप्निल अवस्था होइन। अपितु ध्यानमा चित्त सर्वथा निस्तन्द्र एवं जागरूक रहन्छ। ध्यान न त विचार र चिन्तन नै हो। चिन्तन एवं संवेदनको निरोध नै ध्यानको मर्म हो। ध्यानमा चित्त निश्चल एवं उज्ज्वल हुन्छ। जस्तै विशुद्ध दर्पणमा अथवा स्थिर एवं विमल स्थिर जलमा पदार्थ यथार्थतः प्रतिबिम्बित हुन्छन्। त्यस्तै ध्यानद्वारा समाहित चित्तमा परमार्थको बोध स्वतः उत्पन्न हुन्छ। "यदाहवे पातु भवन्ति धम्मा आतायिनो झायतो ब्राह्मणस्य" अर्थात् समाहित चित्तमा धर्म प्रादूर्भूत हुन्छन्। यसरी ध्यानबाट समाधि फलित हुन्छ। शील र समाधिको फल हो, प्रज्ञाको उदय, भवचक्रको मूलमा अविद्या विद्यमान छ। प्रज्ञाको उदय नभइकन अविद्या नष्ट

हुन्न । प्रज्ञा तीन प्रकारको छ- श्रुतमयी, चिन्तामयी र भावनामयी । आप्त प्रमाणद्वारा उत्पन्न निश्चयलाई श्रुतमयी, युक्तिद्वारा उत्पन्न निश्चयलाई चिन्तामयी र समाधिजन्य निश्चयलाई भावनामयी भनिएको हो । प्रज्ञावान् व्यक्तिको चित्त कामास्रव (कामसुखको इच्छा) भवास्रव (फेरि जन्मने इच्छा), तथा अविद्यास्रव (अज्ञानमल)बाट सर्वथा विमुक्त हुन्छ । यसरी उसले निर्वाणलाई सहजै प्राप्त गर्दछ । सद्धर्मका तीन रहस्य शिक्षापदलाई सर्वथा ध्यान दिनु उपयुक्त हुन्छ ।

सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा सचित्त परियोदपनं एतं बुद्धानुसासनं ।

(धम्मपद- १४।५)

[कुनै पनि पापकर्म नगर्नु, कुशल (पुण्य) कर्ममात्रको सञ्चय र आफ्नु चित्तलाई विशुद्ध बनाउनु यही नै बुद्धअनुशासन हो ।]

❖

हिन्दूसंस्कृतिका अग्रणी चिन्तक मनु र उनको स्मृति : एक अध्ययन

- डा. रमेशचन्द्र अधिकारी*

मनुस्मृति संस्कृत वाङ्मयका अनेकौं महत्त्वपूर्ण कृतिहरूमध्ये एक हो। यसमा हिन्दूशासनपद्धति, सामाजिक व्यवस्था, धार्मिक पद्धति, कानून आदि अनेकौं विषयमा विवेचना गरिएको छ। महाभारतमा धेरै ठाउँमा मनुको उल्लेख आउँदछ, अझ वेदमा समेत मनुको उल्लेख आएको हुँदा मनुका विचार प्राचीनतम हुन् भन्ने सम्बन्धमा शंका गर्ने ठाउँ देखिँदैन। जहाँसम्म वर्तमान समयमा उपलब्ध मनुस्मृति र त्यसको लिपिबद्धताको समयको कुरा छ, त्यो भने अवश्य विवेचनीय छ। जे होस् हिन्दूपरम्परामा मनुलाई मनुष्य जातिका पहिलो राजाको रूपमा उल्लेख गरिएको पाइन्छ। पृथ्वीमा कानून र व्यवस्था समाप्त भएपछि मनुष्यहरूले ब्रह्मासमक्ष उनीहरूको रक्षा गरिदिन अनुरोध गरेको हुँदा ब्रह्माले मनुलाई राजा बनाएर पठाएको र उनै मनुले बलियाहरूका थिचोमिचोबाट दुर्वलहरूको रक्षा गरेको कुरा उल्लेख छ। मनुले सामाजिक सुव्यवस्था कायम राख्न कानूनको व्यवस्था गरेको र त्यसको उल्लंघन गर्नेहरूलाई दण्डित गरेको सन्दर्भ पनि स्वस्मृतिमा उल्लेख गरेका छन्।

श्रुति भनेर वेदलाई भनिन्छ भने स्मृति भनेको धर्मशास्त्र हो। धर्मशास्त्रमा त्यस्ता कर्म र विचारको वर्णन पाइन्छ, जसलाई सही ढंगले परिपालन गर्दा मनुष्य भौतिक तथा

---

* सह–प्राध्यापक, नेपाल ल क्याम्पस

आध्यात्मिक दुवै सुख प्राप्त गर्दछ। मनुस्मृति पनि एक महत्त्वपूर्ण धर्मशास्त्रीय ग्रन्थ हो। जुन चीज धारण गर्न योग्य हुन्छ, त्यो धर्म हो। धारण गर्न योग्य चीजलाई धारण नगर्दा भौतिक तथा आध्यात्मिक सुखबाट वंचित हुनुपर्दछ। मनुको विचारमा धर्मको अर्थ ईश्वरको उपासना गर्नु मात्र नभएर मनुष्यको आयु तथा प्रकृतिअनुकूल कर्म गर्नु पनि हो। जसले आफ्नो कर्तव्य सही ढंगले पालना गर्दछ, ऊ धार्मिक हो। मनुस्मृतिमा धर्म, अर्थ, काम, मोक्ष चार पुरुषार्थको उल्लेख पाइन्छ। बाह्र अध्यायमा विभक्त मनुस्मृतिको पहिलो अध्यायमा मुख्य रूपमा संसारको उत्पत्तिको सम्बन्धमा चर्चा गरिएको छ भने दोस्रो अध्यायमा जातकर्मादिसंस्कार ब्रह्मचर्यविधान आदिको बयान छ। तेस्रो अध्यायमा पञ्च महायज्ञ, नित्यश्राद्धविधि आदि उल्लिखित छन्। मनुस्मृतिको चौथो अध्यायमा गृहस्थीका नियम निर्दिष्ट छन्, पाँचौं अध्यायमा भक्ष्याभक्ष्य पदार्थका सम्बन्धमा उल्लेख छ। त्यस्तै छैटौंमा वानप्रस्थ तथा सन्न्यासआश्रम, सातौंमा राजकर्तव्य मन्त्रिपरिषद् राजदूत युद्धका नियम आदिका सम्बन्धमा बताइएको छ। मनुस्मृतिको आठौं अध्यायमा साक्षीका सम्बन्धमा उल्लेख छ भने नवौंमा स्त्री र पुरुषका कर्तव्य, दशौंमा आपद्धर्म, एघारौंमा प्रायश्चित्त र बाह्रौं अथवा अन्तिम अध्यायमा मोक्ष वा आत्मज्ञानको सम्बन्धमा विशेष उल्लेख छ।

मनुको सामान्य दर्शन

मनुस्मृतिको पहिलो अध्यायमा सृष्टिरचनाको सम्बन्धमा भनिएको छ - यो संसार प्रलयकालमा अतर्क्य अन्धकार, प्रकृतिमा लीन एवं सुषुप्त जस्तो अज्ञेय थियो।[1] त्यसपछि स्वेच्छाले शरीर धारण गर्ने ईश्वर आकाशादि महाभूत व्यक्त गर्दै प्रकट भए। तिनै परमात्माले समस्त सृष्टि रचना गर्ने उद्देश्यले सर्वप्रथम जलको उत्पत्ति गरे र त्यसपछि आफ्नो शक्तिरूप बीज छरे। त्यो बीज परमेश्वरको इच्छाले सुनको डल्लो जस्तो भयो, जसबाट सूर्यको जस्तो तेज उत्पन्न भयो।[2] त्यसै सुवर्णस्वरूप अण्डामा ब्रह्मा एक वर्षसम्म रही ध्यानद्वारा त्यस अण्डालाई दुइ भागमा विभक्त गरे, ती दुइ टुक्रामध्ये एकबाट स्वर्ग र अर्कोबाट पृथ्वी बनाए, ती दुइ बीचमा आकाश, आठ दिशा र समुद्रको निर्माण गरे। त्यसपछि ब्रह्माले सत्असत्रूप मनको सृष्टि गरे। त्यसभन्दा पहिले म भन्ने अहङ्कार उत्पन्न गरे। त्यसभन्दा पनि पहिले, सत्त्व, रज, तम तीन गुण सृष्टि गरिए। रूप, रस, गन्ध आदि विषय ग्रहण गर्न सक्ने पाँच इन्द्रियहरूको सृष्टि गरियो। सृष्टिकै क्रममा अहङ्कार, शब्द, रूप, रस, गन्ध, स्पर्श आदि समावेश गरी मनुष्य, पशु, पक्षी आदि सबै प्राणीहरूको सृष्टि भयो। त्यसपछि देवता तथा प्राणीहरूको समूह, प्राणहीन पाषाणादिका समूह, यज्ञ-सिद्धिका लागि ऋक्, यजु, साम वेदहरू क्रमशः अग्नि, वायु र सूर्यबाट प्रकट गरे। अनि काल, काल-विभाजन (ऋतु, महिना आदि), नक्षत्र, ग्रह, नदी, समुद्र, पर्वत, उच्च-उच्च स्थानहरू, प्रजाहरूको उत्पत्ति गर्ने अभिलाषाले तप, वाणी, रति,

---

१ आसीदिदं तमोभूतमप्रज्ञातमलक्षणम्।
अप्रतर्क्यमविज्ञेयं प्रसुप्तमिव सर्वतः॥ म. स्मृ., अध्या. १, श्लो. ५

२ तद् दण्डमभवद्धैमं सहस्रांशुसमप्रभम्।
तस्मिञ्जज्ञे स्वयं ब्रह्मा सर्वलोकपितामहः॥ म. स्मृ., अध्या. १, श्लोक ९

काम, क्रोध, आदि विकार; कर्मको ज्ञानको लागि धर्म (यज्ञ आदि) र अधर्म (ब्राह्मण-गोवध आदि), सुख, दुःख आदिको पनि सृष्टि पनि गरियो। सृष्टिकै क्रममा ब्रह्माले हिंसा, अहिंसा, कोमलता, कठोरता, सत्य, असत्य आदि सृष्टि गरे। उनले मुखबाट ब्राह्मण, हातबाट क्षत्री, तिघ्राबाट वैश्य र चरणबाट शूद्र उत्पत्ति गरे। तिनै ब्रह्माले आफ्नो शरीरलाई दुइ भागमा विभक्त गरी आधा भागबाट पुरुष र आधा भागबाट स्त्रीको उत्पत्ति गरे र तिनै स्त्रीबाट विराट् पुरुषको उत्पत्ति गरेका हुन्।[३] त्यसपछि सृष्टिक्रम उनै विराट् पुरुषसँग सम्बद्ध भएको कुरा मनुस्मृतिमा विस्तृत रूपमा चर्चा गरिएको छ।[४]

वर्णव्यवस्था

मनुस्मृतिमा वेदको प्रशस्त प्रभाव परेको पाइन्छ। वेदमा मनुष्य जातिलाई ब्राह्मण, क्षत्री, वैश्य र शूद्र गरी चार वर्णमा विभाजन गरिएको छ। चारै वर्णको उत्पत्ति ब्रह्माबाट भएको थियो। गीतामा चार वर्णको सृष्टि गुण र कर्मको आधारमा मैले गरेको हूँ भनी भगवान्ले भन्नुभएको छ। ब्राह्मणको काम पढ्नु, पढाउनु, यज्ञ गर्नु गराउनु, दान दिनु, दान लिनु हो। क्षत्रीको कार्य प्रजाको रक्षा गर्नु, दान दिनु, यज्ञ गर्नु, पढ्नु र विषयात्मक नहुनुलाई मानिएको छ। वैश्यहरूको कार्य पशु-वस्तुको रक्षा गर्नु, दान दिनु, यज्ञ गर्नु, पढ्नु, व्यापार तथा कृषि-कार्य गर्नु हो भनिएको छ। शूद्रका कार्य भने द्वेषरहित भई उपर्युक्त तीनै वर्णका मानिसहरूको सेवा गर्नुलाई लिइएको छ।[५] मनुको विचारमा मानिसको शरीरमा नाभिभन्दा माथिको भाग पवित्र हुन्छ, त्यसमा पनि मुख ज्यादै पवित्र मानिने हुनाले र त्यसैबाट उत्पन्न हुने हुँदा ब्राह्मण सबैभन्दा पवित्र हुन्छन्। ब्रह्माले सम्पूर्ण विश्वको कल्याणका लागि आफ्नो मुखबाट सृष्टि गरेका हुन् भन्ने कुरा माथि पनि उल्लेख भइसक्यो। जीवहरूमा प्राणधारी, प्राणधारीहरूमा बुद्धिमान्, बुद्धिमान्हरूमा मनुष्य, मनुष्यहरूमा ब्राह्मण, ब्राह्मणहरूमा विद्वान्, विद्वान्हरूमा कृतबुद्धि (शास्त्रोक्त कर्ममा जसको आसक्ति छ), कृतबुद्धिहरूमा कर्ता (शास्त्रोक्त कर्म गर्ने) र कर्ताहरूमा ब्रह्मज्ञानीलाई विशिष्ट मानिएको छ।[६] मनुस्मृतिमा ब्राह्मणहरूको आचार-विचारको सम्बन्धमा चर्चा भएको छ, जसअनुसार वेदको अभ्यास नगर्ने, आचार छोड्ने, आलस्यमय जीवनयापन गर्ने र अभक्ष्य चीज खाने ब्राह्मण छिट्टै कालको शिकार बन्दछ। लशुन, गाजर, प्याज, अपवित्र ठाउँमा उम्रेका साग-पात, ब्याएको दश दिन ननाघेकी गाईको दूध, ऊँटनी भेडी घोडी र स्त्रीको दूध, हाँस चखेवा सारस मैना आदिका मासु ब्राह्मणहरूका लागि अभक्ष्य मानिएको छ। के के चीज ब्राह्मणका लागि भक्ष्य हुन् भन्ने सम्बन्धमा

---

३ विस्तृत जानकारीको लागि हेर्नुहोस् म.स्मृ., अध्या. १, श्लो. १०-२९

४ विराट् पुरुषको उत्पत्तिपश्चात् के के चीजहरू सृष्टि भए भन्ने सम्बन्धमा हेर्नुहोस् म.स्मृ., अध्या. १, श्लो. ३०-९९

५ अध्यापनमध्ययनं यजनं याजनं तथा। दानं प्रतिग्रहं चैव ब्राह्मणानामकल्पयत् ॥
प्रजानां रक्षणं दानमिज्याध्ययनमेव च। विषयेष्वप्रसक्तिश्च क्षत्रियस्य समासतः ॥
पशूनां रक्षणं दानमिज्याध्ययनमेव च। वणिक्पथं कुसीदं च वैश्यस्य कृषिमेव च ॥
एकमेव तु शूद्रस्य प्रभुः कर्म समादिशत्। एतेषामेव वर्णानां शुश्रूषामनसूयया ॥ म.स्मृ., अध्या. १, श्लो. ८८-९१

६ म.स्मृ., अध्या. १, श्लो. ९६-९७

मनुले विस्तृत चर्चा गरेका छन्।[७] यसै सन्दर्भमा अन्य तीन वर्ण क्षत्री, वैश्य र शूद्रका पनि आफ्ना-आफ्ना कार्य तोकिएका छन्, यहाँ विषयविस्तारको भयले विस्तृत रूपमा उल्लेख गरिएन। उपर्युक्त चारै वर्ण मिलेर समाज बनेको हुन्छ। ती सबै वर्णका मानिसले आ-आफ्नो कर्तव्य इमान्दारीसाथ सम्पन्न गरेमा सामाजिक सुव्यवस्था कायम हुन सक्तछ। समाज अङ्गी हो भने हरेक वर्ण त्यसका अङ्ग हुन्। अङ्गको अभावमा अङ्गीको परिकल्पना गर्न सकिँदैन भन्ने मनु जुन कुनै एक वर्गले आफ्नो कर्तव्य सही ढङ्गले परिपालना नगर्नासाथ सामाजिक संरचनामा नै असर पर्दछ भनी भन्दछन्। शास्त्र-निर्दिष्ट कार्य सही ढङ्गले सम्पन्न गर्ने मनुष्य यस जन्ममा सम्पूर्ण वाञ्छित कामना पूरा गर्दछ र परजन्ममा मोक्ष-फल प्राप्त गर्दछ। सम्पूर्ण धर्मको मूल वेद भएकोले त्यसले देखाएको कार्य नगर्ने मनुष्य तिरष्कार्य ठानिएको छ।

आश्रम-व्यवस्था

मनुले मनुष्यको चातुर्दिक विकासका लागि जीवनलाई चार आश्रममा विभाजित गरेका छन् - (क) ब्रह्मचर्याश्रम (ख) गृहस्थाश्रम (ग) वानप्रस्थाश्रम (घ) संन्यासाश्रम। उपर्युक्त चार आश्रमलाई मर्यादित ढङ्गले क्रमशः पार गर्ने व्यक्ति उत्तम गतिमा प्राप्त हुन्छ। उपर्युक्त चार आश्रममध्ये गृहस्थाश्रमलाई विशेष महत्त्व दिइएको छ। मनु भन्दछन् जसरी सम्पूर्ण नदीनालाहरू समुद्रमा समाहित हुन्छन्, त्यसरी नै अन्य तीन आश्रम गृहस्थाश्रमको आश्रयमा अघि बढ्दछन्।[८] हरेक आश्रममा व्यक्ति दोस्रो आश्रम प्रवेश गर्ने पूर्वाधार तयार गर्दछ। व्यक्ति कसरी आश्रमव्यवस्थामा रहँदा सामाजिक नियन्त्रण कायम गर्दछ ? आश्रममा रहँदा कसरी ऊ व्यक्तित्व विकास गर्न सक्तछ ? आदि प्रश्नलाई उत्तरित गर्दै मनुले त्यस सम्बन्धमा विस्तृत चर्चा गरेका छन्।

(क) ब्रह्मचर्य- यो आश्रमव्यवस्थाको पहिलो चरण हो। शुरूदेखि पच्चीस वर्षसम्मको यस आश्रममा रहँदा बालकलाई शारीरिक तथा मानसिक विकास गर्ने अवसर मिल्दछ। बालकहरू आ-आफ्ना आमा-बाबुको साथमा नरहेर गुरुसँग रहन्छन्। अतः आश्रमस्थ बालकका जीवनका वास्तविक निर्माता गुरु मानिन्छन्। यसमा रहँदा ऊ पछिका तीनै आश्रमका लागि पूर्वाधार तयार गर्दछ। यस आश्रममा बालकलाई बौद्धिक विकासको लागि वेदको पठन-पाठन, यज्ञ गर्ने तरीका र अन्य शास्त्रीय ज्ञान पनि प्रदान गरिन्छ। शारीरिक विकास पनि उसका लागि अपरिहार्य हुने भएकाले खुला वातावरणमा रहने अवसर प्रदान गरिन्छ। क्षत्री-कुलका बालकहरूका लागि शस्त्र-अस्त्र-विद्याको ज्ञान दिइन्छ। यसरी ज्ञान-विज्ञान, आचार-विचारका कुरादेखि लिएर व्यावसायिक तालीमसमेत दिइने ब्रह्मचर्याश्रमलाई व्यक्तिको सर्वाङ्गीण विकासको पूर्वाधारको रूपमा लिइएको छ।

(ख) गृहस्थ- पच्चीसदेखि पचास वर्षसम्मको अवस्थालाई गृहस्थाश्रमको अवस्था मानिएको छ। वंश-परम्परा चलाइराख्न यो आश्रम अपरिहार्य मानिएको हो। चार

---

७ विस्तृत जानकारीको लागि हेर्नुहोस् म.स्मृ., अध्या. ५, श्लो. ५-२५

८ यथा नदीनदाः सर्वे सागरे यान्ति संस्थितिम्। तथैवाश्रमिणः सर्वे गृहस्थे यान्ति संस्थितिम्॥ म.स्मृ., अध्या. ६, श्लो. ९०

आश्रममध्ये वेद र स्मृतिनिर्दिष्ट विधानद्वारा चल्ने गृहस्थाश्रमलाई श्रेष्ठतम मानिएको छ।[१] यस आश्रममा व्यक्ति आफ्नो परिवारको रक्षा गर्ने, ब्राह्मणलाई दान दिने, यज्ञ गर्ने आदि कार्य गर्दछ। यसरी एकातिर मानिस तपश्चर्याको लागि मात्र जन्मेको नभएर शारीरिक तथा भौतिक सुखका लागि पनि प्रादुर्भाव भएको प्राणी हो भन्ने कुरा स्पष्ट हुन्छ भने अर्कोतिर मनुस्मृति आध्यात्मिक पक्षसँग सम्बद्ध ग्रन्थ मात्र नभएर सांसारिक कुरासँग पनि आबद्ध छ भन्ने कुरा प्रमाणित हुन्छ।

(ग) वानप्रस्थ- पचास वर्षपछि व्यक्ति वानप्रस्थाश्रममा प्रवेश गर्दछ। मनुस्मृतिमा विधिपूर्वक गृहस्थाश्रममा रहेर शास्त्रोक्त विधिले इन्द्रियहरूलाई नियमन गरी वनमा रहनुपर्दछ भनिएको छ। वनमा प्रस्थान गर्नुलाई वानप्रस्थ भनिएको हो। गृहस्थी हुँदा व्यक्ति अपेक्षाकृत सांसारिक तथा वैयक्तिक कार्यमा व्यस्त रहन्छ, सामाजिक कल्याणका लागि खास गरी पारलौकिक सुखका लागि शोच-विचार गर्ने अवसर कम हुन्छ। अतः गृहस्थाश्रमपश्चात् वानप्रस्थ उचित मानिएको हो। गाउँका अन्न-पात, शय्या, सवारीसाधन सबै पुत्र र पत्नीलाई छाड्नु अथवा पुत्रलाई मात्र छाडेर पत्नीका साथमा वनमा जानु भनिएको छ। वनमा रहँदा मृगचर्म या अन्य पवित्र वस्त्र धारणं गर्ने, प्रातःकाल र सायंकालमा स्नान गर्ने, जटा दाढी नङ पाल्ने गर्नुपर्दछ। यस आश्रममा रहँदा व्यक्तिले आफ्नो परिवारको कल्याण मात्र नसोची सामाजिक भलाइका कार्य पनि गर्नुपर्दछ। वानप्रस्थमा मोटामोटी दुइ किसिमका कार्य तोकिएका छन्- क) व्यक्तिले समाजमा रहेर विभिन्न सामाजिक संस्थामार्फत जनताको सेवा गर्ने ख) व्यक्तिले जङ्गलमा रहेर अनुभवजन्य आफ्नो शुद्ध विचारको संग्रहबाट अन्य आश्रमका मानिसहरुलाई लाभान्वित गर्ने।

(घ) संन्यासाश्रम- जब व्यक्ति तेस्रो आश्रमकाल पूरा गर्दछ अर्थात् पचहत्तर वर्षको हुन्छ, त्यसपछि ऊ चौथो आश्रम अथवा संन्यासाश्रममा प्रवेश गर्दछ। यस आश्रममा व्यक्ति पूर्णरूपमा सामाजिक बन्धनबाट मुक्त भई मोक्ष-प्राप्तिका लागि प्रयासरत रहन्छ। यसमा व्यक्तिले पूर्णरूपमा सांसारिक विरक्ति पैदा गरी ईश्वरको आराधनामा तल्लीन रहनुपर्दछ र त्यस लक्ष्यप्राप्तिका लागि राज्यले यथोचित व्यवस्था मिलाइदिनुपर्दछ।

स्त्रीजाति

मनुस्मृतिमा स्त्रीधर्मको सम्बन्धमा उल्लेख गरिएको छ। स्त्री सधैँ प्रसन्न-चित्त, गृहकार्यमा कुशल, मितव्ययी हुनुपर्दछ। पतिको सहभागिताविना पत्नीले गरेको यज्ञ, व्रत, उपवास आदि त्यति पूर्ण नहुने मनुको राय छ। पत्नीव्रतमा आस्थावान् पतिको शुश्रूषा नै उनको सबैभन्दा ठूलो धर्म हो। परपुरुषसँग सहवास गर्ने स्त्री यस लोकमा निन्दित हुन्छिन् भने परलोकमा उनले श्यालको योनिमा जन्म लिनुपर्दछ। मनसा, वाचा, कर्मणा नारी-धर्मलाई ससम्मान पालना गर्ने नारी यस लोक र परलोकमा कीर्तिशाली हुन्छिन्।

---

१ सर्वेषामपि चैतेषां वेदस्मृतिविधानतः। गृहस्थ उच्यते श्रेष्ठः स त्रीनेतान् बिभर्ति हि॥ म.स्मृ., अध्या. ६, श्लो. ८९

मनुस्मृतिमा उल्लेख छ- स्त्रीले बाल्यकालमा पिताको, तरुणीअवस्थामा पतिको र वृद्धावस्थामा पुत्रको अधीनमा रहनुपर्दछ।[१०] पुत्र छैन भने आफ्नै वर्णका मानिसको अधीनमा रहनू, ऊ पनि छैन भने पिताको पक्षका मानिसको अधीनमा रहनू, त्यो पनि नभए राजाको अधीनमा रहनुपर्दछ। विवाहपश्चात् बाबुको अंशमा छोरीको कुनै अधिकार रहन्न। यसरी एकातिर मनुले स्त्रीजातिलाई स्वतन्त्र रहनबाट वञ्चित गरेको देखिन्छ भने अर्कोतिर स्त्रीजातिलाई कहिले पुत्री, कहिले धर्मपत्नी र कहिले माताको रूपमा सम्मान गरिनुपर्ने धारणा व्यक्त गरेका छन्, जहाँ नारीहरूको संमान हुन्छ, त्यहाँ देवताहरू पनि रमाउँदछन् भन्ने धारणा व्यक्त गरी नारीहरूप्रति अगाध श्रद्धा व्यक्ति गरेका छन्।[११] पारिवारिक संवृद्धिका लागि स्त्री र पुरुष दुवैको समान महत्त्व रहने, ती दुवै ब्रह्माबाट सिर्जित भएकाले एक-अर्कालाई न्यून ठान्न नमिल्ने, लक्ष्मीविना घर शोभित नभए जस्तै असल नारीविना घरको महत्त्व नबढ्ने आदि धारणा मनुले व्यक्त गरेका छन्।[१२]

मनुले स्त्रीका प्रति पुरुषको कर्तव्यको उल्लेख गरेका छन्, जसअनुसार विवाह-योग्य छोरीको विवाह उसका बाबुले गरिदिएनन् भने बाबु निन्दायोग्य हुन्छन्। पिताको निधन-पश्चात् माताको रेखदेख नगर्ने पुत्र निन्दनीय हुन्छन्। हरेक धार्मिक अनुष्ठानका लागि पति र पत्नी दुवैको सहभागिता अपेक्षित हुने भएकाले यी दुइ एक अर्काका आश्रित हुन्छन्। पत्नीलाई अनादर गर्ने पतिलाई दण्ड गर्नू भन्ने मनु पत्नी बेच्ने अधिकार पतिलाई नहुने राय प्रकट गर्दछन्। आफ्ना पतिबाट बच्चाको प्रजनन हुने स्थिति नभएको अवस्थामा भने देवर या अन्य कुनै सजातीय पुरुषसँगको सहवासद्वारा गर्भधारण गर्न पाउने छुट मनुले दिएका छन्। मनुले मातृ-जातिप्रति हीनदृष्टि राखेका छैनन् भन्ने कुरा आमाको सम्पत्तिमा छोराको अधिकार नभएर छोरीको अधिकार हुनुपर्दछ भनेबाट अरू स्पष्ट हुन्छ।

मनुको राजनीतिक दर्शन

(क) राज्यको उत्पत्ति

मनुले राजाको उत्पत्तिको सम्वन्धमा लेखेका छन्- आदिकालमा राजा नहुँदा समाजमा अनेकौं विप्लव खडा भए, सर्वत्र त्रासले व्याप्त रह्यो। यस्तो स्थितिबाट सबैको रक्षाको लागि परमेश्वरले राजाको सृष्टि गरेका हुन्।[१३] ईश्वरले राजामा इन्द्र, वायु, यम, सूर्य, अग्नि, वरुण, चन्द्र, कुबेर आदि देवताहरूको सारभूत तत्त्व संमिश्रित गरेकाले उनी

---

१० बालया वा युवत्या वा वृद्धया वापि योषिता ।
न स्वातन्त्र्येण कर्तव्यं किञ्चित् कार्यं गृहेष्वपि ॥
बाल्ये पितुर्वशे तिष्ठेत् पाणिग्राहस्य यौवने ।
पुत्राणां भर्तरि प्रेते न भजेत् स्त्री स्वतन्त्रताम् ॥ म. स्मृ., अध्या. ५, श्लो. १४७-१४८

११ यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः । यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राऽफलाः क्रियाः ॥ म.स्मृ., अध्या. ३, श्लो. ५६

१२ पूजनार्यं महाभागाः पूजार्हा गृहदीप्तयः । स्त्रियः श्रियश्च गेहेषु न विशेषोऽस्ति कश्चन ॥ म.स्मृ., अध्या. ९, श्लो. २६

१३ अराजके हि लोकेऽस्मिन् सर्वतो विद्रुते भयात् । रक्षार्थमस्य सर्वस्य राजानमसृजत् प्रभुः ॥ म.स्मृ., अध्या. ७, श्लो. १

अरू प्राणीहरूभन्दा बढी पराक्रमी, सूर्यवत् तेजशाली हुन्छन्। मनुले बालकै भए पनि राजाको तिरस्कार नगर्नू, किनकि उनी मानवरूपधारी ईश्वर हुन् भनेका छन्।[१४] यसरी मनुले राजाको उत्पत्तिमा दैवी-शक्तिको आड लिए। केही पाश्चात्त्य विचारकहरू जस्तै थोमस हब्स पनि राजाको उत्पत्ति दैवी-शक्तिद्वारा भएको मान्दछन्। तर मनु जस्ता पौरस्त्य विचारक र हब्स जस्ता पाश्चात्त्य विचारकका दृष्टिमा केही भिन्नता छ। पश्चिमीहरूका धारणालाई निम्न-लिखित रूपमा सूत्रबद्ध गर्न सकिन्छ- (क) राजतन्त्र दैवी वरदानबाट उत्पन्न भएको संस्था हो (ख) वंशीय उत्तराधिकार निरवच्छिन्न रूपमा कायम हुनुपर्दछ। अथवा कुनै हालतमा पनि राजाको छोरालाई उत्तराधिकारबाट वञ्चित गर्न सकिँदैन चाहे ऊ अयोग्य नै किन नहोस् (ग) राजा केवल ईश्वरप्रति उत्तरदायी हुन्छन् (घ) राजतन्त्र सीमित या सम्वैधानिक हुन सक्तैन (ङ) राजाको विरोध गर्नु पाप हो। जनताले राजाद्वारा निर्मित कानून मान्नैपर्दछ, चाहे ती कानून नैतिक नियमविपरीत किन नहोऊन् आदि। मनुको विचारमा भने केही भिन्नता पाइन्छ। उनी राजालाई निरङ्कुश बन्नबाट निषेध गर्दछन्। निरङ्कुश, अविनयी, अयोग्य राजालाई प्रजाहरूद्वारा हटाउन सकिने व्यवस्था मनुस्मृतिमा उल्लेख छ।[१५]

(ख) राज्यको स्वरूप

मनुले राज्य हुनका लागि निम्न-लिखित सात तत्त्व संमिलित हुनुपर्ने धारणा व्यक्त गरेका छन्, जस्तै- (क) स्वामी (राजा) (ख) अमात्य (मन्त्री) (ग) सुहृत् (मित्र) (घ) कोष (ढुकुटी) (ङ) पुर (शहर) (च) राष्ट्र (देश) (छ) दण्ड (सेना)।[१६] राज्यका उपर्युक्त सातवटै अङ्गको बराबर महत्त्व छ। कुनै अङ्गको कुनैको भन्दा कम महत्त्व छैन। हरेक अङ्गको आ-आफ्ना कार्यक्षेत्रमा आ-आफ्नै विशेषता छन्।[१७] उपर्युक्त अङ्गका कार्यक्षेत्रमा राम्रो सम्बन्ध तथा समन्वय भएमा मात्र राज्य सुसञ्चालित हुन्छ। मनुस्मृतिमा स्वराष्ट्र तथा परराष्ट्र, मित्र तथा शत्रु, राष्ट्र तथा राष्ट्रमण्डल आदि अनेकौं राज्यका प्रकारका सम्बन्धमा उल्लेख छ। राज्यको कार्यशैलीको स्वभावको आधारमा कुनै मध्यम, कुनै केन्द्र-स्थानीय, कुनै उदासीन, कुनै तटस्थ, कुनै विजयाकाङ्क्षी आदि भेद पनि त्यहाँ प्रस्तुत गरिएको छ।[१८]

(ग) राज्यका कार्य

वर्ण-व्यवस्थाअनुसार सबै वर्णका मानिसबाट धर्मपालना गराउनु, कानून उल्लङ्घन गर्नेहरूलाई दण्डित गर्नु, बाह्य तथा आन्तरिक आक्रमणबाट देश र जनताको रक्षा गर्नु,

---

१४ बालोऽपि नावमन्तव्यो मनुष्य इति भूमिपः। महती देवता ह्येषा नररूपेण तिष्ठति ॥ म.स्मृ., अध्या. ७, श्लो. ८

१५ बहवोऽविनयान्नष्टा राजानः सपरिच्छदाः। वनस्था अपि राज्यानि विनयात् प्रतिपेदिरे ॥
वेनो विनष्टोऽविनयान्नहुषश्चैव पार्थिवः। सुदाः पैजवनश्चैव सुमुखो निमिरेव च ॥
पृथुस्तु विनयाद्राज्यं प्राप्तवान् मनुरेव च। कुबेरश्च धनैश्वर्यं ब्राह्मण्यं चैव गाधिजः ॥
म. स्मृ., अध्या. ७, श्लो. ४०-४२

१६ स्वाम्यमात्यपुरं राष्ट्रं कोशदण्डौ सुहृत् तथा। सप्त प्रकृतयो ह्येताः सप्ताङ्गं राज्यमुच्यते ॥ म.स्मृ., अध्या. ९, श्लो. २९४

१७ म.स्मृ., अध्या. ९, श्लो. २९६-२९७

१८ मध्यमस्य प्रचारं च विजिगीषोश्च चेष्टितम्। उदासीनप्रचारं च शत्रोश्चैव प्रयत्नतः ॥
एताः प्रकृतयो मूलं मण्डलस्य समासतः।
अष्टौ चान्याः समाख्याता द्वादशैव तु ताः स्मृताः ॥ म.स्मृ., अध्या. ७, श्लो.१५५-१५६

आन्तरिक शान्ति तथा सुव्यवस्था कायम गर्नु, समाजका कमजोर दीन-दुःखीहरूको बचावट गर्नु, मत्स्य-न्याय हुन नदिनु, वस्तुको मूल्य नियन्त्रण गर्नु, जनताबीचको झै-झगडा निराकरण गर्नु, शिक्षाको समुचित व्यवस्था गर्नु, असहाय निर्बल विधवा रोगी र विकलाङ्गहरूका लागि भोजन औषधोपचार आदिको समुचित प्रबन्ध गर्नु, जुवाडे, असत्यवक्ता, भ्रष्ट कर्मचारी, रोगीको औषधोपचारमा हेलचक्र्याइँ गर्ने चिकित्सक आदिलाई दण्डित गर्नु आदि राज्यका कार्य हुन् ।

(घ) राजा

मनु राजतन्त्रात्मक शासनव्यवस्थाका पक्षधर हुन् । राजाको उत्पत्तिमा उनले दैवी सिद्धान्तको समर्थन गरे तापनि राजाको निरङ्कुशताको भने उनले विरोध गरे । उनको विचारमा प्रजाको हितको लागि मात्र राजाको सृष्टि गरिएको हो, नकि राजा स्वयंको हितको लागि । उनमा इन्द्रको जस्तो शासनकला, वायुको जस्तो गति, यमराज जस्तो दुष्टका लागि विनाशको कारण, सूर्य र अग्निमा जस्तो तेज हुनैपर्दछ । आफ्ना तेजद्वारा अरूहरूलाई वशीभूत गर्ने क्षमता पनि राजामा हुनै पर्दछ । असावधानीकै कारणले भए पनि आगाको नजीक जाने व्यक्तिलाई त्यसले जलाए जस्तै अज्ञानवश नै भए पनि राजाको अपमान गर्ने व्यक्तिको नाश अवश्य हुन्छ । राजा प्रसन्न भए कसैका लागि जीवन प्रदान गर्न सक्तछन् भने क्रुद्ध भएमा मृत्युका कारण पनि बन्न सक्दछन् । मनुले एकातिर राजालाई असीमित अधिकार प्रदान गरे भने अर्कोतिर उनलाई धार्मिक विधान उल्लङ्घन गर्ने अधिकार नभएको कुरा बताए ।[१९] मनु राजालाई धार्मिक दण्ड क्रियान्वित गर्ने एक महत्त्वपूर्ण पात्र ठान्दछन् । उनको विचारमा दण्ड (विधान) नै वास्तवमा राजा हो, दण्ड नै पुरुष हो, दण्ड नै न्यायकर्ता हो, शासनकर्ता हो र चारै वर्णका मानिसको धर्मको प्रतिभू (जिम्मा लिने व्यक्ति) हो । उनी पुनः भन्दछन्- दण्ड नै प्रजाहरूलाई शासन गर्दछ, उनीहरूको रक्षा गर्दछ, सुतेकाहरूलाई जागृत गराउँदछ र शब्दान्तरमा भन्दा दण्ड भनेकै धर्म हो ।[२०] मनुले राजालाई धर्मको अधीनमा राखेर सम्भावित मनोमानी गर्नबाट रोके । दण्डविधानलाई स्वयं ब्रह्माले बनाएका हुन् भने राजा त्यसका प्रयोक्ता मात्र हुन् । सहयोगीशून्य, मूर्ख, लोभी, शास्त्रज्ञानहीन, भोगासक्त राजा कहिल्यै पनि दण्ड-विधानलाई सही ढङ्गले कार्यान्वयन गर्न सक्तैनन् ।[२१] राजा न्यायपूर्वक दण्ड-विधान कार्यान्वयन गर्ने, शत्रुहरूलाई कडा दण्ड दिने, मित्रहरूसँग निष्कपट व्यवहार गर्ने र ब्राह्मणहरूप्रति क्षमाशील स्वभावको हुनुपर्दछ । माथि बताएबमोजिम काम गर्ने राजाको कीर्ति समुद्रमा तेलको थोपा फैलिए झैं फैलन्छ । तर तद्विपरीत काम गर्ने अथवा खराब तरीकाले शासन

---

[१९] यस्य प्रसादे पद्माश्रीर्विजयश्च पराक्रमे । मृत्युश्च वसति क्रोधे सर्वतेजमयो हि सः ॥
तं यस्तु द्वेष्टि संमोहात् स विनश्यत्यसंशयम् । तस्य ह्याशुविनाशाय राजा प्रकुरुते मनः ॥
तस्माद् धर्मं यमिष्टेषु स व्यवस्येन्नराधिपः । अनिष्टं व्याप्यनिष्टेषु तं धर्मं न विचालयेत् ॥
म.स्मृ., अध्या. ७, श्लो. ११-१३

[२०] दण्डः शास्ति प्रजाः सर्वा दण्ड एवाभिरक्षति । दण्डः सुप्तेषु जागर्ति दण्डं धर्मं विदुर्बुधाः॥ म.स्मृ., अध्या. ७, श्लो. १८

[२१] सोऽसहायेन मूढेन लुब्धेनाकृतवुद्धिना । न शक्यो न्यायतो नेतुं सक्तेन विषयेषु च ॥ म.स्मृ., अध्या. ७, श्लो. ३०

गर्ने र इन्द्रियलाई वशमा राख्न नसक्ने राजाको कीर्ति समुद्रमा घ्यूको थोपा जस्तै जम्दछ, कीर्ति नष्ट हुन्छ। प्रजाहरूप्रति असहिष्णु राजा बन्धुबान्धवसहित नष्ट हुन्छन्।[२२]

(ङ) राजाका कार्य

प्रारम्भमा जनताको जीउधनको सुरक्षा हुन नसकेर नै राजपदको सिर्जना गर्नुपरेको कुरा माथि पनि उल्लेख भइसक्यो। त्यसैले राजाले जनताको जीउधनको सुरक्षा गर्न र समाजमा शान्तिसुव्यवस्था कायम राख्न विशेष प्रयास गर्नुपर्दछ। जसरी एउटा कृषकले बाली जोगाउन गोडमेल गर्दछ, आसपासका झारपात टिप्दछ, त्यसरी नै राष्ट्र जोगाउन शत्रुरूपी झारपातलाई उखेल्न सक्नु राजाको कर्तव्य हो। जनतालाई कष्ट दिएर वैयक्तिक हितका लागि धनसञ्चय गर्ने राजाको विनाश अवश्यंभावी हुन्छ। विदेशनीति, सेना, कोष आदिको ठीकसँग सञ्चालन गर्न अनेक प्रकारका विभागीय प्रमुखहरूको नियुक्ति गर्नु र तिनीहरूबाट आ-आफ्नो कार्य ठीक ढङ्गले सञ्चालन भएको छ वा छैन त्यसको रेखदेख गर्नु राजाको दायित्व हो। उनले युद्धबाट भाग्नु हुन्न, त्यसो गर्दा उनको यश नाश हुन्छ। धर्मपूर्वक लडिएको युद्धमा पारस्परिक प्रहार गर्दा मारिएका राजा निर्विघ्नपूर्वक स्वर्ग जान्छन्।[२३] जसले शत्रुलाई युद्धमा पराजित गर्दछ, ऊ पृथ्वीको अपार सुखभोग गर्न सक्तछ, उसको कीर्ति यत्र-तत्र विस्तारित हुन्छ। राजाले मन्त्रीहरूसँग पनि निष्कपट व्यवहार गर्नुपर्दछ र उनीहरूको व्यवहार आफूप्रति र जनताप्रति के कस्तो छ, त्यसको जानकारी विश्वासी गुप्तचरहरूको माध्यमबाट थाहा पाइराख्नुपर्दछ। अविश्वासीहरूमा कहिल्यै विश्वास नगर्ने, विश्वासीहरूमा पनि अधिक विश्वास नगर्ने, ध्यानमग्न बगुल्लासमान अर्थसङ्कलनमा लाग्ने, सिंहसमान पराक्रम दर्शाउने आदि कार्य राजाले यथासमयमा गर्नुपर्दछ भन्ने मनुको राय छ।[२४]

(च) विभागीय प्रमुखहरूको नियुक्ति

राज्यका विविध कार्यसम्पादनका लागि राजाले विभिन्न अधिकारीहरूको नियुक्ति गर्नुपर्दछ। जनतामाथि अन्याय-अत्याचार गर्ने, अल्छी बनी काम नगर्ने, अनुचित ढङ्गले अर्थ-सङ्कलन गर्ने, राष्ट्रको हितभन्दा वैयक्तिक हितलाई प्रधानता दिने, घूस लिने वा दिने आदि दुर्गुणग्रस्त प्रशासकहरूको सम्पत्ति जफत गर्ने, जागीरबाट हटाइदिने र अपराधको प्रकृति हेरेर राज्यबाट निष्कासनसमेत गर्नुपर्ने हुन्छ। कुन कर्मचारीको कस्तो आचरण छ भन्ने कुरा पत्ता लगाउन गुप्तचरहरूको व्यवस्था गर्नुपर्दछ। अवस्था हेरी आफूमा मृदुता तथा कठोरता सन्निहित गर्न सक्नु राजाको लागि अपरिहार्य कुरा हो। सधैं कोमलता मात्र प्रकट गर्नेलाई आफ्नै कर्मचारीहरूले पनि टेर्दैनन्, शत्रुको त कुरै छाडौं, सबैले राजकीय

---

२२ तं राजा प्रणयन् सम्यक् त्रिवर्गेणाभिवर्धते। कामात्मा विषमः क्षुद्रो दण्डेनैव निहन्यते॥
दण्डो हि सुमहत्तेजो दुर्धरश्च कृतात्मभिः। धर्माद् विचलितं हन्ति नृपमेव सबान्धवम्॥ म.स्मृ., अध्या. ७, श्लो. २७-२८

२३ आहवेषु मिथोऽन्योन्यं जिघांसन्तो महीक्षितः।
युद्धयमानाः परं शक्त्या स्वर्गं यान्त्यपराङ्मुखाः॥ म. स्मृ., अध्या. ७, श्लो. ८९

२४ वकवच्चिन्तयेदर्थान् सिंहवच्च पराक्रमेत्। वृकवच्चावलुम्पेत शशवच्च विनिष्पतेत्॥ म.स्मृ., अध्या. ७, श्लो. १०६

नियमलाई वेवास्ता गर्नेछन्। सधैँ कठोरता मात्र प्रदर्शन गर्नाले मित्रहरू पनि चिढिने स्थिति हुन्छ। त्यसैले अन्यायी अत्याचारीप्रति कठोर बन्ने र असल, असहाय, पीडित, विद्वान्, रोगीहरूप्रति भने मृदुता प्रकट गर्नुपर्दछ। राष्ट्रको श्री-वृद्धिमा सघाउने, हरतरहले जनताको सेवामा आसक्त रहने कर्मचारीहरूलाई भने यथोचित दान-मान आदिद्वारा प्रोत्साहित गर्नुपर्दछ।

(छ) किल्लाको निर्माण गर्नु

मनुको विचारमा राजाले जहाँ रूख घाँस पानी प्रशस्त पाइन्छ, जहाँ अन्न धेरै उब्जाउ हुन्छ, जहाँ असल मानिसहरूको बस्ती छ, वीर साहसीहरू जहाँ बसोबास गर्छन्, त्यहाँ दुर्ग (किल्ला) को निर्माण गर्नुपर्दछ। देशको सुरक्षाको लागि किल्ला अपरिहार्य हुन्छ। मनुले ६ प्रकारका दुर्गहरूको परिकल्पना गरेका छन्। ती हुन्- धन्वदुर्ग, महीदुर्ग, जलदुर्ग, वृक्षदुर्ग, नरदुर्ग र गिरिदुर्ग।[२५] उपर्युक्त ६ प्रकारका दुर्गहरूमध्ये धन्वदुर्गमा मृगादि पशु, मही-दुर्गमा भूषा आदि, जल-दुर्गमा नाग आदि, वृक्षदुर्गमा वानर आदि, नर-दुर्गमा मनुष्य आदि र गिरिदुर्गमा देवता आदिको वास हुन्छ।[२६] शत्रुको आक्रमण रोक्नका लागि गिरिदुर्ग विशेष उपयोगी हुन्छ। जहाँ ठूला-ठूला पहाड छन्, तिनलाई नाघेर आउन शत्रुलाई गाह्रो पर्दछ। माथिबाट ढुङ्गा प्रहार गर्दा शत्रुहरू पर्वत चढ्नै नसक्ने हुन्छन्। सुरक्षित किल्लाभित्र रहेका मृग आदि जनावरलाई व्याघ्रादिले मार्न नसके जस्तै सबल दुर्गमा रहेका राजालाई शत्रुले सजिलै प्रहार गर्न सक्तैनन्।[२७] सुदृढ दुर्गमा रहेको एक धनुर्धारी दुर्गमा नरहेका एक सयविरुद्ध, दुर्गाश्रित एक सय धनुर्धारी दुर्गमा नरहेका दश हजारविरुद्ध लड्न सक्तछन्, अतः मनुले राजालाई सबल दुर्गको आश्रय लिन सल्लाह दिएका छन्। दुर्गमा शस्त्रास्त्र, धन-धान्य, हात्ती, घोडा, परामर्शदातृसमूह, कालीगढ, अन्न-पानी आदि आवश्यक उपकरण राखिनुपर्दछ अन्यथा सैन्यशक्तिको ह्रास हुन गई पराजय भोग्नुपर्दछ। दुर्गको माझमा स्नानागार, देवालय, शस्त्रगृह, अग्निशाला, दुर्गको चारैतिर खाडल, सबै ऋतुमा झाँगिने वृक्ष, लता, फूल, जलाशय आदिको पनि समुचित व्यवस्था गरिनुपदर्छ।[२८]

(ज) राजाको दिनचर्या

राजाले रात्रिको अन्तिम प्रहरमा उठेर स्नान-शौचादि नित्य कर्म गरी अग्निहोत्री तथा अन्य ब्राह्मणहरूको पूजा गरी सभाभवनमा प्रवेश गर्नुपर्दछ। सभामा आफ्नो दर्शनका

---

२५ म. स्मृ., अध्या. ६, श्लो. ७०

२६ म.स्मृ., अध्या. ७, श्लो. ७२

२७ म स्मृ., अध्या. ७, श्लो. ७१

२८ यथा दुर्गाश्रितानेतान्नोपहिंसन्ति शत्रवः।
तथारयो न हिंसन्ति नृपं दुर्गसमाश्रितम्॥
एकः शतं योधयति प्राकारस्थो धनुर्धरः।
शतं दशसहस्राणि तस्माद् दुर्गं विधीयते॥
तत् स्यादायुधसंपन्नं धनधान्येन वाहनैः। ब्राह्मणैः शिल्पिभिर्यन्त्रैर्यवसेनोदकेन च॥
तस्य मध्ये सुपर्याप्तं कारयेद् गृहमात्मनः। गुप्तं सर्वर्तुकं शुभ्रं जलवृक्षसमन्वितम्॥
म.स्मृ., अध्या. ७, श्लो. ७३-७६

लागि आएका प्रजाहरूमध्ये कोहीसँग कुराकानी गर्ने र कसैलाई दर्शन मात्र दिएर सन्तुष्ट पार्नुपर्दछ। त्यसपछि मन्त्रीहरूसँग मन्त्रणा गर्ने र अस्त्रसञ्चालनका बारेमा अभ्यास गर्नुपर्दछ। दोस्रो प्रहरको स्नानपछि भोजन गरी रानीसँग केही समय बिताउनुपर्दछ। राजाले दिनमा गर्नुपर्ने अन्य महत्त्वपूर्ण कार्यहरूमा शस्त्रधारी सैनिक, हात्ती घोडा आदि वाहन, शस्त्र-अस्त्र, स्नान, प्रसाधन, लेपन, शय्या आदिको राम्रोसँग निरीक्षण गरेर मात्र प्रयोग गर्नुपर्दछ।[२९] मनुले रात्रिमा राजाले गर्नुपर्ने कार्यका सम्बन्धमा पनि उल्लेख गरेका छन्, जसअनुसार सायंकालमा सन्ध्या एवं उपासना गरी दोस्रो कक्षमा गई एकान्तमा स्वयं शस्त्र धारण गर्ने र गुप्तचरहरूसँग परामर्श गर्ने, त्यसपछि उनीहरूलाई बिदा गर्ने, पुन: भोजन गर्ने, यथासमयमा सुत्ने र श्रमरहित भई बिहान यथासमयमा बिउँझनुपर्दछ।[३०]

(झ) मन्त्रिपरिषद्

जुन काम राजा एक्लैले गर्न दुष्कर भएको छ, त्यही काम धेरै जनाको सहयोग भयो भने सुकर हुन जान्छ,[३१] अत: मन्त्रिपरिषद्को व्यवस्था गर्नुपर्दछ भन्ने कुरामा सबै पौरस्त्य राज्यशास्त्रीहरू सहमत छन्। मनुले जनताको त्रिवर्ग (धर्म, अर्थ, काम) साधनामा मन्त्रिपरिषद्को महत्त्वपूर्ण भूमिका हुने कुरा बताएका छन्। योगक्षेम (अप्राप्त वस्तुको प्राप्ति गर्नुलाई योग भनिन्छ भने प्राप्त वस्तुको संरक्षण गर्नु क्षेम हो) साधनामा पनि मन्त्रिपरिषद्को महनीय भूमिका रहन्छ। प्रशासन सुचारुरूपले सञ्चालन गर्न राजाले शासनका विभिन्न अङ्गमा बुद्धिमान्, चतुर मन्त्रीहरू नियुक्त गर्नुपर्दछ। उनीहरू शास्त्रज्ञ, शूरा, वीर, हातहतियार चलाउन सिपालु, कर्मठ, विश्वासी हुनुपर्दछ र उनीहरूको संख्या सात अथवा आठभन्दा बढी हुनुहुन्न।[३२] व्यक्तिगत वा सामूहिक रूपमा मन्त्रीहरूको रायसल्लाह लिने तर निर्णय भने राजाले स्वविवेकले स्वयं गर्नुपर्दछ।[३३] मन्त्रीहरूको कार्य-विभाजन गर्दा उनीहरूको स्वभावलाई विशेष ख्याल गंर्नुपर्दछ। पराक्रमी, कुलीन, चतुर एवं पवित्र स्वभाव भएकाहरूलाई खनिज सम्पत्ति धान आदि संग्रह गर्ने कार्यमा, कायर स्वभावका मन्त्रीहरूलाई राजदरबारको भोजन गृह शयनागार आदिको निरीक्षणमा खटाउनु उचित हुन्छ।[३४] कसैले नदेख्ने, कसैले नसुन्ने निर्जन स्थानमा मन्त्रणा (सल्लाह) गर्नुपर्दछ। खास गरी पर्वतका शिखर, घरका छाना, घना जङ्गल आदि मन्त्रणाका लागि विशेष उपयोगी मानिन्छन्। मन्त्रणाको समयमा मूर्ख, लाटो, अन्धो, बहिरो, ज्यादै बूढो, सुगा मैना आदि पंक्षी, स्त्री, म्लेच्छ, रोगी र विकलाङ्गहरूलाई नजिक रहन दिनुहुन्न।[३५] तिनीहरूबाट मन्त्रणा गोप्य रहन सक्तैन। अतिवृद्ध एवं अस्वस्थ व्यक्तिहरूको मन-मष्तिष्क

---

२९ म.स्मृ., अध्या. ७, श्लो. १४५-१४६, २१७-२१९

३० म.स्मृ., अध्या. ७, श्लो. २२०-२२५

३१ अपि यत् सुकरं कर्म तदप्येकेन दुष्करम्। विशेषतोऽसहायेन किन्तु राज्यं महोदयम्॥
म.स्मृ., अध्या. ७, श्लो. ५५

३२ मौलाञ्शास्त्रविद: शूराँल्लब्धलक्षान् कुलोद्‌भवान्।
सचिवान् सप्त चाष्टौ वा प्रकुर्वीत विचक्षणान्॥ म.स्मृ., अध्या. ७, श्लो. ५४

३३ म.स्मृ., अध्या. ७, श्लो. ५७

३४ म.स्मृ., अध्या. ७, श्लो. ६२

३५ म.स्मृ., अध्या. ७, श्लो. १४७-१५०

असन्तुलित रहन्छ। आराम गरेर मन स्वच्छ एवं सन्तुलित भएको अवस्थामा, एक्लै वा मन्त्रीहरूसँग, मध्याह्ण वा आधा रातको समयमा धर्म, अर्थ, काम (त्रिवर्ग) को बारेमा राजाले सोच-विचार गर्नू भन्ने मनुको विचार छ।[३६]

(ञ) विभागीय प्रमुख

मनुस्मृतिमा विभागीय प्रमुखहरूको उल्लेख पाइन्छ। मर्यादाक्रमको दृष्टिले राजा सबैभन्दा माथि रहन्छन् भन्ने कुरा यथास्थानमा चर्चा भइसकेको छ। राजाभन्दा मुनि प्रधानमन्त्री रहने, उनी ब्राह्मण कुलमा जन्मेका, राजाका विश्वासिला र आफूभन्दा तलकाहरूलाई सही ढङ्गले निर्देशन दिई राज्यसञ्चालन गर्ने कार्यमा निपुण हुनुपर्दछ। राजा, मन्त्री र अन्य कर्मचारीहरू समावेश भएको समूह नै कार्यपालिका हो। मन्त्रीहरू नीति-निर्माण गर्दछन्, तिनलाई कार्यान्वयन गर्ने काम विभागीय प्रमुखहरूको हो। जति राज्यको कार्यक्षेत्र विस्तारित हुन जान्छ, त्यति कर्मचारीहरूको संख्या पनि बढाइनुपर्दछ। उनीहरू अर्थसम्बन्धी कुरामा शुद्ध हुनुपर्दछ। बुद्धिमान्, विवेकी, कार्यदक्ष, इमान्दार एवं चतुर कर्मचारी देश र जनताका भलाइका कारण हुन्छन्। जति भ्रष्टाचार कम हुन्छ, त्यति प्रशासन निष्कलङ्क हुन्छ। व्यक्तिगत स्वार्थसिद्धिका लागि पदको दुरुपयोग गरी जनहित-प्रतिकूल काम गर्ने कर्मचारीविरुद्ध कडा निगरानी राख्ने पहिलो जिम्मेवारी राजाको हो। उनीहरूको अपराधको गुरुतालाई विचार गरी देश-निष्कासनसमेत गर्न सकिने व्यवस्था मनुले बताएका छन्। विदेशनीति सुचारुरूपले सञ्चालन गर्न राजदूतहरूको नियुक्ति गर्नुपर्ने र उनीहरूले परदेशमा बस्दा स्वदेशहितमा काम गर्नुपर्ने हुन्छ।

(ट) क्षेत्रीय प्रशासन

मनुस्मृतिमा राष्ट्रलाई पुर र राष्ट्रको अन्य अवशिष्ट भाग गरी दुइ भागमा विभाजन गरिएको छ। पुर शब्दको अर्थ राजधानी हो। प्रशासन सुचारुरूपले सञ्चालन गर्न देशलाई विभिन्न भागमा विभाजित गर्नुपर्ने तथ्यलाई औँल्याउँदै मनुले केन्द्रबाट मात्र शासन गर्दा सबै क्षेत्रका जनतामा समान सुविधा पुऱ्याउन नसकिने वास्तविकता औँल्याएका छन्। मनुस्मृतिमा एक, दश, बीस, एक सय र एक हजार गाउँको अलग-अलग व्यवस्थाको उल्लेख गरिएको छ।[३७] क्षेत्रविभाजनको दृष्टिले सबैभन्दा सानो एकाइ ग्राम (गाउँ) हो र त्यसको प्रमुखलाई ग्रामिक भनिएको छ। ग्रामिकको कर्तव्य गाउँमा शान्ति-सुव्यवस्था कायम राख्नु, गाउँमा उब्जेका वस्तुबाट कर असूल गर्नु र आफ्नो ग्रामक्षेत्रका सम्पूर्ण समस्या दशग्रामपतिसमक्ष प्रस्तुत गर्नु हो। ग्रामिकपछि दशग्रामपति (दश गाउँका प्रमुख), विंशी (बीस गाउँका प्रमुख), शताध्यक्ष (सय गाउँका प्रमुख) र सहस्रपति (एक हजार गाउँका प्रमुख) लाई लिइएको छ। हरेक तहका अधिकारीहरूले माथिल्ला अधिकारीको नीति-निर्देशन कार्यान्वयन गर्नुपर्ने कुरामा मनुले जोड दिएका

---

३६ म.स्मृ., अध्या. ७, श्लो. १५१

३७ म.स्मृ., अध्या. ७, श्लो. ११५

छन् ।[३८] मनुको विचारमा ग्रामवासीहरू अन्न दाउरा तथा अन्य उपभोग्य वस्तु जे जति करका रूपमा राजालाई दिन्छन्, तिनका केही भाग गाउँका अधिपति आ-आफ्ना क्षेत्रको विकासका लागि खर्च गर्न सक्तछन् भन्ने छ ।[३९]

कानूनका स्रोत

मनुले निम्न-लिखित चार प्रकारका कानूनका स्रोतको उल्लेख गरेका छन्, ती हुन्- (क) वेद (ख) विभिन्न धर्मशास्त्रसँग सम्बद्ध निबन्धग्रन्थहरू (ग) ऋषि-मुनिहरूको परम्परा (घ) अन्तरात्मा ।

दण्डव्यवस्था

मनुले समाजमा शान्तिसुव्यवस्था कायम राख्न दण्ड-पद्धति सबल एवं सुधारपरक हुनुपर्ने धारणा व्यक्त गरेका छन् । उनको विचारमा दण्ड समस्त प्राणीहरूको रक्षक, धर्मस्वरूप, ब्रह्माको तेजमय पक्ष हो । मनुष्यको उत्पत्ति हुनुभन्दा पनि पहिले उत्पत्ति भएको दण्डको सामाजिक व्यवस्थामा ठूलो भूमिका रहन्छ, किनभने यसको समुचित प्रयोग भएमा समग्र स्थावर तथा जङ्गम भौतिक आनन्द ग्रहण गर्न सक्षम हुन्छन् । दण्डको अभावमा समाजमा मत्स्यन्याय (जसरी खोला-नाला, समुद्र आदिमा ठूला माछाले साना माछालाई निर्बाध रूपमा पीडा दिइरहेका हुन्छन्, त्यसरी नै बलियाले दुर्बललाई, पठितले अपठितलाई, ठूलाले सानालाई सताउनुलाई मत्स्यन्याय भनिन्छ)[४०] फैलन्छ । राजाले देश, काल, दण्ड, शक्ति आदिको ठीक-ठीक विचार गरेर मात्र अन्यायीहरूविरुद्ध दण्डको प्रयोग गर्नुपर्दछ । मनुको विचारमा दण्ड नै राजा हो, किनभने यसमा राज्य गर्ने शक्ति सन्निहित हुन्छ, दण्ड नै पुरुष हो, किनभने यसले अरूहरूलाई शासनाधीन गर्न सक्छ । शब्दान्तरमा भन्दा दण्ड नै सबैको शासक, सबैको रक्षक र सुतेकाहरूलाई जगाउने माध्यम हो ।[४१] शास्त्रसम्मत प्रयोग गरिएको दण्डले सबैलाई प्रसन्न राख्दछ भने शास्त्रासम्मत प्रयुक्त दण्डले सबैलाई रुष्ट पार्दछ । दण्डको अभावमा सम्पूर्ण प्राणी दूषित हुन्छन्, मर्यादा भङ्ग हुन्छ र सबै आक्रुष्ट एवं उत्तेजित हुन्छन् । समुचित तरीकाले प्रयोग गरिएको दण्डले धर्म, अर्थ र कामको समृद्धिमा सघाउ पुऱ्याउँदछ । दण्डप्रयोक्ता विषयाभिलाषी, क्षुद्र, क्रोधी, विषमदर्शी हुनुहुन्न ।[४२] मनुले धेरै प्रकारका दण्डका प्रकारका सम्बन्धमा चर्चा गरेका छन्, जस्तै - वाग्दण्ड, धिग्दण्ड, धनदण्ड, वधदण्ड, जातिबहिष्कार-दण्ड, प्रायश्चित्त-दण्ड, निर्वासन-दण्ड आदि । वाग्दण्ड भनेको कसैले एक पटक सानोतिनो अपराध गरेमा अब आइन्दा यसो नगर्नू भनी चेतावनी दिनुलाई जनाउँदछ । धनदण्ड भनेको आर्थिक जरिवानाका विविध पक्षलाई जनाउँदछ। धिग्दण्ड भन्नाले सार्वजनिक रूपमा निन्दा गर्नु

---

३८ म.स्मृ., अध्या. ७, श्लो. ११६-११७
३९ म.स्मृ., अध्या. ७, श्लो. ११८
४० म.स्मृ., अध्या. ७, श्लो. २०-२१, २३
४१ म.स्मृ., अध्या. ७, श्लो. १८
४२ म.स्मृ., अध्या. ७, श्लो. २७

वा धिक्कार दिनुलाई बुझाउँदछ। वध-दण्ड भनेको अपराध हेरी साधारण अङ्गकर्तनदेखि लिएर मृत्यु-दण्ड दिनुलाई समेत जनाउँदछ। मनुले अपराधको प्रकृति हेरेर दण्ड निर्धारण गर्नुपर्ने राय व्यक्त गरेका छन्। एकै किसिमको अपराधमा पनि जातअनुसार भिन्दाभिन्दै दण्ड गरिनुपर्ने मनुको धारणा छ। शूद्रले चोरी गरेको छ भने आठ सिक्का, वैश्यले चोरी गरेको छ भने शूद्रको भन्दा दोब्बर, क्षत्रियले चोरी गरेको छ भने वैश्यको भन्दा दोब्बर र ब्राह्मणले चोरी गरेको छ भने क्षत्रियको भन्दा दोब्बर जरिवाना गर्नुपर्दछ भनिएको छ। यसबाट उच्च वर्गका मानिसहरूले आ-आफ्नो उत्तरदायित्व विशेष रूपमा वहन गर्नुपर्दछ भन्ने बुझिन्छ।

विवादका कारण

मनुले विवादका अठार भेदहरूको उल्लेख गरेका छन्, जस्तै ऋण लिनु र दिनु, धरौटी राख्नु, अस्वामिविक्रय (कुनै चीज मालिकबेगर अर्कै व्यक्तिद्वारा बिक्री गरिनु), धेरै जना मिलेर व्यापार गरेकोमा कलह पैदा हुनु, दान दिएको चीज फिर्ता लिनु, नोकर या मजदूरलाई वेतन नदिनु, सन्धि-संझौता आदिको उल्लङ्घन हुनु, खरीदबिक्रीबाट उब्जने झगडा, मालिक र नोकरका बीच विवाद हुनु, साँध-सिमानाको सम्बन्धमा कलह हुनु, दण्ड-पारुष्य (ज्यादै कठोर दण्ड दिनु), ज्यादै मारपीट हुनु, अनधिकृत गाली-गलौज गर्नु, चोरी गर्नु, अति साहस गर्नु, परस्त्रीसँग संभोग गर्नु, स्त्री र पुरुषको सम्बन्धमा कालुष्य पैदा हुनु, पैतृक सम्पत्ति तथा भूमिको विभाजनमा कलह हुनु र जूवा खेल्नु।[४३]

न्याय-सम्पादन

मनुको विचारमा जहाँ धर्म अधर्मबाट, सत्य असत्यबाट परास्त हुन्छ, त्यस्ता न्यायालयका न्यायाधीश अधर्मरूपी रोगबाट पीडित हुन्छन्।[४४] त्यस्ता निकृष्ट न्यायालयमा प्रवेश नै नगर्नु, गरे पनि सत्य बोल्न नछाड्नु भन्ने मनुको राय छ। अधर्मको चतुर्थांश अधर्म गर्नेले, चतुर्थांश झूठो बयान दिने साक्षीले, चतुर्थांश सम्पूर्ण सभासद्ले र पापको चतुर्थांश राजाले भोग्नुपर्दछ।[४५] जुन न्यायालयमा वादी र प्रतिवादीमध्ये दोषीलाई न्यायपूर्वक दण्डित गरिन्छ, त्यसमा पापकर्ता मात्र पापको भागी हुन्छ, राजा, सभासद्, साक्षी वा अरू कसैलाई दोष लाग्दैन।[४६]

मनुले दोषी र निर्दोषी पत्ता लगाउन प्रमाणको ठूलो महत्त्व हुने कुरा बताएका छन्। उनको विचारमा प्रमाण दुइ प्रकारका हुन्छन् (क) मानुषप्रमाण (ख) दिव्यप्रमाण। मानुषप्रमाणका पनि तीन भेद छन्- (क) लिखित (ख) युक्ति (ग) साक्षी। मानुषप्रमाण निष्क्रिय भएपछि दिव्यप्रमाणको प्रयोग गरिन्छ। लिखित प्रमाणलाई विशेष महत्त्व दिनुपर्दछ

---

४३ म.स्मृ., अध्या. ७, श्लो. ४-७
४४ म.स्मृ., अध्या. ८, श्लो. १४
४५ म.स्मृ., अध्या. ८, श्लो. १८
४६ म.स्मृ., अध्या. ८, श्लो. १९

भन्ने मनु करकापमा गरिएको लिखतलाई भने स्थान दिनै नहुने धारणा व्यक्त गर्दछन्। आँखाले देखेको र कानले सुनेको कुरालाई जस्ताको तस्तै व्यक्त गर्ने साक्षीको भनाइलाई सधैँ प्रामाणिक मान्नुपर्दछ। उच्च चरित्र भएका, घटना घटेका ठाउँमा रहने, निर्लोभी व्यक्ति साक्षी हुन योग्य हुन्छन्। लोभी, कामुक, बालक, वृद्ध, नोकर आदि साक्षी हुन योग्य मानिँदैनन्। स्त्रीको सम्बन्धमा उठेका विवादको सम्बन्धमा स्त्रीहरूलाई नै साक्षी बनाउनुपर्दछ।[४७] मनुले न्यायपालिकाका प्रमुखको रूपमा राजालाई अङ्गीकार गरेका छन्। कानूनविद् दुइ वा तीन जना विद्वान् ब्राह्मणहरू र राजासमेत समावेश भएको संगठन नै न्यायपालिका हो।[४८] न्यायाधीश विवेकी, न्याय-अन्याय छुट्ट्याउन सक्ने, बाह्य तथा आन्तरिक भाव बुझ्न सक्ने हुनुपर्दछ। व्यक्तिको आवाज, मुखाकृति, आँखाको छनक, बोलीचाली आदि क्रियाकलापद्वारा को के चाहन्छ ? कसको मनसाय के छ ? आदि कुरा बुझ्न सक्ने क्षमता न्यायाधीशमा हुनुपर्दछ।

करप्रणाली

मनुले करप्रणालीको सम्बन्धमा स्वस्मृतिमा विशद विवेचना गरेका छन्। जसअनुसार जुकाले रगत, बाच्छाले दूध, भँवराले रस, क्रमिक रूपमा ग्रहण गरे जस्तै राजाले पनि हरेक वर्ष जनतालाई असर नपारीकन कर असूल गर्नुपर्दछ। त्यहाँ भनिएको छ - सुन र पशुबाट लाभांशको पचासौँ भाग, धान आदि अन्नको छैटौँ, आठौँ र बाह्रौँ भाग करको रूपमा उठाउनुपर्दछ।[४९] वृक्ष, मासु, घ्यू, औषधि, माटाका भाँडा, ढुङ्गाबाट बनेका सामान आदिबाट छैटौँ भाग करको रूपमा लिने व्यवस्था छ। मनुका अनुसार निम्न-स्तरका काम गर्नेहरूबाट महिनामा एक दिनको श्रम लिने, संकटकालिक स्थितिमा उत्पादित वस्तुको चार भागको एक भागसम्म कर लिन सकिने, तर असहाय, वृद्ध, अन्धा, लङ्गडा र अन्य अशक्त व्यक्तिहरूबाट भने कहिल्यै कर उठाउनु हुन्न। उचित रूपमा कर सङ्कलन गरी त्यस करबाट उठेको रकम प्रजाहरूकै कल्याणका लागि प्रयोग गर्ने राजा यशोभागी हुन्छन् भने तद्विपरीत गर्ने अपयशका भागी हुन्छन्।[५०] असल ब्राह्मण कहिल्यै धनसञ्चय गर्न आसक्त नहुने भएकाले उससँग निर्धनी राजाले पनि कर असूल गर्नु हुन्न भन्ने मनुको धारणा छ।[५१]

परराष्ट्रसम्बन्ध

मनुस्मृतिमा परराष्ट्रसम्बन्धको सम्बन्धमा पनि चर्चा गरिएको छ। जसअनुसार राजाले पारस्परिक सम्बन्धको आधारमा एक मण्डल (समूह) बनाउनुपर्ने व्यवस्था छ। त्यहाँ राजमण्डलका चार मूल प्रवृत्तिको उल्लेख छ, जस्तै- (क) मध्यम (ख) विजयाकाङ्क्षी

---

[४७] म.स्मृ., अध्या. ८, श्लो. ६८
[४८] म.स्मृ., अध्या. ८, श्लो. २७
[४९] म.स्मृ., अध्या. ७, श्लो. १२९-१३०
[५०] म.स्मृ., अध्या. ८, श्लो. ३०८
[५१] म.स्मृ., अध्या. ७, श्लो. १३३

(ग) उदासीन (घ) शत्रु। यीबाहेक अरू आठ प्रकारका प्रकृतिको उल्लेख पनि त्यहाँ पाइन्छ, जस्तै- मित्र, अरिमित्र, मित्रमित्र, अरिमित्रमित्र, पार्ष्णिग्राह, आक्रन्द, पार्ष्णिग्राहासार र आक्रन्दासार। मनुका अनुसार विजयाकाङ्क्षी र शत्रु दुवैको सहायता र विरोध गर्न सक्ने राज्य मध्यम, विजयद्वारा आफ्नो सीमा विस्तार गर्न चाहने विजयाकाङ्क्षी, सबै राज्यहरूसँग तटस्थ रहने उदासीन र अरूसँग शत्रुता राख्ने राज्य शत्रुराज्य हुन्। शत्रु तीन प्रकारका हुन्छन्- (क) सहज शत्रु, (ख) कृत्रिम शत्रु (ग) पार्श्ववर्ती शत्रु।[५२]

षाड्गुण्यसिद्धान्त

विजिगीषुले विदेशनीति सफलतापूर्वक सञ्चालन गर्न अवस्था हेरी साम, दान, भेद र दण्डको समुचित प्रयोग गर्न सक्नुपर्दछ। षाड्गुण्यसिद्धान्त पनि विजिगीषुका लागि अवस्था हेरी प्रयोग गरिने विदेशनीतिसम्बद्ध नियम हुन्।[५३] अब यहाँ उपर्युक्त ६ ओटै सिद्धान्तको विवेचना गरिन्छ। मनुका अनुसार सन्धि दुइ प्रकारका हुन्छन्- समानयानकर्मा र असमानयानकर्मा। वर्तमान समयमा आफू कमजोर भइएको छ र भविष्यमा आफ्नो सैन्यशक्ति बढ्ने स्थिति छ भने भविष्यमा शत्रुलाई आक्रमण गर्ने मानसिकता राख्दै सन्धि गर्नुपर्दछ। विग्रह (युद्ध) दुइ किसिमका छन्- शत्रुको कुव्यवहारलाई विचार गरी स्वयं शत्रुमाथि जाइलाग्नु एक किसिमको विग्रह हो भने आफ्नो मित्रलाई आक्रमण गर्ने आक्रामकप्रति गरिने अर्को किसिमको विग्रह हो।[५४] जब विजिगीषुलाई जनता आफूसँग ज्यादै सन्तुष्ट छन् भन्ने महसूस हुन्छ, आफ्ना हात्ती घोडा रथ आदि वाहन र ढुकुटी आदि ज्यादै सुदृढ भएको अवस्था आउँदछ, आफ्नो सेना सुदृढ छ र शत्रुसैन्य कमजोर भएको हुन्छ, त्यस्तो अवस्थामा शत्रुमाथि आक्रमण गर्नुपर्दछ। अन्यथा के गर्दा शत्रुलाई शान्त राख्न सकिन्छ, सो उपाय अवलम्बन गर्नुपर्ने हुन्छ।[५५] यानका दुइ भेद छन् - अकस्मात् अथवा आवश्यक परेपछि आफू एक्लैले शत्रुमाथि आक्रमण गर्न जानु र आफू असमर्थ भएको हुँदा मित्रको साथ लिएर शत्रुमाथि जाइलाग्न जानु। शाब्दिक रूपमा यानको अर्थ हो जानु।[५६] आसनका दुइ भेद छन्- पूर्वजन्ममा सञ्चित पापको कारणबाट हात्ती, घोडा, रथ, ढुकुटी, सेना आदि कमजोर भएको कारणबाट चूप लागेर बस्न बाध्य हुनु र शक्ति हुँदा हुँदै पनि चूप बस्नु। मनुले संक्षेपमा दुइ भेद बताएका छन्। ती हुन्- वर्तमान समयमा शत्रुबाट पीडित भएको कारणबाट उसको प्रतिकारको लागि आफूभन्दा बलियाको आश्रय लिनु र भविष्यमा शत्रुबाट पीडित होइन्छ भन्ने आशङ्काले कुनै बलियाको आश्रयमा रहनु।[५७] द्वैध भनेको दोहोरो नीति लिनुलाई भनिन्छ। द्वैध वा द्वैधीभाव दुइ

---

५२ म.स्मृ., अध्या. ७, श्लो. १५५-१५८

५३ स्मरण रहोस् षाड्गुण्यसिद्धान्त भन्नाले सन्धि, विग्रह, यान, आसन, संश्रय र द्वैधीभावलाई जनाउँदछ।

५४ म.स्मृ., अध्या. ७, श्लो. १६४

५५ म.स्मृ., अध्या. ७, श्लो. १७०-१७२

५६ म.स्मृ., अध्या. ७, श्लो. १६५

५७ म.स्मृ., अध्या. ७, श्लो. १६८

प्रकारको छ- हस्त्यारोही, अश्वारोही, रथारोही र पदाति सेनाको एक भाग शत्रुबाट बच्नका लागि सेनापतिको अधीनमा राख्नु र सेनाको बाँकी भाग किल्ला, राजधानी आदिको रक्षार्थ राजाको अधीनमा राख्नु ।[५८] उपर्युक्त नीतिहरूलाई जसले सही ढङ्गले परिचालन गर्न सक्तछ, त्यो नै विजयी बन्न सक्तछ ।

राजदूत

अन्ताराष्ट्रिय सम्बन्ध सुदृढ पार्नको लागि राजदूतहरूको आदानप्रदान हुनु नितान्त आवश्यक हुन्छ । उनीहरूमा मानिसको हाउ-भाउ चेष्टा आदिद्वारा अन्तर्मनको भावना बुझ्न सक्ने क्षमता हुनुपर्दछ । राजदूत कुलीन, शास्त्रज्ञ, चतुर, पवित्र, स्मरणक्तिसम्पन्न, देश-काल-परिस्थितिविज्ञ, सुन्दर, निर्भय र वक्ता हुनुपर्दछ ।[५९] सेनापतिमा सेना र सेनामा जनताको सुरक्षा निर्भर गरे जस्तै राजदूतमा शान्ति र युद्ध निर्भर गर्दछ भन्ने मनुको विचार छ ।[६०] मनुको तात्पर्य राजदूतले चाहेमा राष्ट्रराष्ट्रका बीच मेलमिलाप गराउन सक्तछ र युद्ध पनि गराउन सक्तछ । राजदूतले हर-तरहले स्वराष्ट्र-हितका लागि कार्य गर्न सक्नुपर्दछ ।

युद्ध

मनुले स्वस्मृतिमा युद्धका बारेमा बताएका छन् । जसअनुसार राष्ट्रिय अखण्डतामा आँच आउने स्थिति छ भने राजाले सो नहुन दिनका लागि युद्ध गर्नुपर्दछ, अन्य उपायबाट समस्याको समाधान हुन सक्तछ भने युद्धबाट विमुख हुनु राम्रो हो । यदि पहिलेको कटु अनुभव छ, वर्तमानमा पनि आफ्नो पराजय हुने स्थिति छ भने युद्धबाट विमुख हुनुपर्दछ । आफ्नो सैन्यशक्ति र अन्य आवश्यक वस्तुहरू सुदृढ र यथेष्ट छन् भने विजयाकाङ्क्षी युद्धबाट नपन्छियोस् । धर्मपूर्वक लडिएको युद्धमा मारिने योद्धा स्वर्गगामी हुन्छ ।[६१]

युद्धका नियम

युद्धमा कूट आयुध (बाहिर काठ, भित्र विषाक्त चीज राखिएको) को प्रयोग गर्नु हुन्न ।[६२] रथमा बसेको, म तिम्रै हुँ भनी शरणमा आएको, नपुंसक, केश फुकाएको, निश्चित आसनमा बसिरहेको, सुतेको, नाङ्गो, हात-हतियार नलिएको, युद्धबाट हटिसकेको, युद्ध हेर्न मात्र आएको, अर्केसँग युद्ध गरिरहेको, हात-हतियार बिग्रेको, डराएको र भागेको शत्रुलाई मार्नुहुन्न ।[६३] डराएर भागेको शत्रुलाई मार्नेले मर्नेले गरेको जीवनभरिको पाप वहन गर्नुपर्दछ । युद्धमा जितिएका रथ, घोडा, हात्ती, छत्र, धन-धान्य, पशु-वस्तु र अन्य

---

५८ म.स्मृ., अध्या. ७, श्लो. १६७
५९ म.स्मृ., अध्या. ७, श्लो. ६३-६४
६० म.स्मृ., अध्या. ७, श्लो. ६५
६१ म.स्मृ., अध्या. ७, श्लो. ८७-८९
६२ म.स्मृ., अध्या. ७, श्लो. ९०
६३ म.स्मृ., अध्या. ७, श्लो. ९१-९३

चीजहरू विजेताकै हुन्छन्।[६४] विजयपश्चात् विजेताले विजितप्रति अभयदान दिन सक्नुपर्दछ। पराजित क्षेत्रका विद्वान्-विदुषीहरूको यथोचित सम्मान गर्नु, विनाभेदभाव योग्यता तथा दक्षताको आधारमा काम र मामको व्यवस्था मिलाउनु, तत्तत्ठाउँका रीतिरिवाज संस्कृति धर्म र परम्पराप्रति सम्मान गरी सहभागी बन्नु विजेताको परम कर्तव्य हो, त्यसो गर्दा विजितहरूमा पराजयबोध हुँदैन र उनीहरू पनि एउटै मूल राष्ट्रिय धारमा प्रवाहित हुन थाल्दछन्।

❖

---

[६४] म.स्मृ., अध्या. ७, श्लो. ९४-९६

महेन्द्र-संस्कृत-विश्वविद्यालयको समुद्घाटनकार्यक्रमको संक्षिप्त विवरण

हाम्रो यस हिन्दू अधिराज्य नेपालमा संस्कृत विद्या प्राचीन कालदेखि नै समादृत एवं संरक्षित हुँदै आएको कुरा गुरुकुलपरम्परा पार गर्दै विद्यालय, महाविद्यालय र विश्वविद्यालयसम्म आइपुग्नुले प्रमाणित गर्दछ। संस्कृतको संरक्षण एवं सम्वर्द्धनमा सामान्य चासो प्राचीन कालदेखि देखाइँदै आइएको भए पनि विशेषत: श्री ५ त्रिभुवन र श्री ५ महेन्द्रबाट संस्कृतसम्मेलन एवं अध्ययनक्षेत्रको विस्तारमा भएका प्रयास र जनताको संस्कृतप्रति समर्पित भावनालाई कदर गरी श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारबाट दाङ जिल्लाको बेलझुण्डीमा वि. सं. २०४३ मार्ग २५ गते महेन्द्र-संस्कृत-विश्वविद्यालयको स्थापना गरिदिइबक्सी नेपालमा संस्कृतशिक्षाको अध्ययन एवं अनुसन्धानकेन्द्रको खाँचोको पूरा गरिदिइबक्सियो।

वि. सं. २०४४ ज्येष्ठमा सामान्य कार्यालय खडा भयो। वि. सं. २०४४ आषाढ ७ गते श्री ५ महाराजाधिराज सरकारबाट राजदरबारमा बसेको प्रथम बैठकको अध्यक्षताग्रहण गरिबक्सी ९ सूत्रीय निर्देशन बक्स भयो। सोही बैठकले विश्वविद्यालयको समस्त क्रियाकलाप वि. सं. २०४४ श्रावण १ गतेदेखि संचालन गर्ने निर्णय गऱ्यो। वि. सं. २०४५ माघ १९ गते श्री ५ महाराजाधिराज सरकारका वरद बाहुलीबाट विश्वविद्यालयको समुद्घाटन गरिबक्सी दाङमा दोस्रो वार्षिक बैठकको अध्यक्षता ग्रहण गरिबक्स्यो।

हिन्दूसंस्कृतेः संरक्षकाणां प्रजावत्सलानां महेन्द्र-संस्कृत-विश्वविद्यालयस्य कुलपतीनां श्री ५ महाराजाधिराजवीरेन्द्रवीरविक्रमशाहदेवदेवानां करकमलेषु सभक्ति समभिनन्दनम्

राष्ट्रनायकाः नेपालभूपालाः

आर्य-सदाचार-विचारसंस्काराणामाधारभूता हिन्दूसंस्कृतिर्नैपालक-प्रजासु गौरवास्पदं पदमादधाति । हिन्दूसंस्कृति-मर्मस्वरूपाणां धर्म-संस्कृति-नैतिकतासम्बन्धिनीनां मान्यतानाम्, ज्ञानविज्ञानयोः, विविधदर्शनानाञ्च समुन्नतपरम्परायाः संवाहकस्य संस्कृतवाङ्मयस्य अन्ताराष्ट्रिय-परिवेष-केन्द्ररूपेण नेपालेऽभिवर्धनाय "राजा परं दैवतमिति" वैदिकभावनानुकूलायां राजर्षेर्जनकस्य स्वपूर्वजानां शाहवंश्यानां नेपाल-भूपालानां च गौरवमय्यां सरण्यां महेन्द्र-संस्कृत-विश्वविद्यालयस्य संस्थापकानां महनीयगुणविभूषितानां श्री ५ महाराजाधिराजानां समभिनन्दन-शुभावसरे प्रजानां हर्षप्रसरः सातिशयः ।

शान्तिप्रस्तावसमुद्भावकाः : नृपतयः

भौतिकसमृद्धिदृशा भौगोलिकाकृतिदृशा च विशालकायै राष्ट्रान्तरैः साम्यमभजत्यपि संस्कृतेः सभ्यताया आध्यात्मिकचिन्तनस्य शान्तिकामनायाश्च दृशा गौरवपूर्णपदाञ्चिते जनकादिमहामानवमहिते अत्रैव नेपाले वर्षाणां सहस्रशः पूर्वमेव युवराजेन सिद्धार्थगौतमेन शान्तेरालोकः प्रसारितः । स एवाक्षय्यनिधिरस्माकं वैशिष्ट्यम् । नैपालकराजकुलस्य तामेव महिम-मण्डितपरम्परां पोषयितुं शान्तिसद्भावना-महित-विश्वभ्रातृत्व-भावनाद्वारा सञ्चालिता राज्यव्यवस्थैव वर्तमानेऽन्ताराष्ट्रजगति समुपयुक्तेति विविच्य प्रभुवर्य-दैवैः स्वकीय-शुभराज्याभिषेकावसरे विश्वसमक्षं प्रस्तुतस्य शान्तिप्रस्तावस्य साम्प्रतं शताधिक-राष्ट्रैः समर्थनात् स्व-वंश्यधन्यतां गतानां श्री ५ महाराजाधिराजानां स्वागतार्चन-सम्पादनायै लब्धावसराणाममन्दानन्दसौरभः प्रसरति सर्वतः ।

प्रजावत्सलप्रभवः

भाषा न केवलं भाषादृष्ट्या महनीया, अपि तु तत्र विद्यमानानि विचाराः, दर्शनानि, कलाः, साहित्यानि, प्रयोगप्रविधय एवं संस्कारा इतिहासाश्च माहात्म्यभाञ्जि भवन्ति । मनु-व्यास-जनक-याज्ञवल्क्य-गौतम-भरद्वाज-प्रभृतीनां तपोधनानां महर्षीणां ज्ञानविज्ञानानि, प्रयोगप्रविधिराशीन्, पौरस्त्य-मुनि-मनीषिणां चिन्तनानि, लिच्छवि-मल्ल-शाहवंशोद्भवानां गुणग्राहिणां राज्ञामनुसन्धानानि तथाऽनादिनिगमागमानपि संस्कृतभाषैव सम्भरन्ती सततमालोकं ददती विराजते। अद्यत्वे पाश्चात्त्यानां मनीषिणामनुसन्धातॄणामपीत आकर्षणात् संस्कृतस्य महत्त्वमधिकं विद्योततेतमाम् । सन्दर्भेऽस्मिन् प्रभुवर्यदैवैः संस्थापितेऽत्र महेन्द्र-संस्कृत-विश्वविद्यालये शिक्षिता दीक्षिताश्च विद्वांसो नीतिमन्तः सदाचारशीलाः सुसंस्कृता अनुशासनाञ्चिता राष्ट्रभक्ता राजभक्ताश्च सम्पद्यमानाः प्रभुवर्यदेवानां नेतृत्वे विश्वस्मिन् नेपालस्याऽऽदर्शं प्रसारयितुं समर्था भविष्यन्तीति विश्वासविनतिसमर्पणाय मानसमुत्सुकतामाश्रयति ।

परमपितृभक्ता: देवा:

अस्यामेव दाङभूमौ वेद-बाहु-व्योम-नेत्र (२०२४)मिते वैक्रमाब्दे पूज्यपादा: श्री ५ महेन्द्रवीरविक्रमशाहदेवा: स्वदेश्यानां विदेश्यानां च विशिष्टविदुषां तथा शंकराचार्यप्रभृतीनां सतां महात्मनामप्युपस्थितिमहिते समारोह ऐतिहासिकविद्वत्सम्मेलनस्य समुद्घाटनं विहितवन्त आसन्। अद्य पुनरत्रैव स्थाने दिवङ्गतप्रभुवर्यदेवानामेव पुण्यस्मृतये संस्थापितस्य महेन्द्र-संस्कृत-विश्वविद्यालयस्य समुद्घाटनेन स्वकीयपूर्वजानां गौरवपरम्परां समुज्ज्वलयतां युगनायकानां श्री ५ महाराजाधिराजदेवानां कीर्तिस्तम्भोऽनन्तयुगावधि देदीप्यमानरूपेण विराजतामिति सविनयप्रार्थना पुरःसरति।

राष्ट्रप्राणप्रभुदेवा:

भगवत: श्रीरामस्य पादार्पणेन, अहल्याया जीवनसञ्चार इव अद्यात्र श्री ५ बडामहाराज्ञी-ऐश्वर्यराज्यलक्ष्मीदेवीशाहसमेतानां श्री ५ महाराजाधिराजप्रभुदेवानां मंगल-मयशुभयात्रयाऽस्यां दाङभूमौ प्रभुदेव-सेवायां समर्पिते संस्थाजगति च जागरा स्फुरन्ती वर्तते। संस्कृतवाङ्मयविकासस्य सुवर्ण-प्रभातमुदयमानं वर्तते। अद्यत्वे राष्ट्रे प्रभुदेवानामेव प्रेरणया राष्ट्रविकासस्वर्णकाल-द्रढिमाऽऽधापिनि शुभेऽवसरे सदेवीक-प्रभुवर्यदेवानां स्वागतोचितै: "जय जयेति जयेति" मंगलध्वनिभि: समं सेवायां समर्पितस्य महेन्द्र-संस्कृत-विश्वविद्यालयपरिवारस्य भक्तिश्रद्धासमन्वितमभिनन्दनं समर्पयति। यदाज्ञापयन्ति महाराजा: !

अनन्य-राजभक्त:

२०४५।१०।१९।४

डा. हरिदेवमिश्र:

बेलभुण्डी, दाङ

उपकुलपति:

महेन्द्र-संस्कृत-विश्वविद्यालयस्य

हिन्दूसंस्कृतिका संरक्षक प्रजावत्सल महेन्द्र-संस्कृत-विश्वविद्यालयका कुलपति श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रमशाहदेव सरकारका करकमलमा सभक्ति अभिनन्दन

राष्ट्रनायक सरकार !

आर्यहरूको आचार-विचार र संस्कारको आधारस्वरूप हिन्दूसंस्कृतिले नेपाली प्रजाहरूको हृदयमा गौरवपूर्ण स्थान लिएको छ। हिन्दूसंस्कृतिका मर्मस्वरूप भएका धार्मिक, सांस्कृतिक र नैतिक मान्यताहरू ज्ञान र विज्ञान तथा विभिन्न विचार

दर्शनहरूको उत्कृष्ट परम्परा अंगालेको संस्कृतवाङ्मयलाई अन्ताराष्ट्रिय परिवेषको केन्द्रको रूपमा नेपालमा विकास गर्न महेन्द्र-संस्कृत-विश्वविद्यालयको स्थापना गरिबक्सेर "राजा वास्तवमा देवता नै होइबक्सन्छ" भन्ने वैदिकभावनाकूल राजर्षि जनक र मौसूफका पूर्वज शाहवंशीय राजाहरूको गौरवमय परम्परामा महनीयगुणविभूषित श्री ५ महाराजाधिराज सरकारको अभिनन्दन गर्न पाउने हामी प्रजामा अतिशय हर्षको लहर फैलिएको छ सरकार ।

शान्तिप्रस्तावक सरकार !

भौतिक समृद्धि र भौगोलिक आकृतिको दृष्टिले ठूला राष्ट्रहरूसँग अतुलनीय भए पनि सभ्यता र संस्कृति, आध्यात्मिक चिन्तन र शान्तिकामनाको दृष्टिले गौरवपूर्ण स्थान लिएको जनकादि महामानवहरूद्वारा सेवित यही नेपालमा हजारौँ वर्ष पहिले नै युवराज सिद्धार्थ गौतमले जुन शान्तिको आलोक फिँजाए, त्यही अक्षयनिधि नै हाम्रो वैशिष्ट्य हो । नेपाली राजकुलको त्यही महनीय महिमा-मण्डित परम्परालाई अक्षुण्ण राखिबक्सन र शान्तिसद्भावनायुक्त विश्वभ्रातृत्वको भावनाद्वारा सञ्चालित राज्यव्यवस्था नै वर्तमान अन्ताराष्ट्रिय जगत्मा उपयुक्त छ भन्ने ठानिबक्सी मौसूफबाट आफ्नो शुभराज्याभिषेकको शुभअवसरमा विश्वसमक्ष राखिबक्सेको शान्तिक्षेत्रको प्रस्तावलाई अहिले शताधिक राष्ट्रहरूले ससम्मान समर्थन गर्नुबाट स्ववंशमा धन्य होइबक्सेका श्री ५ महाराजाधिराज सरकारको स्वागतअर्चना गर्न पाउँदा हर्षले गदगद भएका छौँ सरकार ।

प्रजावत्सल सरकार !

भाषा केवल भाषाकै दृष्टिले मात्र उच्च हुँदैन, अपितु त्यसमा रहेका विचार र दर्शनहरू, कला र साहित्य, प्रयोग र प्रविधिहरू एवं संस्कार र इतिहासहरू नै महत्त्वपूर्ण भएका छन्; त्यसैले मनु, व्यास, जनक, याज्ञवल्क्य, गौतम र भरद्वाज आदि तपोधन महर्षिहरूका ज्ञान-विज्ञान र प्रयोग प्रविधिका राशि तथा पौरस्त्य मुनि मनीषीहरूका दार्शनिक चिन्तनहरू र लिच्छविवंश, मल्लवंश र शाहवंशमा समुत्पन्न गुणग्राही राजाहरूका अनुसन्धानकृत्यहरू त्यस्तै अनादि निगमागमसमेतलाई संस्कृतभाषाले नै संवहन गर्दै आएको छ र निरन्तर आलोक दिँदै आएको छ । हाल पाश्चात्त्य मनीषीहरू र अनुसन्धाताहरूसमेत यसतर्फ आकृष्ट हुनुले संस्कृतको महत्त्व अझ चम्किएको छ । यस अवसरमा सरकारबाट संस्थापित यस महेन्द्र-संस्कृत-विश्वविद्यालयमा शिक्षित र दीक्षित विद्वान्हरू नीतिमान् आचरणशील सुसंस्कृत अनुशासित एवं राष्ट्रभक्त भएर सरकारको नेतृत्वमा विश्वमा नेपालको आदर्श फैलाउन समर्थ हुनेछन् भन्ने विश्वास बिन्ती चढाउन पाउँदा मन प्रसन्न रहेको छ सरकार ।

पितृभक्त सरकार !

यसै दाङभूमिमा वि.सं. २०२४ मा पूज्यपाद श्री ५ महेन्द्रवीरविक्रम शाहदेवबाट स्वदेशी र विदेशी विशिष्ट विद्वान्हरू एवं शंकराचार्य आदि सन्त-महात्माहरूसमेतको समारोहमा ऐतिहासिक विद्वत्सम्मेलनको समुद्घाटन गरिबक्सेको थियो । आज फेरि यसै

ठाउँमा स्वर्गवासी मौसूफ सरकारकै पुण्यस्मृतिमा संस्थापित महेन्द्र-संस्कृत-विश्वविद्यालयको समुद्घाटन गरिबक्सेर आफ्ना पूर्वजहरूको गौरवपूर्ण परम्परालाई चम्काइबक्सने युगनायक श्री ५ महाराजाधिराज सरकारको कीर्तिस्तम्भ युगयुगसम्म चम्किरहोस् भन्ने सविनय प्रार्थना गर्दछु सरकार ।

राष्ट्रप्राण सरकार !

भगवान् श्रीरामको पदार्पण हुँदा अहल्याको जीवन संचार भए जस्तै आज यहाँ श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाह सरकारका साथ श्री ५ महाराजाधिराज सरकारको मंगलमय सवारी हुँदा यस दाङभूमि र सरकारको सेवामा समर्पित संस्कृतजगत्मा समेत जागृति स्फुरण भएको छ, संस्कृतवाङ्मयविकासको स्वर्णिम प्रभात उदाएको छ । आज राष्ट्रमा मौसूफकै प्रेरणाबाट राष्ट्रविकासको स्वर्णकाल दृढ हुन लागेको सुअवसरमा सरकारको स्वागत जयजय गान गर्दै महेन्द्र-संस्कृत-विश्वविद्यालयका समस्त सेवकहरूको श्रद्धाभक्तिसमन्वित अभिनन्दन चढाउँछु । सरकार ! जो हुकूम, जो निगाह !

अनन्य राजभक्त

२०४५।१०।१९।४ डा. हरिदेव मिश्र

बेलभुण्डी, दाङ उपकुलपति

महेन्द्र-संस्कृत-विश्वविद्यालय

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट महेन्द्र-संस्कृत-विश्वविद्यालयको समुद्घाटनसमारोहमा बक्सेको सम्बोधन

महिला तथा सज्जनवृन्द,

१. आज महेन्द्र-संस्कृत-विश्वविद्यालयको उद्घाटन गर्न पाउँदा हामीलाई खुशी लागेको छ ।

२. यस विश्वविद्यालयमा आइपुग्दा हामीलाई हाम्रा परमपूज्य स्वर्गीय बुबाज्यूबाट २०२४ सालमा दाङ बिजौरीमा संस्कृत-जगत्का विद्वान्हरूसम्मिलित विद्वत्सम्मेलनको समुद्घाटन गरिबक्सेको सम्झना आउनु स्वाभाविकै हो । प्रातःस्मरणीय पूज्य बुबाज्यूबाट संस्कृतवाङ्मयको विकासमा भएको योगदानको सम्झना गर्दै सर्वप्रथम हामी मौसूफमा श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

३. हाम्रो देशमा ऐतिहासिक कालदेखि नै संस्कृत भाषाले राजकीय तथा सामान्य जन-जीवनमा समेत महत्त्वपूर्ण स्थान पाएको कुरा प्राचीन शिलापत्र एवं संस्कृत भाषाका हस्तलिखित ग्रन्थहरूबाट प्रष्ट हुन्छ । त्यसै गरी तन्त्र, कर्मकाण्ड तथा साहित्य एवं

दर्शनसम्बन्धी विभिन्न विषयहरूमा लेखिएका संस्कृतका पुस्तकहरूले नेपालको प्राज्ञिक परम्परालाई कायम राख्ने दिशामा सहयोग पुऱ्याएका छन् भन्ने हामीलाई लाग्दछ ।

४. हाम्रो धर्म, दर्शन र संस्कृतिको अमूल्य ज्ञानको भण्डारलाई हाम्रो समाजको आवश्यकताअनुसार उपयोग र प्रवर्द्धन गर्दै लैजान महेन्द्र-संस्कृत-विश्वविद्यालयको गतिशील भूमिका हुनुपर्ने देखिएको छ। यस विश्वविद्यालयले उच्चतम अनुसन्धान र शोधकार्यको सँगसँगै सर्वसाधारणलाई नैतिक मर्यादा र परम्परागत मूल्य एवं मान्यताअनुरूप निष्ठावान् नागरिक बन्न सघाउ पुऱ्याउनेछ भन्ने कुरामा हामी विश्वस्त छौं। त्यस्तै राष्ट्रको सर्वतोमुखी विकासका लागि व्यावहारिक कार्यक्रमहरूको तर्जुमा गरी सक्रियतापूर्वक कार्यान्वयन गर्न गराउन यो विश्वविद्यालय पनि कटिबद्ध हुनेछ भन्ने हामीले आशा लिएका छौं ।

५. अन्त्यमा, महेन्द्र-संस्कृत-विश्वविद्यालयको चौतर्फी सफलताको कामना गर्दै यस समारोहका आयोजकहरू सबैलाई हामी हार्दिक धन्यवाद दिन चाहन्छौं ।

श्रीपशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल !

माघ १९, २०४५ बुधवार

दाङ

❖

कुलपति श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारबाट महेन्द्र-संस्कृत-विश्वविद्यालयलाई वि. सं. २०४४ आषाढ ७ गते बक्सेका कृपापूर्ण निर्देशनहरू

१. देशमा आज विभिन्न शास्त्रीय विषयहरूमा आधिकारिक विद्वान्हरूको खाँचो छ। महेन्द्र-संस्कृत-विश्वविद्यालयले हाल प्रचलित संस्कृतको अध्ययनअध्यापनलाई सुव्यवस्थित गरी एक निश्चित समयभित्र देशको आवश्यकताअनुसार विशिष्ट शास्त्रीय विद्वान् तयार पार्ने काममा अगाडि बढ्नुपर्दछ।

२. आजको यस वैज्ञानिक युगमा ज्ञानको पनि ठूलो आवश्यकता भएकोले विश्वविद्यालयले ज्ञान र विज्ञानको समन्वयात्मक अध्ययन र अनुसन्धान गराउनुपर्दछ।

३. यस विश्वविद्यालयले संस्कृतवाङ्मयमा निहित ज्यौतिष, आयुर्वेद, योगविज्ञान, कलाकौशल आदि प्रयोगप्रधान प्राविधिक विद्याको विकासमा उचित ध्यान दिनु आवश्यक छ।

४. विश्वविद्यालयले स्वतन्त्र रूपमा आफ्नै आर्थिक स्रोत पनि बढाउँदै र जुटाउँदै जानुपर्दछ ।

५. दाताले दिएका चल अचल सम्पत्तिको संरक्षण तथा सुव्यवस्थित रूपमा परिचालन गर्ने व्यवस्था विश्वविद्यालयले गर्नु आवश्यक छ ।

६. संस्कृतका छात्र जुनसुकै कार्यक्षेत्रमा गए पनि आफ्नो राष्ट्रिय संस्कार बोकेर जाऊन् र अरूलाई पनि त्यससँग परिचित गराउन सक्षम हुनुका साथै यसबाट प्रभावितसमेत पार्न सकून् भन्ने उद्देश्य राखेर विश्वविद्यालयले आफ्ना शैक्षिक कार्यक्रमहरूको तर्जुमा गर्नुपर्दछ ।

७. संस्कृतका छात्रहरू आफ्नो संस्कृतिको गौरवमय परम्परा निष्ठावान्, नैतिक, अनुशासित र राष्ट्रभक्त बनेर समस्त देशमा उदाहरण बन्न सकून्, संस्कृतका शिक्षक स्वयं उनीहरूको प्रत्यक्ष मार्गदर्शक बनून्, यसको निमित्त विश्वविद्यालयले प्रयास गर्नुपर्दछ ।

८. संस्कृत विद्यालाई सम्पूर्ण रूपमा हासिल गर्न अन्य राष्ट्रका विद्वान्हरू पनि नेपालप्रति आकृष्ट होऊन् भन्ने उद्देश्य राखी नेपाललाई संस्कृत विद्या अध्ययनको विशिष्ट केन्द्रको रूपमा विकसित गर्न विश्वविद्यालयले प्रयास गर्नु आवश्यक छ ।

९. संस्कृतमा रहेका शास्त्रीय चिन्तनहरूलाई मानव मात्रको हित र कल्याणका लागि व्यावहारिक ढंगले सदुपयोग गर्न विश्वविद्यालयले शोधकार्य गराउनुपर्दछ ।

महेन्द्र-संस्कृत-विश्वविद्यालयका संस्थापक कुलपति श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको स्वर्ण-शुभजन्मोत्सवको महोपलक्ष्यमा महेन्द्र-संस्कृत-विश्वविद्यालयमा भएका कार्यक्रमहरूको संक्षिप्त विवरण

१) श्री ५ महाराजाधिराज सरकारको जन्मतिथि पौषकृष्ण दशमी वि. सं. २०५२ पौष २ गते परेको र सो दिन शास्त्रीय जन्मोत्सवको रूपमा सरकारको दीर्घायु, आरोग्य र मंगलोदयको कामना गरी विश्वविद्यालयपरिसरमा अवस्थित श्रीत्रिलोकेश्वर महादेवको रुद्राभिषेक सम्पन्न गराई विशेष पूजा-अर्चना गरियो ।

२) पौष ९ गतेका दिन स्वर्णशुभजन्मोत्सवको उपलक्ष्यमा राप्ती अञ्चलका ७ वटा क्याम्पसका सातवटा समूहका छात्रछात्राहरूबीच प्रतियोगितात्मक हाजिर-जवाफप्रतियोगिता गराइएको थियो । त्यस कार्यक्रममा महेन्द्र बहुमुखी क्याम्पस घोराहीको समूह (श्रीखगेश्वर भण्डारी र श्रीदुर्गाप्रसाद कोइराला) ले प्रथम तथा जनता विद्यापीठ (क्याम्पस) बिजौरी दाङको समूह (सुश्री मधुमालती खत्री र श्रीडोलराज भट्टराई) ले द्वितीय स्थान प्राप्त गरेका थिए ।

३) पौष ९ गते नै संस्कृतश्लोकको पछिल्लो अक्षरबाट अर्कोले संस्कृत कविता उठान गर्ने अन्त्याक्षरीप्रतियोगिता यस विश्वविद्यालयका दशवटै विद्यापीठबाट प्रतिनिधित्व गरी आएका २० जना छात्र-छात्राहरूबीच गराइएकोमा वाल्मीकिविद्यापीठका छात्र श्रीमुकुन्दप्रसाद लामिछानेले प्रथम, सोही विद्यापीठकै छात्र श्रीदेवीप्रसाद सुवेदीले द्वितीय तथा पिण्डेश्वरविद्यापीठ धरानका छात्र श्रीसुदर्शन रिजालले तृतीय स्थान प्राप्त गरेका थिए।

४) पौष १० गते महेन्द्र-संस्कृत-विश्वविद्यालयको केन्द्रीय कार्यालय दाङमा नवनिर्मित प्रशासकीय भवनको समुद्घाटनको कार्यक्रमअनुसार श्री ५ युवराजाधिराज दीपेन्द्रवीरविक्रम शाहदेव सरकार विश्वविद्यालयकै परिसरमा निर्मित हेलिप्याडमा हेलिकोप्टरबाट सवारी होइबक्स्यो। सवारी होइबक्सँदा मौसूफ सरकारका जुनाफमा माननीय सहकुलपति शिक्षामन्त्री, मूल समितिका अध्यक्ष उपाध्यक्ष सदस्यसचिव तथा सदस्यहरूका साथै सल्लाहकारहरू प्राध्यापकहरू एवं कर्मचारीहरूबाट स्वागतअभिवादन चढाइएको थियो भने स्वागतद्वारमा उभिएका ब्राह्मण, क्षेत्री, थारू, घर्ती र दमाई जातिका पञ्चकन्याद्वारा मौसूफबाट पुष्पमाला ग्रहण गरिबक्सेको थियो। श्री ५ युवराजाधिराज सरकारबाट प्रशासकीय भवनको मूलद्वारको रिबन काटिबक्सी ताम्रपत्रको अनावरणसमेत गरिबक्सेको थियो। त्यस अवसरमा पञ्चेबाजा, शंखघोष र ब्राह्मणहरूद्वारा वेदपाठसमेत भएको थियो। मौसूफबाट समद्घाटनपश्चात् प्रशासकीय भवनमा रहेका सम्पूर्ण विभागहरूको अवलोकन गरिबक्सी सभाकक्षमा राखिएका माष्टरप्लानका चित्र तथा चार्टहरू अवलोकन गरिबक्सियो। मौसूफ सरकार उपकुलपतिको कक्षमा सवारी होइबक्सँदा विश्वविद्यालयद्वारा प्रकाशित पुस्तकहरू उपकुलपतिद्वारा उपहारस्वरूप सरकारका जुनाफमा चढाइएका थिए। उपकुलपतिकै कक्षमा राखिएको आगन्तुकपुस्तिकामा सरकारबाट बाहुली निशाना बक्स भई मञ्चमा सवारी होइबक्सियो। समारोहको कार्यक्रमपुस्तिका र ब्याज सरकारका हजुरमा उपकुलपतिले चढाउनुभई स्वागतमन्तव्य प्रस्तुत गर्नुभएको थियो। समारोहसमितिका सदस्यसचिव कुलसचिव श्रीदत्तात्रेयशर्मा दाहालले भवन बनाउँदा लागेको सम्पूर्ण खर्चको संक्षिप्त विवरण प्रस्तुत गर्नुहुँदै लगत इस्टिमेट अंक रु. ७९,९३,१७५।९८ रहेकोमा अमानतबाट निर्माण गर्दा रु. ५३,११,६५०।६३ मा तयार भएको बेहोरा जाहेर गर्नुभएको थियो। सोही कार्यक्रममा सहकुलपति माननीय शिक्षामन्त्रीज्यूले आफ्नो मन्तव्य प्रस्तुत गर्नुभएको थियो भने समितिका उपाध्यक्ष शिक्षाध्यक्ष श्रीमाधवराज गौतमले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

५) संस्कृतशिक्षाको समुन्नतिमा आजीवन समर्पित ६ जना महानुभावहरूलाई पौष १० गते दोसल्ला, प्रशंसापत्र र रु. ५०००।- नगद पुरस्कार पनि श्री ५ युवराजाधिराज सरकारबाट निगाहा बक्स भएको थियो।

६) पौष ९ गते सम्पन्न हाजिरीजवाफ र श्लोकान्त्याक्षरीप्रतियोगिताका प्रथम र द्वितीय हुने छात्रछात्राहरूलाई श्री ५ युवराजाधिराज सरकारबाट पौष १० गतेको समारोहमा पुरस्कार तथा प्रमाणपत्र निगाहा बक्स भएको थियो।

७) श्री ५ युवराजाधिराज सरकार जलपानमा सरीक होइबक्सी फिर्ती सवारी होइबक्सँदा सल्लाहकार, मूलसमितिका अध्यक्ष, उपाध्यक्ष, सदस्यसचिव, सदस्यहरू र प्राध्यापक तथा कर्मचारीहरूले सरकारका जुनाफमा अभिवादन टक्र्याई बिदाइ गरेका थिए भने समुपस्थित जनताहरूबाट मौसूफ सरकारको जयजयकार गरिएको थियो । आमन्त्रित महानुभावहरूलाई जलपानको कार्यक्रम रहेको थियो र सुरक्षामा खटिई आएका प्रहरी र सैनिक जवानहरूलाई भोजनको व्यवस्था मिलाइएको थियो ।

८) पौष १३ गते "शाहवंशीय राजाहरू र संस्कृतशिक्षा" विषयमा डा. श्रीहरिप्रसाद आचार्यले र "संस्कृतशिक्षा आजको आवश्यकता" शीर्षकमा श्रीनारायणप्रसाद शर्माले विशिष्ट प्रवचन गर्नुभएको थियो ।

९) पौष १३ गते नै राष्ट्रिय संस्कृत-कविसम्मेलनमा अधिराज्यका विभिन्न स्थानका २२ जना कविहरूले कवितावाचन गर्नुभएको थियो ।

१०) पौष १४ गते प्रात:कालदेखि श्री ५ महाराजाधिराज सरकारको आरोग्य, दीर्घायुष्य र मंगलोदयको कामना गरी दाङस्थित श्रीत्रिलोकेश्वर महादेव मन्दिर (बेलझुण्डी) मा रुद्राभिषेक, शिवमहापुराणको एकाह पाठ र हवनका साथै घोराही दाङस्थित अम्बिकेश्वरीमन्दिरमा सप्तशती (चण्डी) पाठ तथा विशेषपूजा गराइएको थियो ।

११) पौष १४ गते यस विश्वविद्यालयअन्तर्गतका सबै विद्यापीठहरूद्वारा श्री ५ महाराजाधिराज सरकारको मंगलोदयको कामना गरी स्थानीय देवीदेवताका मन्दिरहरूमा पूजाअर्चना गरिएको थियो ।

१२) नेपाल अधिराज्यका पाँचै विकास क्षेत्रमा रहेका शास्त्रानुसन्धानपरिषद्द्वारा मर्यादा पत्रिकाको स्वर्णशुभजन्मोत्सवाङ्कको रूपमा प्रकाशित गर्ने कार्यक्रमअनुसार सो कार्य सम्पन्न भएको छ ।

१३) श्री ५ महाराजाधिराज सरकारको मंगलोदयको कामना गरी पौष १० गतेदेखि १६ गतेसम्म विश्वविद्यालयको केन्द्रीय कार्यालयमा दीपावली गरिएको थियो ।

महेन्द्र-संस्कृत-विश्वविद्यालयका सहकुलपति माननीय शिक्षामन्त्री श्रीगोविन्दराज जोशीले दिनुभएको मन्तव्यको सारसंक्षेप

श्री ५ महाराजाधिराज सरकारको स्वर्णशुभजन्मोत्सवको उपलक्ष्यमा मौसूफ सरकारका जुनाफमा सुस्वास्थ्य र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

क्ला र संस्कृतिले नेपाल विश्वमा नै प्रसिद्ध छ र हामी नेपाली पनि यिनै कुराले गौरवान्वित छौं ।

महेन्द्र-संस्कृत-विश्वविद्यालयले क्ला र संस्कृतिको संरक्षण र संवर्द्धन गर्दै जनचेतना जगाउने कार्यहरू संचालन गर्न आवश्यक छ ।

नेपालका विभिन्न जनजातिका भाषा, भाषिकाको संरक्षण र सम्वर्द्धनका साथै विकास गर्ने दिशातर्फ पनि यस विश्वविद्यालयले कदम चाल्दै जानुपर्दछ ।

नेपालको सभ्यता र संस्कृतिको परिचय दिन यस विश्वविद्यालयले ठूलो भूमिका खेल्नेछ भन्ने कुरामा मलाई पूरा विश्वास छ ।

विश्वविद्यालयलाई आफ्नो निर्दिष्ट लक्ष्यतर्फ अगाडि बढ्न सफलता प्राप्त होओस् भन्ने कामना गर्दै हामी नेपालीले विश्वसामु जे कुराले गर्व गर्छौं, त्यसको सप्रमाण प्रचारप्रसार गरी नेपालीको शिर उठाउने दिशामा कार्यसम्पादन गर्न यो विश्वविद्यालय सक्षम बनोस्, यही शुभकामना दिँदै श्री ५ युवराजाधिराज सरकारबाट विश्वविद्यालयको नवनिर्मित प्रशासकीय भवनको समुद्घाटन गरिबक्सेकोमा मौसूफका जुनाफमा हार्दिक कृतज्ञता चढाउँछु ।

महेन्द्र-संस्कृत-विश्वविद्यालयका उपकुलपति प्रा. श्रीचूडानाथ भट्टरायद्वारा प्रस्तुत स्वागतमन्तव्य

श्री ५ युवराजाधिराज सरकार !

यस विश्वविद्यालयका संस्थापक तथा कुलपति श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको स्वर्ण-शुभजन्मोत्सवको शुभ अवसरमा महेन्द्र-संस्कृत-विश्वविद्यालयको केन्द्रीय कार्यालय बेलझुण्डी दाङमा नवनिर्मित प्रशासकीय भवनको समुद्घाटन-निगाह बक्स भई संस्कृतशिक्षाको इतिहासमा नयाँ अध्याय थप भएको कुरा जाहेर गर्न अनुमति माग्दै सरकारका जुनाफमा श्रद्धाभक्तिपूर्वक हार्दिक स्वागत अभिवादन चढाउन चाहन्छु, सरकार जो हुकूम ।

माननीय सहकुलपति शिक्षामन्त्रीज्यू

आदरणीय संस्कृतप्रेमी विद्वद्वर्ग, विश्वविद्यालयका सभासद्ज्यूहरू, प्राध्यापक तथा कर्मचारीवर्ग, छात्रछात्रा एवं भद्र महिलाहरू र उपस्थित सज्जनवृन्द !

आजको यस ऐतिहासिक महत्त्वपूर्ण स्वर्ण अवसरमा आफ्नो अमूल्य समयको पर्वाह नगरी यस विश्वविद्यालयद्वारा आज यहाँ आयोजित कार्यक्रममा सहभागीको रूपमा यस प्राङ्गणमा उपस्थित भइदिनुभएकोमा यहाँहरूलाई प्रथमतः स्वागतअभिवादन गर्दछु ।

संस्कृत भाषामा के छ ? संस्कृतको गरिमा के हो ? संस्कृतले अनादिकालदेखि आजसम्म किन उत्तरोत्तर गौरव पाइरहेको छ ? भन्ने विश्वजनीन कुरालाई विश्वले नै व्याख्या गरिसकेको हुँदा म अहिले संस्कृतको गौरवगाथा गाएर समय लम्ब्याउन चाहन्न । हिन्दू अधिराज्यमा आफ्नो अस्तित्वबोध गराउन संस्कृत नै सक्षम छ । हिन्दू धर्म भनेको समष्टिगतरूपमा धर्मको संरक्षण गर्ने विशिष्ट नाम हो । जसरी आँखा, कान, नाक, मुटु र कलेजो आदिको समष्टिगतरूपलाई देह भनिन्छ; जसरी मेची-महाकालीका चौधै अञ्चल र

पचहत्तरै जिल्लाको समष्टिगत रूपलाई भन्दा नेपाल भनिन्छ; त्यसै गरी नै सिन्धुपरिसरका संस्कृति, सभ्यता, धर्म, कर्मलाई हिन्दू धर्म र हिन्दू संस्कृति भन्ने चलन छ ।

हाम्रा राष्ट्रनिर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट नेपाललाई असली हिन्दुस्थान भनी चार वर्ण छत्तीस जातको फूलबारी मानिबक्सेर संस्कृतकै आधारमा मौसूफबाट यस्तो हुकूम भएको देखिन्छ । राष्ट्रपिता स्वर्गवासी श्री ५ त्रिभुवन सरकारबाट प्रजातन्त्रको स्थापनापछि काठमाडौँमा राजकीय-संस्कृत-महाविद्यालय र धरानमा पिण्डेश्वर संस्कृत-महाविद्यालय खोलिबक्सी सरकारकै पवित्र बाहुलीबाट समुद्‌घाटनसमेत गरिबक्सेका विद्यालयहरू अद्यावधि विद्यापीठका रूपमा चलिरहेका छन् ।

स्वर्गवासी श्री ५ महेन्द्र सरकारबाट दाङवासी जनताको संस्कृतप्रतिको अगाध श्रद्धा भई आफ्नो जग्गाजमीन काटी संस्कृतको विकासका निमित्त समर्पित गरेको देखेर जनताको इच्छालाई साकार पार्न देश-विदेशका विद्वान्‌हरू भेला गरी वृहत्-संस्कृतविद्वत्सम्मेलन गराइबक्सेको तथ्य सर्वविदितै छ । विद्वत्सम्मेलनको सभामा स्वयं सरकार राजहोइबक्सी सबैको ऐक्यमत्य लिई दाङमा संस्कृतविश्वविद्यालय स्थापना गर्ने निष्कर्षमा पुगिबक्सेको हो । राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारबाट स्वर्गद्वारी पीठ भएको दाङमा संस्कृतविश्वविद्यालय स्थापना गरिबक्सी कुलपतिको पद पनि स्वयं सरकारबाटै वहन गरिबक्सेको छ । प्रजा र राजाको परस्परको श्रद्धा र स्नेह पाएको यस महेन्द्र-संस्कृत-विश्वविद्यालयले राष्ट्रको एउटा अस्तित्वबोधको द्योतक हुन जाने संस्कृत विश्वविद्यालय स्थापनाको खाँचो पूर्ण हुन गएको छ ।

संस्कृतलाई आधुनिक युगसापेक्ष गतिविधि दिन भारतका प्रायः सबै संस्कृतविश्वविद्यालय र विद्यापीठका कुलपति, उपकुलपति, संकायप्रमुख आदि एवं नेपालका विद्वान्‌हरू सम्मिलित गराई २०० जना विद्वान्‌हरूको सहभागितामा संस्कृतविद्वत्सम्मेलन २०५१ कार्तिक ९,१० र ११ गते सुसम्पन्न भएको थियो । त्यस संस्कृतसम्मेलनबाट पारित भएका प्रस्तावहरू क्रमशः कार्यान्वयन गर्दै जाँदैछौँ । हालका सह-कुलपति माननीय शिक्षामन्त्री श्रीगोविन्दराज जोशीज्यू नै त्यस बेलामा पनि हाम्रा सह-कुलपति माननीय शिक्षामन्त्री हुनुहुँदा सो सम्मेलन सुसम्पन्न गराउन हामीले पूर्ण सहयोग पाएका थियौँ ।

विश्वविद्यालयसभाबाट यहाँकै कार्यकालमा बौद्धविद्यापीठ स्वीकृत भएर केही अंशमा चालू भइरहेको छ । कान्चीकामकोटिपीठका जगद्‌गुरु शंकराचार्यबाट आयुर्वेदिक विद्यापीठ स्थापना गर्ने मौखिक आश्वासन पाएपछि बारम्बार पत्राचार गर्दा पनि सो त्यसै अल्मलिइरहेको छ । हामीले जडिबूटीउद्यान खडा गर्न जमीन छुट्ट्याइसकेका छौँ । उक्त विद्वत्सम्मेलनले पनि आयुर्वेदिक विद्यापीठकै आवश्यकतामाथि जोड दिएको छ । आफ्नो देशकै औषधोपचारले जनताको सेवा गर्न हामीलाई आयुर्वेदिक विद्यापीठ खोल्न श्री ५ को सरकारबाट अवश्य नै सहयोग मिल्ने आशामा छौँ ।

आज विश्वमा वेदको महत्त्व अति नै बढेको छ र सर्वप्रथम रचित पुस्तकका रूपमा पाश्चात्य विद्वान्‌हरूले पनि वेदलाई स्थापित गरेका छन् । जर्मनीमा त वेदको अनुसन्धान गरिँदैछ भने विश्वको एकमात्र हिन्दू अधिराज्यमा चारै वेदका ब्राह्मण तथा

उपनिषद्हरूको अध्ययन तथा अध्यापन गराई शुद्ध वैदिक परम्पराको संरक्षण गर्न एउटा वेदविद्यापीठ देवघाटमा खोलेर विश्वले वेद सिक्न नेपालमा आउनुपर्ने कुराको जग हाल्न ढिलो भइसकेको छ। त्यस्तै विश्वका बौद्धहरूले बौद्धविद्यापीठमा आ-आफ्नो फाँटका बौद्धसम्बन्धी धर्मज्ञान संस्कृति र कलाको अध्ययन गर्न पाउनुपर्छ, आयुर्वेदिक विद्यापीठमा निघण्टुमा लेखिएका सारा बूटीहरूको उत्पादन गरी शुद्ध प्रामाणिक औषधि उत्पादन गरेर जनस्वास्थ्यको सेवा गर्ने शुभ अवसर प्रदान गर्नुपर्ने हाम्रो दायित्व छ।

त्यसै गरी वेदविद्यापीठमा वैदिक विज्ञानको अध्ययन-अध्यापन गराई जीवन्त पार्नुपरेको छ। संस्कृतविद्याको बारेमा केवल व्याकरण मात्रै पनि नयाँ र पुरानाका भेदले पढाउँदा १२ वर्ष लाग्ने पाठ्यक्रम राख्दा पनि व्याकरणको एक छेउ कोट्टिँदैन, यही स्थिति छ- न्यायको र यही स्थिति छ वेदान्तका विभिन्न वाद र अन्य शास्त्रहरूको। विश्वविद्यालयले आज पुरानो नयाँ दुवै विषय जान्ने छात्र उत्पादन गराएर ठूलो सेवा गरिराखेको छ। यिनै जनशक्ति हाम्रा सभ्यता र संस्कृतिका व्याख्याता हुनेछन् विश्वमा गएर। हामी साधा जीवन र उच्च विचार लिएर हिँड्ने विद्वान्हरू जन्माउने चेष्टामा छौँ। हाम्रा गुरुजन र छात्रहरू यस कार्यमा सन्नद्ध हुनुहुन्छ भन्ने कुरा सभामा दृढताका साथ व्यक्त गर्न चाहन्छु।

धेरै नभए पनि पचहत्तर जिल्लामै श्री ५ को सरकारले संस्कृत माध्यमिक विद्यालय खोलिदिनुपर्छ र चौधै अञ्चलमा एउटैको दरले भए पनि संस्कृतविद्यापीठ रहनुपर्छ। यो एउटा जनताको हक र अधिकारको कुरो हो भन्ने ठान्दछु। संस्कृत पढ्दा एकाङ्गी नभई आधुनिक विषयसमेत समावेश गरिएको र विश्वमा आफ्नो भाव व्यक्त गर्ने माध्यम अंग्रेजीलाई ठानी अंग्रेजी भाषा अनिवार्य गरिएकोले यसभन्दा उपयुक्त मानविकीतर्फ अर्को विकल्प नरहेको जानकारी गराउँछु र श्री ५ को सरकारको शिक्षानीतिले पनि यसप्रति सकारात्मक धारणा राखोस् भनी अनुरोध गर्दछु।

हाम्रो यो भवन बनाउने सबै कार्यकर्ताहरूलाई धन्यवाद ज्ञापन गर्नु मैले आफ्नो कर्तव्य ठानेको छु। यसमा प्रारम्भदेखि आजसम्म अध्यक्ष भई काम गर्ने सहप्राध्यापक डा. श्रीभोजराज पन्तको निःस्वार्थ सेवालाई जनसमक्ष प्रस्तुत गर्नु मेरो आफ्नो कर्तव्य भएको छ। त्यस्तै यस काममा खटिने समितिका अन्य सदस्यहरू पनि धन्यवादका पात्र हुनुहुन्छ। तर हामीले आफ्नो कलाकौशल प्रस्तुत गरेर यसलाई आफ्नै स्थापत्य कलामा निर्माण गर्न सकेनौँ, किनभने हाम्रो शिल्पशास्त्र लोप हुँदै गएको छ। त्यसलाई प्रोत्साहन दिने हाम्रो स्थिति छैन। हाम्रा कला-कौशललाई विश्वसम्पदामा स्थान मिलेको छ, तर त्यो निर्माण गर्ने विद्याको आज अन्त्य भएको छ, त्यस विद्यालाई विश्वविद्यालयले पुनर्जीवित गरी आफ्नो पाठ्यक्रममा समावेश गर्नुपर्ने आवश्यकता छ भन्ने मलाई लागेको छ।

घर-घरमा गई भिक्षा मागी यस विश्वविद्यालयका लागि सोह्र सय बिघा जमीन जम्मा गर्ने ती तपस्वीहरूमध्ये कति त दिवंगत भइसक्नुभयो, जति हुनुहुन्छ, उहाँहरूलाई पनि यस बखत श्रद्धापूर्वक अभिवादन गर्दछु र तीमध्येका केही व्यक्तिहरूको सम्मानमा

सरकारका बाहुलीबाट ससम्मान पुरस्कृत गरिबक्सिने कार्यक्रम राखिएको कुरा पनि यहाँ जाहेर गर्दछु ।

बटुलिएको जग्गालाई कृषिमन्त्रालयले कृषिविकासको कार्यमा समावेश गरी त्यसबाट हामीलाई वार्षिक प्राप्त हुने रकम दिएमा श्री ५ को सरकारको अनुदानमा मात्र यसले निर्भर हुनुपर्ने थिएन । हाम्रो विश्वविद्यालय सोह्र सय बिघा जमीनको मालिक भएर पनि आफ्नो भरणपोषणको लागि हात पसारेर अनुदान माग्नु एउटा विडम्बनाको कुरा भएको छ । यसको चाँजोपाँजो मिलाइदिने काम श्री ५ को सरकारले गरिदिए मात्र पनि हामी निहाल हुने थियौं । आज यति मात्र भनेर म पुनः श्री ५ युवराजाधिराज सरररकारका हजुरमा सविनय श्रद्धापूर्वक स्वागत अभिवादन चढाउँदै उपस्थित सहकुलपतिलगायत सम्माननीय, माननीय, आदरणीय सज्जनवृन्द तथा भद्र महिलाप्रति स्वागत गर्दै मेरो वक्तव्य यहीं समाप्ति गर्ने अनुमति सभासमक्ष मागदछु ।

धन्यवाद !

महेन्द्र-संस्कृत-विश्वविद्यालयका शिक्षाध्यक्ष श्रीमाधवराज गौतमद्वारा प्रस्तुत कृतज्ञता तथा धन्यवादज्ञापन

परम श्रद्धेय श्री ५ युवराजाधिराज सरकार

समादृत सह-कुलपति माननीय शिक्षामन्त्रीज्यू, जि.वि.स. सभापतिज्यू, श्रीमान् उपकुलपतिज्यू, कुलसचिवज्यू, प्राचार्यज्यूहरू, आदरणीय गुरुहरू तथा सम्पूर्ण अभ्यागत महानुभावहरू एवं उपस्थित सम्पूर्ण छात्रछात्रा तथा कर्मचारीबन्धुहरू !

यस विश्वविद्यालयका कुलपति श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको स्वर्ण-शुभजन्मोत्सवको पावन उपलक्ष्यमा समायोजित कार्यक्रममा श्री ५ युवराजाधिराज सरकारका बाहुलीबाट विश्वविद्यालयको केन्द्रीय कार्यालयपरिसरमा नवनिर्मित प्रशासकीय भवनको समुद्घाटन संस्कृतविश्वविद्यालयको स्थापना तथा संस्कृत भाषाको समुन्नतिको लागि जग्गा र अन्य आर्थिक स्रोत जुटाउन सहयोग पुऱ्याउनुहुने शिक्षाप्रेमी महानुभावहरूलाई सम्मानस्वरूप प्रशंसापत्र बक्स, हाजिरीजवाफप्रतियोगिता र श्लोकान्त्याक्षरीप्रतियोगितामा विजयी प्रतिभाहरूलाई पुरस्कार निगाह बक्स भएर नेपाल अधिराज्यमा प्राचीन कालदेखि नै राजसंस्थाबाट प्राप्त हुँदै आएको संस्कृत विद्याको संरक्षण र संवर्द्धनको इतिहासमा स्वर्णिम अध्याय थप हुन गएको बेहोरा बिन्ति चढाउँदै सरकारका जुनाफमा श्रद्धा एवं भक्तिपूर्वक हार्दिक कृतज्ञता समर्पण गर्ने अनुमति चाहन्छु । सरकार, जो हुकुम ।

कुलपति श्री ५ महाराजाधिराज सरकारको स्वर्ण-शुभजन्मोत्सवको उपलक्ष्यमा मौसूफ सरकारका जुनाफमा दीर्घायुष्य, आरोग्य एवं मंगलोदयको कामना गरी बेलझुण्डीस्थित श्रीत्रिलोकेश्वर महादेव मन्दिरमा शिवपुराणको एकाह पाठ, विशेष पूजा-

आराधनाका साथै पाँचै विकास क्षेत्रबाट मौसूफ सरकारको स्वर्णशुभजन्मोत्सव-विशेषांकको रूपमा मर्यादा पत्रिकाको प्रकाशन, संस्कृतकविसम्मेलन, हिन्दू धर्ममा राजतन्त्रको महत्त्व जस्ता विषयमा प्रवचनकार्यक्रमको आयोजना गरी यस विश्वविद्यालयका सबै विद्यापीठहरूमा ५ दिनसम्म भव्यताका साथ मनाइने कार्यक्रम रहेको बेहोरा सरकारका जुनाफमा सभक्ति जाहेर गर्दछु ।

आजको यस ऐतिहासिक समारोहमा आफ्नो अमूल्य समय दिई हाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नुभएका सह-कुलपति माननीय शिक्षामन्त्रीज्यू तथा विभिन्न निकायका प्रमुखज्यू र अभ्यागत सम्पूर्ण संस्कृतप्रेमी महानुभावहरूप्रति विश्वविद्यालयको तर्फबाट हार्दिक कृतज्ञताको साथै हृदयत: आभार व्यक्त गर्न चाहन्छु ।

विद्यानुरागी सरकार !

नेपाल अधिराज्यमा संस्कृत शिक्षालाई उच्च तहसम्म सुव्यवस्थित गर्न, संस्कृत विद्याले विविध क्षेत्रमा प्राप्त गर्दै आएका विशेष उपलब्धिहरूलाई समयानुसार अध्ययन-अनुसन्धान, संरक्षण, संवर्द्धन गर्ने उद्देश्यले २०४३ साल मार्ग २५ गते श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारबाट असीम निगाहासाथ महेन्द्र-संस्कृत-विश्वविद्यालय ऐन २०४३ जारी गरिबक्सी स्वर्गवासी श्री ५ महेन्द्रवीरविक्रम शाहदेवको पुण्यस्मृतिमा श्री ५ महाराजाधिराज सरकारकै कुलपतित्वमा संस्थापित एवं मौसूफ सरकारकै बाहुलीबाट २०४५ सालमा समुद्घाटित यस विश्वविद्यालयको शैक्षिक एवं प्राज्ञिक पक्षहरूबारे केही संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस विश्वविद्यालयअन्तर्गत हाल ८ वटा आंगिक तथा २ वटा सम्बन्धनप्राप्त गरी १० वटा विद्यापीठहरू र दुइवटा संस्कृत माध्यमिक विद्यालयहरूसमेत संचालित छन् । उक्त विद्यापीठहरूमा वेद, व्याकरण, ज्यौतिष, न्याय, साहित्य, इतिहासपुराण, वेदान्त, धर्मशास्त्र, सर्वदर्शन, पूर्वमीमांसा, बौद्धदर्शन, तन्त्र जस्ता शास्त्रीय विषयहरूका साथै नेपाली, अंग्रेजी, गणित, हिन्दी, मैथिली, राजनीतिशास्त्र, अर्थशास्त्र जस्ता आधुनिक विषयहरू समावेश गरी उत्तरमध्यमा तहदेखि विद्यावारिधि तहसम्म अध्ययन एवं अनुसन्धान गराइँदै आइएको छ ।

यस विश्वविद्यालयको स्थापना भएपश्चात् हालसम्म उत्तरमध्यमातहमा ५६२ जना, शास्त्रीतहमा ४६२ जना, आचार्यतहमा ८० जना र विद्यावारिधि (पी-एच.डी) तहमा ५ जना गरी जम्मा ११०९ जना विद्यार्थी उत्तीर्ण भई तत्तत्विषयका दक्ष जनशक्ति तयार भएका छन् । यस शैक्षिक वर्ष २०५२।०५३ मा विभिन्न तहमा गरी १२५६ जना विद्यार्थीहरूलाई अध्ययन गराउने लक्ष्य राखिएको छ भने हाल अनुसन्धानकार्यमा ३३ जना अनुसन्धाताहरू संलग्न रहेका छन् । साथै यस विश्वविद्यालयअन्तर्गतका विभिन्न विद्यापीठ एवं कार्यालयहरूमा हाल २०८ जना शिक्षक तथा २५८ जना कर्मचारीहरू कार्यरत छन् । राष्ट्रिय शिक्षा आयोग २०४९ को सिफारिसलाई कार्यान्वयन गर्न र छिमेकी मित्रराष्ट्रका विश्वविद्यालयहरूमा तीन वर्षे स्नातक तह लागू भइसकेको परिप्रेक्ष्यमा ती विश्वविद्यालयहरूसँग समानस्तर कायम गर्नुपर्ने सन्दर्भलाई दृष्टिगत गरी यस

विश्वविद्यालयमा पनि यसै शैक्षिक सत्रदेखि शास्त्रीतहमा तीन वर्षे पाठ्यक्रम लागू गरिएको छ ।

विश्वका प्राचीनतम भाषाहरूमध्ये अत्यन्त वैज्ञानिक, विकसित र समृद्ध भाषाका रूपमा रहेको संस्कृतभाषामा विविध प्राचीन वाङ्मयको अमूल्य र असीम भण्डार सुरक्षित रहेको र परम्परागत ज्ञान-विज्ञान र प्रविधिसमेत विद्यमान रहेको कारण संस्कृतवाङ्मयमा अन्तर्निहित ज्ञान र प्रविधिका विविध पक्षहरूलाई प्रकाशमा ल्याउने उद्देश्यले तथा नेपाल अधिराज्यका चार वर्ण छत्तीस जातिका भाषा, भाषिका, संस्कृति, परम्परा, धर्म, कर्म जस्ता विविध पक्षको खोज गर्ने लक्ष्य राखी विशेष अनुसन्धानपरियोजनाहरू संचालित छन् । यसै गरी राष्ट्रिय अभिलेखालय एवं व्यक्तिगत संग्रहालयमा रहेका संस्कृतवाङ्मय एवं प्राच्य ज्ञानसँग सम्बद्ध महत्त्वपूर्ण प्राचीन दुर्लभ हस्तलिखित ग्रन्थहरूको सम्पादन एवं प्रकाशन तथा परम्परागत धर्म र नैतिक मान्यता, सदाचार र सच्चरित्रताको संरक्षण एवं संवर्द्धन गर्न वैदिक कर्मकाण्ड एवं बौद्ध कर्मकाण्डप्रशिक्षण, संस्कृतशिक्षाको विकास र विस्तार गर्न संस्कृतभाषाप्रशिक्षण जस्ता कार्यक्रमहरू नेपाल अधिराज्यभर परियोजनाका रूपमा संचालन गरिँदै आएको छ। नेपाली संस्कृतिका विविध पक्षबारे अनुसन्धान, शास्त्रप्रतिपादित कल्याणकारी मार्गको प्रचार-प्रसार, सामाजिक तथा धार्मिक चाडपर्वको परिशीलन, शास्त्रमा उठेका सन्देहहरूको निराकरण गर्ने उद्देश्यले विगत केही वर्षदेखि पाँचवटै विकासक्षेत्रहरूमा शास्त्रानुसन्धानपरिषद् गठन गरी कार्यहरू सञ्चालन भइरहेका छन् । यस्ता कार्यक्रमहरूको माध्यमबाट संस्कृतवाङ्मयमा निहित ज्ञानराशि प्रकाशमा आउनुको साथै हाम्रो धर्म, संस्कृति, परम्परा, मूल्य र मान्यताहरूको संरक्षण र सम्वर्द्धन हुनेछ भन्ने हामीले आशा लिएका छौं ।

संस्कृतभाषामा अवलम्वित प्राच्य प्राज्ञिक परम्पराको राष्ट्रिय महत्त्वलाई दृष्टिगत गरी संस्कृत उच्च शिक्षाको सुदृढिकरण र पुनर्विकास हुनुपर्ने र गरिनुपर्ने अनुभव राष्ट्रिय स्तरमै रहेको सन्दर्भमा संस्कृतशिक्षालाई अझ बढी समसामयिक, समाजोपयोगी तथा व्यवसायमूलक बनाउने उद्देश्यले संस्कृतवाङ्मयमा निहित आयुर्वेद जस्ता प्रयोगप्रधान विषयहरूको अध्ययन-अध्यापनको साथै शिक्षाशास्त्र, भाषाविज्ञान र कम्प्युटरविज्ञान जस्ता आधुनिक विषयहरूलाई पाठ्यक्रममा समाविष्ट गर्न विश्वविद्यालय प्रयासरत रहने बेहोरा मौसूफ सरकारका जुनाफमा सभक्ति बिन्ति चढाउँछु । उपयुक्त कार्यक्रमहरूको कार्यान्वयनमा श्री ५ को सरकारबाट पूर्ण सहयोग रहनेछ भन्ने कुरामा आशा एवं विश्वास छ ।

यस ऐतिहासिक समारोहमा श्री ५ युवराजाधिराज सरकारका बाहुलीबाट प्रशंसापत्र, पुरस्कार एवं प्रमाणपत्र प्राप्त गर्नुहुने महानुभावहरूलाई हार्दिक बधाइ ज्ञापन गर्दछु । साथै यस समारोहको आयोजनामा सहयोग पुऱ्याउनुहुने दाङ जिल्ला विकास समितिका सभापति, प्रमुख जिल्ला अधिकारी, शाही नेपाली सेनाका गुल्मपति, प्रहरी उपरीक्षक र उहाँहरूका सम्पूर्ण सहयोगीहरू एवं मूल समिति तथा विभिन्न उपसमितिका संयोजक एवं सदस्यहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसै गरी यस समारोहको समायोजनमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सहयोग पुऱ्याउनुहुने जिल्लास्थित कार्यालयका

प्रमुखहरू, विभिन्न पार्टीका प्रतिनिधिहरू, विश्वविद्यालयका प्राध्यापक, विद्यार्थी तथा समस्त कर्मचारीहरूप्रतिसमेत हार्दिक धन्यवाद ज्ञापन गर्दछु। श्री ५ युवराजाधिराज सरकारबाट महेन्द्र-संस्कृत-विश्वविद्यालयको यस केन्द्रीय कार्यालयमा असीम निगाहसाथ सवारी भई संस्कृतजगत्लाई उत्साह प्रदान गरिबक्सेकोमा मौसूफ सरकारका जुनाफमा पुन: सभक्ति हार्दिक कृतज्ञता चढाउँछु। सरकार, जो हुकूम।

जयतु संस्कृतम् !

महेन्द्र-संस्कृत-विश्वविद्यालयका कुलसचिव श्रीदत्तात्रेयशर्मा दाहालद्वारा प्रस्तुत प्रशासकीय भवनको संक्षिप्त विवरण

श्री ५ युवराजाधिराज सरकार

सह-कुलपति माननीय शिक्षामन्त्री,

समुपस्थित गण्यमान्य सज्जन तथा भद्र महिलावृन्द !

हिन्दू अधिराज्य नेपालमा संस्कृतवाङ्मयको अध्ययन, अध्यापन र अनुसन्धानको माध्यमबाट ज्ञान-विज्ञानको समन्वित विकास गरी संसारलाई हाम्रा पूर्वज ऋषि, मनीषीहरूद्वारा प्रतिपादित शाश्वत मूल्य र मान्यताको अभिबोध गराउने पवित्र उद्देश्य राखी दाङका उदारमना मजगैंया परिवारबाट दानस्वरूप प्राप्त देउखुरी उपत्यकाको बाह्र सय बिघा जमीनको आयस्रोतबाट क्रमश: प्रधानपाठशाला, जनतामहाविद्यालय र योगिराज श्रीनरहरिनाथज्यूको अग्रसरता र सत्प्रेरणाबाट बेलझुण्डीआसपासका दाताहरूबाट दान-दातव्यस्वरूप प्राप्त भूमिको अभिप्रेरणाबाट र दाङमा सम्पन्न ऐतिहासिक अध्यात्मसम्मेलन तथा २०२४ सालमा श्री ५ महेन्द्रवीरविक्रम शाह(स्व.)का बाहुलीबाट दाङ बिजौरीमा समुद्घाटित अन्तरराष्ट्रिय स्तरको विद्वत्सम्मेलनबाट समेत नेपाल अधिराज्यको यस भूभागमा संस्कृतविश्वविद्यालयको स्थापना र संचालन गर्ने परिकल्पनाको उदय हुन गएको हो। त्यसकै फलस्वरूप यसै क्षेत्रमा त्रिभुवनविश्वविद्यालयअन्तर्गत संस्कृत-अध्ययनसंस्थानको स्थापना र तत्पश्चात् त्यसकै पृष्ठभूमिमा प्राच्य धर्म-संस्कृतिका परिपोषक प्रजावत्सल श्री ५ महाराजाधिराज सरकारको सदिच्छा तथा संस्कृत र संस्कृतप्रेमी जनताहरूको समन्वित सत्प्रयासबाट २०४३ सालमा श्री ५ महेन्द्रवीरविक्रम शाहदेवका नामबाट महेन्द्र-संस्कृत-विश्वविद्यालयको स्थापना हुन गयो र संवत् २०४५ साल माघ १९ गतेका दिन प्रजावत्सल श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवका वरद बाहुलीबाट बेलझुण्डीको यसै परिसरमा संस्कृतविश्वविद्यालयको ऐतिहासिक समुद्घाटन सुसम्पन्न भई विश्वविद्यालयको सुसञ्चालनका लागि मौसूफबाट गरिमामय निर्देशनसमेत बक्स भएको थियो।

प्राच्य ज्ञानको भण्डारको सर्वतोभावेन संरक्षण र सम्वर्द्धन गर्दै आधुनिक विज्ञानसँग समन्वय र तादाम्य स्थापना गर्न विश्वविद्यालय आफ्ना तात्कालिक र दीर्घकालिक नीति, योजना र कार्यक्रम लिई आफ्नो उद्देश्यमा आइपरेका विभिन्न बाधा-व्यवधानहरूलाई पार गर्दै निरन्तर अगाडि बढिरहेको छ ।

विश्वविद्यालय जस्तो संस्थाको लागि प्रशासनिक कार्य सुसञ्चालन गर्न आधुनिक भौतिक उपकरणहरू समावेश गर्न अनुकूल हुने भवनको अत्यन्त खाँचो पर्न गएको र संस्कृत-अध्ययन-संस्थानको पालामा निर्मित भवनहरूबाट मात्र विश्वविद्यालयको आवश्यकताको परिपूर्ति हुन नसक्ने हुँदा श्री ५ को सरकारद्वारा सालवसाली रूपमा विश्वविद्यालयलाई प्राप्त हुने अनुदान रकमको सीमित परिधिभित्र रही नेपाल कन्सल्ट प्रा.लि.द्वारा तयार पारिएको रु. ७९,९३,१७५।९८ (उनासी लाख त्रियान्नब्बे हजार एक सय पचहत्तर रुपैयाँ र पैसा अन्ठान्नब्बे) लगत इस्टिमेट र नक्सा डिजाइनको आधारमा यस जिल्लाका मुख्य मुख्य कार्यालयका प्रमुख र प्रतिनिधिहरू, समाजसेवी, शिक्षाप्रेमी र विश्वविद्यालयका प्रतिनिधिहरूसमेत सम्मिलित छुट्टै विशेष किसिमको एउटा प्रशासकीय भवन-निर्माण-समितिको गठन गरी सोही समितिको रेखदेखमा अमानत र ठेक्काबाट समेत २०४९ पौष महिनादेखि डी.पी.सी. लेबलबाट निर्माणकार्य प्रारम्भ गरी २०५२ आश्विनमासान्तसम्ममा जम्मा रु. ५३,११,६५०।६३ (त्रिपन्न लाख एघार हजार छ सय पचास रुपैयाँ त्रिसठ्ठी पैसा) को लागतमा २५ कोठे एक तल्ले बाह्र हजार वर्गफिट आकारको नवउद्घाटित यस प्रशासकीय भवनको निर्माण गरिएको छ । विश्वविद्यालयको आवश्यकताअनुसार साधन र स्रोतले भ्याएसम्म आगामी वर्षहरूमा यस भवनको अझै विस्तार गरी पुस्तकालय, वाचनालय, अनुसन्धानकक्षहरूसमेतको निर्माण गर्ने लक्ष्य राखिएको बेहोरा सादर अवगत गराउन चाहन्छु ।

अव म नवउद्घाटित प्रशासकीय भवनको निर्माणमा भएको खर्चको यथार्थ संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति मागदछु ।

१.	डी.पी.सी लेबलसम्मको कूल खर्च	रु. ६,९०,११९।५४ (छ लाख नब्बे हजार एकसय उन्नाइस रुपैयाँ चउन्न पैसा)
२.	सिमेन्टमा	रु. ७,३०,१४९।९० (सात लाख तीस हजार एकसय उनन्चास रुपैयाँ नब्बे पैसा)
३.	छडमा	रु. ५,३०,८९४।९९ (पाँच लाख तीस हजार आठ सय चौरान्नब्बे रुपैयाँ उनान्सय पैसा)
४.	इँटमा	रु. ४,३७,४५७ (चार लाख सैंतीस हजार चार सय सन्ताउन्न रुपैयाँ)
५.	गिट्टी बालुवामा	रु. २,२६,९५२।५० (दुइ लाख छब्बीस हजार नौ सय बाउन्न रुपैयाँ पचास पैसा)

६.	ज्यामीखर्चमा	रु. ६,८६,३५९।४४ (छ लाख छयासी हजार तीन सय उनान्साठी रुपैयाँ चवालीस पैसा)
७.	विविध निर्माणसामग्रीमा	रु. ९२,२६५।९० (बयान्नब्बे हजार दुइ सय पैंसठ्ठी रुपैयाँ नब्बे पैसा)
८.	काठको काममा	रु. ५,५४,४६४।१८ (पाँच लाख चौवन्न हजार चार सय चौसठ्ठी रुपैयाँ अठार पैसा)
९.	विद्युत्जडानमा	रु. २,४८,२००। (दुइ लाख अठचालीस हजार दुइ सय रुपैयाँ)
१०.	खानेपानी तथा शौचालयफिटिङमा	रु. २,१६,४१५।७५ (दुइ लाख सोह्र हजार चार सय पन्ध्र रुपैयाँ पचहत्तर पैसा)
११.	रङरोगनमा	रु. २,४१,२५९ । ७१ (दुइ लाख एकचालिस हजार दुइ सय उनान्साठी रुपैयाँ एकहत्तर पैसा)
१२.	चिप्सको काममा	रु. २,०८,३७०।५० (दुइ लाख आठ हजार तीन सय सत्तरी रुपैयाँ पचास पैसा)
१३.	ग्रीलको काममा	रु. १,८५,१३६। (एक लाख पचासी हजार एक सय छत्तीस रुपैयाँ)
१४.	प्रशासनिक काममा	रु. २,६३,६०५।२२ (दुइ लाख त्रिसठ्ठी हजार छ सय पाँच रुपैयाँ बाइस पैसा)

कुलपति श्री ५ महाराजाधिराज सरकारको स्वर्णशुभजन्मोत्सवका परम पावन उपलक्ष्यमा कृपापूर्वक यस भवनको समुद्घाटनको निगाह बक्स भई संस्कृत र हिन्दू संस्कृतिका समुपासक सबैलाई अदम्य उत्साह र उमंग प्रदान गरिबक्सेकोमा म समस्त संस्कृतप्रेमी र महेन्द्र-संस्कृत-विश्वविद्यालयपरिवारका तर्फबाट श्री ५ युवराजाधिराज सरकारका जुनाफमा हार्दिक भक्तिपूर्वक कृतज्ञता बिन्ति चढाउँछु । साथै यस भवनको निर्माणकार्यमा संलग्न भई योगदान दिने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

जयतु संस्कृतम्

श्री ५ महाराजाधिराज सरकारको स्वर्णशुभजन्मोत्सवसमारोहको शुभउपलक्ष्यमा म.सं.वि.द्वारा वि. सं. २०५२ पौष १३ गते समायोजित संस्कृतकविसम्मेलनमा भाग लिने कविहरूको नामावली

१) डा. श्रीटीकाराम पन्थी
२) डा. श्रीहरिप्रसाद आचार्य
३) डा. श्रीवेणीमाधव ढकाल
४) श्रीभरतराज पन्त
५) डा. श्रीविष्णुराज आत्रेय
६) श्रीदुर्गादत्त पौड्याल
७) श्रीरमेश घिमिरे
८) श्रीभीम खतिवडा

९) श्रीदामोदर चालिसे
१०) श्रीरामेश्वर शर्मा
११) डा. श्रीविष्णुप्रसाद देवकोटा
१२) श्रीमती सरस्वती शर्मा
१३) श्रीभागवत शर्मा
१४) सुश्री मधुमालती खत्री
१५) श्रीशिवहरि मरहट्ठा
१६) डा. श्रीमाधव भट्टराई
१७) श्रीठाकुरप्रसाद आचार्य
१८) श्रीगदाधर पौड्याल
१९) श्रीदेवीप्रसाद नेपाल
२०) श्रीलेखप्रसाद निरौला
२१) श्रीसागरमणि सुवेदी
२२) श्रीख्यामप्रसाद रेग्मी

❖

प्रशासकीय–भवन–समुद्‌घाटन–समारोहको एक झलक

(कार्यक्रमको क्रम-अनुसार)



श्री ५ युवराजाधिराज दीपेन्द्र वीरविक्रम शाहदेव सरकारमा बेलझुण्डी दाङमा माननीय शिक्षामन्त्री श्रीगोविन्दराज जोशी र स्वर्णशुभजन्मोत्सवसमारोहसमितिका अध्यक्षलगायत पदाधिकारीद्वारा स्वागत चढाइँदै

श्री ५ युवराजाधिराज सरकारमा पञ्चकन्याद्वारा माल्यार्पण



श्री ५ युवराजाधिराज दीपेन्द्रवीरविक्रम शाहदेव सरकारबाट म. सं. वि. प्रशासकीय भवनको समुद्घाटन

श्री ५ युवराजाधिराज सरकारमा म. सं. वि. का. उपकुलपति प्रा. श्रीचूडानाथ भट्टरायद्वारा स्वर्णशुभजन्मोत्सवको कार्यक्रमपुस्तिका टक्र्याइँदै

म. सं. वि. का उपकुलपतिद्वारा स्वागतमन्तव्य

माननीय शिक्षामन्त्रीद्वारा मन्तव्य



श्री ५ युवराजाधिराज सरकारबाट विश्वविद्यालयको स्थापनाका लागि जग्गादाताहरूलाई प्रशंसापत्रवितरणसन्दर्भमा श्रीअमरराज शर्मालाई दोसल्ला, प्रशंसापत्र र नगदपुरस्कारवितरण

म. सं. वि. का कुलसचिव सहप्रा. श्रीदत्तात्रेयशर्मा दाहालद्वारा प्रशासकीय भवनको विवरण प्रस्तुत गर्दै

म. सं. वि. का शिक्षाध्यक्ष सहप्रा. श्रीमाधवराज गौतमद्वारा धन्यवादज्ञापन